## निर्णय नं. ९०३९

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री सुशीला कार्की
आदेश मिति : २०६९।८।२८।५
रिट नं. ०६८-WF-०००७

मुद्दा : उत्प्रेषण परमादेशसमेत ।

निवेदक : जिल्ला रूपन्देही, सिद्धार्थनगर नगरपालिका, वडा नं. ७ मा अवस्थित निर्धन उत्थान बैंक लि., केन्द्रीय कार्यालयका तर्फबाट तथा आफ्नो हकमा समेत ऐ. बैंकका महाप्रबन्धक प्रकाशराज शर्मा

बिरूद्ध

विपक्षी : मुद्दा हेर्ने अधिकारी, श्रम अदालत, काठमाडौंसमेत

- **सम्बन्धित संस्थाको उद्देश्य, कार्यप्रकृति, त्यसभित्र आबद्ध जनशक्ति र उनीहरूको सेवा सुरक्षासमेतका विषयवस्तुलाई आधार नबनाई प्रतिष्ठान शब्दको सतही व्याख्याका भरमा सबै संस्थाहरूलाई एउटै दृष्टिकोणले हेरिनु न्यायोचित र व्यवहारिकसमेत हुन नसक्ने ।**
- **श्रम ऐनले श्रमिकको हक, हित, सुरक्षा, सेवा, शर्त, विवाद समाधानको प्रक्रिया र संयन्त्रसमेतको व्यवस्था गरेको छ। त्यस्तै व्यवस्था अन्य ऐन वा कानूनद्वारा गरिएको अवस्थामा त्यस्ता कानूनद्वारा संस्थापित प्रतिष्ठान वा संस्था वा फर्म वा कम्पनीमा कार्यरत् कर्मचारीहरूको हकमा श्रम ऐन आकर्षित हुने भनी त्यस्तो प्रतिष्ठान, संस्था वा फर्म संस्थापित गर्ने कानूनलाई अर्थहीन र औचित्यहीन तुल्याउने गरी कानूनको व्याख्या गरिनु हुँदैन । त्यस्ता संस्थाहरूको हकमा श्रम ऐन होइन, त्यही कानून आकर्षित हुने ।**

(प्रकरण नं.६)

- **बैंक तथा वित्तीय संस्थाहरूको हकमा नियमनकारी निकायका रूपमा नेपाल राष्ट्र बैंक रहने, त्यस्ता संस्थाले बनाएको विनियमसमेत नेपाल राष्ट्र बैंकबाट स्वीकृत गराउनु पर्नेसमेतको व्यवस्था गरिएको हुँदा त्यस्ता संस्थाको हकमा श्रम ऐनअनुसार श्रम कार्यालयहरूले नियमन गर्न मिल्ने अवस्था देखिन नआउने ।**
- **जुन कानूनअनुसारको कारवाही भएको हो, त्यसमा अवलम्बन गर्नुपर्ने कार्यविधि पनि स्वभावतः सोही कानूनले निर्धारण गरेबमोजिम नै हुन्छ र सोउपरको उपचार पनि सोही कानूनले तोकेअनुसार नै खोज्नु पर्ने ।**
- **सम्बन्धित कानूनले सजायको मात्र व्यवस्था गरी त्यसउपर पुनरावेदन सुन्नेसम्बन्धी व्यवस्था नगरेको अवस्था भए स्वभावतः प्रचलित कानूनले तोकेको अन्य प्रक्रियाको अवलम्बन गर्नुपर्ने बाध्यता सिर्जना हुन जाने ।**

(प्रकरण नं.११)

- **आफू आबद्ध संस्थाको विनियमावलीमा नै सजायउपर पुनरावेदन सुन्ने अधिकारीसमेत निश्चित् गरिएको अवस्थामा त्यस्तो कानूनी व्यवस्थाको अनुशरण गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य बन्दछ। संस्थाको विनियमावलीमा रहेको स्पष्ट कानूनी प्रावधानलाई एकातिर**

**पन्छाएर अन्य ऐन कानूनअन्तर्गतको उपचारको खोजी गर्न मिल्ने हुँदैन। यसको अतिरिक्त आफू कार्यरत् रहेको अवस्थासम्म सोही विनियमअन्तर्गतको सेवा, शर्त र सुविधाको उपभोग गर्ने तर आफूलाई कारवाही भएपछि भने उक्त कानूनले निर्धारण गरेको प्रक्रिया भन्दा बाहिरबाट उपचार खोजिनुलाई कानून अनुकूल मान्न नसकिने ।**

- **कुनै पनि कानून बदर घोषित नहुँदासम्म वैध कानूनका रूपमा रहन्छ। त्यस्तो वैध कानूनलाई एउटा निश्चित अवस्थासम्म अनुशरण गर्ने र आफ्नोप्रतिकूल निर्णय भएपछि त्यसलाई पूर्णतः इन्कार गर्ने प्रवृत्तिलाई सेवा कानून (Service Law) सम्बन्धी सिद्धान्तले पनि स्वीकार नगर्ने।**

  (प्रकरण नं.१२)

- **कुनै पनि कामदार कर्मचारीले आफू आबद्ध संस्थाको कर्मचारी विनियममा निश्चित् गरिएअनुरूप नै सेवा सुविधाको दावी गर्न सकिने र आफ्नो आचरण र विभागीय कारवाहीसम्बन्धी व्यवस्थाको हकमा पनि सोही विनियमका प्राबधान आकर्षित हुने हुँदा त्यस्तो वैध कानूनअन्तर्गत गरिएको कारवाहीउपरको उपचार पनि त्यसैअन्तर्गत खोजिनु पर्ने।**

  (प्रकरण नं.१६)

- **आफूले न्यायिक अधिकार प्रयोग गरेको विषयमा सर्वोच्च अदालतसमक्ष मुद्दा पुगी सर्वोच्च न्यायिक निकायले निश्चित् मार्ग दर्शन हुने गरी सिद्धान्त प्रतिपादन गरिसकेको अवस्थामा ती सिद्धान्तहरूको पालना र अनुशरण गरिनु सबै न्यायिक निकायको कर्तव्य हुने ।**

  (प्रकरण नं.१९)

निवेदकको तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताद्वय बद्रीबहादुर कार्की र पवनकुमार ओझा, अधिवक्ताहरू केशरमणी अर्याल, विवेक घिमिरे, दीपक घिमिरे र पूर्णचन्द्र दाहाल

विपक्षीको तर्फबाट : विद्वान उपन्यायाधिवक्ता मदनबहादुर धामी, विद्वान अधिवक्ताद्वय राजन अधिकारी र रामहरि त्रिपाठी

अवलम्बित नजीर :

*नेकाप* २०५६, अङ्क ६, नि.नं.६७३१

सम्बद्ध कानून : श्रम ऐन, २०४८, वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

आदेश

**न्या.गिरीश चन्द्र लाल :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (२) अन्तर्गत यस अदालतमा दायर भै पेश हुँदा यस अदालतको संयुक्त इजलासबाट जटिल कानूनी प्रश्नको निरूपण गरी एउटा निश्चित सिद्धान्त स्थापित गरी एकरूपता कायम गर्नु पर्ने भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम (१)(घ) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भनी भएको आदेशबमोजिम यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

निवेदक बैंक तत्कालीन विकास बैंक ऐन, २०५२ हाल प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ तथा कम्पनी ऐन, २०५३ (हालको कम्पनी ऐन, २०६३) बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी विपन्न वर्गका महिलाहरूलाई समूहमा आबद्ध गर्दै कर्जा प्रवाहको माध्यमबाट उद्यमशीलता बढाउने उद्देश्यले स्थापित संस्था हो। बैंकले आफ्नो कार्य सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरू बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा

९१ ले दिएको अधिकार प्रयोग गरी सञ्चालक समितिबाट निर्माण भई नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिई दफा ९१(२)(ग) बमोजिम कर्मचारीहरूलाई लागू हुने गरी कर्मचारी विनियमावली, २०६१ लागू रहेको र सोही विनियमावलीबमोजिम पदपूर्ति, विभागीय कारवाही र सजायसमेत गर्दै आएको छ ।

विपक्षी प्रेमप्रसाद घिमिरे बैंकको विनियमावलीअन्तर्गत यस बैंकको सहायकस्तरमा नियुक्ति भई कार्यरत् रहेकोमा निजले उक्त विनियमावलीमा तोकिएको व्यवस्थाविपरीत खराब आचरण आर्थिक अनियमितता र अपचलन गरी बैंकको वित्तीय अनुशासन भङ्ग गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको हुँदा कर्मचारी विनियमावली, २०६१ को विनियम ८८(१)(ख) बमोजिमको कसूरमा अधिकारप्राप्त अधिकारीको निर्णयअनुसार निजलाई यस बैंकको सेवाबाट बरखास्त गर्ने गरी मिति २०६४।५।२६ मा निर्णय भएको थियो । सो निर्णयउपर निजले श्रम अदालतसमक्ष पुनरावेदन गरेकोमा उक्त अदालतबाट मिति २०६५।३।२७ मा फैसला हुँदा बैंक व्यवस्थापनको मिति २०६४।५।२६ को सो निर्णय बदर गरी निज विपक्षी प्रेमप्रसाद घिमिरेलाई यस बैंकको सेवामा पूर्ववत्रूपमा बहाल गरी सबै सेवा सुविधासमेत भराई पाउने ठहर भएको रहेछ । श्रम अदालतको उक्त फैसलामा मूलतः श्रम ऐन, २०४८ को दफा ५३ को कानूनी प्रक्रियाअनुरूप बैंक व्यवस्थापनबाट कारवाही नभएको भन्ने आधार ग्रहण गरिएको देखिन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित यस बैंकको कर्मचारी विनियमावली सोही ऐनको अख्तियारीअन्तर्गत राष्ट्र बैंकको स्वीकृति लिई जारी भएको, यस्तो छुट्टै ऐनद्वारा नियमित र सञ्चालित बैंकलाई श्रम ऐन, २०४८ ले परिभाषा गरेको प्रतिष्ठानअन्तर्गत पर्ने गरी श्रम अदालतले गलत व्याख्या गरी लाग्दै नलाग्ने कानूनी प्रावधान समाई फैसला गरेको छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विशेष प्रकृतिको ऐन भएकोमा सोही ऐनअन्तर्गत बनेको विनियमावलीको प्रक्रिया अपनाई विपक्षी प्रेमप्रसाद घिमिरेउपर भएको कारवाहीलाई श्रम ऐन, २०४८ अन्तर्गत कार्यविधिअनुरूप नभएको भन्ने गलत व्याख्या गरी भएको श्रम अदालतको फैसला कानूनी त्रुटिपूर्ण र अधिकारक्षेत्र बिहीनसमेत छ ।

बैंकको कर्मचारी विनियमावली, २०६१ बमोजिम गरिएको कारवाहीमा चित्त नबुझेमा विनियम ९७ बमोजिम पुनरावेदन सुन्ने अधिकारीसमक्ष पुनरावेदन गर्न पाउने व्यवस्था विद्यमान छ । तर विपक्षी प्रेमप्रसाद घिमिरेले सोअनुरूप पुनरावेदन सुन्ने अधिकारीसमक्ष पुनरावेदन नगरी म्याद नघाई पुनरावेदन गरेकोमा निजको पुनरावेदन दरपीठ भएर रहेको छ। एउटा विधिवत् प्रक्रियाबाट निजको पुनरावेदन लाग्ने अवस्था व्यतीत भएपछि निजले श्रम ऐन, २०४८ को सहारा लिई श्रम अदालतसमक्ष दोश्रो पुनरावेदन गरेको देखिनाले त्यसरी परेको दोहोरो पुनरावेदनमा कारवाही गरी श्रम अदालतले गरेको निर्णय त्रुटिपूर्ण छ। बैंकको कर्मचारी विनियमावलीअनुरूप भएका कामकारवाहीउपर श्रम ऐनअन्तर्गत श्रम अदालतले पुनरावेदन सुन्न मिल्दैन ।

विनय रेग्मी विरूद्ध श्रम अदालत भएको २०५८ सालको रिट नं. ३०७४ को उत्प्रेषणयुक्त परमादेश मुद्दामासमेत बैंकको कर्मचारीको हकमा श्रम ऐन, २०४८ नभई वाणिज्य बैंक ऐन, २०३१ लागू हुने भनी सिद्धान्त प्रतिपादन भएको छ । वाणिज्य बैंक ऐन, २०३१ को ठाउँमा लागू भएको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत बनेको यस बैंकको कर्मचारी विनियमावलीअन्तर्गत भएको कारवाहीउपर श्रम ऐन लागू हुन्छ भन्नु उक्त सिद्धान्तप्रतिकूल हुन्छ।

अतः विपक्षी श्रम अदालतले विशेष प्रकृतिको ऐन लागू भएको अवस्थालाई अनदेखा गरी बैंकको हकमा लागू हुन नसक्ने श्रम ऐन, २०४८ को व्यवस्था लागू हुने भन्ने गलत व्याख्या गरी विपक्षी प्रेमप्रसाद घिमिरेलाई यस बैंकको सेवामा बहाल गर्ने गरी गरेको उक्त मिति २०६५।३।२७ को फैसला त्रुटीपूर्ण हुँदा सो वेरीतको फैसला उत्प्रेषणको आदेशले बदर गरी पाऊँ । साथै यस रिट निवेदनको टुङ्गो नलागेसम्म सो फैसला कार्यान्वयन नगर्नु भनी विपक्षी श्रम अदालतको नाममा अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भन्ने २०६५।४।२७ को रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश जारी हुन नपर्ने कारण भए खुलाई लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरूलाई सूचना पठाउनु । साथै बैंक तथा वित्तीय संस्थाको कर्मचारीको व्यवस्थापनले अवकाश दिएको सम्बन्धमा श्रम अदालतलाई पुनरावेदन सुन्ने अधिकारक्षेत्र नभएको भन्ने कानूनी प्रश्नको विवाद हुँदा प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म श्रम अदालतको मिति २०६५।३।२७ को फैसला कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिएको छ भन्ने २०६५।४।२८ को आदेश ।

यस अदालतबाट मिति २०६५।३।२७ मा भएको फैसला श्रम कानून तथा न्यायका मान्य सिद्धान्तअनुरूप भएको र त्यसबाट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् भएको अवस्थासमेत नहुँदा रिट खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको श्रम अदालतका तर्फबाट पेश हुन आएको लिखित जवाफ ।

मलाई बैंकको सेवाबाट बर्खास्त गर्दा अधिकारप्राप्त व्यक्तिले स्पष्टीकरण सोध्ने, सोही व्यक्तिले सेवाबाट हटाउने निर्णय गर्नुपर्नेमा मलाई केशवकुमार पौडेल, प्रकाशराज शर्मा र भोजराज बस्यालसमेतले स्पष्टीकरण सोधेको, भोजराज बस्यालले टिप्पणी पेश गरेको, प्रकाशराज शर्माले पेश गरेको सिफारिशमा कार्यकारी अध्यक्ष हरिहरदेव पन्तद्वारा बर्खास्तीको निर्णय गरेको र प्रकाशराज शर्माले मलाई बर्खास्तीको पत्र दिएको हुँदा मउपर भएको कारवाही त्रुटिपूर्ण भन्ने देखिन्छ । निवेदक बैंक कम्पनी ऐन, २०५३ बमोजिम गठन भई विकास बैंक ऐन, २०५२ बमोजिम बैंकिङ्ग सेवा गर्ने अनुमति प्राप्त कम्पनी हो । यस्ता कम्पनीमा कार्यरत् कर्मचारीउपर भएको कारवाहीउपर श्रम ऐन, २०४८ बमोजिम श्रम अदालतले पुनरावेदन सुन्ने व्यवस्था छ । श्रम ऐन, २०४८ को दफा २ (ख) को परिभाषाअन्तर्गत रिट निवेदक बैंक स्वतः पर्दछ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गतको बैंकका कर्मचारीउपर भएको कारवाहीमा श्रम अदालतमा पुनरावेदन लाग्दैन भन्ने निवेदन दावी समर्पणको सिद्धान्तविपरीत छ । किनभने मउपर २०६४।५।२६ मा भएको बर्खास्तीको निर्णयउपर मैले २०६४।७।१९ मा श्रम अदालतमा पुनरावेदन गरेकोमा विपक्षी निवेदकले २०६४।११।२७ मा सोको लिखित प्रतिवाद गर्नुभएको छ । सो लिखित प्रतिवादमा व्यवस्थापनको निर्णय यथावत् कायम गरिपाऊँ भन्ने जिकीर गरी श्रम अदालतमा मैले दिएको पुनरावेदनउपर अधिकारक्षेत्रको विषयमा कुनै आपत्ति जनाउनु भएको छैन ।

निर्धन उत्थान बैंकमा म २०५६।३।१ मा नियुक्ति भई कार्य गर्दै आएको र सो समयमा श्रम ऐनबमोजिम नै कारवाही हुने अवस्था रहेको थियो । विपक्षी बैंक विकास बैंक ऐन, २०५२ अन्तर्गत स्थापित भएको र सो ऐनलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६० ले खारेज गरेको, सो अध्यादेशको दफा ९३ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) ले तत्काल प्रचलित कानूनी व्यवस्थालाई मान्यता

दिएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ मिति २०६३।७।१९ देखि लागू भएको हो । मलाई कारवाही गरिएको विनियमावली २०६२।२।११ मा स्वीकृत भई लागू भएको हो । पछि आएको ऐनअन्तर्गतको सो विनियमावलीको व्यवस्था मेरो हकमा लागू गर्न नमिल्ने हुँदा तत्काल प्रचलित कानूनी प्रावधानअनुरूप श्रम अदालतबाट भएको फैसला बदर गर्नुपर्ने अवस्था नरहेको हुँदा आधारहीन रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको विपक्षी प्रेमप्रसाद घिमिरेको लिखित जवाफ ।

निवेदक बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकारअन्तर्गत पर्ने कर्मचारी विनियमावली, २०६१ बनाई लागू गरी रहेको र सो विनियमावलीको विनियम ८८(१)(ख) मा बैंकको सम्पत्ति हिनामिना र नोक्सानी गर्ने कर्मचारीलाई सेवाबाट बर्खास्त गर्ने व्यवस्था रहेको पाइन्छ । साथै विनियम ९७ मा कर्मचारीउपर भएको कारवाहीउपर पुनरावेदन सुन्ने अधिकारीसमेतको व्यवस्था रहेको देखिन आउँछ । यसरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित हुने बैंकले सो ऐनद्वारा प्रदान गरिएको अख्तियारीअन्तर्गत आफ्नो कर्मचारीको हकमा लागू हुने गरी छुट्टै विनियमावली निर्माण गरिसकेको स्थितिमा कुनै कर्मचारीलाई बैंकको सेवाबाट हटाउने गरी व्यवस्थापनले निर्णय गरेउपर श्रम ऐन, २०४८ बमोजिम श्रम अदालतले पुनरावेदन सुन्न मिल्ने नमिल्ने भन्ने सम्बन्धमा जटील कानूनी प्रश्न खडा भएको छ ।

यस सम्बन्धमा निवेदक पक्षबाट बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९२ को व्यवस्था उद्धृत गर्दै बैंकको कर्मचारी विनियमावली सो बैंकको कर्मचारीको हकमा लागू हुने विशेष कानून भएकोले श्रम ऐन आकर्षित नहुने भन्ने जिकीर पनि लिइएको छ । उक्त ऐनको दफा ९२ मा प्रचलित कानूनबमोजिम हुने भन्ने शीर्षकअन्तर्गत "यस ऐन र यस ऐनअन्तर्गत जारी गरिएका नियम, विनियम आदेश वा निर्देशनमा लेखिएका कुरामा यसै ऐन र आदेश वा निर्देशनबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुनेछ" भन्ने व्यवस्था गरिएको देखिन्छ । उक्त व्यवस्थाअन्तर्गत दफा ९१(२) बमोजिम कुनै बैंक वा वित्तीय संस्थाले कर्मचारीको सम्बन्धमा बनाएको विनियमावलीलगायत सो ऐनको उद्देश्य कार्यान्वयन गर्ने सिलसिलामा नेपाल सरकार वा नियमनकारी निकायको रूपमा रहने नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियम, विनियम, आदेश वा निर्देशनहरू पर्ने र त्यस्ता नियम विनियम, आदेश वा निर्देशनहरूमा उल्लेख भएका विषयहरूमा सोही नियम, आदेश वा निर्देशनको कुरा लागू हुने भन्ने देखिन आउँछ ।

श्रम ऐन, २०४८ तथा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ विधायिकाद्वारा निर्मित कानून भएका र ती दुबै ऐनको व्यवस्था आ-आफ्नो क्षेत्रको विषयमा लागू हुने विशेष प्रकृति एवं महत्वका व्यवस्थाहरू देखिन्छन् । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९२ को व्यवस्थाले प्रत्यायोजित विधायिकी अधिकारअन्तर्गत जारी भएका नियम, विनियम, आदेश वा निर्देशनहरूलाई समेटिरहेको अवस्थामा सोअन्तर्गत बैंक तथा वित्तीय संस्थाको कर्मचारी विनियमावली पनि पर्ने अवस्था देखिन आउँछ । यस स्थितिमा निवेदक बैंकले ऐनको दफा ९१(२) अन्तर्गत पर्ने विषयमा निर्माण गरेको कर्मचारी विनियमावलीले उक्त दफा ९२ द्वारा नै मान्यता प्राप्त गरिरहेको सन्दर्भमा सोही विनियमावली अन्तर्गत बैंक तथा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई गरेको कारवाहीका सम्बन्धमा विनियमावलीले व्यवस्था गरेबमोजिम मात्र उपचार खोज्नुपर्ने हो वा श्रम ऐन, २०४८ को व्यवस्था

अन्तर्गत श्रम अदालतमा पुनरावेदन गर्न सकिने हो भन्ने सम्बन्धमा देखिएको यस जटील कानूनी प्रश्नको निरूपण यस अदालतको पूर्ण इजलासबाट भई यस सम्बन्धमा एउटा निश्चित सिद्धान्त स्थापित गरी एकरूपता कायम गर्नु वाञ्छनीय देखिएको छ। तसर्थ प्रस्तुत विवादमा सन्निहित यस जटील कानूनी प्रश्नको निरूपणका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ (१)(घ) बमोजिम प्रस्तुत रिट निवेदन पूर्ण इजलाससमक्ष पेश गर्नु भन्नेसमेत व्यहोराको यस अदालत संयुक्त इजलासको मिति २०६८।१०।१८ को फैसला।

नियमबमोजिम इजलाससमक्ष पेश हुन आएको प्रस्तुत निवेदनको सुनुवाईका सिलसिलामा निवेदकतर्फबाट विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री बद्रीबहादुर कार्की र श्री पवनकुमार ओझा, अधिवक्ताहरू श्री केशरमणी अर्याल, श्री विवेक घिमिरे, श्री दीपक घिमिरे र श्री पूर्णचन्द्र दाहालले बैंकका कर्मचारी प्रेमप्रसाद घिमिरेलाई बैंकको सेवाबाट बर्खास्त गर्ने गरी भएको कारवाहीउपर बैंकको कर्मचारी विनियमावली, २०६१ को विनियम ९७ बमोजिम अध्यक्षसमक्ष पुनरावेदन लाग्ने स्पष्ट व्यवस्था रहेको, निवेदक बैंक श्रम ऐनद्वारा व्यविस्थत हुने प्रकृतिको संस्था नभई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनअन्तर्गत सञ्चालन हुने संस्थाका रूपमा रहेको, त्यसरी बैंकको हकमा विशेष प्रकृतिको ऐन लागू रहेको र सो ऐनअन्तर्गतको अधिकार प्रयोग गरी कर्मचारी विनियमावलीसमेत स्वीकृत भई लागू भएको अवस्थामा सो विनियमावलीबमोजिम भएको कारवाहीमा चित्त नबुझ्ने पक्षले सोही विनियमावलीले निर्धारण गरेबमोजिम उपचार खोज्नुपर्नेमा श्रम ऐनका आधारमा श्रम अदालतसमक्ष पुनरावेदन गरेको हुँदा प्रारम्भिकरूपमै अधिकारक्षेत्रात्मक त्रुटि भएको छ। त्यसरी श्रम अदालतसमक्ष पुनरावेदन नै नलाग्ने अवस्थामा श्रम अदालतले पुनरावेदनपत्र ग्रहण गरी फैसला गरेको त्रुटिपूर्ण रहेको हुँदा सो फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्दछ भन्नेसमेतको बहस गर्नुभयो।

त्यसैगरी विपक्षी श्रम अदालतको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री मदनबहादुर धामीले श्रम ऐनले Basic Standard निर्धारण गरेको र निवेदक बैंक प्रतिष्ठानको परिभाषाभित्र समेटिने संस्था रहेको सन्दर्भमा बैंकका कर्मचारी कामदारको हकमा श्रम ऐन आकर्षित नहुने भन्न मिल्दैन। श्रम विवादका विषयमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन सामान्य कानून हो भने श्रम ऐन विशेष ऐन हो। तसर्थ श्रम अदालतको फैसलालाई अन्यथा भन्न मिल्ने हुँदैन भनी बहस गर्नु भयो। अर्का विपक्षी प्रेमप्रसाद घिमिरेको तर्फबाट विद्वान अधिवक्ताद्वय श्री राजन अधिकारी र श्री रामहरि त्रिपाठीले श्रमिकको हक हितका लागि बनेको श्रम ऐन श्रमिकको हकमा लागू नहुने भनी अर्थबोध गर्न मिल्दैन। प्रेमप्रसाद घिमिरेलाई बैंकका अध्यक्षको निर्णयले नै सेवाबाट बर्खास्त गरिएको अवस्थामा पुनः अध्यक्षसमक्ष पुनरावेदन गर्नुको कुनै अर्थ पनि देखिँदैन। त्यसरी निर्णय गर्ने र पुनरावेदन सुन्ने अधिकार एउटै अधिकारीमा प्रदान गर्ने खालको कानूनी व्यवस्था आफैंमा त्रुटिपूर्ण रहेको हुँदा श्रम ऐनअन्तर्गत न्यायको माग गर्नु अन्यथा नहुने भएकाले श्रम अदालतबाट अधिकार क्षेत्र ग्रहण गरी भएको फैसला कानूनअनुरूप नै छ, प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत बहस गर्नुभयो।

२. प्रस्तुत रिट निवेदनमा बैंकका तर्फबाट मूलतः श्रम ऐनको परिच्छेद ८ अन्तर्गत दिएको आदेशउपर उक्त ऐनको दफा ६०(ग) अनुसार श्रम अदालतमा पुनरावेदन लाग्ने स्पष्ट कानूनी व्यवस्था रहेकोमा बैंकले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ को उपदफा (२) को खण्ड (ग) बमोजिम बैंकका कर्मचारीलाई

लागू हुने गरी कर्मचारी विनियमावली, २०६१ बनाई लागू गरिएको छ । सो विनियमावलीलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ९२ लेसमेत कानूनी आधार प्रदान गरेको छ र नेपाल राष्ट्र बैंकबाट समेत स्वीकृत सो विनियमावली बमोजिम भए गरेका कार्यलाई अन्यथा भन्न मिल्ने अवस्था छैन । सोही विनियमावलीको विनियम ८८(१)(ख) बमोजिम सेवाबाट बर्खास्त गरिएको अवस्थामा विनियम ९७ बमोजिम पुनरावेदन सुन्न अधिकारीसमेत निश्चित् गरिएको छ । यसरी बैंकको विनियमावलीले स्पष्टरूपमा कारवाही र सोउपरको पुनरावेदन सुन्नेसमेतको व्यवस्था गरेको अवस्थामा सोही विनियमबमोजिमको सेवा, शर्त र सुविधाको उपभोग गर्दै आएका विपक्षी प्रेमप्रसाद घिमिरेलाई बैंकको सेवाबाट बर्खास्त गरिएकोमा निजले विनियमबमोजिम पुनरावेदन नगरी श्रम ऐनको दफा ६०(ग) अनुसार भनी सोझै श्रम अदालतसमक्ष पुनरावेदन गरेका र सो पुनरावेदन ग्रहण गरी निज विपक्षीलाई बैंकको सेवामा पुनर्वहाली गर्ने गरी श्रम अदालतबाट फैसला भएको छ । त्यसरी श्रम ऐन आकर्षित नै नहुने अवस्थामा श्रम अदालतले क्षेत्राधिकारबिहीन पुनरावेदन ग्रहण गरी फैसला गरेको हुँदा श्रम अदालतको सो कार्य प्रचलित कानून, स्थापित न्यायिक मान्यता तथा सर्वोच्च अदालतद्वारा प्रतिपादित न्यायिक सिद्धान्तहरूसमेतको प्रतिकूल रहेकोले उत्प्रेषणको आदेशद्वारा उक्त फैसला बदर गरी पाऊँ भन्नेसमेतको जिकीर लिइएको पाइन्छ । प्रस्तुत मुद्दाको समग्र तथ्यलाई हेर्दा निर्धन उत्थान बैंक लिमिटेडका सहायक कर्मचारी प्रेमप्रसाद घिमिरेलाई उक्त बैंकको कर्मचारी विनियमावली, २०६१ को विनियम ८८(१)(ख) बमोजिम बैंकको मिति २०६४।५।२६ को निर्णयानुसार सेवाबाट बर्खास्त गरिएको र सो निर्णयउपर निज प्रेमप्रसाद घिमिरेले श्रम ऐनबमोजिम श्रम अदालतमा पुनरावेदन गरेको र सो अदालतबाट श्रम ऐन, २०४८ को दफा ५३ समेतलाई आधार बनाएर बैंकको उक्त निर्णय बदर हुने र पुनरावेदक आफ्नो पदमा पुनर्वहाली हुने ठहऱ्याई मिति २०६५।३।२७ मा फैसला गरेको भन्ने देखिन आउँछ । सो फैसला बदरका लागि बैंकका तर्फबाट रिट क्षेत्राधिकारअन्तर्गत यस अदालतमा दायर हुन आएको निवेदनका रोहमा यस अदालतको संयुक्त इजलासबाट बैंक तथा वित्तीय संस्थाले आफ्नो कुनै कर्मचारीलाई गरेको कारवाहीका सम्बन्धमा विनियमावलीले व्यवस्था गरेबमोजिम मात्र उपचार खोज्नुपर्ने हो वा श्रम ऐन, २०४८ को व्यवस्थाअन्तर्गत श्रम अदालतमा पुनरावेदन गर्न सकिने हो भन्ने प्रश्न उठाई पूर्ण इजलाससमक्ष पेश गर्नु भनी भएको आदेशअनुरूप प्रस्तुत रिट निवेदन यस इजलाससमक्ष पेश हुन आएको छ । उल्लिखित सन्दर्भमा प्रस्तुत रिट निवेदनमा प्रथमतः देहायका प्रश्नहरूको निरूपण गरी निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय हुनुपर्ने अवस्था देखिन आयो ।

१. श्रम ऐन, २०४८ ले गरेको आचरण र सजायसम्बन्धी व्यवस्था निश्चित् प्रकृतिका प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा आकर्षित हुने हो वा जुनसुकै प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा आकर्षित हुने के हो ?
२. बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ ले प्रत्यायोजन गरेको अधिकारअन्तर्गत तर्जुमा गरिएको विनियमावलीको व्यवस्थाअनुरूप आफ्नो कुनै कर्मचारीलाई गरेको कारवाहीका सम्बन्धमा सोही विनियमअनुसारको उपचार खोज्नु पर्ने

हो वा श्रम ऐन, २०४८ को व्यवस्था अन्तर्गत श्रम अदालतमा पुनरावेदन गर्न सकिने हो ?

३. निर्धन उत्थान बैंकको कर्मचारी विनियमावली, २०६१ अन्तर्गत सेवाबाट बर्खास्त गरिएका व्यक्तिले सो विनियमावलीमा पुनरावेदनसम्बन्धी व्यवस्था हुँदाहुँदै सोअन्तर्गत उपचार नखोजी श्रम ऐन, २०४८ को दफा ६० (ग) बमोजिम श्रम अदालतमा पुनरावेदन गरेकोमा श्रम अदालतले पुनरावेदन सुनी गरेको निर्णय कानूनअनुरूप छ वा छैन ?

३. अब, श्रम ऐन, २०४८ ले गरेको आचरण र सजायसम्बन्धी व्यवस्था निश्चित् प्रकृतिका प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा आकर्षित हुने हो वा जुनसुकै प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा आकर्षित हुने के हो भन्ने सम्बन्धमा विचार गर्दा श्रम ऐन, २०४८ को प्रस्तावनालगायतका प्रावधानहरूलाई समेत अध्ययन गरिनु सान्दर्भिक हुन आउँछ। श्रम ऐन, २०४८ को प्रस्तावनाबाट विभिन्न क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूको हक, हित, सुविधा र सुरक्षाको व्यवस्था गरी श्रम सम्बन्धमा समयोचित व्यवस्था गर्न उक्त ऐन निर्माण गरिएको भन्ने देखिन्छ भने दफा २ अन्तर्गत खण्ड (ख) मा प्रतिष्ठान शब्दको परिभाषा प्रस्तुत गरिएको छ । जसअनुसार 'प्रतिष्ठान' भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापित दशजना वा सोभन्दा बढी कामदार वा कर्मचारी कार्यरत् रहेको कुनै कारखाना, कम्पनी, संगठन, संस्था, फर्म वा तिनको समूहलाई सम्झनु पर्दछ। यस बाहेक ऐनको परिच्छेद २ मा रोजगारी र सेवाको सुरक्षासम्बन्धी व्यवस्था गर्नुका साथै पदको बर्गीकरण गरी त्यसको जानकारी सम्बन्धित श्रम कार्यालयलाई दिनु पर्ने व्यवस्थासमेत गरिएको छ । त्यसैगरी विशेष प्रतिष्ठानका रूपमा चियाबगान, निर्माण व्यवसाय, यातायात व्यवसाय, होटेल, ट्राभल, ट्रेकिङ, एडभेन्चर, र्‍याफ्टिङ, जङ्गल, सफारी आदि व्यवसाय सञ्चालन गर्ने प्रतिष्ठानलाई समावेश गरिएको पाइन्छ। ऐनको परिच्छेद ८ मा आचरण र सजायसम्बन्धी व्यवस्था गरिएको छ। जसअन्तर्गत सजायको प्रकार उल्लेख गर्दै के कस्तो कार्य गरेमा खराब आचरण हुने भन्ने विवरणका साथै त्यस्तो खराब आचरण गरेमा हुने सजाय, सजाय गर्दाको कार्यविधि र पुनरावेदनसमेतको व्यवस्था ऐनमा गरिएको पाइन्छ।

४. त्यस अतिरिक्त श्रमसम्बन्धी विभिन्न समिति, श्रम अधिकृत, कारखाना निरीक्षक र श्रम विवाद समाधानको प्रक्रिया र संयन्त्रसमेतका बारेमा ऐनमा उल्लेख गरिएको छ। प्रतिष्ठान खडा गर्न, बनाउन वा भइरहेको प्रतिष्ठानलाई बढाउन परेमा व्यवस्थापकले तोकिएबमोजिमको विवरण खुलाई श्रम कार्यालयमा पठाउनु पर्ने अनिवार्य व्यवस्था ऐनमा रहेको छ । प्रत्येक प्रतिष्ठानले आफ्नो कामदार वा कर्मचारीको सेवा, शर्त सम्बन्धमा बनाएको विनियमको प्रति सम्बन्धित श्रम कार्यालयमा पठाउनु पर्ने व्यवस्था पनि ऐनको दफा ८७ मा गरिएको पाइन्छ। यसरी प्रतिष्ठानका कामदार कर्मचारीको सेवाको सुरक्षालगायत उनीहरूको आचरणसमेतका सम्बन्धमा श्रम ऐनले व्यवस्था गरेको र खराब आचरण गर्ने कामदार कर्मचारीलाई सजाय गर्दा अनिवार्यरूपमा अवलम्बन गर्नुपर्ने कार्यविधि पनि ऐनले तोकिदिएको पाइन्छ।

५. श्रम ऐनमा रहेका उल्लिखित प्रावधानहरू र संयन्त्रहरूलाई गहनरूपमा अध्ययन गर्ने हो भने त्यसबाट श्रम ऐनले समेट्ने क्षेत्रका बारेमा स्पष्ट हुन आउँछ। प्रतिष्ठान निर्माण गर्दा

वा विस्तार गर्दासमेत श्रम कार्यालयमा विवरण पेश गर्नु पर्ने र कामदार कर्मचारीको सेवा, शर्त सम्बन्धमा प्रतिष्ठानद्वारा बनाइएको विनियमसमेत श्रम कार्यालयमा पठाउनु पर्ने व्यवस्थाले पनि प्रतिष्ठान शब्दलाई सीमित तुल्याएको छ । यदि कम्पनी, संगठन, संस्था, फर्म वा तिनको समूहअन्तर्गत पर्ने सबै संस्थालाई प्रतिष्ठानअन्तर्गत मान्ने हो भने कुनै पनि संस्था त्यसबाट बाहिर पर्ने अवस्था देखिँदैन । यदि कम्पनी ऐनअन्तर्गत वा अन्य विशेष ऐनअन्तर्गत संस्थापित सबै खालका संस्थाहरू श्रम ऐनको दायराभित्र रहेको मान्ने हो भने त्यस्ता संस्थाहरूले आफ्नो स्थापनाको जानकारी श्रम कार्यालयमा दिएको अवस्था छ या छैन त्यस्ता संस्थाहरूलाई उनीहरूको विनियम श्रम कार्यालयमा पेश गर्नुपर्ने बाध्यता रहेको भनी सबै संस्थाहरूलाई अवगत गराइएको छ या छैन पेश गर्नुपर्ने भनिएको विवरण वा विनियम पेश गरे नगरेको सम्बन्धमा श्रम कार्यालयहरूले अनुगमन गरेका छन् या छैनन् त्यसरी अनिवार्यरूपमा श्रम कार्यालयमा बुझाउनु पर्ने विवरण वा विनियम नबुझाएको भन्ने आधारमा कुनै संस्थालाई श्रम कार्यालयबाट कारवाही गरिएको अवस्था छ या छैन भन्ने जस्ता प्रश्नहरू स्वाभाविकरूपमा उठ्न सक्छन् । तर व्यवहारमा हेर्दा यी सबै प्रश्नहरूको उत्तर सकारात्मक आउँदैन । जसको सोझो अर्थ हुन्छ- सबै प्रकृतिका प्रतिष्ठानहरू श्रम ऐनको दायराभित्र पर्दैनन् । कम्पनी ऐन वा अन्य विशेष ऐनअन्तर्गत संस्थापित प्रतिष्ठानहरूका आ-आफ्नै उद्देश्य रहेका हुन सक्छन्, त्यस्ता प्रतिष्ठानको कार्य प्रकृति पनि फरकफरक हुन सक्छ, त्यसभित्र आबद्ध जनशक्तिले सम्पादन गर्नुपर्ने कार्य पनि फरकफरक हुन सक्छ, उनीहरूको कार्यवातावरण र सेवाको सुरक्षा सम्बन्धमा अनुगमन गर्ने वा नियमन गर्ने निकायहरू पनि फरक फरक हुन सक्छन् । त्यसैले सम्बन्धित संस्थाको उद्देश्य, कार्यप्रकृति, त्यसभित्र आबद्ध जनशक्ति र उनीहरूको सेवा सुरक्षासमेतका विषयवस्तुलाई आधार नबनाई प्रतिष्ठान शब्दको सतही व्याख्याका भरमा सबै संस्थाहरूलाई एउटै दृष्टिकोणले हेरिनु न्यायोचित र व्यवहारिकसमेत हुन सक्दैन । श्रम ऐनले श्रमिकको हक, हित, सुरक्षा, सेवा, शर्त, विवाद समाधानको प्रक्रिया र संयन्त्रसमेतको व्यवस्था गरेको छ। त्यस्तै व्यवस्था अन्य ऐन वा कानूनद्वारा गरिएको अवस्थामा त्यस्ता कानूनद्वारा संस्थापित प्रतिष्ठान वा संस्था वा फर्म वा कम्पनीमा कार्यरत् कर्मचारीहरूको हकमा श्रम ऐन आकर्षित हुने भनी त्यस्तो प्रतिष्ठान, संस्था वा फर्म संस्थापित गर्ने कानूनलाई अर्थहीन र औचित्यहीन तुल्याउने गरी कानूनको व्याख्या गरिनु हुँदैन । त्यस्ता संस्थाहरूको हकमा श्रम ऐन होइन, त्यही कानून आकर्षित हुन्छ ।

६. श्रम ऐन बाहेकका अन्य ऐनअन्तर्गत संस्थापित प्रतिष्ठानहरूमा श्रम ऐन आकर्षित हुने हो वा अन्य ऐन, त्यसअन्तर्गतको नियम वा विनियमको व्यवस्था आकर्षित हुने भन्ने सम्बन्धमा यसअघि पनि यस अदालतसमक्ष प्रश्नहरू उठेको पाइन्छ । यसै सन्दर्भमा किरणकुमार श्रेष्ठसमेत विरूद्ध सञ्चालक समिति, नेपाल बैंक लिमिटेडसमेत भएको रिट निवेदन (*नेकाप* २०५६, अंक ६, नि.नं. ६७३१, पृष्ठ ४०३) मा ट्रेड युनियन ऐन, २०४८ र वाणिज्य बैंक ऐन, २०३१अन्तर्गत बनेका नियमहरू बाझिएको अबस्थामा कुन कानून लागू हुने भन्ने प्रश्न उठेकोमा वाणिज्य बैंक ऐन, २०३१ को दफा ५२ ले उक्त ऐन र सोअन्तर्गत बनेका नियमहरूमा लेखिएको कुरामा सोहीबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुने भनी गरेको व्यवस्थासमेतलाई आधार बनाएर वाणिज्य बैंक ऐनको दफा ५२ अन्तर्गत बनेको नेपाल बैंक कर्मचारी नियमावली नै लागू हुने भनी यस अदालतको विशेष इजलासबाट सिद्धान्त

कायम भएको छ । त्यसैगरी नेपाल अरब बैंक लिमिटेडका व्यवस्थापकका तर्फबाट विनय रेग्मी विरूद्ध श्रम अदालतसमेत भएको अर्को रिट निवेदन (२०५८ सालको रिट नं. ३०७४, फैसला मितिः २०५९।२।२१) मा बैंकको कामदार र कर्मचारीको सम्बन्धमा वाणिज्य ऐन, २०३१ बमोजिम बनेको नेपाल अरब बैंक लिमिटेडको कर्मचारी नियमावली तथा कार्यविधि निर्देशिका, २०४५ (हाल कर्मचारी नियमावली, २०५७) नै लागू हुने, श्रम ऐन, २०४८ आकर्षित हुन नसक्ने भनी श्रम अदालतले पुनरावेदन ग्रहण गरी गरेको फैसला अधिकारक्षेत्रबिहीन रहेको भनी फैसला भएको छ। त्यसैगरी महालक्ष्मी फाइनान्स लिमिटेडसमेत विरूद्ध श्रम अदालत भएको अर्को रिट निवेदन (२०६० सालको रिट नं. २७६३, फैसला मितिः २०६१।१२।५) मा पनि निवेदक कम्पनी वित्त कम्पनी ऐन, २०४२ अनुसार गठित एवं सञ्चालित भएको भन्ने आधारमा उक्त कम्पनीले बनाएको कर्मचारी विनियमावली, २०५७ अनुसार भएको कारवाही विरूद्ध सोही विनियमावलीअन्तर्गतको उपचार खोज्नु पर्ने निष्कर्षमा पुगी निवेदक कम्पनीको हकमा श्रम ऐन लाग्न नसक्नेमा श्रम अदालतले पुनरावेदन ग्रहण गरी गरेको फैसलामा क्षेत्राधिकारको त्रुटी विद्यमान रहेको भनी फैसला भएको देखिन्छ । त्यसैगरी सेन्ट जेभियर्स स्कूलका तर्फबाट ऐ.का प्रधानाध्यापक बोनिफेस टिग्गा एस.जे. विरूद्ध श्रम अदालतसमेत भएको रिट निवेदन (रिट नं.: ०६७-WO-०७०९, फैसला मितिः २०६९।४।३०) मा पनि यस्तै प्रश्न उठेकोमा शैक्षिक संस्थाको रूपमा रहेको विद्यालयको गठन, सञ्चालन र नियमनसमेतको काम कारवाही शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ बमोजिम हुने भन्नेसमेतको आधार ग्रहण गर्दै सम्बन्धित विद्यालयको कर्मचारी सेवा नियमअनुसार कारवाही भएको अवस्थामा सोही नियम अनुसारको उपचारको खोजी गर्नुपर्नेमा श्रम ऐन, २०४८ मा भएको कानूनी व्यवस्थाअनुसार श्रम अदालतमा परेको पुनरावेदनलाई क्षेत्राधिकारबिहीनको संज्ञा दिइएको देखिन आउँछ ।

७. यसरी यस अदालतबाट भएका पूर्व फैसलाहरूबाटसमेत विभिन्न विषयगत ऐनअन्तर्गत संस्थापित कम्पनी, संस्था, फर्म वा प्रतिष्ठानहरूका हकमा त्यस्ता ऐनअन्तर्गतका नियम, विनियमद्वारा तोकिएका सेवा, शर्त, सुविधा र अनुगमन, नियमन एवं मूल्याङ्कनसमेतका संयन्त्रहरू नै प्रभावी हुने र सबै खालका प्रतिष्ठानहरूमा श्रम ऐन, २०४८ लागू नहुने भनी सिद्धान्त कायम भएको पाइन्छ। उल्लिखित आधारमा पनि श्रम ऐन, २०४८ ले गरेको आचरण र सजायसम्बन्धी व्यवस्था निश्चित् प्रकृतिका प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा मात्र आकर्षित हुन्छ, जुनसुकै प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा उक्त व्यवस्था आकर्षित हुँदैन भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

८. अब, बैंक तथा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ ले प्रत्यायोजन गरेको अधिकारअन्तर्गत तर्जुमा गरिएको विनियमावलीको व्यवस्थाअनुरूप आफ्नो कुनै कर्मचारीलाई गरेको कारवाहीका सम्बन्धमा सोही विनियमअनुसारको उपचार खोज्नु पर्ने हो वा श्रम ऐन, २०४८ को व्यवस्थाअन्तर्गत श्रम अदालतमा पुनरावेदन गर्न सकिने हो भन्ने प्रश्नमा प्रवेश गरौं। यसअघि गरिएको विश्लेषणसमेतबाट जुनसुकै प्रतिष्ठानमा कार्यरत् कामदार कर्मचारीहरूका हकमा श्रम ऐन, २०४८ आकर्षित हुने नभै सो प्रतिष्ठान संस्थापित गर्ने ऐन र सोअन्तर्गत बनेको नियम, विनियममा रहेको व्यवस्था नै आकर्षित हुने भन्ने निष्कर्षमा यो इजलास पुगेको छ। उल्लिखित सन्दर्भमा प्रस्तुत रिट निवेदनको विषयवस्तुको सापेक्षतामा हेर्दा

रिट निवेदकले आफ्नो बैंक, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनअन्तर्गत संस्थापित भएको, सोही ऐनको दफा ९१ ले प्रदान गरेको अधिकारअन्तर्गत रही बैंकको कर्मचारी विनियमावली, २०६१ तर्जुमा गरिएको र सो विनियमावलीको परिच्छेद ७ मा विभागीय कारवाहीसम्बन्धी स्पष्ट व्यवस्था रही विनियम ८८ मा सेवाबाट हटाउने वा बर्खास्त गर्नेसम्बन्धी व्यवस्था गरिएको, सोही आधारमा बैंकका सहायक कर्मचारी प्रेमप्रसाद घिमिरेलाई सेवाबाट बर्खास्त गर्ने गरी निर्णय भएको र सो निर्णयउपर बैंकका अध्यक्षसमक्ष पुनरावेदन दिन सकिने प्रावधान विनियम ९७ मा रहेकोमा सो प्रावधानअन्तर्गत उपचार नखोजी सिधै श्रम ऐन, २०४८ को दफा ६० अनुसार श्रम अदालतमा पुनरावेदन गरेको हुँदा श्रम अदालतलाई त्यसरी पुनरावेदन सुन्ने अधिकार नै नरहेकोले श्रम अदालतको फैसला बदरभागी रहेको भनी जिकीर लिएको पाइन्छ ।

९. निवेदक निर्धन उत्थान बैंक कम्पनी ऐन, २०५३ बमोजिम लघु वित्त कम्पनीका रूपमा दर्ता भएको र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अनुरूप बैंकिङ्ग व्यवसाय गर्दै आएको संस्था हो भन्ने तथ्यमा विवाद छैन । उक्त ऐनअन्तर्गत स्थापना भई सञ्चालन हुने बैंक तथा वित्तीय संस्थाको काम कारोबार सुव्यवस्थितरूपले सञ्चालन गर्न र ऐनको उद्देश्य कार्यान्वयन गर्न इजाजत प्राप्त संस्थाले विनियम बनाउन सक्ने गरी उक्त ऐनको दफा ९१ अन्तर्गत सोसम्बन्धी अधिकारको व्यवस्था गरिएको देखिन्छ । सोही दफा ९१ को उपदफा (१) को देहाय (क) देखि (छ) सम्म विभिन्न विषयहरूमा त्यस्तो विनियम बनाउन सकिने भन्ने व्यवस्था गर्दै देहाय (ग) मा इजाजत प्राप्त संस्थाका कर्मचारीको नियुक्ति, बढुवा, सरूवा बर्खास्ती, तलव, भत्ता, उपदान, निवृत्तभरण, विदा, आचरण, अनुशासनसमेत सेवाका शर्त र गठनबारेमा समेत त्यस्तो विनियम बनाउन पाउने गरी अधिकार प्रदान गरिएको पाइन्छ ।

१०. उल्लिखित कानूनी व्यवस्थाबाट निवेदक बैंकलगायतका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो काम कारवाही सुचारू रूपमा सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीको नियुक्ति, सरूवा, बढुवा, बर्खास्ती एवं अनुशासनात्मक कारवाहीलगायत संस्थाको कर्मचारी प्रशासनसँग सम्बन्धित विषयहरूलाई स्वयंले छुट्टै विनियम तर्जुमा गरी नियमित र व्यवस्थित गर्न सक्ने र त्यस्तो विनियम राष्ट्र बैंकले स्वीकृति प्रदान गरेपछि लागू हुन सक्ने देखिन आउँछ । जसका आधारमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ मा संस्थाले विनियम बनाउन सक्ने गरी प्रदान गरिएको अख्तियारीअन्तर्गत नै निर्धन उत्थान बैंकले आफ्ना कर्मचारीको व्यवस्थापनका लागि उल्लिखित विषयवस्तुसमेत समावेश गरी कर्मचारी विनियम बनाएको भन्ने देखिन आउँछ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ९२ ले उक्त ऐनअन्तर्गत जारी भएका नियम, विनियम, आदेश वा निर्देशनमा लेखिएका कुरामा सोहीबमोजिम र अन्य कुरामा प्रचलित कानूनबमोजिम हुने भनी स्पष्ट व्यवस्था गरेबाट निर्धन उत्थान बैंकबाट जारी भएको विनियममा लेखिएका कुरामा सोही विनियम प्रभावी हुने भन्नेमा पनि विवाद हुन सक्दैन ।

११. बैंक तथा वित्तीय संस्थाहरूको हकमा नियमनकारी निकायका रूपमा नेपाल राष्ट्र बैंक रहने, त्यस्ता संस्थाले बनाएको विनियमसमेत नेपाल राष्ट्र बैंकबाट स्वीकृत गराउनु पर्नेसमेतको व्यवस्था गरिएको हुँदा त्यस्ता संस्थाको हकमा श्रम ऐनअनुसार श्रम कार्यालयहरूले नियमन गर्न मिल्ने अवस्था देखिन आउँदैन । ऐनको अख्तियारीअन्तर्गत कर्मचारीहरूको आचरण निश्चित् गरिएको र सो आधारमा विभागीय

कारवाही गर्ने अधिकारीसमेत तोकी त्यस्ता अधिकारीले गरेको कारवाहीउपर पुनरावेदन सुन्ने अधिकारी पनि तोकिएको अवस्थामा श्रम ऐनमा उल्लिखित आचरण र सजायसम्बन्धी कुराहरू त्यस्ता संस्थाले अनुशरण गर्दैनन् । जुन कानूनअनुसारको कारवाही भएको हो, त्यसमा अवलम्बन गर्नुपर्ने कार्यविधि पनि स्वभावतः सोही कानूनले निर्धारण गरेबमोजिम नै हुन्छ र सोउपरको उपचार पनि सोही कानूनले तोकेअनुसार नै खोज्नु पर्ने हुन्छ । यो सामान्य र स्वाभाविक प्रक्रिया नै हो । यदि सम्बन्धित कानूनले सजायको मात्र व्यवस्था गरी त्यसउपर पुनरावेदन सुन्नेसम्बन्धी व्यवस्था नगरेको अवस्था भए स्वभावतः प्रचलित कानूनले तोकेको अन्य प्रक्रियाको अवलम्बन गर्नुपर्ने बाध्यता सिर्जना हुन जान्थ्यो, जसलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ९२ ले पनि स्पष्ट गरेकै छ ।

१२. प्रस्तुत विवादमा रिट निवेदक बैंकको कर्मचारी विनियमावली, २०६१ बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१(२)(ग) बमोजिमको अख्तियारीअन्तर्गत नै तर्जुमा भै लागू गरिएको हुँदा सो विनियमावली निवेदक बैंकमा कार्यरत् कर्मचारीहरूको हकमा लागू हुने छुट्टै प्रकृतिको कानूनी व्यवस्थाका रूपमा रहेको र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनद्वारा नै छुट्टै हैसियत र मान्यता प्रदान भएको अवस्था हुँदा सोही विनियमावलीको प्रक्रिया अपनाई विपक्षी मध्येका प्रेमप्रसाद घिमिरेलाई बैंकको सेवाबाट बर्खास्त गरिएकोमा त्यस्तो बर्खास्तीको निर्णयउपर चित्त नबुझे सोही विनियमावलीको व्यवस्था बमोजिम मात्रै सम्बद्ध बैंक पदाधिकारीसमक्ष पुनरावेदन लाग्नेमा सोको विपरीत श्रम ऐन, २०४८ को दफा ६० को खण्ड (ग) अन्तर्गत श्रम अदालतसमक्ष पुनरावेदन गरिएको भन्ने कुरा प्रमाणस्वरूप प्राप्त भएको श्रम अदालत काठमाडौंको मिसिलबाट देखिन आएको छ । आफू आबद्ध संस्थाको विनियमावलीमा नै सजायउपर पुनरावेदन सुन्ने अधिकारीसमेत निश्चित् गरिएको अवस्थामा त्यस्तो कानूनी व्यवस्थाको अनुशरण गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य बन्दछ । संस्थाको विनियमावलीमा रहेको स्पष्ट कानूनी प्रावधानलाई एकातिर पन्छाएर अन्य ऐन कानूनअन्तर्गतको उपचारको खोजी गर्न मिल्ने हुँदैन । यसको अतिरिक्त आफू कार्यरत् रहेको अवस्थासम्म सोही विनियमअन्तर्गतको सेवा, शर्त र सुविधाको उपभोग गर्ने तर आफूलाई कारवाही भएपछि भने उक्त कानूनले निर्धारण गरेको प्रक्रिया भन्दा बाहिरबाट उपचार खोजिनुलाई कानून अनुकूल मान्न सकिँदैन । कुनै पनि कानून बदर घोषित नहुँदासम्म वैध कानूनका रूपमा रहन्छ । त्यस्तो वैध कानूनलाई एउटा निश्चित अवस्थासम्म अनुशरण गर्ने र आफ्नोप्रतिकूल निर्णय भएपछि त्यसलाई पूर्णतः इन्कार गर्ने प्रवृत्तिलाई सेवा कानून (Service Law) सम्बन्धी सिद्धान्तले पनि स्वीकार गर्दैन । तसर्थ प्रस्तुत विवादका सन्दर्भमा पनि बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ र सोअन्तर्गत तर्जुमा गरिएको नियम तथा विनियममा व्यवस्था गरिएअनुरूप सम्बन्धित संस्थाले आफ्नो कुनै कामदार वा कर्मचारीलाई गरेको विभागीय कारवाहीका सम्बन्धमा सोही विनियमअनुसारको उपचारको खोजी गर्नुपर्ने हुन्छ ।

१३. प्रस्तुत विवादमा निर्धन उत्थान बैंकले कर्मचारी विनियमावलीको विनियम ८८(१) (ख) अनुसार सेवाबाट बर्खास्त गरिएका प्रेमप्रसाद घिमिरेले सो कारवाहीउपर श्रम अदालतमा पुनरावेदन गरी श्रम अदालतबाट सेवामा पुनर्बहाली गर्ने गरी गरेको निर्णय क्षेत्राधिकारबिहीन रहेको भन्ने प्रश्न पनि उठाइएको हुँदा निवेदक निर्धन उत्थान बैंकको कर्मचारी विनियमावली, २०६१ अनुसार सेवाबाट बर्खास्त गरिएका व्यक्तिले सो

विनियमावलीमा पुनरावेदनसम्बन्धी व्यवस्था हुँदाहुँदै सोअन्तर्गत उपचार नखोजी श्रम ऐन, २०४८ को दफा ६०(ग) बमोजिम श्रम अदालतमा पुनरावेदन गर्ने र श्रम अदालतले त्यस्तो पुनरावेदन ग्रहण गरी निर्णय गर्न मिल्ने नमिल्ने के हो भन्ने प्रश्नको पनि निरूपण गरिनु पर्ने भएको छ ।

१४. सो सम्बन्धमा विचार गर्दा यी निवेदकलाई सेवाबाट बर्खास्त गरिएको बारेको पत्रमा स्पष्टरूपमा बैंकको कर्मचारी विनियमावली, २०६१ (संशोधन सहित) को विनियम ८८(१)(ख) बमोजिम बैंकको सम्पत्ति हिनामिना, हानि नोक्सानी गरेको पाइएकोले बैंकको मिति २०६४।५।२६ को निर्णयबमोजिम बैंकको सेवाबाट बर्खास्त गरिएको भनी महाप्रबन्धकबाट हस्ताक्षर गरिएको पाइन्छ। उक्त पत्रमा उल्लेख गरिएको विनियम ८८ ले सेवाबाट हटाउने वा बर्खास्त गर्नेसम्बन्धी व्यवस्था गरेको र त्यसरी सेवाबाट हटाउने वा बर्खास्त गर्ने गरी भएको निर्णयउपर विनियम ९७ मा पुनरावेदन सुन्ने अधिकारी तोकिएको पाइन्छ । श्रम अदालतसमक्ष पुनरावेदन गर्ने विपक्षी प्रेमप्रसाद घिमिरे निर्धन उत्थान बैंकको सहायक कर्मचारी रहेको भन्ने कुरामा विवाद छैन। सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णयउपर सहायक कर्मचारीले त्यस्तो निर्णय भएको ३५ दिनभित्र बैंकका अध्यक्षसमक्ष पुनरावेदन दिन सक्ने व्यवस्था विनियम ९७(१)(ख) मा गरिएको छ । यसअघि गरिएको विश्लेषणबाट सबै खालका प्रतिष्ठानका कर्मचारीको हकमा श्रम ऐन आकर्षित नहुने र आफू आबद्ध संस्थाको कर्मचारी विनियमले गरेको व्यवस्थाका हकमा सोही विनियम आकर्षित हुने भन्ने निष्कर्षमा यो इजलास पुगिसकेको परिप्रेक्ष्यमा निज प्रेमप्रसाद घिमिरेले निज कार्यरत् संस्थाको विनियममा तोकिएअनुसार नै उपचारको माग गर्नु पर्ने कुरामा पनि विवाद हुन सक्दैन ।

१५. बहसका सिलसिलामा निजतर्फबाट उपस्थित हुनुभएका विद्वान कानून व्यवसायीहरूले विनियममा अध्यक्षसमक्ष पुनरावेदन लाग्ने व्यवस्था गरिएको र निजलाई सेवाबाट बर्खास्त गर्ने निर्णय पनि अध्यक्ष स्वयंले नै गरेको हुँदा त्यसरी निर्णय गर्ने र सो निर्णयउपरको पुनरावेदन एकै व्यक्तिले सुन्ने अवस्था रहेबाट त्यस्तो निर्णयमा निष्पक्षताको अभाव रहने भएकाले श्रम अदालतसमक्ष पुनरावेदन गरिएको भनी जिकीर लिएको अवस्था छ । तर निजका तर्फबाट श्रम अदालतमा परेको पुनरावेदनमा भने त्यस्तो जिकीर लिइएको देखिँदैन, न त कानूनले स्पष्ट अख्तियारी नदिँदासम्म कसैले पुनरावेदन दायर गरेकै भरमा न्यायिक निकायको अधिकारक्षेत्र उत्पत्ति नै हुन सक्छ ।

१६. यसका अतिरिक्त बैंकको कर्मचारी विनियममा रहेको त्यस्तो व्यवस्थालाई चुनौती दिई बदर घोषित नगराउँदासम्म त्यसलाई वैध कानूनका रूपमा लिनुपर्ने हुँदा निज प्रेमप्रसाद घिमिरेतर्फबाट लिइएको जिकीरको कानूनी आधार पनि देखिँदैन । कुनै पनि कामदार कर्मचारीले आफू आबद्ध संस्थाको कर्मचारी विनियममा निश्चित् गरिएअनुरूप नै सेवा सुविधाको दावी गर्न सकिने र आफ्नो आचरण र विभागीय कारवाहीसम्बन्धी व्यवस्थाको हकमा पनि सोही विनियमका प्राबधान आकर्षित हुने हुँदा त्यस्तो वैध कानूनअन्तर्गत गरिएको कारवाहीउपरको उपचार पनि त्यसैअन्तर्गत खोजिनु पर्ने हुन्छ । यदि सम्बन्धित कानूनले उपचारको स्पष्ट व्यवस्था नगरेको अवस्था भए मात्र अन्य प्रचलित कानूनबमोजिमको उपचार खोज्न सकिने हुन्छ । कानूनले नै पुनरावेदन सुन्ने अधिकारी निश्चित् गरेको पाइएको हुँदा त्यस्ता अधिकारीसमक्ष पुनरावेदन नगरी सिधै श्रम अदालतमा पुनरावेदन गरिएको देखिएबाट त्यसरी कानूनले नै अख्तियार प्रदान नगरेको निकायसमक्ष गरिएको याचनाले कुनै अर्थ राख्दैन न त त्यस्ता

निकायले गरेको निर्णयले नै कानूनी मान्यता पाउने हुन्छ । तसर्थ विपक्षीमध्येका प्रेमप्रसाद घिमिरेले श्रम ऐनको दफा ६० को खण्ड (ग) अनुसार श्रम अदालतमा गरेको पुनरावेदन ग्रहण गरी श्रम अदालतले गरेको फैसला क्षेत्राधिकारबिहीन देखिन आयो ।

१७. अब, प्रस्तुत रिट निवेदनमा निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नमा विचार गर्दा विपक्षीमध्येका प्रेमप्रसाद घिमिरे कार्यरत् रहेको निर्धन उत्थान बैंकले नेपाल राष्ट्र बैंकको स्वीकृतिसमेत प्राप्त गरी बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ९१ ले दिएको अधिकार प्रयोग गरी बैंकको कर्मचारीलाई लागू हुने गरी विनियम बनाई लागू गरेको भन्ने कुरा विनियमको शिर व्यहोराबाट देखिन्छ । निज प्रेमप्रसाद घिमिरे सोही विनियमलाई स्वीकार गरी बैंकको सहायकस्तरको कर्मचारीका रूपमा कार्यरत् रहेको र त्यसअन्तर्गतका सेवा सुविधाको उपभोगसमेत गरेको भन्ने तथ्यमा पनि विवादको अवस्था छैन । त्यसरी सम्बन्धित ऐनको अख्तियारीअन्तर्गत तर्जुमा भएको र सम्बन्धित नियामक निकायबाट अनुमोदनसमेत भएको विनियमलाई वैध कानूनका रूपमा ग्रहण गर्नुपर्ने हुन आउँछ । त्यस्तो वैध कानून अर्थात् निर्धन उत्थान बैंकको कर्मचारी विनियमावली, २०६१ को विनियम ८८(१)(ख) अनुसार सेवाबाट बर्खास्त गरिएका निज प्रेमप्रसाद घिमिरेको हकमा सोही विनियमावलीको विनियम ९७(१)(ख) अनुसार पुनरावेदन गरी उपचार माग गर्नुपर्ने स्पष्ट कानूनी बाटो रहेकोमा निजले श्रम ऐन, २०४८ को दफा ६० को खण्ड (ग) अन्तर्गत श्रम अदालतमा गरेको पुनरावेदनलाई कानूनअनुकूलको मान्न सकिने अवस्था देखिन आएन । साथै श्रम अदालतले आफूसमक्ष पुनरावेदन नै नलाग्ने अवस्थाका व्यक्तिको पुनरावेदन ग्रहण गरी गरेको फैसला पनि स्वतः क्षेत्राधिकारबिहीन देखिन आयो ।

१८. तसर्थ माथि विवेचित आधारमा निर्धन उत्थान बैंकका सहायक कर्मचारी प्रेमप्रसाद घिमिरेलाई सो बैंकको कर्मचारी विनियमावली, २०६१ को विनियम ८८(१)(ख) बमोजिम सेवाबाट बर्खास्त गर्ने गरी भएको कारवाहीउपर पुनरावेदन ग्रहण गरी निज प्रेमप्रसाद घिमिरेलाई सेवामा पुनर्बहाली गर्ने गरेको श्रम अदालत काठमाडौंको मिति २०६५।३।२७ को फैसलामा अधिकार क्षेत्रात्मक त्रुटि विद्यमान रहेको देखिँदा उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ ।

१९. साथै श्रम अदालतले आफूसमक्ष पुनरावेदन नै नलाग्ने अवस्थाका व्यक्तिको पुनरावेदन ग्रहण गरी फैसला गरेको अवस्था देखिएको परिप्रेक्ष्यमा उक्त अदालतको क्षेत्राधिकारको विषयमा पनि केही विवेचना गरिनुपर्ने अवस्था देखिन आएको छ । यस अदालतले यसअघि पनि किरणकुमार श्रेष्ठसमेत विरूद्ध सञ्चालक समिति, नेपाल बैंक लिमिटेडसमेत भएको रिट निवेदन (*नेकाप* २०५६, अंक ६, नि.नं. ६७३१, पृष्ठ ४०३), नेपाल अरब बैंक लिमिटेडका व्यवस्थापकका तर्फबाट विनय रेग्मी विरूद्ध श्रम अदालतसमेत भएको अर्को रिट निवेदन (२०५८ सालको रिट नं. ३०७४), महालक्ष्मी फाइनान्स लिमिटेडसमेत विरूद्ध श्रम अदालत भएको अर्को रिट निवेदन (२०६० सालको रिट नं. २७६३) र सेन्ट जेभियर्स स्कूलका तर्फबाट ऐ.का प्रधानाध्यापक बोनिफेस टिग्गा एस.जे. विरूद्ध श्रम अदालतसमेत भएको रिट निवेदन (रिट नं.०६७-WO-०७०९) समेतमा श्रम अदालतले आफ्नो अधिकारक्षेत्रको ख्याल नगरी अधिकारक्षेत्रबिहीन फैसला गरेको भनी पटकपटक रिट जारी भएको सन्दर्भलाई सो अदालतबाट गम्भीरतापूर्वक ग्रहण गरिएको पाइएन । आफूले न्यायिक अधिकार प्रयोग गरेको

विषयमा सर्वोच्च अदालतसमक्ष मुद्दा पुगी सर्वोच्च न्यायिक निकायले निश्चित् मार्ग दर्शन हुने गरी सिद्धान्त प्रतिपादन गरिसकेको अवस्थामा ती सिद्धान्तहरूको पालना र अनुशरण गरिनु सबै न्यायिक निकायको कर्तव्य बन्दछ। श्रम अदालतको अधिकारको स्रोत भनेको श्रम ऐन, २०४८ को दफा ६० नै हो । जसमा यस परिच्छेदअन्तर्गत दिएको कुनै सजाय वा आदेशउपर चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेशको सूचना पाएको मितिले पैंतीस दिनभित्र देहायबमोजिम पुनरावेदन गर्न सक्नेछ भनी खण्ड (ग) ले व्यवस्थापक वा अन्य अधिकारी वा कार्यालयले गरेको सजाय र आदेशउपर सम्बन्धित श्रम अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरेको पाइन्छ। त्यसरी श्रम ऐनको परिच्छेद ८ मा गरिएको व्यवस्थाअन्तर्गत गरिएको सजाय वा आदेशउपर मात्र श्रम अदालतमा पुनरावेदन लाग्नेमा अन्य ऐन, नियम, विनियमअन्तर्गत गरिएका सजाय वा निर्णयउपर सोही ऐन, नियम, विनियमले नै पुनरावेदनसम्बन्धी व्यवस्था गरिरहेको अवस्थामासमेत त्यस्तो प्रावधानअन्तर्गत उपचार नखोजी सिधै श्रम अदालतमा पुनरावेदन गर्दासमेत त्यस्तो पुनरावेदन ग्रहण गरी न्याय निरूपण गर्दै आएको अवस्था देखियो। त्यसरी सर्वोच्च अदालतबाट पटकपटक भएका निर्णयलाईसमेत बेवास्ता गरी आफ्नो क्षेत्राधिकारबाहिरको विषयमा प्रवेश गर्ने श्रम अदालतको प्रवृत्तिलाई यो इजलासले गम्भीरतापूर्वक लिएको छ । अतः यस अदालतबाट प्रस्तुत रिट निवेदनका रोहमा र यसअघिका अन्य रिट निवेदनका रोहमा अभिव्यक्त रूलिङ्समेतलाई मध्यनजर गरी आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्न श्रम अदालत, काठमाडौंको ध्यानाकर्षण गराइएको छ । यसको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत श्रम अदालतलाई दिई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनु ।

उक्त रायमा सहमत छौं ।
न्या.रामकुमार प्रसाद शाह
न्या.सुशीला कार्की

इति सम्वत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम्
इजलास अधिकृतः उमेश कोइराला

## निर्णय नं. १०४०

सर्वोच्च अदालत, संयुक्त इजलास
स.का.मु.प्र.न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
आदेश मिति : २०७०।३।२६।४
रिट निवेदन नं. ०६८-WO-०६५२

विषयः उत्प्रेषणयुक्त परमादेश

निवेदक : मधेशी जन अधिकार फोरम, नेपाल (लोकतान्त्रिक) को संस्थापक केन्द्रीय सदस्य तथा धनुषा क्षेत्र नं. ४ बाट निर्वाचित संविधानसभा सदस्य संजयकुमार साह

विरूद्ध

विपक्षी : संविधानसभा व्यवस्थापिका संसदको सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङ्समेत

- **विधिको शासन (Rule of law) मा कुनै पनि कार्य कानूनले निर्देशन गरेअनुरूप**

**वा कानूनबमोजिम मात्र हुन्छ । त्यसमा पनि कसैलाई कुनै कार्य गरेबापत आर्थिक दण्ड वा आर्थिक दायित्त्व बहन गराउने निर्णय गरिन्छ भने त्यस्तो निर्णय कानूनले व्यवस्था गरेको भन्दा बाहिर गई हुन सक्दैन । कानूनी व्यवस्थाभन्दा बाहिर गई कसैलाई आर्थिक दण्ड दिने कार्यलाई विशेषाधिकारभित्र पर्छ भन्न नमिल्ने ।**

- **कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्ति वा निकायले संविधान वा सोबमोजिम बनेका कानूनबाट विशेषाधिकार प्राप्त गर्दछ । संविधान वा अन्य प्रचलित कानूनले प्रदान गरेको विशेषाधिकार विधिसम्मत् भई सोबमोजिम भए गरेका कार्यले मात्र वैधानिकता प्राप्त गर्दछ । विशेषाधिकारको नाममा कानूनले अधिकार नै नदिएको निर्णय वा आदेश हुन गएमा त्यस्तो आदेश कानूनप्रतिकूल भई त्यसले वैधानिक मान्यता पाउन नसक्ने ।**

(प्रकरण नं.११)

निवेदकको तर्फबाट : विद्वान अधिवक्ताद्वय सुनील रंजन सिंह र दीपेन्द्र झा

विपक्षीको तर्फबाट : विद्वान सहन्यायाधिवक्ता रेवतीराज त्रिपाठी

अवलम्बित नजीर :

सम्बद्ध कानून : नेपालको अन्तरिम संविधान, २०६३, संविधानसभा नियमावली, २०६५

आदेश

**स.का.मु.प्र.न्या.दामोदरप्रसाद शर्मा :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र धारा १०७(२) बमोजिम यस अदालतको अधिकारक्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ :-

म रिट निवेदक मधेशी जनअधिकार फोरम, नेपालको उम्मेद्वार भई संविधानसभाको निर्वाचनमा धनुषा क्षेत्र नं. ४ बाट विजयी भई संविधानसभा सदस्यको रूपमा हालसम्म बहाल रहेको छु । २०६६ सालमा मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) नामक छुट्टै राजनीतिक दलले मान्यता पाई म मधेशी जनअधिकार फोरमको केन्द्रीय सदस्य हुनुका साथै सोही पार्टीको तर्फबाट संविधानसभा सदस्यको रूपमा संविधानसभा तथा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्दैआएको छु । आफू जनप्रतिनिधि भएकाले जनताको जनगुनासोलाई संविधानसभा तथा व्यवस्थापिका संसदका अध्यक्ष तथा सम्माननीय सभामुख एवं माननीय सदस्य तथा सभासदहरूलाई राजनीतिकरूपमा जानकारी गराई सरकारको ध्यानाकर्षण गराउन व्यवस्थापिका संसदका अध्यक्ष तथा सम्माननीय सभामुख श्री सुवासचन्द्र नेम्वाङसँग बोल्न बारम्बार समय माग गरेकोमा सम्बन्धित दलको सचेतकमार्फत आउनु भयो भने मात्रै बोल्न पाउनुहुन्छ होइन भने बोल्न पाउनुहुन्न भनेर बोल्न दिनुभएको छैन । मैले प्रतिनिधित्व गरेको दलको सचेतकले मलाई कहिले पनि बोल्ने व्यवस्था मिलाउनु भएन ।

यसपालिको जाडो यामको शुरूवातसँगै मधेशमा बाक्लो हुस्सु, कुहिरो, चिसो शीतलहरीले गर्दा गरीब वृद्धवृद्धा बालबालिकालाई विभिन्नखाले रोग लाग्नुका साथै करीब ५० जनाको मृत्यु भइसकेको अवस्थामा संविधानसभा व्यवस्थापिका संसदको मिति २०६८।९।७ गतेको बैठकमा सम्माननीय सभामुखज्यूसँग समय लिई बोल्नलाई अनुमति मागेको थिएँ । उक्त दिनको बैठकमा जुनसुकै पार्टीको जुनसुकै सभासदले बोल्न पाउने

व्यवस्था मिलाइएको थियो । विभिन्न माननीय सदस्यहरूले आफ्नो कुरा राखेपछि मैले पनि तराईको समस्याको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनको लागि पटकपटक हात उठाई बोल्न समय मागेकोमा सम्मानीय सभामुखले समय नदिई उक्त दिनको बैठक स्थगित भएको जानकारी गराउनु भयो । व्यवस्थापिका संसदको दशौं अधिवेशन बैठक संख्या ८२ मिति २०६८।९।७ मा पनि बोल्न नदिएपछि एक्कासी उठेको रिस थाम्न नसकी काबुबाहिरको स्थिति सिर्जना भई मेरो मानसिक असन्तुलन हुन गई मबाट दुईवटा डेलिगेट्स माइक क्षति हुन गयो । त्यसपछि सम्माननीय सभामुखज्यूको आदेशमा म संविधानसभा बाहिर गएको थिएँ ।

संविधानसभाको सूचनापत्र ४ मिति २०६८।९।७ गतेको सूचनामा व्यवस्थापिका संसदका माननीय सदस्य श्री संजयकुमार साहले प्रतिवेदनमा उल्लेख भएबमोजिमको अमर्यादित, अनुशासन भङ्ग हुने र बैठकभित्र ध्वंसात्मक प्रवृत्ति देखाएको हुँदा निजलाई संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम आजको मितिदेखि १० दिनसम्मको लागि निलम्बन गरी प्राविधिकबाट क्षतिको यथार्थ मूल्याङ्कन गराई सो रकम निजले पाउने पारिश्रमिकबाट कट्टा गरी सोको जानकारी सम्बद्ध संसदीय दललाई दिने भन्ने सम्माननीय सभामुखज्यूको आदेशानुसारको सूचना पार्टीमा टाँसिएको छ । साथै व्यवस्थापिका संसद सचिवालयको च.नं १७ मिति २०६८।९।८ को पत्रानुसार उक्त सूचनासमेत संलग्न गरी संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम मिति २०६८।९।७ देखि १० दिनसम्मको लागि निलम्बन गरी प्राविधिकबाट क्षतिको मूल्याङ्कन गराई सोको क्षतिपूर्ति मेरो पारिश्रमिकबाट गर्ने भन्ने जानकारी गराइयो ।

म जनप्रतिनिधि भएको हैसियतले जनताको समस्या सम्मानीत संविधानसभा व्यवस्थापिका संसदका सम्माननीय सभामुख तथा माननीय सभासदज्यूहरूलाई जानकारी गराउनु र सरकारको ध्यानाकर्षण गराउनु मेरो कर्तव्य ठानेर विगत एकवर्षदेखि बोल्नको लागि समय माग गरेकोमा बोल्न दिइएको छैन । यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) १२(३) र १२(३)(क) समेतबाट प्रत्याभूत हकको हनन् भएको छ । साथै मलाई निलम्बन गर्न र मेरो पारिश्रमिकबाट क्षतिपूर्ति भराउने कानूनी आधार संविधानसभा नियमावली, २०६५ को नियम ४६ उल्लेख गरिएको छ। उक्त नियमावलीको व्यवस्था हेर्दा कुनै सदस्यले सभा भवनमा शान्ति सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा गर्न लागेमा वा संविधानसभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले सभा भवनभित्र ध्वंसात्मक प्रवृत्ति देखाएमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा अध्यक्षले निजलाई बल प्रयोग गरी सभा भवनबाट निष्काशन गर्न मर्यादापालकलाई आदेश दिन सक्नेछ । यसरी निलम्बन गर्दा सदस्यलाई अध्यक्षले बढीमा १० दिनसम्मको लागि निलम्बन गर्न सक्नेछ भन्ने व्यवस्था भए पनि उक्त नियमावलीको नियम ४६ मा कहिँ पनि आर्थिक क्षतिपूर्ति सभासदबाट भराउने व्यवस्था छैन । यसरी नियमावलीमा उल्लेख नभएको व्यवस्थाअनुसार मलाई सफाइको मौकासमेत नदिई मेरो पारिश्रमिकबाट कट्टा हुने गरी गरिएको स्वेच्छाचारी निर्णय कानूनसङ्गत छैन । संविधानसभामा यसअघि भएका यस्ता प्रकृतिका घटनामा कुनै पनि माननीय सभासदलाई कुनै पनि कारवाही गरिएको छैन तर मलाई कारवाही गर्नु सविधानप्रदत्त समानताको हकप्रतिकूल छ ।

संविधानसभा नियमावली, २०६५ को नियम १४६ अनुसार आचरण अनुगमन समिति रहनेछ भन्ने व्यवस्थाअनुरूप हालसम्म त्यस्तो

समिति गठन भएको छैन । कुनै सदस्यले नियम १४५ को उपनियम १ मा उल्लिखित आचार संहिताको उल्लङ्घनका सम्बन्धमा कुनै समिति गठन नै नगरी स्वेच्छाचारी हिसाबले गरिएको कारवाही नियमसङ्गत छैन । तसर्थ, व्यवस्थापिका संसदको दशौं अधिवेशन बैठक संख्या ८२ सूचना नं. ४ अनुसारको कारवाही ममाथि गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(क), धारा १३(१) संविधान सभा नियमावली, २०६५ को नियम ३४(क), ४६, १४६, १४७(ख) संविधानसभा (व्यवस्थापिका संसदको कार्य सञ्चालन) नियमावली, २०६५ को नियम १४, १५ विपरीत भएकाले उक्त मिति २०६८।९।७ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी मलाई सभासदको हैसियतमा जनताको तर्फबाट संविधानसभा तथा व्यवस्थापिका संसदमा सभामुखसँग समय मागेपछि बोल्न दिन दिलाउन हुन भनी र मेरो पारिश्रमिकबाट कुनै पनि रकम गैरकानूनी तरिकाले कट्टा नगर्न, नगराउनु हुन भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाऊँ । साथै विपक्षीहरूको उपरोक्त निर्णय तत्काल कार्यान्वयन भएबाट म निवेदकलाई आर्थिक एवं मानसिकरूपमा अपूरणीय क्षति हुन सक्ने प्रवल सम्भावना भएकोले उक्त निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको संजयकुमार साहको रिट निवेदन पत्र ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो आदेश जारी हुन नपर्ने भए बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नु भनी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु । अन्तरिम आदेशको माग गरे सम्बन्धमा हेर्दा संविधानसभा नियमावली, २०६५ को नियम ४६ मा क्षतिपूर्ति भराउन सक्ने व्यवस्था भएको नदेखिएको स्थितिमा प्रस्तुत रिट निवेदनमा अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई व्यवस्थापिका संसद सचिवालयले लेखेको च.नं ७१ मिति २०६८।९।८ मा उल्लिखित पारिश्रमिकबाट कट्टा गरी क्षतिपूर्ति भराउने भन्ने कार्यवाही अघि नबढाउनु भनी विपक्षीका नाउँमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। सोको सूचना विपक्षीहरूलाई दिई नियमानुसार गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलासको मिति २०६८।१०।१३ को आदेश ।

निवेदकको रिट निवेदन जिकीर नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६ विपरीत व्यवस्थापिका संसदको विशेषाधिकारसँग सम्बन्धित न्यायिक निरूपणको मापदण्ड विद्यमान नभएको अदालतबाट न्याययोग्य हुन नसक्ने विषय भएकोले प्रस्तुत रिट दर्तायोग्य नै नरहेको निवेदन गर्दछु । व्यवस्थापिका संसदको मिति २०६८।९।७ को बैठकमा विपक्षी माननीय सदस्यले प्रदर्शन गरेको आपत्तिजनक एवं ध्वंसात्मक व्यवहार र त्यसउपर व्यवस्थापिका संसदका सम्माननीय सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले दिएको विशेष अधिकार प्रयोग गरी गर्नु भएको अनुशासनको कारवाहीको विषयलाई अनियमित र असंवैधानिक भन्ने जिकीर लिई प्रस्तुत रिट निवेदन दायर गर्नु भएको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६(२) मा व्यवस्थापिका संसदलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने पूर्ण अधिकार रहनेछ र कुनै कारवाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार व्यवस्थापिका संसदलाई मात्र हुनेछ । यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन भन्ने व्यवस्था रहेको छ । संविधानले स्पष्टरूपमा समकक्षी अङ्गको

एकलौटी अधिकारको रूपमा स्थापित गरेको र अदालतको अधिकारक्षेत्रको स्पष्ट सीमा लगाएको विषयमा रिट दायर गर्ने हकदैया निवेदकलाई छैन र यो विषयलाई न्यायिक पुनरालोकनको विषयको रूपमा ग्रहण गर्ने अधिकारक्षेत्र सम्मानीत अदालतलाई पनि रहेको छैन । यसरी सम्मानीत अदालतमा दर्ता योग्य नै नरहेको विषयमा निवेदन ग्रहण गरी व्यवस्थापिका संसदका सभामुख विरूद्ध कारण देखाऊ आदेश जारी गर्ने सम्मानीत अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६८।१०।१३ मा भएको आदेश नेपालको अन्तरिम संविधान, २०६३ को स्पष्टप्रतिकूल रहेको छ । यो प्रश्न न्यायिक निरूपणको विषय नहुने भनी संविधानले नै निरूपण गरिसकेको विषय हो ।

जहाँसम्म प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई व्यवस्थापिका संसद सचिवालयले लेखेको च.नं. ७१ मिति २०६८।९।८ को पत्रमा उल्लिखित पारिश्रमिकबाट कट्टा गरी क्षतिपूर्ति भराउने कार्यवाही अघि नबढाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी भएको अवस्था छ। त्यस सम्बन्धमा हेर्दा प्रस्तुत निवेदनको हकमा अन्तरिम आदेश जारी गर्ने अवस्था नै विद्यमान छैन । निवेदकको अनुशासनहीन, आपत्तिजनक र ध्वंसात्मक व्यवहार विरूद्ध संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम सभामुखबाट मिति २०६८।९।७ मा भएको आदेशको कार्यान्वयन व्यवस्थापिका संसद सचिवालयले मिति २०६८।९।२१ मा नै गरिसकेको अवस्था हो। निजको ध्वंसात्मक व्यवहारबाट क्षति हुन पुगेका बैठक कक्षको डेलिगेट्स माइकको वास्तविक क्षतिको प्राविधिकले गरेको मूल्याङ्कनबापतको रू ९० हजारसमेत सम्भारका लागि निजको पारिश्रमिकबाट कट्टा गरी मिति २०६८।९।२१ मा नै राजश्व दाखिला भई सकेको अवस्था छ । यसरी २०६८, पौष २१ गते नै पूर्ण कार्यान्वयन भई नै सकेको विषयमा २०६८, माघ १२ मा दायर भएको प्रस्तुत निवेदनमा सम्मानीत अदालतबाट मिति २०६८।१०।१३ मा पारिश्रमिकबाट कट्टा गरी क्षतिपूर्ति भराउने कार्यवाही अघि नबढाउनु भनी जारी गरिएको अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) प्रतिकूल भई निरर्थक सावित भएको व्यहोरा निवेदन गर्दछु ।

विपक्षी निवेदकले मिति २०६८।९।७ को बैठकमा रिसको आवेगमा आई आफूले दुईवटा डेलिगेट्स माईक क्षति गरेको तथ्य निवेदनको प्रकरण नं. ४ मा स्वीकार नै गर्नु भएको अवस्था छ। यो कार्य माननीय सदस्यबाट भएको सामान्य आचार संहिताको उल्लङ्घन मात्र नभई पदीय मर्यादाविपरीत आपत्तिजनक, ध्वंसात्मक र राष्ट्रिय सम्पत्तिको भौतिक क्षति पुऱ्याउनेसम्मको अनपेक्षित कार्य हो । संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले संविधानसभा भवनमा सुव्यवस्था कायम राख्न संविधानसभाका अध्यक्षलाई विशेष अधिकार प्रदान गरेको छ भने नियम १६३ ले संविधानसभाको हाताभित्र सुव्यवस्था कायम राख्ने सम्बन्धमा अध्यक्षलाई पूर्ण अधिकार हुने व्यवस्था गरेको छ। जनताको करबाट संकलित रकमबाट व्यवस्था गरिएको राष्ट्रिय सम्पत्ति जनताको करबाट संकलित राष्ट्रिय राजश्वबाट नै पारिश्रमिक लिने सार्वजनिक पद धारण गरेको व्यक्तिबाट क्षति र हानि नोक्सानी पुऱ्याइन्छ भने त्यस्तो व्यक्तिको पारिश्रमिकबाट नै कट्टा गरी हानि नोक्सानी पुगेको त्यस्तो राष्ट्रिय सम्पत्तिको क्षतिपूर्ति गराउनु मनासिब, विवेकपरक र स्वाभाविक कार्य हो । संविधानसभाका अध्यक्षमा अन्तर्निहीत यो अधिकारलाई चुनौती दिने हकदैया निवेदकमा छैन। यसलाई पनि अन्यथा लिने हो भने राज्यका महत्त्वपूर्ण अङ्गका प्रमुखको जिम्माको राष्ट्रिय

सम्पत्ति संरक्षण गर्न नसकी सार्वजनिक उत्तरदायित्व नै रहेको व्यक्तिबाट क्षति पुऱ्याउने कार्यले प्रश्रय पाई अनुशासनहीन र जनहित विरोधी कार्यलाई पनि स्वीकार गर्नुपर्ने विडम्बनापूर्ण अवस्था सिर्जना हुन पुग्ने स्वतः स्पष्ट छ । अतः संविधानसभाको सदस्य जस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिबाट संविधानसभा भवनमा रहेको राष्ट्रिय सम्पत्तिको क्षति पुऱ्याउने कार्यविरूद्ध संविधान र कानूनबमोजिम सभामुखमा अन्तर्निहीत अधिकारको प्रयोग गरी भएको काम कारवाही व्यवस्थापिका संसदको आन्तरिक कार्यविधिसम्बन्धी विषय भई व्यवस्थापिका संसदको विशेषाधिकार अन्तर्गत पर्ने भएकोले न्याययोग्य विषय हुनै नसक्ने व्यहोरा सम्मानीत अदालतसमक्ष विनम्रतापूर्वक निवेदन गर्न चाहन्छु भन्नेसमेत व्यहोराको संविधानसभा व्यवस्थापिका संसदको सभामुख सुवासचन्द्र नेम्वाङ्को लिखित जवाफ ।

नियमबमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री सुनील रंजन सिंह र श्री दीपेन्द्र झाले निवेदक संजयकुमार साह संविधानसभा व्यवस्थापिका संसदमा सदस्यको रूपमा जनताबाट निर्वाचित जनप्रतिनिधि भएकोले जनताका समस्याबारे सम्माननीय सभामुख तथा माननीय सभासदज्यूहरूलाई जानकारी गराउनु र सरकारको ध्यानाकर्षण गराउनु निवेदकको कर्तव्य नै हो । संविधानसभा तथा व्यवस्थापिका संसदको सभासद भएको हुँदा संसदमा जनताका समस्याहरूका सम्बन्धमा आफ्नो विचार व्यक्त गर्नु संविधानप्रदत्त अधिकार पनि हो । निवेदकले संसदमा पटकपटक बोल्न खोज्दा बोल्न नदिएको र मिति २०६८।९।७ गतेको बैठकमा बोल्न समय माग गर्दा पनि सम्माननीय सभामुखज्यूले बोल्न नदिई बैठक नै स्थगित गर्नु भएको हुँदा निवेदक तत्काल आवेगमा आई निजबाट दुईवटा माइक क्षति हुन गएको हो । यसै विषयलाई लिई मिति २०६८।९।७ को संविधानसभाको सूचनापत्र ४ अनुसार निवेदकबाट व्यवस्थापिका संसदमा अमर्यादित, अनुशासन भङ्ग हुने, बैठकभित्र ध्वंसात्मक प्रवृत्ति देखाएको भनी निजलाई संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम सूचना प्रकाशित भएकै मितिदेखि १० दिनसम्मको लागि निलम्बन गरी प्राविधिकबाट क्षतिको मूल्याङ्कन गराई सो रकम निवेदकले पाउने पारिश्रमिकबाट कट्टा गरी सोको जानकारी सम्बद्ध संसदीय दललाई दिने भन्नेसमेतको सूचना प्रकाशित गरियो । उक्त नियम ४६ मा अध्यक्षले विशेष अधिकारको प्रयोग गरी सदस्यलाई बढीमा १० दिनसम्मको लागि निलम्बन गर्नसक्ने व्यवस्था भए तापनि उक्त नियममा सभासदबाट आर्थिक क्षतिपूर्ति भराउन सक्ने व्यवस्था छैन । नियम कानूनमा नै नभएको अधिकार प्रयोग गरी स्वेच्छाचारीरूपमा आर्थिक दण्ड गरिएको निर्णय बदरभागी छ । संविधानसभा नियमावली, २०६५ को नियम १४६ मा आचरण अनुगमन समितिको व्यवस्था छ । नियम १४७ (क) मा समितिको काम, कर्तव्य र अधिकार तोकिएको र १४७ (ख) मा आचरणका सम्बन्धमा उठेका प्रश्नको आवश्यक जानकारी लिने व्यवस्था छ । तर, उक्त समिति नै गठन नगरी स्वेच्छाचारी हिसाबले गरिएको कारवाही नियमसङ्गत छैन । तसर्थ, सभामुखको मिति २०६८।९।७ को निर्णय उत्प्रेषणको आदेशले बदर गरी निवेदकबाट कुनै पनि रकम गैरकानूनी तरीकाले कट्टा नगर्नु नगराउनु भन्ने परमादेशको आदेश जारी गरी पाऊँ भनी गर्नु भएको बहससमेत सुनियो ।

२. विपक्षी संविधानसभा व्यवस्थापिका संसदसमेतको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले प्रस्तुत

रिट निवेदनमा उठाइएको विषय संविधानसभा व्यवस्थापिका संसदको पूर्ण विशेषाधिकारको विषय भएकोले सम्मानीत अदालतबाट निरूपण हुने विषय होइन। सार्वभौमसत्ता सम्पन्न व्यवस्थापिका संसदको समेत कार्य गर्ने संविधानसभाभित्रको काम कारवाहीलाई नियमित गर्ने अधिकार पूर्णरूपमा सो सभालाई छ । रिट निवेदकले निवेदनमा कतै पनि आफूबाट संविधानसभाभित्र तोडफोड नभएको वा उक्त सार्वजनिक सम्पत्तिको क्षति अरूबाट भएको भन्ने जिकीर लिएको देखिँदैन। बरू निजले २०६८, पुष ८ गते प्रकाशित नयाँ पत्रिकामा दिएको प्रतिक्रियामा तोडफोड भएको कुरा स्वीकार गर्दै आफूलाई उक्त कार्यका लागि ग्लानि नभएको कुरा उल्लेख गरेको देखिन्छ। निजबाट तोडफोड भएको कुरा निर्विवाद भएपछि सोको उत्तरदायी निजबाहेक अन्य व्यक्ति हुने भन्ने कुरा हुँदैन। जननिर्वाचित वा जनप्रतिनिधि भएकै आधारमा निजलाई आफ्नो कार्यको परिणाम भोग्न नपर्ने गरी कुनै संवैधानिक वा कानूनी प्रावधानले उन्मुक्ति दिँदैन । संविधानसभा व्यवस्थापिका संसदलाई आफ्नो कारवाही नियमित गर्नसक्ने पूर्ण अधिकार प्रदान गर्ने संसदीय प्रचलन तथा संवैधानिक व्यवस्थाले संविधानसभाको गरिमा कायम गर्नुको साथै सार्वभौम जनताप्रति सम्मान व्यक्त गर्दछ । संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले संविधानसभा भवनमा सुव्यवस्था कायम राख्न संविधानसभाका अध्यक्षलाई विशेष अधिकार प्रदान गरेको छ भने नियम १६३ ले संविधानसभाको हाताभित्र सुव्यवस्था कायम राख्ने सम्बन्धमा अध्यक्षलाई पूर्ण अधिकार हुने व्यवस्था गरेको छ। संविधानसभाका अध्यक्षमा अन्तर्निहीत यो अधिकारलाई चुनौती दिने हकदैया निवेदकमा छैन । अतः संविधानसभाको सदस्य जस्तो सार्वजनिक पद धारण गरेको व्यक्तिबाट संविधानसभा भवनमा रहेको राष्ट्रिय सम्पत्तिको क्षति पुऱ्याउने कार्य विरूद्ध संविधान र कानूनबमोजिम सभामुखमा अन्तर्निहित अधिकारको प्रयोग गरी भएको काम कारवाही व्यवस्थापिका संसदको आन्तरिक कार्यविधिसम्बन्धी विषय भई व्यवस्थापिका संसदको विशेषाधिकार अन्तर्गत पर्ने भएकोले न्याययोग्य विषय हुन नसक्ने हुँदा प्रस्तुत रिट खारेज गरी पाऊँ भनी गर्नु भएको बहस समेत सुनियो ।

३. उल्लिखित बहस सुनी निवेदक एवं विपक्षीतर्फबाट पेश भएको लिखित बहस नोटसमेत अध्ययन गरी निर्णय सुनाउनको लागि आजको तारेख तोकिएको प्रस्तुत रिट निवेदनमा निम्न प्रश्नहरूका सम्बन्धमा निर्णय दिनुपर्ने देखियो :-

(१) निवेदकलाई संविधानसभा/व्यवस्थापिका संसदमा १० दिनसम्मको लागि निलम्बन गरी बैठक कक्षमा भएको क्षतिको रकम निवेदकको पारिश्रमिकबाट कट्टा गर्ने गरी सभामुखबाट भएको निर्णय संविधानसभा/व्यवस्थापिका संसदको विशेषाधिकारको विषय हो वा यस अदालतबाट न्यायिक निरोपण हुन सक्ने हो ?

(२) निवेदकलाई निलम्बन एवं क्षतिको रकम निजको परिश्रमिकबाट कट्टा गर्ने गरी सभामुखबाट भएको निर्णय कानूनसम्मत छ वा छैन ?

(३) निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ?

४. सर्वप्रथम पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा निवेदकले प्रस्तुत रिट निवेदनमा संविधानसभा व्यवस्थापिका संसदको सूचनापत्र ४ मिति २०६८।९।७ को सूचना एवं निवेदकलाई व्यवस्थापिका संसद सचिवालयको च. नं. ७१ मिति २०६८।९।८ को पत्रानुसार संविधानसभा/व्यवस्थापिका संसदका सदस्य निवेदकले मिति

२०६८।९।७ गतेको व्यवस्थापिका संसदको बैठक स्थगित हुनासाथ बैठक कक्षमा डेलिगेट्स माइक फुटाएको भनी संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम १० दिनसम्मको लागि निलम्बन गरी प्राविधिकबाट क्षतिको मूल्याङ्कन गराई सो रकम निवेदकले पाउने पारिश्रमिकबाट कट्टा गर्ने गरी सोको जानकारी सम्बन्धित संसदीय दललाई दिने भन्ने सम्माननीय सभामुखको आदेश त्रुटिपूर्ण भएको दावी गर्दै उक्त आदेश बदर गरी व्यवस्थापिका संसदमा बोल्न समय दिन दिलाउन एवं पारिश्रमिकबाट कुनै रकम कट्टा नगर्न नगराउन परमादेशको आदेश जारीको माग गरेको पाइन्छ। विपक्षी व्यवस्थापिका संसदका सभामुखको तर्फबाट पेश भएको लिखित जवाफमा व्यवस्थापिका संसदका माननीय सदस्य रिट निवेदकबाट आफ्नो पदीय मर्यादाविपरीत ध्वंसात्मक कार्य गरी बैठक कक्षको सम्पत्तिको भौतिक क्षति पुऱ्याउनेसम्मको अनपेक्षित कार्य भएकोले संविधानसभा नियमावली, २०६५ को नियम ४६ र नियम १६३ अनुसार संविधानसभाका अध्यक्षलाई भएको अधिकार प्रयोग गरी १० दिन निलम्बन एवं क्षतिको रकम निजले पाउने पारिश्रमिकबाट कट्टा गर्ने आदेश भएको हो। उक्त आदेश व्यवस्थापिका संसदको आन्तरिक कार्यविधिसम्बन्धी विषय भई व्यवस्थापिका संसदको विशेषाधिकारअन्तर्गत पर्ने भएकोले न्याययोग्य विषय नभएकोले रिट निवेदन खारेज गरी पाऊँ भन्ने उल्लेख भएको पाइन्छ।

५. प्रस्तुत विवादमा रिट निवेदक व्यवस्थापिका संसद/संविधानसभाको सदस्य भएको र संविधानसभा व्यवस्थापिका संसदको मिति २०६८।९।७ को बैठकमा निवेदकबाट दुईवटा डेलिगेट्स माइक क्षति हुन गएको तथ्यमा विवाद देखिन्न। निवेदकले रिट निवेदनमा व्यवस्थापिका संसदमा पटकपटक बोल्न चाहेको र मिति २०६८।९।७ को बैठकमा पनि बोल्न नपाएकोले एक्कासी उठेको रिस थाम्न नसकी काबुबाहिरको स्थिति सिर्जना भई मानसिक असन्तुलन हुन गई दुईवटा डेलिगेट्स माइक क्षति हुन गएको तथ्यलाई स्वीकार गरेको पाइन्छ। संविधानसभा व्यवस्थापिका संसदमा मिति २०६८।९।७ को बैठकमा हुन गएको उल्लिखित घटनाका सम्बन्धमा सभामुखसमक्ष व्यवस्थापिका संसदका सम्बन्धित कर्मचारीहरूबाट प्रतिवेदन पेश भई सभामुखबाट, "व्यवस्थापिका संसदका माननीय सदस्य श्री संजयकुमार साहले प्रतिवेदनमा उल्लेख भएबमोजिमको अमर्यादित, अनुशासन भङ्ग हुने र बैठकभित्र ध्वंसात्मक प्रवृत्ति देखाएको हुँदा निजलाई संविधानसभा नियमावली, २०६५ को नियम ४६ बमोजिम आजको मितिदेखि १० दिनसम्मको लागि निलम्बन गरी प्राविधिकबाट क्षतिको यथार्थ मूल्याङ्कन गराई सो रकम निजले पाउने पारिश्रमिकबाट कट्टा गरी सोको जानकारीसमेत सम्बद्ध संसदीय दललाई दिने र आदेश सूचनापत्रमा प्रकाशन गर्ने" भन्ने मिति २०६८।९।७ मा निर्णय भई सूचना प्रकाशित हुनुका साथै निवेदकलाई समेत जानकारी दिएको देखिन्छ। विपक्षीतर्फबाट उक्त निर्णय संविधानसभा व्यवस्थापिका संसदको विशेषाधिकारको भई न्यायिक निरोपणको विषय नहुने जिकीर लिएको हुँदा सोसम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था हेर्नु सान्दर्भिक देखिन्छ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६(२) मा "व्यवस्थापिका संसदको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने पूर्ण अधिकार रहने छ र कुनै काम कारवाही नियमित वा अनियमित छ वा छैन भनी निर्णय गर्ने अधिकार सम्बन्धित बैठकलाई मात्र हुनेछ। यस सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाइने छैन" भन्ने व्यवस्था रहेको छ। यस्तै धारा ५६ का अन्य उपधाराहरूमा व्यवस्थापिका संसदको विभिन्न विशेषाधिकारको व्यवस्था गरी

धारा ५६ उपधारा (८) मा "यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी अन्य कुराहरू कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन्" भन्ने व्यवस्था रहेको छ ।

७. संसदीय विशेषाधिकारका सम्बन्धमा अन्य देशहरूको संवैधानिक तथा कानूनी व्यवस्था र संसदीय अभ्याससमेतलाई हेर्दा बेलायतको संसदलाई शक्तिशाली मानिन्छ। तथापि बेलायतको संसदको विशेषाधिकार कानूनबाट नै निर्धारित भएको मानिन्छ। बेलायतको संसदद्वारा सन २०१२ को अप्रिलमा पारित "Parliamentary Privilege" को दफा १८ मा "Parliamentary privilege is part of the law, rather than something that puts MPs or peers above the law." भन्ने उल्लेख भएको पाईन्छ। भारतको दिल्ली विश्वविद्यालयका प्रोफेसर मंगलचन्द्र जैनद्वारा लिखित १९७५ मा प्रकाशित "The Constitution of India" नामको पुस्तकको पृष्ठ नं. १९८ मा, "In Ingland the privileges of parliament flow from the law of land; and neither House has power to create any new privilege which is not recognized by the common law and precedent. It has no justify its right to a privilege on the authority of the common law and precedent." भन्ने उल्लेख भएको पाइन्छ। कमन ल र अदालती नजीरहरूले मान्यता दिएको भन्दा बढी शक्ति तथा विशेषाधिकार बेलायतको संसदले प्रयोग नगर्ने संसदीय अभ्यास भएको पाइन्छ ।

८. संसदको विशेषाधिकारका सम्बन्धमा भारतको संविधान, १९४९ को धारा १०५ मा व्यवस्था भएको पाइन्छ। भारतको संविधान, १९४९ को धारा १०५ को उपधारा ३ मा, "In other respects, the powers, privileges and immunities of each House of Parliament, and of the members and the committees of each House, shall be such as may from time to time be defined by Parliament by law..." अर्थात् संसदको प्रत्येक सदन, यसका सदस्य र समितिहरूको अधिकार, उन्मुक्ति र सुविधाहरू समयसमयमा संसदबाट निर्मित कानूनद्वारा निर्धारित हुन्छन् भन्ने व्यवस्था रहेको पाइन्छ। यसरी बेलायतको संसदीय अभ्यास, भारतको संवैधानिक व्यवस्था एवं नेपालको संवैधानिक व्यवस्था हेर्दा संसदीय विशेषाधिकार कानूनी व्यवस्थाभन्दा बाहिर नभएर संसदलाई कानूनबाट नै प्राप्त हुने अधिकार मानिन्छ ।

९. नेपालको अन्तरिम संविधान, २०६३ को धारा ५६(२) मा भएको व्यवस्थाअनुसार व्यवस्थापिका संसदको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने अधिकार रहेको छ । यो अधिकार मूलभूतरूपमा संसदको प्रत्येक बैठकको कार्य सञ्चालनसम्बन्धी कार्यविधिगत प्रक्रिया एवं सो प्रक्रियाअनुरूप भएका काम कारवाहीसँग सम्बन्धित रहने हुन्छ । व्यवस्थापिका संसदको प्रत्येक बैठकलाई आफ्नो आन्तरिक काम कारवाही नियमित गर्ने विशेषाधिकार भएकोमा विवाद छैन । कसैलाई सजाय गर्ने विषय कार्यविधिगत प्रक्रियासँग सम्बन्धित नभई सारभूत कानूनसँग सम्बन्धित हुन्छ। सजाय गर्दा कानूनमा व्यवस्था भएबमोजिम आरोपित कसूरका सम्बन्धमा आवश्यक छानबिन गरी सुनुवाईको मौकासमेत प्रदान गरी कानूनले तोकेबमोजिममात्र सजाय गरिन्छ । संविधानको धारा ५६(८) मा यस संविधानमा उल्लेख गरिएदेखि बाहेक विशेषाधिकारसम्बन्धी कुराहरू कानूनद्वारा निर्धारण गरिएबमोजिम हुनेछन् भन्ने व्यवस्था भएको पाइन्छ । यस सम्बन्धमा संविधानसभा नियमावली, २०६५ को नियम ४६ मा सुव्यवस्था कायम राख्ने अध्यक्षको अधिकारअन्तर्गत उपनियम (१) मा यस परिच्छेद्मा यसअघि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले सभा भवनमा शान्ति, सुव्यवस्था तथा अनुशासन भङ्ग गरेमा वा

गर्न लागेमा वा संविधानसभाको प्रतिष्ठामा धक्का लाग्ने किसिमले सभा भवनभित्र ध्वंसात्मक प्रवृत्ति देखाएमा वा बल प्रयोग गरेमा वा गर्न लागेमा अध्यक्षले निजलाई बल प्रयोग गरी सभा भवनबाट तत्काल निष्काशन गर्न मर्यादापालकलाई आदेश दिन सक्नेछ । यसरी निष्काशित सदस्यलाई अध्यक्षले बढीमा दश दिनसम्मको लागि निलम्बन गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ । सोही कानूनी व्यवस्थाका आधारमा निवेदकलाई संविधानसभामा १० दिनसम्मको लागि निलम्बन गरेको देखिन्छ । नेपालको अन्तरिम संविधानमा भएको व्यवस्थापिका संसदको विशेषाधिकारसम्बन्धी संवैधानिक व्यवस्थाबाहेक व्यवस्थापिका संसदको विशेषाधिकारका सम्बन्धमा अन्य कानूनी व्यवस्था भएको पाइन्न । प्रस्तुत रिट निवेदनमा उल्लिखित विवाद र सभामुखको आदेशबाट निवेदकलाई गरिएको आर्थिक दण्डसम्बन्धी विषय संविधानमा व्यवस्था भएअनुरूप विशेषाधिकारभित्र पर्ने नदेखिएको, अन्य ऐन वा नियममा पनि प्रस्तुत विवाद र सजाय विशेषाधिकारभित्र पर्ने भन्ने कानूनी व्यवस्था नदेखिँदा प्रस्तुत विवाद संसदको विशेषाधिकार भित्रको नभई यस अदालतबाट न्यायिक निरोपण हुन सक्ने देखियो ।

१०. दोस्रो निरूपण गर्नुपर्ने प्रश्न निवेदकलाई संविधानसभा/व्यवस्थापिका संसदमा १० दिनसम्मको लागि निलम्बन गरी डेलिगेट्स माइकमा भएको क्षतिको रकम निवेदकले पाउने पारिश्रमिकबाट कट्टा गर्ने भनी संविधानसभाका सभामुखबाट भएको आदेश कानूनसम्मत् छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा निवेदकले प्रस्तुत रिट निवेदनमा जनताका सरोकार र चासोका विषयमा सरकारको ध्यानाकर्षणको लागि संविधानसभा/व्यवस्थापिका संसदको मिति २०६९।९।७ गतेको बैठकमा समेत बोल्न नपाएकाले एक्कासी उठेको रिस थाम्न नसकी आफूबाट डेलिगेट्स माइक क्षति हुन गएको तथ्य स्वीकार गरेको देखिन्छ । निवेदकबाट दुईवटा डेलिगेट्स माइक क्षति हुन गएको कारण कर्मचारीबाट प्रतिवेदन लिई सभामुखबाट निवेदकलाई संविधानसभा/व्यवस्थापिका संसदमा १० दिनसम्मको लागि निलम्बन एवं माइकमा भएको क्षतिको रकम निवेदकले पाउने पारिश्रमिकबाट कट्टा गर्ने आदेश भएको देखिन्छ । सभामुखबाट उक्त आदेश गर्दा संविधानसभा नियमावली, २०६५ को नियम ४६ लाई कानूनी आधार लिएको पाइन्छ । उक्त नियम ४६ (१) मा भएको कानूनी व्यवस्थाले संविधानसभामा सुव्यवस्था कायम राख्ने सन्दर्भमा संविधानसभाका सदस्यलाई सभा भवनबाट निष्कासन गर्नुका साथै बढीमा १० दिनसम्मका लागि निलम्बन गर्नसक्ने गरी सभामुखलाई अधिकार प्रदान गरेको पाइयो । यी निवेदकले संविधानसभामा बल प्रयोग गरी दुईवटा डेलिगेट्स माइकमा क्षति पुऱ्याएको तथ्य प्रस्तुत रिट निवेदनमा स्वीकार गरेको र उक्त कार्य संविधानसभा नियमावली, २०६५ को नियम ४६ मा वर्णित कार्यभित्रकै देखिन आयो । निवेदकबाट भएको कार्य संविधानसभा नियमावली, २०६५ को नियम ४६ को प्रतिकूल देखिँदा सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले प्रदान गरेको अधिकारको प्रयोग गरी संविधानसभा भवनबाट तत्काल निष्कासन गरी दश दिनसम्मको लागि निलम्बन गरेको कार्य कानूनसम्मत नै देखियो ।

११. अब निवेदकबाट माइकमा हुन गएको क्षतिको मूल्याङ्कन गरी निवेदकको पारिश्रमिकबाट कट्टा गर्ने भनी भएको निर्णय कानूनसम्मत भए नभए सम्बन्धमा विचार गर्दा विपक्षीतर्फको लिखित जवाफमा उक्त रकम असूलीको निर्णयको कानूनी आधारसमेत संविधानसभा नियमावली, २०६५ को

नियम ४६ नै उल्लेख गरेको पाइयो । तर, उक्त नियम ४६ मा क्षतिको रकम असूली वा सदस्यलाई आर्थिक दायित्त्व बहन गराउने सम्बन्धमा कुनै कानूनी व्यवस्था भएको देखिन्न । विधिको शासन (Rule of law) मा कुनै पनि कार्य कानूनले निर्देशन गरेअनुरूप वा कानूनबमोजिम मात्र हुन्छ । त्यसमा पनि कसैलाई कुनै कार्य गरेबापत आर्थिक दण्ड वा आर्थिक दायित्त्व बहन गराउने निर्णय गरिन्छ भने त्यस्तो निर्णय कानूनले व्यवस्था गरेको भन्दा बाहिर गई हुन सक्दैन । कानूनी व्यवस्था भन्दा बाहिर गई कसैलाई आर्थिक दण्ड दिने कार्यलाई विशेषाधिकारभित्र पर्छ भन्न नमिल्ने हुन्छ । निवेदकलाई आर्थिक दायित्व बहन गराउने कानूनी व्यवस्था नै नभएको नियम उल्लेख गरी विशेषअधिकारअन्तर्गत निर्णय गरिएको भन्ने विपक्षीतर्फको भनाई रहेको पाइन्छ । कुनै पनि सार्वजनिक पद धारण गरेको व्यक्ति वा निकायले संविधान वा सोबमोजिम बनेका कानूनबाट विशेषाधिकार प्राप्त गर्दछ । संविधान वा अन्य प्रचलित कानूनले प्रदान गरेको विशेषाधिकार विधिसम्मत् भई सोबमोजिम भए गरेका कार्यले मात्र वैधानिकता प्राप्त गर्दछ । विशेषाधिकारको नाममा कानूनले अधिकार नै नदिएको निर्णय वा आदेश हुन गएमा त्यस्तो आदेश कानूनप्रतिकूल भई त्यसले वैधानिक मान्यता पाउन सक्दैन । माथि प्रश्न नं. १ मा विवेचना गरिएबमोजिम निवेदकउपर गरिएको निर्णय संविधानसभाको विशेषाधिकारभित्र नपर्ने र संविधानसभामा सुव्यवस्था कायम राख्ने सम्बन्धमा संविधानसभा नियमावली, २०६५ ले आर्थिक दायित्त्वको रूपमा रकम असूली गर्न सक्ने गरी सभामुखलाई विशेष अधिकार प्रदान नगरेको र सभामुखले सदस्यबाट बैठक कक्षमा हुन गएको भौतिक क्षतिको निर्माण गर्न सदस्यलाई आर्थिक दायित्त्व बहन गराउन निर्णय गर्न सक्ने अन्य कानूनी व्यवस्थाको अभावमा निवेदकको पारिश्रमिकबाट क्षतिको रकम असूल उपर गर्ने गरी संविधानसभा/व्यवस्थापिका संसदका सभामुखबाट भएको निर्णय कानूनप्रतिकूलको देखियो ।

१२. तेस्रो तथा अन्तिम प्रश्न निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा माथि प्रश्न नं. २ का सम्बन्धमा गरिएको विवेचनाअनुसार निवेदकले संविधानसभामा बल प्रयोग गरी दुईवटा डेलिगेट्स माइकमा क्षति पुऱ्याएको तथ्य प्रस्तुत रिट निवेदनमा स्वीकार गरेको र उक्त कार्य संविधानसभा नियमावली, २०६५ को नियम ४६ मा वर्णित कार्यभित्रको भई उक्त नियम ४६ को प्रतिकूल देखिँदा सभामुखले संविधानसभा नियमावली, २०६५ को नियम ४६ ले प्रदान गरेको अधिकारको प्रयोग गरी संविधानसभा भवनबाट तत्काल निष्काशन गरी दश दिनसम्मको लागि निलम्बन गरेको कार्य कानूनसम्मत् भएकाले सोहदसम्म निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु परेन । संविधानसभा नियमावली, २०६५ ले आर्थिक दायित्त्वको रूपमा निवेदकको पारिश्रमिकबाट रकम असूली गर्नसक्ने गरी सभामुखलाई विशेष अधिकार प्रदान नगरेको र सभामुखले सदस्यबाट बैठक कक्षमा हुन गएको भौतिक क्षतिको निर्माण गर्न सदस्यलाई आर्थिक दायित्त्व बहन गराउन निर्णय गर्न सक्ने अन्य कानूनी व्यवस्थाको अभावमा निवेदकको पारिश्रमिकबाट डेलिगेट्स माइकमा भएको क्षतिको रकम असूलउपर गर्ने गरी संविधानसभा/व्यवस्थापिका संसदका सभामुखबाट भएको निर्णय कानूनप्रतिकूलको देखिँदा सो हदसम्ममा विपक्षी व्यवस्थापिका संसदका सभामुखबाट मिति २०६८।९।७ मा भएको निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ ।

१३. निवेदकबाट डेलिगेट्स माइकमा भएको क्षतिको रकम प्राविधिकबाट मूल्याङ्कन गराई निवेदकको पारिश्रमिकबाट कट्टा गर्ने निर्णयबमोजिम क्षति हुन पुगेका बैठक कक्षको डेलिगेट्स माइकको वास्तविक क्षतिको प्राविधिकले गरेको मूल्याङ्कनबापतको रू ९० हजार मर्मत सम्भारका लागि निजको पारिश्रमिकबाट कट्टा गरी मिति २०६८।९।२१ मा राजश्व दाखिला भई सकेको भनी विपक्षीतर्फको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । प्रस्तुत निवेदनमा यस अदालतबाट मिति २०६८।१०।१३ मा पारिश्रमिकबाट कट्टा गरी क्षतिपूर्ति भराउने कार्यवाही अघि नबढाउनु भनी अन्तरिम आदेश जारी भै रहेको भए पनि आदेश जारी हुनुपूर्व नै रू ९० हजार निवेदकको पारिश्रमिकबाट कट्टा गराई निवेदकमाथि आर्थिक दायित्व बहन गराइएको देखिँदा उक्त रकम रू ९०,०००।- निवेदक संजयकुमार शाहलाई फिर्ता दिनु भनी विपक्षी व्यवस्थापिका संसद सचिवालयका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी व्यवस्थापिका संसद सचिवालयलाई दिनू । प्रस्तुत रिटको दायरीतर्फको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा म सहमत छु ।

न्या.प्रकाश वस्ती

इति सम्वत् २०७० साल असार २६ गते रोज ४ शुभम्

इजलास अधिकृत : शिवप्रसाद खनाल

## निर्णय नं. ९०४१

सर्वोच्च अदालत, संयुक्त इजलास
स.का.मु.प्र.न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
आदेश मिति : २०७०।५।३१।२
रिट नं. ०६७-WO-१०६४

मुद्दाः उत्प्रेषण, परमादेश ।

निवेदक : क्षेत्रीय प्लान्ट क्वारोन्टिन कार्यालय, वीरगञ्जमा कृषि सेवा बाली संरक्षण समूहको रा.प.तृ. श्रेणीमा कार्यरत् जीतेन्द्र यादव

विरूद्ध

विपक्षी : लोकसेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाडौसमेत

- **न्यूनतम् शैक्षिक योग्यताको लहरमा लेखिँदैमा सबै शैक्षिक उपाधिको स्तर र मान्यता सामान हुने अर्थ गर्न नमिल्ने ।**
(प्रकरण नं.११)
- **कानूनले अख्तियारी दिएको निकायले गरेको निर्णय पूर्वाग्रही, कपटपूर्ण र विधि प्रक्रियाप्रतिकूल रहेको भनी यस अदालतमा चुनौती दिइएको अवस्थामा मात्र सो निर्णयको न्यायिक परीक्षण हुन सक्दछ । अन्यथा अधिकारप्राप्त निकायको विधिसम्मत् प्रक्रियाबाट सम्पन्न भएको निर्णयका हकमा आशंका गर्न नमिल्ने ।**
(प्रकरण नं.१२)
- **सर्वोच्च अदालतको उपल्लो इजलासको नजीर सर्वोच्च अदालतकै उपल्लो भन्दा कम न्यायाधीश संलग्न इजलासका लागि**

**र सर्वोच्च अदालतको नजीर मातहातका अदालतसमेतका न्यायिक तथा अर्धन्यायिक निकायलगायत सबैका लागि न्यायाधीश निर्मित कानूनका रूपमा बाध्यकारी हुने ।**

(प्रकरण नं.१४)

- **बी.एस्सी. (एग्री.) कै आधारमा एम.एस्सी. इन्टिमोलोजी अध्ययन गरी उत्तीर्ण हुन्छ र सोलाई सम्बन्धित निकायहरूले स्नातकोत्तर मान्दछन् भने त्यो अतिरिक्त शैक्षिक उपाधि हो । सेवा प्रवेश गर्दा बी. एस्सी. (एग्री.) को उपाधि देखाई सेवा प्रवेश गरेकाहरू मध्ये कसैले एम.एस्सी. (एग्री) को शैक्षिक योग्यता प्राप्त गरेको भए अतिरिक्त शैक्षिक उपाधि मानिने, तर कसैले एम.एस्सी. इन्टिमोलोजी गरेको भए नमानिने भनी अर्थ गर्नु तर्कसंगत नहुने ।**

(प्रकरण नं.१८)

- **सेवा प्रवेश गर्दा प्राप्त गरेको उपाधिभन्दा माथिल्लो शैक्षिक योग्यताको उपाधि प्राप्त भै सो उपाधि उक्त सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयको अतिरिक्त उपाधि भएको स्पष्ट देखिएको अवस्थामा कार्यक्षमता मूल्याङ्कनद्वारा गरिने बढुवामा निवेदकले प्राप्त गरेको उपाधिलाई अतिरिक्त उपाधिको अङ्क प्रदान गरी बढुवा गर्नुपर्ने ।**

(प्रकरण नं.१९)

निवेदकतर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती, विद्वान अधिवक्ताहरू श्री सतीसकुमार झा र श्री अरूण ज्ञवाली

विपक्षीतर्फबाट : विद्वान सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विद्वान अधिवक्ता श्री मातृकाप्रसाद निरौला

अवलम्बित नजीर : *नेकाप* २०६७ अङ्क ५ नि.नं.८३६३ पृष्ठ ६९९, *नेकाप* २०६३ अङ्क ६ नि.नं.७७१० पृष्ठ ७२०, *नेकाप* २०५६ अङ्क २ नि.नं. ६६६३ पृष्ठ ८१

सम्बद्ध कानून : नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमावली, २०५० को नियम ७ सँग सम्बन्धित अनुसूची ३ को दहाय (च) ५

आदेश

**न्या.प्रकाश वस्ती :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकार अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको तथ्य र ठहर यस प्रकार छः-

म निवेदक नेपाल कृषि सेवा बाली संरक्षण समूहको रा.प.तृतीय श्रेणीको पदमा मिति २०५१।१२।१३ मा नियुक्ति पाई विभिन्न कार्यालयहरूमा कार्यरत् रहिआएको छु। यसैबीचमा लोकसेवा आयोगको मिति २०६६।६।२७ को गोरखापत्रमा प्रकाशित बढुवा सूचना नं.४२/०६७-०६८ को विज्ञापनबमोजिम नेपाल कृषि सेवा बाली संरक्षण समूहको रा.प. द्वितीय श्रेणीको पद संख्या एक र पछि थप गरिएको एक पद गरी जम्मा पद संख्या दुईमा कार्यक्षमताको मूल्याङ्कनका आधारमा बढुवाद्वारा पूर्ति गर्ने भनी सूचना प्रकाशित गरिएकोमा म निवेदकले पनि सम्भाव्य उम्मेद्वारको हैसियतले बढुवाको दरखास्त फाराम भरी बढुवासम्बन्धी सिफारिश सूचीमा आफ्नो नामसमेत समावेश हुने आशाका साथ प्रतीक्षारत् रहेको थिएँ ।

यसै क्रममा बढुवा समितिको सचिवालयद्वारा मिति २०६७।११।२६ को गोरखापत्रमा प्रकाशित बढुवा सूचीमा मेरो नाम सिफारिश नगरी अन्य व्यक्तिहरूको नाम बढुवाको

लागि सिफारिश गरेकोमा सो बढुवा सिफारिशमा मेरो चित्त नबुझेकोले मैले "National Chung Hsing University Taiwan" को "College of Agriculture and Natural Resources" बाट जुलाई ५, २०१० मा हासिल गरेको एम.एस्सी इन्टिमोलोजी (M.Sc Entomology) विषयको शैक्षिक उपाधि आफू कार्यरत् रहेको समूहसँग सम्बन्धित भएको तथा त्रिभुवन विश्वविद्यालयले सम्बन्धित विषयमा मास्टर डिग्रीसरह समकक्षता निर्धारण गरी प्रथम श्रेणी कायम गरिदिएकोले सो शैक्षिक उपाधिबापत अतिरिक्त शैक्षिक योग्यताको अङ्क प्रदान गरी मेरो नाम बढुवाको लागि सिफारिश गरी पाऊँ भनी लोकसेवा आयोगसमक्ष उजूरी गरेकोमा सो उजूरीको सम्बन्धमा आयोगबाट मिति २०६८।१।१९ मा निर्णय हुँदा, "नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ मा नेपाल कृषि सेवा बाली संरक्षण समूहको रा.प. तृतीय श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी.(एग्री.) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. वा सो सरह उल्लेख भएको र निजले प्राप्त गरेको एम. एस्सी. इन्टिमोलोजी विषयको शैक्षिक उपाधि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता भएको देखिँदा बढुवा समितिले सो शैक्षिक उपाधिलाई न्यूनतम् शैक्षिक योग्यता मानी अङ्क गणना गरी बढुवा सिफारिश गरेको मिलेकै देखिएकोले उजूरकर्ताको जिकीर पुग्न नसक्ने भई खारेज हुने ठहर्छ" भन्नेसमेत व्यहोराको निर्णय भएको कुरा सो आयोगको निर्णयको नक्कल माग गर्दा मिति २०६८।१।२१ मा नक्कल प्राप्त भई थाहा जानकारी हुन आएकोले अन्यायमा परी न्यायिक उपचारको निमित्त सम्मानीत अदालतमा प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु।

मैले प्राप्त गरेको उक्त उपाधि ताइवानको "National Chung Hsing University" अन्तर्गत "Collage of Agriculture and Natural Resources" बाट हासिल गरेको उपाधि हो । अर्थात् उक्त उपाधि विशुद्ध विज्ञान (Pure Science) तर्फको उपाधि नभई कृषि विज्ञान (Agriculture Faculty) तर्फको उपाधि हो भन्ने कुरामा कुनै विवाद छैन । मैले बी.एस्सी.(एग्री) को उपाधि हासिल गर्दा अध्ययन गरेका विषयहरू मध्येको इन्टिमोलोजी विषयसमेत अध्ययन गरेको कुरा मैले हासिल गरेको बी.एस्सी (एग्री) को ट्रान्सक्रिप्टबाट प्रष्ट देखिन्छ ।

बी. एस्सी. (एग्री.) अध्ययन गर्दा कृषिसँग सम्बन्धित जे जुन विषयहरू अध्ययन गरिन्छन् तिनै विषयहरू मध्ये कुनै विषयमा स्नातकोत्तर तहको अध्ययन गरिने हुनाले मैले बी.एस्सी. (एग्री.) मा अध्ययन गरेको कृषिसम्बन्धी विषयहरू मध्ये इन्टिमोलोजी विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको हुँ। सो उपाधि कृषि विषयअन्तर्गतकै स्नातकोत्तर उपाधि हो भन्ने कुरा सो शैक्षिक उपाधिको प्रमाणपत्रले नै बताइरहेको अवस्था छ। उक्त शैक्षिक उपाधिलाई त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले मिति २०६७।४।३१ मा सम्बन्धित विषयमा मास्टर्स डिग्री सरह भनी समकक्षता निर्धारण गरेको अवस्था छ भने नि.से.नि. को नियम १२७ बमोजिमको सम्बद्धता निर्धारण समितिबाट मिति २०६७।९।२० को निर्णयअनुसार मैले हासिल गरेको उक्त शैक्षिक उपाधिलाई नेपाल कृषि सेवा बाली संरक्षण समूहसँग सम्वद्धता निर्धारण गर्ने गरी निर्णय भएको छ । सामान्य प्रशासन मन्त्रालयका सचिव स्वयम् सम्बद्धता समितिमा बसी निर्णय गरेको अवस्थामा निजकोसमेत प्रतिनिधित्व भएको बढुवा समितिले सोबापत अङ्क नदिने निर्णय गर्नु आफैंमा विरोधाभाषपूर्ण छ ।

सम्बद्धता समितिले मिति २०६७।९।२० मा नै सम्बद्धता निर्धारण गर्ने निर्णय गरेको र

बढुवा समितिले बढुवाको लागि सिफारिश गर्ने मिति २०६७।११।२५ को निर्णयानुसार मिति २०६७।११।२६ मा बढुवाको नतिजा प्रकाशन गरेको अवस्थामा बढुवा समितिले सम्बद्धता समितिको उक्त निर्णयबारे जानकारी लिई नि.से.ऐनको दफा २४घ (८) र नि.से.नि.को नियम १२७ बमोजिम सो शैक्षिक उपाधिको अङ्क प्रदान गर्नुपर्ने कानूनी कर्तव्यबाट विचलित भएको प्रष्ट देखिन्छ ।

बी. एस्सी.(एग्री) गरिसकेपछि कृषि महाविद्यालय (Agriculture College) बाटै एम.एस्सी. गरेको हुनाले सो उपाधि एम. एस्सी. (एग्री) सरहकै उपाधि हो । अध्ययनको प्रमुख विषय इन्टिमोलोजी भएको कारणले मात्र एम.एस्सी. इन्टिमोलोजी भनिएको हो । सो कुरा "National Chung Hsing University Taiwan" को ६ मे २०११ तथा "Institute of Agriculture and Animal Science (IAAS) Department of Entomology, Rampur, Chitwan" को मिति २०६८।१।२६ को पत्रबाटसमेत पुष्टि भएको छ। विशुद्ध विज्ञानतर्फको एम.एस्सी. इन्टिमोलोजीमा इन्टिमोलोजीका आधारभूत (Basic) कुराहरू मात्र अध्ययन गराइने हुनाले त्यस्तो उपाधिलाई रा.प.तृ. श्रेणीको पदमा सेवा प्रवेशको योग्यताको रूपमा समावेश गरेको अर्थात् बी.एस्सी. (एग्री) को वैकल्पिक उपाधिको रूपमा राखिएको पाइन्छ । तर, बी.एस्सी (एग्री) पछि अध्ययन गरी मैले हासिल गरेको उक्त उपाधिअन्तर्गत अध्ययन गराइने इन्टिमोलोजी विषयको अध्ययन गराउँदा इन्टिमोलोजीको उपल्लो (Advanced) कुरा अध्यापन गराइने हुनाले प्रस्तुत विवादको निरोपण गर्दा सो कुन स्तरको शैक्षिक उपाधि (Degree) हो भन्ने कुरा गहिराइका साथ बुझ्नु जरूरी हुन आउँछ ।

विपक्षीहरूको उक्त काम कारवाही र निर्णयबाट मलाई अन्तरिम संविधानको धारा १२ (३) (च), १३ (१) र १९(१) द्वारा प्रदत्त मौलिक हक तथा माथि उल्लिखित निजामती सेवा ऐन र नि.से.नि. द्वारा प्रदत्त कानूनी हकहरूकोसमेत हनन् भएकोले ती हकहरू प्रचलन गराउन अन्य वैकल्पिक एवं प्रभावकारी उपचारको व्यवस्था नभएकोले अन्तरिम संविधानको धारा ३२ र १०७ (२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानीत अदालतसमक्ष उपस्थित भएको छु ।

मैले हासिल गरेका एम.एस्सी.इन इन्टिमोलोजी शैक्षिक योग्यतालाई सेवा प्रवेशको न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिल्लो शैक्षिक योग्यताको मान्यता नदिने गरी भएको बढुवा समितिको मिति २०६७।११।२५ को निर्णय सो बढुवा समितिको निर्णयलाई नै सदर गर्ने गरी आयोगबाट भएको मिति २०६८।१।१९ को निर्णय एवं सो निर्णयबमोजिम विपक्षीहरूलाई बढुवा नियुक्ति दिने निर्णय, बढुवा नियुक्ति पत्र, पदस्थापना पत्रलगायत मलाई प्रतिकूल असर पर्ने गरी विपक्षीहरूबाट यस सम्बन्धमा गरे भएका यावत् काम कारवाही र निर्णयहरूलाई उत्प्रेषणको आदेशले बदर गरी निवेदकले प्राप्त गरेको एम.एस्सी इन इन्टिमोलोजीको शैक्षिक उपाधिलाई माथिल्लो उपाधिबापतको पाउनु पर्ने अङ्क प्रदान गरी निवेदकलाई अन्य उम्मेद्वारहरू सरह जेष्ठता कायम गर्ने गरी नि.से.नि. को नियम ८४ बमोजिम बढुवा नियुक्ति दिई नियमानुसार पाउने तलब भत्ता र सुविधासमेत प्रदान गर्नु भन्ने परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पूर्ण न्याय पाऊँ भन्ने निवेदन पत्र ।

निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेश गर्नु भनी सूचना दिनु भन्ने यस अदालतको आदेश ।

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ ले नेपाल कृषि सेवा, बाली संरक्षण समूह, रा.प.तृतीय

श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यता, "मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी (एग्री) वा प्लाण्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी वा सो सरह" भन्ने तोकिएको देखिन्छ। निवेदक जीतेन्द्र यादवले आफ्नो दरखास्त फाईल साथ एम. एस्सी. इन्टिमोलोजीको शैक्षिक उपाधिको छायाँप्रति पेश गर्नु भएकोमा सो शैक्षिक उपाधि उक्त सेवा समूहको न्यूनतम् शैक्षिक योग्यतासरह देखिएकोले निजले प्राप्त गरेको उक्त उपाधिलाई सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता सरहको अङ्क प्रदान गरी कार्यक्षमता मूल्याङ्कन गर्दा निज बढुवा सिफारिश सूचीभित्र पर्न नसक्नु भएको हो। बढुवा समितिको सिफारिशउपर निज यादवले लोकसेवा आयोगमा उजूरी गरेकोमा आयोगको निर्णयअनुसार बढुवा समितिको सिफारिश यथावत् कायम भएकोले बढुवा नियुक्तिको लागि आवश्यक कारवाही अघि बढाइएको हुँदा रिट निवेदन खारेजयोग्य छ भन्ने बढुवा समिति, सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ ।

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ मा नेपाल कृषि सेवा, बाली संरक्षण समूह, रा.प.तृतीय श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.एस्सी (एग्री) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी वा सो सरह भएको र निजले प्राप्त गरेको एम. एस्सी. इन्टिमोलोजी विषयको शैक्षिक उपाधि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतामात्र भएको देखिँदा सो शैक्षिक उपाधिलाई न्यूनतम् शैक्षिक योग्यता मानी अङ्क गणना गरी बढुवा सिफारिश गरेको कानूनसम्मत् हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने लोकसेवा आयोगको लिखित जवाफ ।

रिट निवेदकले यस मन्त्रालयलाई किन विपक्षी बनाउनु भएको हो र यस मन्त्रालयको के कुन कार्यले निजलाई अन्याय परेको हो भन्ने स्पष्ट पार्नु भएको छैन । रिट निवेदकले हासिल गरेको इन्टिमोलोजीमा एम.एस्सी को शैक्षिक उपाधिलाई त्रि.वि.ले माष्टर डिग्रीसरह भनी समकक्षता निर्धारण गरी दिएको र निज रिट निवेदक कृषि विषयमा स्नातक गरी सेवा प्रवेश गरेकोले निजले हासिल गरेको स्नातकोत्तर तहको उपाधिलाई माथिल्लो योग्यता मानी यस मन्त्रालयबाट निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम सो शैक्षिक उपाधिलाई नेपाल कृषि सेवाअन्तर्गत बाली संरक्षण समूहसँग सम्वद्धता प्रदान गरिदिएकै छ। यसर्थ रिट निवेदकले बिनाकारण र आधारमा यस मन्त्रालयलाई विपक्षी बनाउनु भएको देखिएकाले यस मन्त्रालयलाई विपक्षी बनाएको हदसम्म उक्त रिट निवेदन खारेजयोग्य हुन गएको छ । नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ ले नेपाल कृषि सेवा, बाली संरक्षण समूह, रा.प.तृतीय श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी (एग्री) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी वा सो सरह उल्लेख गरेको छ। जसको अर्थ बी.एस्सी (एग्री) नगरेकाको हकमा इन्टिमोलोजीमा एम.एस्सी (प्योर साईन्स) वा सो सरह गरेको भए सो अवस्थामा त्यस्तो माष्टर डिग्रीलाई पनि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता मान्नुपर्ने हुन्छ । तर, बी.एस्सी.(एग्री) गरेकाको हकमा इन्टिमोलोजीमा गरेको एम. एस्सी. लाई अतिरिक्त उपाधि मान्नुपर्ने हुन्छ भन्ने कृषि तथा सहकारी मन्त्रालयको लिखित जवाफ ।

सर्वप्रथम यस मन्त्रालयको के कुन काम कारवाहीबाट विपक्षीको के कस्तो हक अधिकार हनन् भएको हो, रिट निवेदनमा स्पष्ट दावी लिन सकेको नदेखिँदा बिनाआधार र कारण यस

मन्त्रालयलाईसमेत विपक्षी बनाई दायर गरिएको रिट खारेजयोग्य छ । एम.एस्सी. इन्टिमोलोजी उपाधिबापत माथिल्लो शैक्षिक योग्यताबापतको अङ्क नदिएको विषयमा, सो उपाधि उक्त पदको न्यूनतम् शैक्षिक योग्यताको रूपमा सेवा समूहसम्बन्धी नियमावलीमा व्यवस्था भइरहेकोमा उक्त उपाधिबापत माथिल्लो शैक्षिक योग्यताको अङ्क दिन मिल्ने नदेखिएकोले बढुवा समिति तथा लोकसेवा आयोगबाट भएको निर्णय बदरयोग्य नभएको हुँदा रिट खारेजयोग्य छ । यस मन्त्रालयबाट विपक्षीको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात पुग्ने गरी कुनै काम कारवाही नभएको नगरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने सामान्य प्रशासन मन्त्रालयको लिखित जवाफ ।

म लिखित जवाफवालाले एस.एल.सी.मा प्रथम श्रेणी, आई.एस्सी. द्वितीय श्रेणी, बढुवाको लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता बी.एस्सी. (एग्री) प्रथम श्रेणी र माथिल्लो शैक्षिक योग्यता एम.एस्सी. (एग्री) प्रथम श्रेणीको अङ्क हासिल गरी उत्तीर्ण गरेको छु । आफ्नो अध्ययनको विषयसँग सम्बन्धित नेपाल कृषि सेवा बाली संरक्षणको समूहको बाली संरक्षण अधिकृत पदमा प्रतिस्पर्धात्मक परीक्षामा उत्तीर्ण भएको हुँ । नेपाल कृषि सेवाको रा.प. द्वितीय श्रेणीमा बढुवा समितिले बढुवाका सम्भाव्य उम्मेद्‌वारहरूको कार्यक्षमताको आधारमा तयार पारिएको बढुवा योग्यताक्रम निर्धारण गर्दा म लिखित जवाफवाला योग्यताक्रम संख्या २ मा कायम रहेको थिएँ । सो बढुवा सिफारिशमा चित्त नबुझाई विपक्षीले लोकसेवा आयोगसमक्ष उजूरी गरेकोमा आयोगबाट साविक निर्णय नै यथावत् कायम हुने निर्णय भएबमोजिम मिति २०६८।१।२१ को नेपाल सरकारको निर्णयानुसार बढुवा भएको सो पदमा नियुक्ति पाई पद तथा जिम्मेवारीमा रही हालसम्म कार्यरत् छु ।

रिट निवेदकले निवेदनमा नेपाल सरकारले मनोनीत गरी अध्ययन गर्न पठाएको भनी लेखिएको व्यहोरा सत्य होइन । विपक्षी स्वयंले विश्वविद्यालय तथा अध्ययनको विषयसमेत छनौट गरी तलबी बिदा माग गर्नु भएको हुँदा बिदा स्वीकृतसम्म नेपाल सरकारबाट भएको हो । विपक्षी स्वयंले छनौट गरी उच्च शिक्षा अध्ययन गरेको सो विषय अर्थात् एम.एस्सी. इन्टिमोलोजी सेवा प्रवेशको लागि न्यूनतम् योग्यता हो, अतिरिक्त शैक्षिक योग्यता होइन ।

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू २०५० को नियम ७ को न्यूनतम् शैक्षिक योग्यता तथा ११ बमोजिमको अनुसूची ३ अनुसार सेवा प्रवेशका लागि चाहिने न्यूनतम् योग्यतासम्बन्धी व्यवस्थाको देहाय (च)५. मा राजपत्राङ्कित तृतीय श्रेणीको पदका लागि न्यूनतम् शैक्षिक योग्यता (मान्यता प्राप्त शिक्षण संस्थाबाट बी. एस्सी. (एग्री) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम. एस्सी वा सो सरह उत्तीर्ण भनी निर्धारण गरिएको छ । जसबाट विपक्षीले हासिल गरेको एम.एस्सी. इन्टिमोलोजीको डिग्री केवल सेवा प्रवेशको लागि न्यूनतम् डिग्री हो भन्ने प्रष्ट छ । सेवा प्रवेशका लागि निर्धारित न्यूनतम् शैक्षिक योग्यता माथिल्लो तहमा बढुवाका लागि वाञ्छनीय योग्यता कदापि हुन सक्दैन, विपक्षीको रिट निवेदन खारेजभागी छ ।

विपक्षीले दावी गरेबमोजिम मण्डल सरबाट लेखाई लिएको पत्र तथा "National Chung Hsing University" बाट लेखाई लिएको पत्र उहाँको निजी सम्बन्ध र सम्पर्कका उत्पत्ति हुन् । ती यत्तिकै प्रमाणमा ग्राह्य हुँदैनन् । तापनि ती पत्रहरूलेसमेत निजले हासिल गरेको डिग्री

एम.एस्सी. इन्टिमोलोजी नै हो भन्ने थप पुष्टि गरेको छ। विपक्षीले नै आफ्नो व्यक्तिगत पहुँचमा लेखाई ल्याएका ती पत्रलाई ग्रहण गरी हेर्दा पनि विपक्षीले ताइवानबाट सेवा प्रवेशका लागि चाहिने न्यूनतम् शैक्षिक योग्यता एम. एस्सी. इन्टिमोलोजी नै हासिल गरेको विपक्षी स्वयंले प्रष्ट पारेको देखिन्छ । विपक्षीले दावी गरेको सम्बद्धता वा समकक्षतासम्बन्धी निर्णयले पनि विपक्षीले हासिल गरेको उपाधिलाई एम.एस्सी. इन्टिमोलोजी मानेको छ । सो डिग्री सेवा प्रवेशका लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता नै भएको, सो एम.एस्सी. इन्टिमोलोजी न्यूनतम् शैक्षिक योग्यता होइन सेवा प्रवेशका लागि चाहिने डिग्रीभन्दा माथिल्लो डिग्री हो भनी विपक्षीले उजूरबाजूर गरी बदर वातिल नगराई स्वीकार गरी बसेको र नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ७ अनुसूची ३ ले निर्धारण गरेको न्यूनतम् शैक्षिक योग्यता सो अनुसूची ३ को देहाय (च) ५. ले प्रष्ट गरेको छ । विपक्षीको डिग्री माथिल्लो डिग्री नै मानिए पनि उक्त कानूनी व्यवस्थाको परिप्रेक्षमा बी.एस्सी (एग्री) सरहको सो सेवा प्रवेशको न्यूनतम् योग्यता भएकोले लोकसेवा आयोगसमेतले सोही आधारमा मूल्याङ्कन गरेको र मैले पनि अन्यथा उजूरबाजूर गर्नै नपर्ने भएको हो ।

कृषि सेवा नियमहरू, २०५० को नियम ७ बमोजिम अनुसूची ३ को कानूनी व्यवस्थाले बी. एस्सी (एग्री) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी.लाई एकै स्तरमा राखेको प्रष्ट छ । एम.एस्सी. हुनेवित्तिकै इन्टिमोलोजी विषयको रहेछ भने माथिल्लो उपाधि हुनै सक्दैन केवल सेवा प्रवेशका लागि आवश्यक तल्लो र न्यूनतम् शैक्षिक योग्यता हुन जान्छ । त्यसैले सोही (च)६ मा द्वितीय श्रेणीमा सेवा प्रवेशका लागि सबै विषयमा एक तह माथिको उपाधि चाहिने अनिवार्य व्यवस्था गरेको हुँदा विपक्षीले सोही इन्टिमोलोजीमा विद्यावारिधि हासिल गर्नुपर्ने हुन्छ वा निजले बी. एस्सी (एग्री) गरी सेवा प्रवेश गरेको हुँदा अब एम. एस्सी. (एग्री) को उपाधि हासिल गर्नुपर्ने व्यवस्था कानूनले गरेको छ । उल्लिखित कानूनले नै सो प्रष्टसँग एम.एस्सी इन इण्टिमोलोजीलाई सेवा प्रवेशको न्यूनतम् शैक्षिक योग्यता निर्धारण गरेको देख्दादेख्दै त्यही डिग्री हासिल गरी पेश गर्ने र न्यूनतम् योग्यतालाई अतिरिक्त उपाधि मान्नु पर्दछ भन्ने विपक्षीको भनाईबाट निजलाई कानून मिचेर बढुवा दिनुपर्दछ भन्ने देखिन्छ । कानूनसम्मत् आधारमा लोकसेवा आयोग तथा बढुवा समितिबाट भए गरेको निर्णय तथा कामकारवाहीले विपक्षीको कुनै हक हनन् नभएको हुँदा झूठ्ठा तथा बद्नियतपूर्ण रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने विपक्षी होमनाथ लम्सालको लिखित जवाफ ।

म लिखित जवाफ प्रस्तुतकर्ता नारायणकुमार श्रेष्ठले एस.एल.सी. मा प्रथम श्रेणी आई.एस्सी. (एग्री.) प्रथम श्रेणी बढुवाको लागि न्यूनतम् आवश्यक योग्यता बी.एस्सी.(एग्री.) प्रथम श्रेणी र माथिल्लो शैक्षिक योग्यता एम.एस्सी. (एग्री.) प्रथम विशिष्ट श्रेणीको उच्च अङ्क हासिल गरी उत्तीर्ण गरेको छु। आफ्नो अध्ययनको विषयसँग सम्बन्धित लोकसेवा आयोगद्वारा लिइएको नेपाल कृषि बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत पदमा प्रतिस्पर्धात्मकरूपले परीक्षामा उत्तीर्ण भई २०५४ सालदेखि नियुक्ति पाई आफ्नो जिम्मेवारी पूरा गर्दै आइरहेको छु ।

मिति २०६७।६।२७ को लोकसेवा आयोगद्वारा गोरखापत्रमा प्रकाशित सूचनामा रिक्त कृषि सेवा, बाली संरक्षण समूहको रा.प. द्वितीय पद संख्या दुई मिति २०६७ साल असार मसान्तसम्ममा कार्यक्षमता र योग्यता पुगेका सम्भाव्य उम्मेद्वारबाट दरखास्त आव्हान

भएअनुसार आफूले योग्य ठानी उक्त उम्मेद्वारको फाराम भरेपछि बढुवा समितिले बढुवाको कार्यक्षमता र योग्यताको आधारमा योग्यताक्रम निर्धारण गर्दा म लिखित जवाफवालालाई योग्यताक्रम संख्या १ मा कायम गरी त्यसउपर कसैले दावी गर्ने वा बदर गर्ने गराउनेतर्फ प्रयास भएन र मेरो योग्यताक्रम संख्या १ मा नै अन्तिम रूपले कायम भएको थियो। पछि सामान्य प्रशासन मन्त्रालय बढुवा समितिको सचिवालयबाट २०६७।११।२६ मा प्रकाशित सूचनामा लोकसेवा आयोगको बढुवा सूचनाबमोजिम निजामती सेवा ऐन, २०४९ को दफा २०(४) र दफा २४(च) को प्रयोजनको लागि प्रकाशित सूचनामा नेपाल कृषि सेवा बाली संरक्षण समूहको बाली संरक्षण अधिकृत (प्रा.) रा.प. द्वितीय श्रेणीमा योग्यताक्रम संख्या १ मा नै म लिखित जवाफवालाको नाम प्रकाशित भएको हो । हाल उक्त बढुवा भएको पदमा नियुक्ति पाई आफ्नो जिम्मेवारी कर्तव्य सम्झी हाल उक्त पदमा कार्यरत् छु ।

विपक्षीले, "National Chung Hsing University Taiwan" बाट हासिल गरेको एम.एस्सी. इन इन्टिमोलोजी उपाधि सेवा प्रवेशको लागि न्यूनतम् शैक्षिक योग्यता हो, अतिरिक्त योग्यता होइन । नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ मा नेपाल कृषि सेवा बाली संरक्षण समूहको रा.प. तृतीय श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी.(एग्री.) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. वा सो सरहको उल्लेख भएको छ । जसको अर्थ निजले प्राप्त गरेको एम. एस्सी इन इन्टिमोलोजी विषयको शैक्षिक उपाधि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यतामात्र भएको पुष्टि गर्दछ ।

म तथा मेरो कारणबाट विपक्षीको कुनै हक हनन् भएको छैन, नेपालको संविधान र प्रचलित कानून, प्राकृतिक न्याय र समन्यायको सिद्धान्तमा आधारित मैले कानूनसम्मत् ढङ्गले बढुवा नियुक्ति पाई कार्यभार सम्हाली आएको कुरामा कुनै दुई मत छैन । विपक्षीले अस्वाभाविक र कानून प्रतिकूलताको माग दावी प्रस्तुत गरी अनावश्यक मुद्दा मामिला गरी दुःख हैरानी दिने नियतले मात्र गरेको हुँदा उक्त रिट निवेदन खारेजभागी छ ।

विपक्षीले नेपाल कृषि सेवा बाली संरक्षण समूहको वरिष्ठ बाली संरक्षण अधिकृत (प्रा) रा.प. द्वितीय श्रेणीमा योग्यता क्रम संख्या १ मा म लिखित जवाफवालाको नाम प्रकाशित भई सो बढुवा सिफारिशमा चित्त नबुझी लोकसेवा आयोगसमक्ष उजूरी दर्ता गरेकोमा आयोगबाट बढुवाकै निर्णयलाई सदर गरी मिति २०६८।१।२१ को नेपाल सरकारको निर्णयअनुसार बढुवा भएको सो पदमा नियुक्ति पाई पदीय जिम्मेवारीमा रही हालसम्म कार्यरत् छु । उल्लिखित प्रचलित कानूनको व्यवस्था र योग्यता र क्षमताको आधारमा उत्कृष्ट अङ्कका साथ मेरो बढुवा भएको हो । विपक्षीले आफ्नो बढुवा हुनको लागि आवश्यक शैक्षिक योग्यता र क्षमताको ख्यालै नगरी निजले प्राप्त गरेको एम.एस्सी इन इन्टिमोलोजी विषयको शैक्षिक उपाधिको सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता भएकोले सोहीअनुसार अङ्क गणना गरी विपक्षीको बढुवा हुन नसकेको स्वाभाविक र न्यायसम्मत् भएकोले लोकसेवा आयोग र बढुवा समितिबाट भएको निर्णयबाट विपक्षीको कुनै हकमा आघात नभएको हुँदा उक्त झूट्ठा रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने नारायणकुमार श्रेष्ठको लिखित जवाफ ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट

उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती, विद्वान अधिवक्ताहरू श्री सतीशकुमार झा र श्री अरूण ज्ञवाली विपक्षी लोकसेवा आयोगसमेतका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, विपक्षी होमनाथ लम्सालका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री मातृकाप्रसाद निरौलाले बहस गर्नुभयो । साथै उहाँहरूले आ-आफ्ना पक्षबाट बहसनोटसमेत प्रस्तुत गर्नुभयो ।

२. निवेदकतर्फबाट उपस्थित कानून व्यवसायीहरूले रिट निवेदकले बी.एस्सी (एग्री.) को शैक्षिक उपाधिको आधारमा सेवा प्रवेश गरी सेवा प्रवेशपश्चात् सो उपाधिभन्दा माथिल्लो कृषि विज्ञानको उपाधि हासिल गरेको हो । नेपाल कृषि सेवा बाली संरक्षण समूहको रा.प. तृतीय श्रेणीको सेवा प्रवेशको लागि तोकिएको बी.एस्सी. (एग्री.) को एउटा योग्यता हो भने बी. एस्सी. (एग्री.) को योग्यता नभएका व्यक्तिको हकमा त्यसको विकल्पमा विशुद्ध विज्ञानको इन्टिमोलोजी विषयमा एम.एस्सी गरेको पनि सेवा प्रवेशको लागि योग्य भनिएको हो । इन्टिमोलोजी विषयमा एम.एस्सी. भन्नाले सो उपाधि विशुद्ध विज्ञानको उपाधिलाई जनाउँछ भने बी.एस्सी. (एग्री.) को उपाधि कृषि विज्ञानअन्तर्गतको उपाधि भएकाले यी दुई उपाधि सारभूतरूपमै फरक छन् । सेवा प्रवेशका लागि आवश्यक यी दुई उपाधि फरक भएकाले नै नियममा सोहीबमोजिम व्यवस्था गरिएको हो । बी.एस्सी. (एग्री.) भन्दा माथिल्लो उपाधिमा इन्टिमोलोजीमा एम.एस्सी. हुने र विशुद्ध विज्ञान विषयमा पनि इन्टिमोलोजी हुने भए पनि कृषि विज्ञानअन्तर्गतको इन्टिमोलोजीमा विस्तृतरूपमा अध्ययन हुने, तर विशुद्ध विज्ञानअन्तर्गत आधारभूत विषयहरू मात्र अध्ययन हुने हुन्छ । एम.एस्सी. (एग्री.) को इन्टिमोलोजी विषय भनेको विशुद्ध विज्ञानको एम. एस्सी. इन्टिमोलोजीभन्दा माथिको विषय हो भन्ने कुरामा विवाद छैन । निवेदकले हासिल गरेको शैक्षिक योग्यतालाई त्रि.वि. ले समकक्षता निर्धारण गर्दा पनि विशुद्ध विज्ञानअन्तर्गतको उपाधि नमानी कृषि विज्ञानअन्तर्गतको स्नातकोत्तर तहको उपाधि मानेको छ ।

३. रिट निवेदकले प्राप्त गरेको उपाधि बी.एस्सी. (एग्री.) भन्दा माथिको उपाधि भएकोमा सो उपाधिलाई सेवा प्रवेशको शैक्षिक योग्यतामा भन्दा माथिको योग्यताको मान्यता नदिने गरी भएको बढुवा समितिको निर्णय र सो निर्णयलाई सदर गर्ने लोकसेवा आयोगको निर्णय त्रुटिपूर्ण भएकाले उत्प्रेषणको आदेशले बदर गरी निवेदकले प्राप्त गरेको शैक्षिक उपाधिबापत पाउनुपर्ने अङ्क प्रदान गरी बढुवा नियुक्ति दिनु भनी परमादेशसमेत जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

४. विपक्षी लोकसेवा आयोगसमेत तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले नेपाल कृषि सेवाको रा.प. तृतीय श्रेणीमा सेवा प्रवेशको लागि बी.एस्सी. (एग्री.) वा प्लाण्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. वा सो सरह उत्तीर्ण गरेको नियमको व्यवस्था भएकाले स्वाभाविक रूपमा इन्टिमालोजीमा एम.एस्सी. गरेको रिट निवेदकको शैक्षिक योग्यता सेवा प्रवेशकै योग्यता हो । सेवा प्रवेशका लागि कानूनले विभिन्न शैक्षिक योग्यता तोकेकोमा त्यसरी तोकिएको न्यूनतम् योग्यता अतिरिक्त शैक्षिक योग्यता हुन सक्तैन । कानूनमा भएको व्यवस्था यथास्थितिमा रहेसम्म निवेदकको उपाधि अतिरिक्त उपाधि हुन सक्तैन । निवेदकले प्राप्त गरेको एम.एस्सी इन इण्टिमोलोजीको शैक्षिक उपाधि न्यूनतम् शैक्षिक योग्यताको रूपमा रहनु उपयुक्त हो वा होइन भन्ने कुरा बौद्धिक छलफलको विषय बन्न सक्ने भए पनि नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को

नियम ७ अनुसूची ३ को देहाय (च)५ को व्यवस्था कायम रहेसम्म निवेदकको शैक्षिक उपाधि अतिरिक्त शैक्षिक योग्यता मान्न सकिँदैन। कानूनको उक्त व्यवस्थामा कुनै किसिमको अस्पष्टता वा द्विविधा नभएकोले कानून नै स्पष्ट रहेको अवस्थामा व्याख्याको आवश्यकता पनि छैन । निवेदकले हासिल गरेको उपाधि सेवा प्रवेशको लागि आवश्यक न्यूनतम् योग्यता भएकाले अतिरिक्त योग्यता नमानी बढुवा समितिले गरेको निर्णयलाई सदर गरेको लोकसेवा आयोगको निर्णय कानूनसम्मत् भएकाले रिट खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

५. विपक्षी होमनाथ लम्सालतर्फबाट उपस्थित विद्वान अधिवक्ताले कृषि सेवाको रा.प. तृतीय श्रेणीमा सेवा प्रवेशको लागि आवश्यक योग्यतामा बी.एस्सी. (एग्री.) वा प्लाण्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. गरेको भन्ने नियममा स्पष्ट व्यवस्था छ । रिट निवेदकले प्राप्त गरेको शैक्षिक योग्यता एम.एस्सी. इन्टिमोलोजी भएकाले सो उपाधि बी.एस्सी.(एग्री.) वा प्लान्ट प्याथोलोजीमा एम. एस्सी. सरह मात्र हो । नियममा प्रष्टरूपमा एम.एस्सी. इन्टिमोलोजीलाई सेवा प्रवेशको लागि आवश्यक न्यूनतम् शैक्षिक योग्यता भन्ने व्यवस्था भएकाले निवेदकको उपाधि अतिरिक्त हुनै सक्तैन। नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमावली, २०५० को नियम ७ अनुसूची ३ को देहाय (च)५ मा प्रयोग भएका बी.एस्सी.(एग्री.) वा प्लान्ट प्याथोलोजीमा एम. एस्सी. वा इन्टिमोलोजीमा एम. एस्सी. भन्ने सबै शब्दहरू सजातीय शब्द हुन् । कानूनको सजातीय शब्दको व्याख्या गर्दा त्यस्तो सजातीयमध्ये कुनै शब्दलाई अलग गरी पृथक स्तर कायम गर्न कानून व्याख्यासम्बन्धी "Ejusdem Generis" को सिद्धान्तले मिल्दैन । रिट निवेदकले प्राप्त गरेको उपाधि सेवा प्रवेशको मात्र भएकाले बढुवा प्रयोजनको लागि एम.एस्सी. (एग्री.) वा विद्यावारिधि गर्नैपर्छ । यस अवस्थामा रिट निवेदकलाई अतिरिक्त शैक्षिक योग्यताको अङ्क प्रदान नगर्ने गरेको बढुवा समिति र लोकसेवा आयोगको निर्णयमा कुनै कानूनी त्रुटि नभएकाले रिट निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो ।

६. आज निर्णय सुनाउन तोकिएको प्रस्तुत रिट निवेदकको निवेदन, विपक्षीहरूको लिखित जवाफ तथा पेश दुबै पक्षको बहस एवम् बहस नोटसमेतलाई अध्ययन गरियो। निर्णयतर्फ विचार गर्दा रिट निवेदकले प्राप्त गरेको इन्टिमोलोजीको एम.एस्सी शैक्षिक उपाधि अतिरिक्त शैक्षिक योग्यता हो वा सेवा प्रवेशको न्यूनतम् शैक्षिक योग्यता हो भन्ने कुराको निर्क्यौल गर्दै सो उपाधिलाई अतिरिक्त शैक्षिक उपाधिबापतको अङ्क प्रदान गरी बढुवा सिफारिश गर्नु भन्ने परमादेश जारी हुनुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

७. यस सम्बन्धमा लोकसेवा आयोगबाट प्राप्त भएको बढुवा उजूरीसम्बन्धी फायल अध्ययन गर्दा नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियममा नेपाल कृषि सेवा, बाली संरक्षण समूह, रा.प.तृतीय श्रेणीको लागि न्यूनतम् शैक्षिक योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी (एग्री.) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. वा सो सरहको उल्लेख भएको र निवेदकले प्राप्त गरेको एम.एस्सी. इन इन्टिमोलोजी विषयको शैक्षिक उपाधि सेवा प्रवेशको लागि तोकिएको न्यूनतम् शैक्षिक योग्यता भएको देखिँदा बढुवा समितिले सो शैक्षिक उपाधिलाई न्यूनतम् शैक्षिक योग्यता मानी अङ्क गणना गरी बढुवा सिफारिश गरेको मिलेको देखियो भनी २०६८।१।१९ मा निर्णय गरेको देखिन्छ ।

८. नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमावली, २०५०

नियम ७ सँग सम्बन्धित अनुसूची ३ को देहाय (च) ५ मा भएको व्यवस्थालाई हेर्दा राजपत्राङ्कित तृतीय श्रेणीको सेवा प्रवेश गर्दा आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.एस्सी. (एग्री.) वा प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम. एस्सी वा सो सरह उत्तीर्ण गरेको भन्ने उल्लेख भएको देखिन्छ। नियमावलीको उक्त व्यवस्थाको अध्ययन गर्दा कृषि सेवाको रा.प. तृतीय श्रेणीको पदमा सेवा प्रवेश गर्दा निम्न शैक्षिक योग्यतालाई न्यूनतम् शैक्षिक योग्यता भनिएको देखिन्छः-

(क) बी.एस्सी. (एग्री.) वा

(ख) प्लान्ट प्याथोलोजी विषयमा एम. एस्सी. वा

(ग) इन्टिमोलोजी विषयमा एम.एस्सी. गरेको वा

(घ) सो सरह उत्तीर्ण भएको ।

९. उक्त नियममा भएको व्यवस्थाले कृषि सेवाको रा.प.तृतीय श्रेणीको पदको लागि आवश्यक शैक्षिक योग्यतामा बी.एस्सी. (एग्री.) वा एम.एस्सी. (इन्टिमोलोजी) वा एम. एस्सी. (प्लान्ट प्याथोलोजी) लाई समानरूपमा सेवा प्रवेशका आधार मानेको छ ।

१०. यस सम्बन्धमा रिट निवेदकले मिति २०५१।१२।१३ मा सेवा प्रवेश गर्दा नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमावली, २०५० नियम ७ सँग सम्बन्धित अनुसूची ३ को देहाय (च) ५ मा व्यवस्था भएको आवश्यक न्यूनतम् शैक्षिक योग्यतामध्ये बी. एस्सी (एग्री.) को शैक्षिक उपाधिका आधारमा सेवा प्रवेश गरेको भन्ने कुरामा विवाद छैन । निवेदकले सेवा प्रवेश गर्दा देखाएको शैक्षिक उपाधि स्नातकसरहको उपाधि हो भन्ने कुरामा पनि विवाद छैन । रिट निवेदकले कृषि सेवाको रा.प. तृतीय श्रेणीमा सेवा प्रवेश गरेपश्चात् नेपाल सरकारको पूर्व स्वीकृतिमा ताइवानको नेशनल चुंगसिंग विश्वविद्यालयको कलेज अफ एग्रिकल्चर एण्ड नेचुरल रिसोर्सेसबाट एम.एस्सी.(इन्टिमोलोजी) को शैक्षिक योग्यता सन् २०१० (२०६७ साल) मा प्राप्त गरेको देखिन्छ । रिट निवेदकले उक्त शैक्षिक उपाधि प्राप्त गरेको भन्ने कुरामा पनि कुनै विवाद रहेको देखिँदैन । निवेदकले प्राप्त गरेको उक्त उपाधिलाई त्रिभुवन विश्वविद्यालयको मिति २०६७।४।३१ को निर्णयअनुसार सम्बन्धित विषयमा मास्टर्स डिग्री सरहको समकक्ष मान्यता प्रदान गरिएको भन्ने पनि संलग्न कागजातबाट देखिन्छ। उक्त शैक्षिक उपाधिलाई निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिमको सम्बद्धता निर्धारण समितिबाट २०६७।९।२० मा सम्बद्धता निर्धारण गर्दा नेपाल कृषि सेवा बाली संरक्षण समूहसँग सम्बद्ध भएको भनी निर्णय गरेको देखिन्छ । बी.एस्सी. (एग्री.) गरेकाको हकमा इन्टिमोलोजीमा गरेको एम. एस्सीलाई अतिरिक्त उपाधि मान्नुपर्ने हुन्छ भन्ने कृषि तथा सहकारी मन्त्रालयले यसै मुद्दामा यस अदालतमा पेश गरेको लिखित जवाफमा उल्लेख गरेको पाइन्छ ।

११. उपरोक्त कानूनी व्यवस्थाको अध्ययन गर्दा नेपाल कृषि सेवाको रा.प. तृतीय श्रेणीको पदको लागि आवश्यक बी.एस्सी. (एग्री.) मुख्य शैक्षिक योग्यता भएको देखिन्छ भने बी.एस्सी. (एग्री.) को उपाधि नहुनेका लागि अन्य स्नातकोत्तर उपाधिका आधार सेवा प्रवेशका लागि मात्र समान स्तरमा राखिएको मान्नुपर्ने हुन्छ । उक्त शैक्षिक योग्यता नभएका अर्थात् बी.एस्सी. (एग्री.) को शैक्षिक उपाधि नभएका उम्मेद्वारको हकमा त्यसको विकल्पका रूपमा शुद्ध विज्ञानको प्लान्ट प्याथोलोजी वा इन्टिमोलोजीमा एम.एस्सी. उत्तीर्ण भएका उम्मेद्वार पनि उक्त पदमा आवेदन गर्न योग्य हुन सक्ने व्यवस्थालाई यी सबै उपाधि समानस्तरका हुन् भन्ने अर्थ गर्न मिल्दैन। बी.एस्सी. (एग्री.) को शैक्षिक योग्यता नहुनेका लागि एम. एस्सी इन्टिमोलोजी वा प्लान्ट प्याथोलोजीलाई

पनि सेवा प्रवेशका लागि दरखास्त दिन सुविधा दिइएकोसम्म अर्थमा ग्रहण गर्नुपर्दछ । न्यूनतम् शैक्षिक योग्यताको लहरमा लेखिँदैमा सबै शैक्षिक उपाधिको स्तर र मान्यता सामान हुने अर्थ गर्न मिल्दैन ।

१२. कुन शैक्षिक उपाधिको स्तर के कस्तो भन्ने कुरा निर्क्योल गर्ने कानूनी अख्तियारी प्राप्त निकाय त्रिभुवन विश्वविद्यालय हो। विश्वविद्यालयले सम्बन्धित शैक्षिक उपाधिको पाठ्यक्रमसमेतका कागजात हेरी सो उपाधिको स्तर निर्धारण गर्दछ । कानूनले अख्तियारी दिएको निकायले गरेको निर्णय पूर्वाग्रही, कपटपूर्ण र विधि प्रक्रियाप्रतिकूल रहेको भनी यस अदालतमा चुनौती दिइएको अवस्थामा मात्र सो निर्णयको न्यायिक परीक्षण हुन सक्दछ । अन्यथा अधिकारप्राप्त निकायको विधिसम्मत् प्रक्रियाबाट सम्पन्न भएको निर्णयका हकमा आशंका गरिन मिल्दैन ।

१३. प्रस्तुत विवादमा निवेदकले हासिल गरेको इन्टिमोलोजीको एम.एस्सी. उपाधिलाई स्नातोकत्तर सरह मानी त्रिभुवन विश्वविद्यालयले २०६७।४।३१ मा समकक्षता निर्धारण गरेको छ र सो उपाधिलाई सम्बद्धता पनि अख्तियार प्राप्त निकायले प्रदान गरेको छ। कृषि क्षेत्रका स्नातक र स्नातकोत्तर उपाधि समान हुन सक्दैनन् । सरोकारवाला कृषि तथा सहकारी मन्त्रालय बी.एस्सी (एग्री) पछि को एम.एस्सी. (इन्टिमोलोजी) अतिरिक्त शैक्षिक उपाधि हो भनी स्वीकारेको विषय पनि त्यत्तिकै विचारणीय छ । उक्त उपाधि अध्यनार्थ निवेदकलाई नेपाल सरकारले नै २०६५।३।३१ मा मनोनीत गरेको र अध्ययन अवधिभर पूरा तलब पाउने गरी अध्ययन बिदा स्वीकृत गरेको पक्षलाई पनि अनदेखा गर्न मिल्दैन ।

१४. समान कानूनी प्रश्न र सादृश्य तथ्यको आधारमा भएको व्याख्यायुक्त नजीर निःसन्देह पछिल्लो मुद्दाको लागि अनुकरणीय हुन्छ । पूर्वनिर्णयको बढुवा भन्ने एउटा प्रकृति मिल्दैमा पछिल्लो मुद्दाका लागि त्यो अवलम्बनकारी नजीर बन्न सक्दैन । सर्वोच्च अदालतको उपल्लो इजलासको नजीर सर्वोच्च अदालतकै उपल्लो भन्दा कम न्यायाधीश संलग्न इजलासका लागि र सर्वोच्च अदालतको नजीर मातहातका अदालतसमेतका न्यायिक तथा अर्धन्यायिक निकायलगायत सबैका लागि न्यायाधीश निर्मित कानूनका रूपमा बाध्यकारी हुन्छन् भन्ने कुरामा विवाद गरिरहनु पर्दैन । समान स्तरका इजलासले पनि समान कानूनी प्रश्न र प्रसङ्ग रहेको नजीरप्रति असहमति राखी उपल्लो इजलासमा पठाउन सक्ने सिद्धान्तमा पनि असहमति प्रकट गरिँदैन । तर, प्रत्येक निर्णय नजीर हुन सक्दैनन् भने प्रत्येक नजीर बेमेल तथ्य, विसंगत कानूनी प्रश्न र अमिल्दो निर्णयाधार भएमा पछिल्लो मुद्दाका लागि अनुकरणयोग्य नहुने वस्तुस्थितिमा पनि कुनै संशय राखिरहनु पर्दैन । यस सन्दर्भमा विद्वान कानून व्यवसायीहरूले बहस नोटमा केही नजीरहरूको उल्लेखन गर्नुभएको छ । लोकसेवा आयोगसमेत सरकारी निकायको प्रतिनिधित्व गर्नुहुने विद्वान सहन्यायाधिवक्ताले बहसनोटमा उल्लेख गर्नु भएको सुमित्रा हाडाको *नेकाप* २०६७, भदौ, नि.नं. ८३६३, पृष्ठ ६९९ को कानून नै स्पष्ट भएकोमा व्याख्याको गुञ्जायस नरहने भन्ने नजीर प्रस्तुत मुद्दामा सान्दर्भिक छैन । कानूनको अस्पष्टताको व्याख्याकै लागि निवेदक अदालत प्रवेश गरेको स्थिति छ । निजामती सेवा नियमावली, २०५० को नियम १२३ को अस्थायी सेवा बढुवा प्रयोजनका लागि अङ्क दिँदा मात्र प्रयोग हुने वा समुच्चा सेवा अवधिकै प्रयोजनका लागि गणना हुने भन्ने कानूनी प्रश्नका सन्दर्भमा प्रतिपादित नजीरले यस मुद्दाका लागि अवलम्बनकारी नजीरको स्वरूप ग्रहण गर्दैन । यसैगरी उहाँले प्रस्तुत गर्नुभएको रेणु अधिकारीको *नेकाप* २०६३, असोज, नि.नं. ७७१०,

पृष्ठ ७२० को नजीर कृषि अर्थशास्त्रमा एम.ए. स्नातकोत्तरका आधारमा सेवा प्रवेश गर्ने व्यक्तिले पछिबाट कृषि अर्थशास्त्रमै "एम.एस्सी" र ग्रामीण विकासमा "एम.एस्सी." गरेकोलाई "समानस्तर अर्थात् दुईवटा Master Degree लाई नै एउटालाई न्यूनतम् र अर्कोलाई सोभन्दा माथिल्लो डिग्री मान्न न्याय र विवेकसम्मत नहुने" भन्ने नजीरले पनि प्रस्तुत विवादको तथ्यसँग टाढाको सम्बन्ध पनि राख्दैन । प्रस्तुत मुद्दामा सेवा प्रवेश गर्दा निवेदकसँग स्नातकको उपाधि छ, पछिबाट काम लगाउने निकायकै स्वीकृतिले प्राप्त शैक्षिक उपाधि स्नातकोत्तरको छ ।

१५. यसै गरी विपक्षी होमनाथलम्सालका तर्फबाट विद्वान अधिवक्ताले आफ्नो बहस नोटमा रेणु अधिकारीको नजीरका अतिरिक्त अन्य तीन नजीरको आधारमा रिट निवेदन खारेज गरिनु पर्ने जिकीर लिनु भएको छ। उहाँले प्रस्तुत गर्नुभएको नेत्रबहादुर भण्डारी (०६६-WO-७७८, निर्णय मिति (नि.मि) २०६७।९।२० को कृषि सेवाका लागि समाजशास्त्र जस्ता विषयका स्नातकोत्तर उपाधिलाई पहिले सेवा प्रवेशभन्दा माथिल्लो शैक्षिक योग्यता मानिएकोमा पछिबाट सो उपाधिलाई सम्बद्धता निर्धारण समितिले अस्वीकार गर्दै पूर्वनिर्णय उल्टाउन सक्ने भन्दै "सम्बद्धता निर्धारण समिति जस्तो निकायले आफूले एक पटक गलत वा त्रुटिपूर्ण निर्णय गरेको छ भने त्यसलाई सच्याउँदै पछि सही निर्णय गर्न कुनै कानूनी बाधा रहेको छैन" भन्ने कुरा मानिएको नजीरको यस मुद्दामा प्रासङ्गिकता नै स्थापना हुन सक्दैन । यसैगरी उहाँले बहस नोटमा इङ्गित गर्नु भएको मुरलीधर मिश्र (०६६-WO-००९३) निर्णय मिति २०६६।८।२३ को नजीर पनि बाली संरक्षणमा स्नातकोत्तर (Master of Environment Protection) को उपाधिलाई पहिले सम्बद्धता दिएकोमा पछिबाट नदिने भनी गरेको सम्बद्धता निर्धारण समितिले गरेको निर्णयलाई यस अदालतले, "सम्बद्धता निर्धारण समितिले आफूले गरेको निर्णय सच्याउन पाउँछ वा पाउँदैन" भन्ने प्रश्नलाई विवादको विषय मानी सो पाउने भनी गरिएको व्याख्या र प्रस्तुत मुद्दाको विवादको प्रश्नसँग परोक्षरूपमा समेत सामीप्यता स्थापना गर्न सकिने स्थिति छैन । उहाँले बहस नोटमा नै प्रस्तुत गर्नु भएको अर्को ने.का.प. २०५६, जेठ, नि.नं. ६६६३ पृष्ठ ८१ को शम्भुप्रसाद दाहालको नजीर दुई अलग सेवासम्बन्धी नियम अर्थात् शिक्षा नियमहरू, २०५० र निजामती सेवा नियमावली, २०५० का पृथक व्यवस्थाका सन्दर्भमा प्रश्न उठी, सम्बन्धित सेवासम्बन्धी ऐन नियमले स्पष्ट गरेको बाहेकको अरू विषयको पनि सुविधा पाउनुपर्ने भन्न मिल्दैन भन्ने नजीरको प्रसङ्ग र पृथक तथ्यले प्रत्यर्थीलाई कुनै फाइदा पुग्न सक्ने स्थिति छैन ।

१६. मूलतः कुनै नजीरको प्रयोगका सन्दर्भमा उक्त मुद्दामा निर्णय गरिनुपर्ने प्रश्न के थियो र त्यसमा कुन कानूनको कस्तो व्याख्या भयो भन्ने कुराको नै सर्वप्रथम निर्क्योल गरिनुपर्ने हुन्छ । निर्णयमा प्रसङ्गवश बोलिएका कुरा न त नजीर हुन्छन्, न त ती अनुकरणीय नै हुन्छन् । प्रस्तुत विवादमा निवेदकले स्नातक उपाधि देखाएर सेवा प्रवेश गरेको १६ वर्षपछि काम लगाउने सरकारी निकायकै स्वीकृति र अनुमतिले स्नातकोत्तर उपाधि हासिल गरेको, त्यो उपाधिलाई सम्बन्धित अख्तियारी प्राप्त दुई कानूनी निकायहरूले स्नातकोत्तर हो र सेवासँग सम्बद्ध हो भनेको स्थिति छ । यसका अतिरिक्त निवेदकसमेतलाई काम लगाउने सम्बन्धित निकायले नै निवेदकको सो उपाधिलाई उपल्लो शैक्षिक उपाधि मानिनुपर्छ भनेको स्थिति छ ।

१७. अब रिट निवेदकले प्राप्त गरेको एम.एस्सी. (इन्टिमोलोजी) को उपाधि विशुद्ध विज्ञान हो वा सो उपाधि कृषि विज्ञानअन्तर्गतको उपाधि

हो भन्ने सम्बन्धमा पनि विचार गर्नुपर्ने भई सोतर्फ अध्ययन गर्दा रिट निवेदकले ताइवानको, "National Chung Hsing University" बाट एम.एस्सी. उत्तीर्ण गरेको पाइन्छ। सो विश्वविद्यालयको "College of Agriculture and National Resources" बाट रिट निवेदक एम.एस्सीको उपाधि हासिल गरेको देखिन्छ । सो विश्वविद्यालयबाट रिट निवेदकले प्राप्त गरेको स्नातकोत्तर उपाधि कृषिसँग सम्बन्धित रहेको र उक्त उपाधिमा अध्यापन हुने विषयहरू "एग्रिकल्चर र एग्रिकल्चरल इन्टिमोलोजी" मा प्रयोगयोग्य भएको भन्ने कुरा प्रमाणित गरिदिएको देखिन्छ। निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिमको समकक्ष निर्धारण समितिले पनि निवेदकले प्राप्त गरेको शैक्षिक उपाधि कृषि सेवा बाली संरक्षण समूहसँग सम्बद्धता भएको भनिएको सन्दर्भमा रिट निवेदकले प्राप्त गरेको उपाधि विशुद्ध विज्ञानतर्फको एम.एस्सी. इन इण्टिमोलोजीको नभई कृषि विज्ञानअन्तर्गतको एम.एस्सी. इन इन्टिमोलोजीको विषय रहेको मान्नुपर्ने हुन्छ ।

१८. रिट निवेदकले बी.एस्सी. (एग्री.) को आधारमा सेवा प्रवेश गरेकाले सेवा प्रवेशपश्चात् अब बी.एस्सी. (एग्री.) कै आधारमा एम.एस्सी. इन्टिमोलोजी अध्ययन गरी उत्तीर्ण हुन्छ र सोलाई सम्बन्धित निकायहरूले स्नातकोत्तर मान्दछन् भने त्यो अतिरिक्त शैक्षिक उपाधि हो। सेवा प्रवेश गर्दा बी. एस्सी. (एग्री.) को उपाधि देखाई सेवा प्रवेश गरेकाहरू मध्ये कसैले एम.एस्सी. (एग्री) को शैक्षिक योग्यता प्राप्त गरेको भए अतिरिक्त शैक्षिक उपाधि मानिने, तर कसैले एम.एस्सी. इन्टिमोलोजी गरेको भए नमानिने भनी अर्थ गर्नु तर्कसंगत हुँदैन। जबकि यी दुवै शैक्षिक योग्यता स्नातकोत्तर उपाधि हुन् । समान परिवेशमा समान स्तरका शैक्षिक उपाधि एउटा स्नातक सरह र अर्को स्नातकोत्तर सरहको भनी अर्थ गर्न मिल्ने हुँदैन । सेवा प्रवेशका लागि सुविधा दिइनु एउटा कुरा हो भने बढुवाका लागि मूल्याङ्कन गरिनु अर्को कुरा हो ।

१९. रिट निवेदकले बी.एस्सी. (एग्री.) को शैक्षिक योग्यताको आधारमा सेवा प्रवेश गरी सोभन्दा माथिको कृषि विज्ञानसँग सम्बन्धित एम.एस्सी. इन इन्टिमोलोजीको शैक्षिक उपाधि हासिल गरेको देखिएकाले निजले प्राप्त गरेको उक्त शैक्षिक उपाधि सेवा प्रवेशको लागि आवश्यक न्यूनतम् योग्यता नभई सोभन्दा माथिको अतिरिक्त शैक्षिक उपाधि भएको देखिन आयो । निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१)(ख) मा कार्य क्षमताको आधारमा बढुवा गर्ने प्रयोजनका लागि निजामती कर्मचारीलाई शैक्षिक योग्यताको अङ्क दिँदा निजामती सेवाको कुनै पदमा सेवा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम् शैक्षिक योग्यता र न्यूनतम् शैक्षिक योग्यताभन्दा माथिको सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधिबापत अतिरिक्त अङ्क प्रदान गर्नुपर्ने स्पष्ट व्यवस्था छ। सेवा प्रवेश गर्दा प्राप्त गरेको उपाधिभन्दा माथिल्लो शैक्षिक योग्यताको उपाधि प्राप्त भै सो उपाधि उक्त सेवा समूह वा उपसमूहसँग सम्बन्धित विषयको अतिरिक्त उपाधि भएको स्पष्ट देखिएको अवस्थामा कार्यक्षमता मूल्याङ्कनद्वारा गरिने बढुवामा निवेदकले प्राप्त गरेको उपाधिलाई अतिरिक्त उपाधिको अङ्क प्रदान गरी बढुवा गर्नुपर्नेमा सो नगर्ने गरी भएको बढुवा समितिको २०६७।११।२५ को निर्णय र सोही निर्णयलाई सदर गरेको लोकसेवा आयोगको मिति २०६८।१।१९ को निर्णय सो हदसम्म त्रुटिपूर्ण देखिन आयो ।

२०. तसर्थ, उल्लिखित आधार र कारणबाट रिट निवेदकलाई निजको एम.एस्सी ( इन्टिमोलोजी) को शैक्षिक उपाधिलाई सेवा प्रवेश गर्दाको न्यूनतम् उपाधिभन्दा माथिल्लो अतिरिक्त

शैक्षिक उपाधिका रूपमा मान्यता नदिई सोबापतको अतिरिक्त अङ्क नदिने गरी गरिएको सो हदसम्म बढुवा समितिको निर्णय सदर गरेको लोकसेवा आयोगको निर्णयसमेत त्रुटिपूर्ण भएकाले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब रिट निवेदकले प्राप्त गरेको अतिरिक्त शैक्षिक उपाधिलाई पनि बढुवा प्रयोजनका लागि निजामती सेवा ऐन, २०४९ को दफा २४ घ(१) को देहाय (ख) बमोजिम अङ्क प्रदान गरी नियमानुसार बढुवा सिफारिश गर्नु गराउनु भनी विपक्षी लोकसेवा आयोगको नाममा परमादेश जारी हुन्छ। यो आदेशले बढुवा बदर भएको विपक्षी कर्मचारी सम्बन्धमा निजामती सेवा नियमावली, २०५० को नियम ८९ख. बमोजिम बढुवा मिलान गर्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था भै रहेको सन्दर्भमा यस रिट निवेदनमा त्यसतर्फ थप केही बोलिरहनु परेन । यो आदेशको प्रतिलिपिसहित महान्यायाधिवक्ता कार्यालयमार्फत विपक्षीहरूलाई आदेशको जानकारी दिई मिसिल नियमानुसार बुझाइ दिनू ।

उक्त आदेशमा सहमत छु ।
का.मु.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा

इति सम्वत् २०७० साल भदौ ३१ गते रोज २ शुभम्
इजलास अधिकृत : विश्वनाथ भट्टराई

# निर्णय नं. ९०४२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री ज्ञानेन्द्र बहादुर कार्की
फैसला मिति : २०७०।३।३२
२०६९-CR-०१८२
मुद्दा : हातहतियार खरखजाना ।

पुनरावेदक/वादी : प्रहरी निरीक्षक इन्द्रबहादुर थापाको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : इलाम जिल्ला, गजुरमुखी गा.वि.स. वडा नं. ७ हाल काठमाडौं जिल्ला, कपन गा.वि.स. वडा नं. ३ बस्ने प्रविण मिश्र

- **गाडीमा सवार भइरहेको अवस्थामा अभियोगपत्रमा उल्लिखित अवैध हातहतियारहरू बरामद भएको तथ्यलाई स्वीकार गरेको भए पनि अदालतमा बयान गर्दा सो गाडीमा आफूलाई अवैध हतियार रहेको भन्ने थाहा नभएको भनी उल्लेख गरेको देखिएको र निजलाई सो गाडीमा अवैध हातहतियार रहेको भन्ने कुराको जानकारी थियो भनी अन्य प्रतिवादीहरूले समेत भन्न नसकेको स्थितिमा अवैध हातहतियार राखेको गाडीमा चढेको कारणले मात्र निजले आरोपित कसूर गरेको भन्न नमिल्ने ।**

(प्रकरण नं.४)

शुरू तहमा फैसला गर्ने:
प्र.जि.अ. श्री हरिराज पन्त
जिल्ला प्रशासन कार्यालय, नवलपरासी

पुनरावेदन तहमा फैसला गर्ने:
मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या. श्री नीता गौतम दीक्षित

पुनरावेदक/वादीकातर्फबाट : विद्वान सहन्यायाधिवक्ता किरण पौडेल

प्रत्यर्थी/प्रतिवादीकातर्फबाट :
अवलम्बित नजीर :
सम्बद्ध कानून : हातहतियार खरखजाना ऐन, २०१९

फैसला

**न्या.ज्ञानेन्द्रबहादुर कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ:-

जिल्ला नवलपरासी दुम्किबास गा.वि.स. वडा नं. १ स्थित पूर्व दुम्किवास बजार, पश्चिम ज्यामिरे खोला, उत्तर बाबुराम पुरीको घर तथा होटल, दक्षिण वनप्रसाद गुरूङको खेत यति चारकिल्लाभित्रको महेन्द्र राजमार्गको दक्षिणतर्फ किनारामा पूर्वतर्फबाट पश्चिमतर्फ जाँदै गरेको दिपक घिमिरे, प्रविण मिश्र, दिपक लामा, टेकबहादुर श्रेष्ठ, विपिन भट्टराई, ओमकार विक्रम कुँवर सवार रहेको बा. ८ च. १७७३ नं. को पजेरो गाडीलाई रोकी खानतलासी गर्दा खुँडा थान १, खुकुरी थान ३, सवारी चालक अनुमति पत्र थान १, सवारी दर्ता प्रमाण पत्र थान १, Automatic Pistol लेखिएको पेस्तोल नाल १, ऐ.को गोली राउण्ड ३ र म्यागजिन थान १ बरामद भएको हो भन्नेसमेत व्यहोराको खानतलासी एवं बरामदी मुचुल्का ।

मिति २०६७।११।१ गते विहान १०:३० बजे जिल्ला नवलपरासी दुम्किबास गा.वि.स. वडा नं. १ स्थित महेन्द्र राजमार्गमा सवारी साधनसमेत आदेशानुसार चेकजाँच गर्ने क्रममा पूर्वतर्फबाट पश्चिमतर्फ आईरहेको बा.८ च. १७७३ नं. को पजेरो गाडीको खानतलासी गर्दा खुँडा थान १, खुकुरी थान ३, सवारी चालक अनुमति पत्र थान १, सवारी दर्ता प्रमाण पत्र थान १, Automatic Pistol लेखिएको पेस्तोल नाल १, ऐ. को गोली राउण्ड ३ र म्यागजिन थान १ बरामद भएको, सो पजेरो गाडीमा सवार भै आएका दिपक घिमिरे, टेकबहादुर श्रेष्ठ, दिपक लामा, प्रविण मिश्र, ओमकार विक्रम कुँवर, विपिन भट्टराईसमेतलाई पक्राउ गरी खानतलासी बरामदी मुचुल्कासमेत खडा गरी बरामदी मुचुल्कामा उल्लेख गरिएका दशीका सामानसहित आवश्यक कारवाहीको लागि दाखिला गरेको छु भन्नेसमेत व्यहोराको प्रहरी निरीक्षक इन्द्रबहादुर थापाको प्रहरी प्रतिवेदन ।

मेरो पहिलादेखि चिनजान भएका प्रविण मिश्रले मैले चिनेको राजन श्रेष्ठ भन्ने राजकुमार राजवंशी माडेको ड्राईभर हुनुहुन्छ, उहाँले आफू काम गर्ने माडेले भारतबाट अवैध सुन लिई आउँछ, हामीहरूले माडेको सुन लुट्नुपर्छ, सुन अवैध भएकोले उसले प्रहरीमा रिपोर्ट पनि गर्दैन, यसअघि ३ पटकसम्म १/१ क्वीन्टल सुन ल्याई सकेको छ, फेरि पनि सुन ल्याउनेवाला छ भनी बताएका छन् भनेकोले मैले हुन्छ भनी सहमति दिएँ । मलगायत अन्य चिनेका साथीहरू दिपक लामा, टेकबहादुर श्रेष्ठ, विपिन भट्टराई, ओमकार विक्रम कुँवरसमेत भई माडेको सुन लुट्नको लागि तयार भयौं। सोही क्रममा मेरो र प्रविण मिश्रको राजकुमार राजवंशीसँग २ पटक भेट भयो । निजले सुन लुट्ने योजना कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने पेस्तोल नाल १, म्यागजिन थान १ र गोली राउण्ड ३ रक्सौलबाट रू. ५०,०००।- मा किनी काठमाडौं स्थित आफ्नो घरमा ल्याई लुकाई राखे। बसुन्धाराबाट रू. २६००।- मा एउटा खुँडा, दुईवटा खुकुरी किने । एउटा खुकुरी मैले

मनकामनाबाट किनेर ल्याएको थिएँ । राजकुमार राजवंशीले मिति २०६७।११।१ गते माडेले भारतबाट ५० किलो सुन लिई आउने प्रोग्राम छ, म माडेसँग भैरहवा जाँदैछु, गाडीमा सुन लोड गरी सकेपछि तपाईंहरूलाई गाडीको नम्बर र रंग फोनमा बताई दिन्छु, तपाईंहरू दाउन्ने उकालोमा गाडी रोक्ने इशारा गर्नुहोला, म गाडी साईडबाट रोकिदिन्छु, त्यसपछि तपाईंहरूले माडेलाई हतियार खुँडा, खुकुरी देखाई तर्साइ सुन लुट्नुहोला र मलाई पनि कुटपीट गरी घाईते बनाई दिनुहोला भनेकोले मैले सोही योजनाअनुसार बा. ८ च. १७७३ नं. को पजेरो गाडी भाडामा लिई मिति २०६७।११।१ गते मेरो साथीहरू दिपक लामा, टेकबहादुर श्रेष्ठ, प्रविण मिश्र, ओमकार विक्रम कुँवर र विपिन भट्टराईसमेतलाई साथमा लिई मैले घरमा राखेको खुँडा थान १, खुकुरी थान ३, पेस्तोल नाल १, गोली राउण्ड ३ र म्यागजीन थान १ बा.८ च. १७७३ नं. को पजेरोमा लोड गरी सुन लुट्न दाउन्ने उकालोमा आउँदा जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स. वडा नं. १ स्थित महेन्द्र राजमार्गमा डिउटीमा रहेका प्रहरीहरूले हामी चढेको पजेरो गाडी रोकी खानतलासी गर्दा हामीहरूले लिई आएको पेस्तोल नाल १, म्यागजिन थान १, गोली राउण्ड ३, खुँडा थान १, खुकुरी थान ३ समेत फेला पारी हामी छ जनालाई पक्राउ गरी लिई आएको हो । बरामद गरिएको हातहतियार देखाउँदा हेरें चिनें । उक्त हतियारहरू हामी सबैजनाले बा. ८ च. १७७३ नं. को पजेरोमा सुन लुट्नको लागि लिई आएका हतियार हुन् । बरामदी मुचुल्कामा गरेको सहीछाप मेरो हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक घिमिरेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान    कागज ।

म इलाममा B.A. First Year मा अध्ययन गर्दा झापा सुरूङ्गा बस्ने राजन भन्ने राजकुमार राजवंशीसँग मेरो चिनाजानी थियो । पछि म काठमाडौं पढ्न आउँदा निजसँग अचानक भेट भई कुराकानीको क्रममा राजकुमार राजवंशीले आफू माडेको निजी कारको ड्राइभरको रूपमा कार्यरत् रहेको बताएका थिए । पछि फोनमा राजकुमारसँग कुराकानी हुँदा निजले आफू काम गर्ने माडेले भारतबाट अवैध सुन ल्याई कारोवार गर्छन्, एक पटकमा घटीमा पनि ५० किलो सुन ल्याउँछन्, सुन लिनको लागि माडे आफैं आउँछ कि त माडेको छोरा आउँछ, हामीहरूले उक्त सुन लुट्नुपर्छ भनेकोले म पनि लोभ लालचामा परेर सो कुरामा सहमत भएँ । उक्त काम गर्नको लागि मैले चिनेका दिपक घिमिरेलाई सो कुरा सुनाउँदा दिपक घिमिरे पनि सुन लुट्ने योजनामा सहमत भएपछि राजकुमार राजवंशीसँग फोनमा कुरा गराई भेट गराई दिएको थिएँ । राजकुमारले सुन लुट्नको लागि ५/६ जना मानिस र पेस्तोलको आवश्यकता पर्छ भनी आफू भारत गएको अवस्थामा पेस्तोल लिई आउँछु भनेका थिए । निजले पेस्तोल ल्याएपछि दिपक घिमिरेले रक्सौलबाट पेस्तोल गोलीसमेत किनी ल्याए र खुँडा, खुकुरीसमेत किनी राखे । सुन लुट्नको लागि दिपक लामा, टेकबहादुर श्रेष्ठ, ओमकार विक्रम कुँवर, विपिन भट्टराईसँग कुरा गरी राखेका थिए । मिति २०६७।११।१ गते म माँडेसँग कारमा आउँछु, हिड्नुभन्दा पहिला तपाईंलाई गाडी नम्बर र रंग फोनमा भनिदिन्छु, १ गते दाउन्ने उकालोमा आई बस्नु, मैले हाँकी ल्याएको गाडीलाई हात दिएर रोक्न लगाउनु, मैले गाडी रोकी दिन्छु, त्यसपछि साहु र मलाईसमेत कुटपीट गरी सुन खोसी हाल्नुहोला, लुटिएको सुन हामी सबैजनाले बराबर बाँडौला भनी राजकुमार राजवंशीले मलाई र दिपक घिमिरेलाई भनेपछि दिपक घिमिरेले २०६७।११।१ गते पजेरो गाडी भाडामा लिए । पछि दिपक लामासमेत दिपक घिमिरेको घरमा गई निजले आफ्नो घरमा राखेको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन

थान १, खुँडा थान १, खुकुरी थान ३ समेत हामी चढी गएको बा. ८ च. १७७३ नं. को पजेरो गाडीमा राखी माडेको सुन लुट्नको लागि काठमाडौंबाट नवलपरासी जिल्लाको दाउन्नेदेवी उकालोमा आउँदा जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स. वडा नं. १ स्थित महेन्द्र राजमार्गमा प्रहरीहरूले हामी चढी आएको पजेरो गाडीको चेकजाँच गर्दा हतियारहरू फेला पारेकोले हामी सबैजनालाई पक्राउ गरी लिई आएको हो। बरामद गरिएको हातहतियारहरू देखाउँदा हेरें चिनें। उक्त हतियारहरू हामीहरूले दिपक घिमिरेको घरबाट बा. ८ च. १७७३ नं. को पजेरो गाडीमा लिई आएको हतियार हो, बरामदी मुचुल्कामा गरेको सहीछाप मैले गरेको हो, सनाखत गरी दिएँ। मसँग हातहतियार राख्न पाउने, एक स्थानबाट अर्को स्थानमा लिई जान पाउने अनुमति पत्र छैन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रविण मिश्रले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मेरो पहिलादेखि चिनाजानी भएका दिपक घिमिरे र प्रविण मिश्रसमेतले मसँग पहिला नै सल्लाह गरेबमोजिम माडेले लिई आउने अवैध ५० किलो सुन खोस्नको लागि मिति २०६७।११।१ गते दिपक घिमिरेले भाडामा लिएको बा.८ च. १७७३ नं. को पजेरो जीपमा म, दिपक घिमिरे, प्रविण मिश्र, टेकबहादुर श्रेष्ठ, ओमकार विक्रम कुँवर, विपिन भट्टराई, काठमाडौं जिल्ला, विष्णु गा.वि.स. वडा नं. ८ स्थित दिपक घिमिरेको घरमा गई दिपक घिमिरेको घरमा पहिलादेखि नै राखेको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा थान १, खुकुरी थान ३ समेत सोही पजेरो गाडीमा लुकाई हामी सबैजना सोही पजेरो जीपमा सवार भई भैरहवातर्फबाट राजकुमार राजवंशीले आफ्नो साहुको साथमा कारमा लिई आएको अवैध सुन खोस्नको लागि दाउन्ने देवीको उकालोतर्फ जाँदै गरेको अवस्थामा जिल्ला नवलपरासी दुम्किवास गा.वि.स.वडा नं.१ स्थित महेन्द्र राजमार्गमा डिउटीमा रहेका प्रहरीहरूले हामी चढी आएको पजेरो जीपलाई रोकी खानतलासी गर्दा हामीले उक्त पजेरोमा ल्याएको पेस्तोल नाल १, ऐ. को गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा थान १, खुकुरी थान १ समेत बरामद भएकोले प्रहरीले पक्राउ गरी लिई आएको हो। देखाईएको हातहतियार तथा गोलीहरू हामीहरूले दिपक घिमिरेको घरबाट लिई आएका हौं। बरामदी मुचुल्कामा गरेको सहीछाप मेरो हो, मैले हातहतियार राख्न पाउने, एक स्थानबाट अर्को स्थानमा लान पाउने अनुमति पत्र प्राप्त गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मेरो पहिलादेखि चिनाजानी भएका दिपक घिमिरे र प्रविण मिश्रसमेतले मसँग पहिला नै सल्लाह गरेबमोजिम माडेले लिई आउने अवैध ५० किलो सुन खोस्नको लागि मिति २०६७।११।१ गते दिपक घिमिरेले भाडामा लिएको बा. ८ च. १७७३ नं. को पजेरो जीपमा म, दिपक घिमिरे, प्रविण मिश्र, टेकबहादुर श्रेष्ठ, ओमकार विक्रम कुँवर, विपिन भट्टराई, दिपक घिमिरे काठमाडौं जिल्ला, विष्णु गा.वि.स. वडा नं. ८ स्थित दिपक घिमिरेको घरमा गई निजले आफ्नो घरमा राखेको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्याग्जीन थान १, खुँडा थान १, खुकुरी थान ३समेत सोही पजेरो गाडीमा लुकाई हामी सबैजना सोही पजेरो गाडीमा सवार भई भैरहवातर्फबाट दाउन्ने देवीको उकालोतर्फ जाँदै गरेको अवस्थामा जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स.वडा नं. १ स्थित महेन्द्र राजमार्गमा डिउटीमा रहेका प्रहरी कर्मचारीहरूले हामी चढी आएको पजेरो जीपलाई रोकी खानतलासी गर्दा हामीले उक्त पजेरोमा

राखी ल्याएको पेस्तोल नाल १, ऐ. को गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा थान १, खुकुरी थान ३समेत बरामद भएकोले प्रहरीले पक्राउ गरी लिई आएका हुन्। देखाइएको हतियार तथा गोलीहरू हामीहरूले दिपक घिमिरेको घरबाट लिई आएको हातहतियारहरू हुन् । बरामदी मुचुल्कामा गरेको सहीछाप मेरो हो । मैले हातहतियार राख्न पाउने, एक स्थानबाट अर्को स्थानमा लान पाउने अनुमती पत्र प्राप्त गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी टेकबहादुर श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

दिपक घिमिरेसँग मेरो पहिलादेखि चिनजान थियो, उहाँले मेरो चिनाजानी भएका एकजना माडेको ड्राइभर राजकुमार राजवंशीले भनेअनुसार निजको साहुले भारतबाट अवैध सुन लिई आउँछन्, २/३ पटक १/१ क्वीन्टल सुन लिई आई सकेका छन्, फेरि ५० किलो सुन लिई आउनेवाला छन्, हामीहरूले ५० किलो सुन लुटी बराबर बाड्नु पर्छ भनेका छन् तपाईं पनि सुन लुट्न जानुपर्छ भनेकाले मनमा लालचा सिर्जना भई म पनि दिपक घिमिरेलाई आफू पनि उक्त कार्यमा सहभागी हुन सहमति दिएँ । त्यसपछि दिपक घिमिरेले सुन लुट्नको लागि आवश्यक पर्ने हातहतियार मैले घरमा संकलन गरी राखेको छु, माडेले सुन ल्याएको कुरा राजकुमार राजवंशीले हामीलाई खबर गर्छन्, सोहीअनुसार सुन लुट्न जाने भनेका थिए । माडेको ड्राइभरले खबर गरेअनुसार मिति २०६७।११।१ गते नवलपरासी जिल्लाको दाउन्ने देवीको उकालोमा माडेको सुन लुट्ने तय भई दिपक घिमिरेले बा. ८ प. १७७३ नं. को पजेरो गाडी भाडामा लिई आए । गाडीमा म, दिपक लामा, प्रविण मिश्र, टेकबहादुर श्रेष्ठ र ओमकार बिक्रम कुँवर दिपक घिमिरेको घरमा गई निजले घरमा राखेको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा थान १, खुकरी थान ३ समेत सो गाडीमा राखी हामी चढी गएको अवस्थामा अन्दाजी १०:३० बजेको समयमा जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स. वडा नं. १ स्थित महेन्द्र राजमार्गमा डिउटीमा रहेका प्रहरीले हामी चढी आएको पजेरो गाडीलाई रोकी खानतलासी लिँदा हामीले उक्त पजेरो गाडीमा लिई आएको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा १, खुकुरी थान ३ समेत बरामद भएकोले सबै जनालाई प्रहरीले पक्राउ गरी लिई आएको हो । देखाइएको हातहतियारहरू हामी काठमाडौंबाट सुन लुट्न लिई आएको बा. ८ च. १७७३ नं को पजेरो जीपबाट बरामद भएको हो, बरामदी मुचुल्काको सहीछाप मेरो हो, मसँग हातहतियार राख्न पाउने, एक स्थानबाट अर्को स्थानमा हतियार लिई जान पाउने अनुमति पत्र छैन, भन्नेसमेत व्यहोराको प्रतिवादी विपिन भट्टराईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मेरो पहिलादेखि चिनजान भएका दिपक घिमिरेले मलाई भेटी एकजना माडेले भारतबाट अवैध तरिकाले सुन ल्याउँछन्, उक्त कुरा ड्राइभर राजन भन्ने राजकुमार राजवंशीले मलाई बताएका छन्, माडेले भारतबाट निकट भविष्यमा ५० किलो अवैध सुन लिई आउँदैछन् सो सुन ल्याउने बेलामा राजकुमारले हामीहरूलाई खबर गर्छन्, हामी सबैजना मिली उक्त सुन लुट्नुपर्छ, हामी सबैजनाले बराबर बाँडौंला, हामीसँगै दिपक लामा, बिपिन भट्टराई, टेकबहादुर श्रेष्ठ, प्रविण मिश्र पनि जान्छन् भनेकोले मेरो मनमा लालच सिर्जना भई मैले पनि उक्त कार्य गर्नको लागि सहमति दिएको थिएँ। पछि राजकुमार राजवंशीले दिपक घिमिरेलाई फोन गरी मिति २०६७।११।१ गते माडेले भारतबाट ५० किलो सुन लिई आउदै छन्, हामीले दाउन्नेको उकालोमा ड्राइभर र माडेलाई सामान्य

कुटपीट गरी सुन खोस्नुपर्छ भनेबमोजिम दिपक घिमिरेले सुन लुट्न जाने अन्य साथीहरूलाई खबर गरी आफू बा. ८ च. १७७३ नं. को पजेरो जीप लिई आए । उक्त पजेरो जीपमा म, दिपक लामा, प्रबिण मिश्र, विपिन भट्टराई, टेकबहादुर श्रेष्ठसमेत दिपक घिमिरेको घरमा गई निजले पहिलादेखि नै आफ्नो घरमा संकलन गरी राखेको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन थान १, खुँडा थान १, खुकुरी थान ३ समेत पजेरो जीपमा लोड गरी लुकाई सोही पजेरो जीपमा चढी माडेको सुन लुट्नको लागि जाँदै गर्दाको अवस्थामा प्रहरीहरूले हामी चढेको पजेरो गाडी रोकी खानतलासी लिँदा उक्त पजेरो गाडीमा राखेको हातहतियार बरामद भएको हो । बरामदी मुचुल्काको सहीछाप मेरो हो, मसँग हतियार राख्न पाउने, एक स्थानबाट अर्को स्थानमा हतियार लिई जान पाउने अनुमति पत्र छैन भन्नेसमेत व्यहोराको प्रतिवादी ओमकार बिक्रम कुँवरले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

मिति २०६७।११।१ गते १०:३० बजेको समयमा म जिल्ला नवलपरासी, दुम्किबास गा.वि.स. वडा नं. १ स्थित महेन्द्र राजमार्गमा थिएँ। सोही समयमा पूर्वतर्फबाट पश्चिमतर्फ गई रहेको बा. ८ च. १७७३ नं. को पजेरो जीपलाई डिउटीमा रहेका प्रहरीहरूले रोकी उक्त जीपको खानतलासी लिँदा खुँडा थान १, खुकुरी थान ३, सवारी चालक अनुमति पत्र थान १, सवारी दर्ता प्रमाण पत्र १, Automatic Pistol लेखिएको पेस्तोल नाल १, सोको गोली राउण्ड ३, म्यागजिन थान १ समेत बरामद भएकोले बरामदी मुचुल्कासमेत खडा गरी उक्त जीपमा चढी आएका दिपक घिमिरे, दिपक लामा, टेकबहादुर श्रेष्ठ, विपिन भट्टराई, ओमकार विक्रम कुँवर, प्रविण मिश्रसमेतलाई प्रहरीले पक्राउ गरी लिई गएका हुन्। पक्राउमा परेका व्यक्तिहरूले उक्त हातहतियार गोली गट्ठा के कुन प्रयोजनको लागि लिई आएका थिए, सो सम्बन्धमा थाहा भएन भन्नेसमेत व्यहोराको नारायण पौडेलसमेत जना ३ ले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

बरामदी मुचुल्का, प्र.नि. इन्द्रबहादुर थापाको प्रतिवेदन, दिपक घिमिरेसमेत जना ६ को बयान, वस्तुस्थिति मुचुल्का र बरामद पेस्तोल, म्यागजिन, गोली, खुँडा, खुकुरीसमेतका प्रमाणका आधारमा प्रतिवादी दिपक घिमिरेसमेतको आपसी सरसल्लाह योजना र मिलेमतोमा २०६७।११।१ गतेका दिन नवलपरासी जिल्लाको दाउन्ने पहाडमा सुन लुट्ने उद्देश्यले इजाजतबिना बरामद हतियार खरखजाना, खुँडा, खुकुरी बा. ८ च. १७७३ नं. को पजेरो गाडीमा राखी आफूहरू सोही गाडीमा बसी काठमाडौंदेखि ल्याउने कार्य गरेकोले प्रतिवादी दिपक घिमिरेसमेत जना ६ ले हात हतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२), ५ (१) को बर्खिलाप कार्य गरी सोही ऐनको दफा २०(२) को देहाय (क) (ख) (ग) तथा दफा २० (३) को देहाय (क) र (ख) को कसूर गरेकोले निज प्रतिवादीहरूलाई सोही ऐनको दफा २०(२) र दफा २०(३) बमोजिम सजाय गरी बरामदी मुचुल्कामा उल्लेखित हतियार ओसार पसार गर्न प्रयोग भएको बा. ८ च. १७७३ नं. को पजेरो गाडी, पेस्तोल, गोली म्यागजिनसमेत ऐ. ऐनको दफा १६ बमोजिम जफत गरी पाऊँ भन्ने व्यहोराको अभियोग पत्र ।

मिति २०६७।११।१ गते मसमेतका प्रतिवादीहरू काठमाडौंदेखि बा. ८ च. १७७३ नं. को गाडीमा आउँदै गर्दा नवलपरासी जिल्लाको दुम्किबास स्थित राजमार्गमा प्रहरीले हामी आएको गाडी खानतलासी गर्दा बरामदी मुचुल्कामा उल्लेखित सामान बरामद भएको हो । उक्त सामान दिपक घिमिरेले कहाँबाट ल्याए थाहा

छैन । मैले सो सामान ल्याएको होइन, प्रहरीमा भएको कागज नदेखाई नसुनाई सहीछाप गराइएको हो । मैले आरोपित कसूर गरेको छैन । मसँग हातहतियार लिई हिड्न पाउने इजाजत पत्र छैन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रविण मिश्रले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

दिपक घिमिरेले बुटवलतर्फ घुम्न जाउँ भनेकोले बा. ८ च. १७७३ नं. को गाडीमा मसमेतका प्रतिवादीहरू आउँदै गर्दा जिल्ला नवलपरासी, दुम्किबासस्थित राजमार्गमा प्रहरीले गाडी रोकी गाडी चेकजाँच गर्दा पेस्तोल गोलीसमेत फेला पारी प्रहरीले बरामद गरेका हुन् । अवैध हतियार गाडीमा थियो भन्ने कुरा मलाई थाहा थिएन । प्रहरीमा भएको कागज पढी बाची नसुनाई गराईएको हो । मैले आरोपित कसूर गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी ओमकार विक्रम कुँवरले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

मसमेतका प्रतिवादीहरू काठमाडौंदेखि बा. ८ च. १७७३ नं. को गाडीमा बुटवलसमेतका स्थानमा घुम्न भनी आई रहेका बखत जिल्ला नवलपरासी, दुम्किबासस्थित राजमार्गमा प्रहरीले गाडी खानतलासी गर्दा गाडीमा पेस्तोल गोली म्यागजिनसमेत बरामद भएको हो, मैले ल्याएको होइन, मलाई गाडीमा अवैध हतियार रहेको कुरा थाहा थिएन, प्रहरीमा गराईएको कागज पढी बाची नसुनाई गराइएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विपिन भट्टराईले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

मिति २०६७।११।१ गते का दिन मसमेतका प्रतिवादीहरू बुटवल घुम्न जान बा. ८ च. १७७३ नं. को गाडीमा आउँदै गर्दा जिल्ला नवलपरासी, दुम्किबासमा प्रहरीले गाडी रोकी खानतलासी गर्दा गाडीमा भएको पेस्तोलसमेतका सामान बरामद गरेका हुन् । उक्त सामान मैले आत्मरक्षाको लागि लिई हिँडेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक घिमिरले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

२०६७।११।१ गतेका दिन मसमेतका प्रतिवादीहरू बा. ८ च. १७७३ नं. को गाडीमा आउँदै गर्दा जिल्ला नवलपरासी, दुम्किबासस्थित राजमार्गमा प्रहरीले गाडीको खानतलासी गर्दा पेस्तोलसमेतका सामान बरामद भएको हो उक्त सामान मेरो होइन दिपक घिमिरेले कहाँबाट ल्याए थाहा छैन भन्ने व्यहोराको प्रतिवादी दिपक लामाले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

२०६७।११।१ गतेका दिन मसमेतका प्रतिवादीहरू बा. ८ च. १७७३ नं. को गाडीमा आउँदै गर्दा जिल्ला नवलपरासी, दुम्किबासस्थित राजमार्गमा प्रहरीले गाडीको खानतलासी गर्दा पेस्तोलसमेतका सामान बरामद भएको हो । उक्त सामान मेरो होइन । दिपक घिमिरेले कहाँबाट ल्याए थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी टेकबहादुर श्रेष्ठले शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा गरेको बयान ।

किटानी प्रतिवेदन, बरामदी मुचुल्का समेतका आधारमा प्रतिवादी दिपक घिमिरेसमेत जना ६ ले हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२), ४(२) र ५(१) को बर्खिलाप हुने गरी सोही ऐनको दफा २०(२) को देहाय (क), (ख), (ग) र २०(३) को देहाय (क) र (ख) को कसूर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी प्रविण मिश्र र दिपक घिमिरेलाई जनही ३/३ बर्ष कैद र प्रतिवादीहरू टेकबहादुर श्रेष्ठ, दिपक लामा, विपिन भट्टराई र ओमकार विक्रम कुँवरलाई जनही रू. ८०,०००।- जरीवाना हुने र बरामद भएको बा. ८ च. १७७३ को गाडी पेस्तोल, खुकुरी, गोली, म्यागजिन जफत हुने ठहर्छ भन्नेसमेत व्यहोराको

जिल्ला प्रशासन कार्यालय, नवलपरासीको मिति २०६८।२।१८ को फैसला ।

पेस्तोल मबाट बरामद भएको होइन । सहप्रतिवादी दिपक घिमिरेले मैले आत्मरक्षाको लागि राखेको भनी जिल्ला प्रशासन कार्यालयसमक्ष बयान गरेको पाईन्छ । मबाहेक अरू कसैको संलग्नता छैन भनी निजले बयान गरी रहेको अवस्था छ। मौकामा भएको बयान व्यहोरा मलाई नसुनाई सहीछापसम्म गराएका हुन् । आरोपित कसूर मैले गरेको होइन। प्रतिवेदकले समेत बकपत्र गर्दा मेरो संलग्नता रहेको भनी लेखाउन सकेको छैनन् भने दिपक लामासमेतलाई जरीवाना गर्ने र मलाई कैद गर्ने गरी भएको शुरू फैसला आफैंमा बिरोधाभाषपूर्ण छ। मैले आरोपित कसूर नगरेको अवस्थामा सजाय हुने गरी भएको शुरू फैसला अ.वं. १८४क, १८५ नं. तथा प्रमाण ऐन, २०३१ को विपरीत हुँदा बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रविण मिश्रको पुनरावेदन अदालत, बुटवलमा पर्न आएको पुनरावेदन पत्र ।

प्रतिवादी प्रविण मिश्रको साथबाट हतियार बरामद नभएको र निजले आरोपित कसूरमा इन्कार रही बयान गरेको स्थितिमा निजलाई अभियोग दावीबमोजिम सजाय गर्ने गरेको जिल्ला प्रशासन कार्यालय, नवलपरासीको निर्णय फरक पर्न सक्ने देखिँदा छलफलका लागि मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन सरकारी वकील कार्यालय, बुटवललाई पेशीको जानकारी गराई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६८।८।१४ को आदेश ।

सवारी धनी हरिकृष्ण धेकेलाई बुझेको नदेखिँदा निजलाई अ.बं. १३९ बमोजिम बुझी पेश गर्नु भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६८।११।३० को आदेश ।

बा. ८ च. १७७३ नं. को जापानी पजेरो गाडी मेरो नाउँमा दर्ता छ। उक्त गाडी बिक्री गर्न एस.आर.एस. अटो सर्भिसका समिर बुढालाई जिम्मा दिएकोमा दिपक घिमिरेले चित्त बुझे किन्ने नत्र विवाह कार्यक्रममा ट्रायल गरी दैनिक रू. ५०००।- भाडा दिने गरी लगेका रहेछन् । निज सम्पर्कमा नआएपछि मैले हनुमान ढोकामा गाडी हराएको भनी निवेदन दिएको थिएँ । पछि हातहतियार मुद्दामा परेको थाहा पाई जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा सो गाडी फिर्ता पाउन निवेदन दिएकोमा पछि खबर गरौंला भनी जानकारी दिएका र मलाई नबुझी जफत गर्ने भनी निर्णय गरेउपर सर्वोच्च अदालतमा उत्प्रेषणको रिट निवेदन दिएको छु, मैले कुनै कसूर गरेको छैन, गाडी फिर्ता पाऊँ भन्ने व्यहोराको सवारी धनी हरिकृष्ण धेकेले पुनरावेदन अदालत, बुटवलमा गरेको बयान ।

बरामद भै आएको १ थान पेस्तोल यी पुनरावेदक प्रतिवादी प्रविण मिश्रको साथबाट बरामद भएको देखिएन । सो पेस्तोल प्रविण मिश्रले कसैबाट खरीद गरेको वा कसैलाई बिक्री गरेको वा आफ्नो साथमा राखेको वा चलाएको वा ओसारपसार आदि केही गरेको देखिने कुनै तथ्य खुल्न आएको पाईएन । केवल प्रतिवादी दिपक घिमिरेको साथमा पेस्तोल रहेको र निज दिपक घिमिरेले चलाई ल्याएको गाडीमा सँगै आएकोसम्मको कारणबाट प्रतिवादी प्रविण मिश्रलाई अवैध हातहतियारसम्बन्धी कसूरदार ठहर गर्नु न्यायोचित देखिएन । अतः मिसिल संलग्न प्रमाणबाट प्रतिवादी प्रविण मिश्रले आरोपित हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० बमोजिम सजाय हुने कसूर गरेको भनी अभियोजन पक्षले प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको

हुँदा केवल शङ्काकै भरमा दोषी ठहर गर्नु मुनासिब नभएकोले निजलाई कसूरदार ठहर गरेको शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीको मिति २०६८।२।१८ को फैसला केही उल्टि भई प्रतिवादी प्रविण मिश्रले आरोपित कसूरको अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, बुटवलको मिति २०६९।१।३१ को फैसला ।

सुन लुट्ने योजना बनाई अवैध हातहतियारसहित बा.८ च. १७७३ नं. को गाडीमा चढी प्रतिवादीहरू हिँडेका अवस्थामा सो गाडीबाट अवैध हतियार बरामद भएको, प्रतिवादी प्रविण मिश्रले अनुसन्धान अधिकारीसमक्ष आरोपित कसूरमा सावित भई बयान गरेको, हातहतियार खरखजाना ऐन, २०१९ ले हातहतियार लिई हिड्ने कार्यलाई निषेध गरेको समेतका स्थितिमा प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला उल्टि गरी अभियोग दावीबमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारकातर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदक वादीतर्फका विद्वान सहन्यायाधिवक्ता श्री किरण पौडेलले प्रतिवादी प्रविण मिश्रसमेतको सल्लाहमा सुन लुट्ने उद्देश्यले बा. ८ च. १७७३ नं. को पजेरो गाडीमा अवैध हतियार राखी आइरहेको अवस्थामा पक्राउ परेका र निज प्रतिवादी आरोपित कसूरमा अधिकारप्राप्त अधिकारीसमक्ष साबित भएको समेतका कारणले निजसमेत अवैध हातहतियार ओसार पसार गर्ने कार्यमा संलग्न रहेको हुँदा निजलाई सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको फैसला नमिलेको हुँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउने आदेश जारी हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो ।

२. अब, अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी झिकाउनु पर्ने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा बा. ८ च. १७७३ नं. को पजेरो गाडीमा सवार भई रहेको अवस्थामा पेस्तोल थान १, गोली राउन्ड ३ र म्यागजिनसमेत बरामद भएकोले सो गाडीमा यात्रा गर्ने प्रतिवादीहरू दिपक घिमिरे, प्रविण मिश्र, दिपक लामा, टेकबहादुर श्रेष्ठ, विपिन भट्टराई र ओम विक्रम कुँवरसमेतले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(३) को खण्ड (क) र (ख) को कसूर गरेका हुँदा निजहरूलाई सोही ऐनको दफा २०(२) र २० (३) बमोजिमको सजाय माग दावी लिई अभियोग पत्र दायर भएको देखिन्छ । शुरू जिल्ला प्रशासन कार्यालय, नवलपरासीले प्रतिवादीहरूलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) को खण्ड (क), (ख) र (ग) तथा दफा २०(३) को खण्ड (क) र (ख) को कसूरमा सोही दफाबमोजिम प्रतिवादी दिपक घिमिरे र प्रविण मिश्रलाई जनही ३ वर्ष कैद सजाय हुने र अन्य प्रतिवादीहरू टेकबहादुर श्रेष्ठ, दिपक लामा, विपिन भट्टराई र ओमकार विक्रम कुँवरलाई जनही रू. ८०,०००।- का दरले जरीवाना हुने ठहऱ्याई फैसला गरेउपर प्रतिवादीमध्येका प्रविण मिश्रले पुनरावेदन अदालत, बुटवलमा पुनरावेदन गरेकोमा पुनरावेदन अदालत, बुटवलले प्रतिवादी प्रविण मिश्रलाई सफाइ दिने ठहऱ्याई फैसला गरेउपर वादी नेपाल सरकारकोतर्फबाट प्रस्तुत पुनरावेदन पर्न आएको पाइयो ।

३. प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामद भएको पेस्तोल, गोली तथा म्यागजिनसमेत बा. ८ च. १७७३ नं. को गाडीमा राखी सुन लुट्ने उद्देश्यले हिँडेको भनी बयान गरे पनि अदालतमा बयान गर्दा आफूलाई उक्त गाडीमा अवैध हातहतियार रहेको कुरा थाहा नभएको र उक्त हातहतियार

प्रतिवादीहरूमध्येकै दिपक घिमिरेको भएको भन्ने व्यहोरा लेखाएको पाईन्छ । अन्य प्रतिवादीहरूले अदालतमा बयान गर्दा यी प्रतिवादी प्रविण मिश्रलाई बरामद भएको बा. ८ च. १७७३ को गाडीमा अवैध हातहतियार रहेको कुराको जानकारी रहेको थियो भन्ने कुरा खुलाउन सकेको देखिँदैन । अझ प्रतिवादीमध्येका दिपक घिमिरेले अदालतमा बयान गर्दा आफूले उक्त हतियार आत्मरक्षाका लागि लिएर हिँडेको भन्ने व्यहोरा उल्लेख गरेबाट आरोपित कसूरमा निजको मात्र संलग्नता रहेको र यी प्रतिवादीको संलग्नता नरहेको भन्ने पुष्टि गरी दिएका छन् ।

४. यी प्रतिवादी प्रविण मिश्रले अनुसन्धान अधिकारी र अदालतमा समेत बयान गर्दा बरामद भएको बा. ८ च. १७७३ नं. को गाडीमा सवार भईरहेको अवस्थामा अभियोग पत्रमा उल्लेखित अवैध हातहतियारहरू बरामद भएको तथ्यलाई स्वीकार गरेको भए पनि अदालतमा बयान गर्दा सो गाडीमा आफूलाई अवैध हतियार रहेको भन्ने थाहा नभएको भनी उल्लेख गरेको देखिएको र निजलाई सो गाडीमा अवैध हातहतियार रहेको भन्ने कुराको जानकारी थियो भनी अन्य प्रतिवादीहरूले समेत भन्न नसकेको स्थितिमा अवैध हात हतियार राखेको गाडीमा चढेको कारणले मात्र निजले आरोपित कसूर गरेको भन्न मिलेन ।

५. हातहतियार खरखजना ऐन, २०१९ ले अवैधरूपमा हातहतियार राख्ने, त्यस्तो हातहतियार लिई हिंड्ने र बिक्री वितरण गर्नेसमेतका कार्यलाई निषेध गरेको भए पनि निज प्रतिवादीसमेत चढेको गाडीमा अवैध हातहतियार रहेको कुराको जानकारी यी प्रतिवादीलाई रहेको तथ्ययुक्त प्रमाणबाट नदेखिएको र उक्त गाडीमा अवैध हातहतियार राख्ने कार्यमा निजको संलग्नता रहेको पनि नदेखिएको स्थितिमा निज चढेको सवारी साधनबाट अवैध हातहतियार बरामद भएको कारणले मात्र निजलाई कसूरदार ठहर गर्नु कानून एवं न्यायसङ्गत देखिन आउँदैन । वादी पक्षले प्रतिवादी प्रविण मिश्र चढेको गाडीमा अवैध हातहतियार रहेको कुरा निज प्रतिवादीलाई थाहा थियो र त्यस्तो अवैध हातहतियार गाडीमा राख्ने कार्यमा निज प्रतिवादीको संलग्नता रहेको भन्ने कुराको ठोस र तथ्ययुक्त प्रमाण पेश गर्न सकेको देखिँदैन । प्रतिवादीले आरोपित कसूर गरेको भन्ने ठोस र तथ्ययुक्त प्रमाणको अभाव रहेको यस्तो स्थितिमा केवल शङ्का र अनुमानको भरमा मात्र निजलाई कसूरदार ठहर गर्न मिलेन ।

६. तसर्थ प्रतिवादी प्रविण मिश्रलाई हातहतियार खरखजाना ऐन, २०१९ को दफा २० को कसूरबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।

न्या.रामकुमार प्रसाद शाह

इति सम्वत् २०७० साल असार ३ गते रोज २ शुभम्
इजलास अधिकृतः– किशोर घिमिरे

## निर्णय नं. ९०४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
फैसला मिति : २०७०।८।१७।२
०६९-MS-०००५

विषय :- अपहेलनामा सजाय गरी पाऊँ ।

निवेदिका : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ वाफल घर भै तत्कालीन सिंचाई मन्त्रालयको सचिव पदमा कार्यरत् विन्द्रा हाडा भट्टराई

विरूद्ध

विपक्षी : प्रधानमन्त्री बाबुराम भट्टराई, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **अनिवार्य अवकाश हुनै लागेकी निवेदिकालाई ससम्मान अवकाश हुनसमेत नदिई बद्नियतपूर्वक विपक्षीहरूले कारण र आधारसमेत नदिई सरूवा गर्ने निर्णय गरेको र सो सरूवा निर्णयलाई चुनौती दिई रिट क्षेत्रमा आएको भोलिपल्टै राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएको अवस्थाले विपक्षीहरूले उक्त सरूवाउपर अदालतमा मुद्दा दायर भएको सम्बन्धमा जानकारी नै थिएन भनी अनुमान गर्न नमिल्ने ।**
- **आफूहरूले गरेको सरूवा निर्णयलाई चुनौती दिई परेको रिट निवेदनमा हुने प्रारम्भिक सुनुवाईसमेतको प्रतीक्षा नगरी रिट परेको भोलिपल्टै निवेदिकाको स्थानमा सरूवा भई आउने सचिवलाई पद बहाली गराउनु र सिंचाई मन्त्रीबाट शीघ्रातिशीघ्ररूपमा निजलाई कामकाज गर्न अधिकार प्रत्यायोजन गरिनुले विपक्षीहरू अदालतबाट हुने आदेशको सम्बन्धमा पहिलादेखि नै सतर्क र संवेदनशील बन्न सकेको नदेखिने ।**

(प्रकरण नं.३)

- **अदालतप्रतिको जनआस्थालाई जोगाई राख्नको लागि अदालतबाट भएका आदेश वा निर्णय नमान्ने व्यक्ति वा निकायलाई अदालतको अपहेलनामा कारवाही गर्ने कठोर कदमलाई बाध्यतावश अदालतले उठाउनु पर्ने ।**

(प्रकरण नं.८)

- **एउटै पदमा दुईजना व्यक्तिलाई काममा खटाउने गरी गरिएको व्यवस्था आफैँमा प्रशासनिक पद र प्रतिष्ठासँग मेल नखाने व्यवहार हुने ।**

(प्रकरण नं.९)

निवेदकतर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती र अधिवक्ता शेरबहादुर के.सी.
विपक्षीतर्फबाट : सहन्यायाधिवक्ताद्वय महेश शर्मा पौडेल, धर्मराज पौडेल, विद्वान वरिष्ठ अधिवक्ता रामनारायण विडारी, अधिवक्ताद्वय रमणकुमार श्रेष्ठ र विश्वप्रकाश सिग्देल
अवलम्बित नजीर :
सम्बद्ध कानून : नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११५, ११६

फैसला

**न्या.कल्याण श्रेष्ठ :** सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ बमोजिम यस अदालतसमक्ष दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

म निवेदिका मिति २०५९।६।३ मा बढुवा नियुक्ति भई मिति २०६४।६।२४ मा विशिष्ट श्रेणीको पदमा बढुवा भई हाल सिंचाई मन्त्रालयमा कार्यरत् रहँदै आएकोमा म भन्दा कनिष्ट रहेका अर्थ मन्त्रालयको सचिवको मातहतमा रहेको महालेखा नियन्त्रक, रा.प. विशिष्ट श्रेणी पदमा सरूवा गरी मन्त्रिपरिषद्को कार्यालयमा काजमा खटाइएको भन्नेबारेको सिंचाईं मन्त्रालयको मिति २०६९।०५।०१ को पत्र बोधार्थ पत्र प्राप्त भई जानकारी हुन आएकोले उक्त विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।०५।०१ को निर्णय तथा सो निर्णयबमोजिमको सोही मितिको पत्र तथा म निवेदिकालाई प्रतिकूल असर पर्ने गरी सोको अघिपछि विपक्षीहरूबाट गरे भएका यावत् काम कारवाही, निर्णय आदिलाई उत्प्रेषणको आदेशले बदर गरी निवेदिकालाई यथावत्रूपमा सिंचाई मन्त्रालयको सचिव पदमा कामकाज गर्न दिनु दिलाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पाऊँ भन्ने विषयको २०६९ सालको रिट नं. ०१५८ को रिट निवेदन यसै सम्मानीत अदालतसमक्ष दायर गरेकी थिएँ । उक्त रिट निवेदनउपर मिति २०६९।५।७ मा सुनुवाई हुँदा यस अदालतका एक न्यायाधीशको इजलासबाट कारण देखाऊ आदेश जारी भै सुविधा सन्तुलनको दृष्टिकोणले समेत यो रिट निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षीको उक्त २०६९।०५।०१ को निर्णय र पत्र कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु तथा निवेदिकालाई हाल कार्यरत् भएको सिंचाई मन्त्रालयको सचिव पदमा नै यथावत्रूपमा कामकाज गर्न दिनु भन्नेसमेत व्यहोराको अन्तरिम आदेश जारी भएको थियो । सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी भई सो अन्तरिम आदेशबमोजिम कार्यान्वयन गर्नु गराउनु भन्ने पत्रसहित अन्तरिम आदेशको फोटोकपी साथै राखी जारी गरिएको म्याद मिति २०६९।०५।०८ मा मन्त्रालयमा तामेल भएको र मन्त्रालयको नाममा जारी गरिएको म्यादसमेत प्राप्त भएपछि सम्मानीत अदालतबाट जारी भएको उक्त अन्तरिम आदेशको कार्यान्वयन गर्नुपर्नेमा विपक्षीहरूले उक्त आदेशलाई कार्यान्वयन गर्न इन्कार गरी रहेको अवस्था छ ।

म निवेदिकाले उक्त मन्त्रालयको सचिव पदबाट रमाना लिएको अवस्था नहुँदा सो पद विधिवत् रिक्त नै नहुने र सो पदमा कुनै व्यक्तिलाई वहाल गर्न गराउन नमिल्ने हुँदाहुँदै पनि एउटै पदमा दुईजना व्यक्ति वहाल रहेको देखाउने गरी विपक्षी प्रतापकुमार पाठकलाई सचिव पदमा नै हाजीर गराई रहनुले विपक्षीहरूको बद्नियत र सम्मानीत अदालतको आदेशको पालना नगर्ने आसयसमेत प्रष्टरूपमा प्रकट भएको छ । मैले सम्मानीत अदालतमा मिति २०६९।५।५ मा रिट निवेदन दायर गरेको समाचार मिति २०६९।५।६ मा प्रकाशन भएका विभिन्न राष्ट्रिय दैनिक पत्रिकाहरूमा प्रकाशित भएकोले विपक्षीहरूले समेत सो कुरा थाहा पाउँदापाउँदै विपक्षी प्रतापकुमार पाठकलाई उक्त मन्त्रालयको कथित सचिव पदमा वहाल गराउने र मिति २०६९।५।६ मा नै निजलाई मन्त्रीले अधिकार प्रत्यायोजन गर्नुभएबाट विपक्षीहरूको बद्नियत प्रष्ट हुन्छ। उक्त अन्तरिम आदेश जारी भइसकेपछि अदालतको उक्त आदेशलाई पालना गर्न प्रतापकुमार पाठकज्यूलाई लिखितरूपमा अनुरोध गरेकोमा सो अनुरोधलाई उपेक्षा गरी सचिवको हैसियतले तोक आदेश गर्ने कामसमेत भयो। एउटा मन्त्रालयमा एकजनाभन्दा बढी सचिव नराख्ने भनी मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भएकोमा सो नीतिगत निर्णयकोसमेत विपरीत हुने गरी विपक्षीहरूबाट उक्त काम कारवाही भएको छ। अत: विपक्षीहरूले सम्मानीत

अदालतको आदेशको बर्खिलाप हुने गरी मलाई उक्त मन्त्रालयको सचिव पदमा यथावत्‌रूपमा वहाल नगराएको हुनाले विपक्षीहरूलाई सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७ को उपदफा (१) बमोजिम हुने हदैसम्मको सजाय गरी पाऊँ भन्नेसमेतको निवेदन ।

प्रस्तुत निवेदन अपहेलना मुद्दाको रूपमा दर्ता गर्नुको साथै विपक्षीहरूमध्ये प्रधानमन्त्री तथा मुख्य सचिवले आफ्नो वारिस वा प्रतिनिधिमार्फत आदेश प्राप्त भएको मितिले ७ (सात) दिनभित्र र सिंचाई मन्त्री महेन्द्रप्रसाद यादव र विपक्षी बनाइएका सचिव प्रतापकुमार पाठकले आफैं यस अदालतमा उपस्थित भै लिखितजवाफ दाखिल गर्नुहोला भनी सबै विपक्षीहरूको नाममा निवेदनको प्रतिलिपिसमेत साथै राखी ७ (सात) दिने म्याद जारी गर्नू। साथै निवेदिका विन्द्रा हाडा भट्टराईलाई यस अदालतको मिति २०६९।५।७ को आदेशअनुसार सिंचाई मन्त्रालयको सचिव पदमा यथावत्‌रूपमा कामकाज गर्न दिई सोको लिखित जानकारी यथाशीघ्र यस अदालतलाई दिनु भन्नेसमेत सबै विपक्षीहरूलाई लेखी पठाउनु भन्नेसमेतको यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६९।५।१८ मा भएको आदेश ।

नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा सोको नियमावली, २०६५ बमोजिम नेपाल सरकारको मुख्य सचिवलाई सुम्पिएको जिम्मेवारी कानूनबमोजिम निर्वाह गर्ने गरेको र कानूनबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले गरेको निर्णयलाई प्रमाणित तथा सोको कार्यान्वयन गर्न लेखी पठाएको र यसरी मुख्य सचिवको हैसियतले कानूनबमोजिम कर्तव्य निर्वाह गरेको विषयलाई लिएर निवेदिकाले मसमेतउपर सम्मानीत अदालतको अपहेलना गरेको भनी आरोप लगाउनु सरासर झूट्ठा हो। राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई सरूवा वा पदस्थापना गर्न निजामती सेवा ऐन, २०४९ को दफा १८(२) मा व्यवस्थित सिफारिश समितिले नेपाल सरकारको आवश्यकता, नीतिगत तहमा काम गर्ने कर्मचारीको कार्यकुशलता र क्षमतालाई विचार गरी नेपाल सरकारको नीतिगत तहको कामकारवाहीमा सहजता आउने गरी मिति २०६९।०४।३२ मा बसेको बैठकले सिफारिश गरेको र सिफारिश नेपाल सरकार मन्त्रिपरिषद्‌को लागि बाध्यकारी भएकोले सचिव विन्द्रा हाडा भट्टराईलाई सरूवा गरी काज तोक्ने निर्णय भएको हो । निवेदिका नेपाल सरकार सिंचाई मन्त्रालयको सचिव पदमा कामकाज गरिरहेकोमा काज खटाएको कार्यालय देशको सर्वोच्च प्रशासकीय निकाय भएको र पदाधिकार राखिएको महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकार सिंचाई मन्त्रालय मातहतको भन्दा तल्लो निकाय नभएकोले निजको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) को व्यवस्था आकर्षित हुने अवस्था नै छैन । महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकारको केन्द्रीयस्तरको निकाय हो । सो कार्यालयको प्रमुख निवेदिका कार्यरत् रा.प. विशिष्ट श्रेणीको समानस्तरको पद हुनुले पनि सो निकायको प्रकृति स्पष्ट गर्दछ ।

सरूवापत्रमा सरूवाको कारण उल्लेख नहुँदैमा विशिष्ट श्रेणीको कर्मचारीको हकमा गरिएको सरूवा तथा पदस्थापनासम्बन्धी निर्णयको वैधानिकतामा कुनै प्रतिकूल असर नपर्ने कुरा स्वतः स्पष्ट छ । निवेदिकालाई यसअघि पनि सोही समितिको सिफारिशका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सरूवा हुनु भएपछि मिति २०६७।०१।१० मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट

राष्ट्रिय सूचना आयोगमा, मिति २०६७।१०।०३ मा राष्ट्रिय सूचना आयोगबाट राष्ट्रिय योजना आयोगको सचिवालयमा, मिति २०६८।०१।३० मा राष्ट्रिय योजना आयोगको सचिवालयबाट नेपाल ट्रष्टको कार्यालयमा र मिति २०६८।०४।१७ मा नेपाल ट्रष्टको कार्यालयबाट सिंचाई मन्त्रालयमा सरूवा गरेको र यसरी भएका सबै सरूवामा नत अवधि नै खोलिएको थियो न कारण नै उल्लेख भएको थियो । ती सरूवामा निवेदिकाले कुनै प्रश्न उठाएकोसमेत देखिँदैन तर निजको पछिल्लो पटक भएको सरूवा तथा काजको विषयमा निवेदिकाले अनुचित ढङ्गले बखेडा खडा गरी नेपाल सरकारको काम कारवाहीलाई नकारात्मक प्रभाव पार्ने कलुषित मनसाय राखेको देखिन्छ। निवेदिका मिति २०६९।०६।२४ देखि अनिवार्य अवकाश पाउन लागेको तथ्यमा विवाद नभए पनि सोही आधारमा निजलाई गरिएको सरूवा गर्ने तथा काजमा खटाउने निर्णयको कार्यान्वयन रोक्नु पर्ने कुनै पनि कानूनी आधार छैन । निजामती सेवा नियमावली, २०५० को नियम ३६(६) मा उमेरको कारणबाट अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको निजामती कर्मचारीलाई निजले मागेको अवस्थामा बाहेक सरूवा गरिने छैन भन्ने व्यवस्था छ । विपक्षी निवेदिका उमेरको कारणबाट नभई निजामती सेवा ऐन, २०४९ को दफा १७ मा उल्लेख भएबमोजिमको ५ वर्षको सेवा अवधि पूरा गरी अनिवार्य अवकाश पाउने भएकोले उक्त कानूनी व्यवस्था निजको हकमा आकर्षित हुँदैन भन्नेसमेतको नेपाल सरकारका मुख्य सचिव लिलामणि पौडेलको तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

म मिति २०३९।०१।१५ देखि निजामती सेवाको शाखा अधिकृत पदमा नियुक्ति पाई मिति २०६६।०४।०९ देखि सचिव पदमा बढुवा भएपछि उद्योग मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयमा सचिव पदमा तथा महालेखा नियन्त्रक पदमा समेत रही काम गरी सकेको छु। नेपाल सरकारको मिति २०६९।०५।०१ को निर्णयले सिंचाई मन्त्रालयको सचिव पदमा सरूवा भै मिति २०६९।०५।०६ देखि सिंचाई मन्त्रालयमा हाजिर भएको हुँ। निजामती सेवा ऐन, २०४९ को दफा ४२(२) बमोजिम निजामती कर्मचारीले सरकारी कामका सम्बन्धमा आफूभन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको र नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम भएको सरूवा आदेशलाई पालना गर्न निजामती कर्मचारीको हैसियतले म लिखितजवाफ प्रस्तुतकर्ता बाध्य छु। यस स्थितिमा कानूनबमोजिम अधिकारप्राप्त अधिकारीको निर्णयबमोजिम भएको सरूवा निजामती सेवा ऐन, २०४९ को दफा ४२(२) बमोजिम पालना गर्ने कामलाई अदालतको अपहेलना जस्तो गम्भीर कसूरको रूपमा परिभाषित गर्न नहुने व्यहोरा निवेदन गर्दछु । निवेदक नेपाल सरकारको निर्णयानुसार सिंचाई मन्त्रालयको सचिव पदमा सरूवा भई सम्मानीत अदालतको अन्तरिम आदेश आउनुभन्दा अघिदेखि नै रमाना पत्रसहित हाजिर भई कामकाज सम्हाली सकेपछि सचिव श्री विन्द्रा हाडाले निवेदन दिनुभएको हो। सिंचाई मन्त्रालयमा विधिवत् रमाना लिई हाजिर भएपश्चात् सिंचाई मन्त्रीज्यूबाट कानूनद्वारा प्रदत्त आफूमा निहित अख्तियारी अन्तर्गत सिंचाई मन्त्रालयको कार्यभार सो मन्त्रालयको सचिवका रूपमा सम्हाल्नका लागि मिति २०६९।०५।०६ मा गर्नुभएको अधिकार प्रत्यायोजनका आधारमा सिंचाई मन्त्रालयको कामकारवाही आफ्नो पदीय दायित्त्व र कर्तव्य सम्झी असल नियत र मनसायका साथ सम्हाल्दै आएको छु ।

सचिव श्री विन्द्रा हाडाजीले उहाँलाई नेपाल सरकारको मिति २०६९।०५।०१ को निर्णयले महालेखा नियन्त्रक पदमा पदाधिकार रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा कामकाज गर्ने गरी काजमा राखिएको भन्ने पत्र प्राप्त भए तापनि सिंचाई मन्त्रालयले हालसम्म उहाँलाई रमाना पत्र नदिएको र उहाँले पनि रमाना नलिई सचिवको हैसियतमा हाजीर गरिरहनु भएको, मन्त्रालयको सचिवका हैसियतमा सचिवको कार्यकक्ष प्रयोग गरिरहनुभएको, मन्त्रालयको सचिवकै हैसियतमा मन्त्रालयको सचिवले प्रयोग गर्ने सवारी साधन, सोका लागि इन्धन, भैपरी खर्चलगायतका सुविधा उपभोग गरिरहनुभएको, मन्त्रालयको सचिवको कार्यकक्षमा मन्त्रालय र मातहतका कर्मचारीलाई आदेश निर्देश गरिरहनुभएको, मन्त्रालयमा आएका पत्रमा तोक आदेशसमेत गर्दै आउनुभएको छ । साविकको कार्यालयबाट सरूवा भएको कार्यालयमा हाजीर हुन जान रमाना पत्र नबुझेसम्म उहाँ हालकै पदमा कायम रहिरहनु भएको ठान्नु पर्ने हुन्छ । सम्मानीत सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेशप्रतिको उच्च सम्मानभावसहित यस कार्यमा उहाँलाई मन्त्रालयका कसैबाट पनि बाधा अवरोध भएको छैन। मैले सम्मानीत अदालतको अपहेलना गर्ने कुनै पनि कामकारवाही गरेको छैन। विपक्षीले लगाउनुभएको झूट्ठा आरोपबाट फुर्सद दिलाई पाऊँ भन्नेसमेतको विपक्षी सिंचाई मन्त्रालयका सचिव प्रतापकुमार पाठकका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

प्रथमतः निवेदिकाले माथि प्रकरण १ मा उल्लेख गरेको रिट निवेदनमा मलाई प्रत्यर्थी नै बनाउनु भएको छैन र मैले सम्मानीत अदालतबाट यस सम्बन्धमा भएको कुनै आदेशसमेत प्राप्त गरेको छैन । यसरी रिट निवेदनमा प्रत्यर्थी नै नबनाएको र सम्मानीत अदालतबाट प्रधानमन्त्री अर्थात् मउपर कुनै आदेश नै नभएको अवस्थामा मैले सम्मानीत अदालतको आदेश कार्यान्वयन नगरेको भनी अपहेलना मुद्दामा आरोप लगाउनु सरासर झूट्ठा हो । मैले नेपाल सरकारको प्रधानमन्त्रीको हैसियतले नेपालको अन्तरिम संविधान, २०६३, नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, ऐ.को नियमावली, २०६५ तथा अन्य प्रचलित कानूनबमोजिम मुलुकको प्रधानमन्त्रीलाई सुम्पिएको जिम्मेवारी कानूनबमोजिम निर्वाह गर्दै आएको र कानूनबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले गरेको निर्णयको विषयलाई लिएर निवेदिकाले म उपरसमेत सम्मानित अदालतको अपहेलना गरेको भनी आरोप लगाउनु सरासर गलत छ। निजामती सेवा ऐन, २०४९ को दफा १८(२) मा राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई सरूवा वा पदस्थापना गर्दा सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहेको समितिको सिफारिशमा नेपाल सरकारले गर्नेछ भन्ने व्यवस्था रहेको छ। सोही कानूनी व्यवस्थाको आधारमा उल्लिखित समितिको मिति २०६९।०४।३२ मा बैठक बसी उक्त बैठकको सिफारिशबमोजिम सिंचाई मन्त्रालयमा कार्यरत् सचिव विन्द्रा हाडा भट्टराईलाई महालेखा नियन्त्रक कार्यालयमा पदाधिकार कायम गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काज तोक्न सिफारिश भएबमोजिम मिति २०६९।०५।०१ मा बसेको मन्त्रिपरिषद्को बैठकले निवेदिकालाई महालेखा नियन्त्रक कार्यालयमा पदाधिकार कायम गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काज तोक्ने निर्णय भएको थियो ।

निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) अनुसार कुनै निकायको कार्यालय

प्रमुख भई कामकाज गरी रहेको कुनै निजामती कर्मचारीलाई सो कामकाज गरिरहेको निकायभन्दा तल्लो निकाय वा कार्यालयमा समान श्रेणीको पदमा सरूवा गर्न रोक लगाएको छ । निवेदिका नेपाल सरकार सिंचाई मन्त्रालयको रा.प. विशिष्ट श्रेणीको महालेखा नियन्त्रकको पदमा पदाधिकार कायम गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काज तोकेको अवस्था हुँदा निजलाई खटाएको कार्यालय, देशको केन्द्रीय प्रशासकीय निकाय भएको र पदाधिकार राखिएको महालेखा नियन्त्रकको कार्यालय सिंचाई मन्त्रालय मातहतको निकाय नभएकोले निजको हकमा उक्त उपनियम (१२) को व्यवस्था आकर्षित हुने अवस्था नै छैन । महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकारको केन्द्रीय स्तरको निकाय हो । सो कार्यालयको प्रमुख रा.प. विशिष्ट श्रेणीको समानस्तरको पद हुनुले पनि सो निकायको प्रकृति स्पष्ट गर्दछ । विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई सरूवा गर्दा सरूवापत्रमा अवधि तोकी सरूवा गर्नुपर्ने कानूनी व्यवस्था छैन । अवधि नपुग्दै निजामती सेवाको कर्मचारीलाई सरूवा गर्ने सम्बन्धमा निजामती सेवा ऐन, २०४९ को दफा १८(४) मा गरिएको व्यवस्था विशिष्ट श्रेणी तथा राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीको हकमा आकर्षित हुने होइन । विशिष्ट श्रेणीका कर्मचारीको सरूवा तथा पदस्थापना गर्दा दफा १८(२) मा उल्लेख भएबमोजिमको सिफारिश समितिको सिफारिश चाहिने व्यवस्था रहेकोले सो समितिको सिफारिशमा नेपाल सरकारले जुनसुकै समयमा पनि सरूवा तथा पदस्थापना गर्न सक्ने कुरामा कुनै द्विविधा रहेको देखिँदैन । नीतिगत तहको उपल्लो श्रेणीमा रहने विशिष्ट श्रेणीका निजामती कर्मचारीको सरूवा तथा पदस्थापना सम्बन्धमा निजामती सेवा ऐन, २०४९ ले नै छुट्टै प्रकृतिको व्यवस्था गरेको र नेपाल सरकारले सो समितिको सिफारिशमा विशिष्ट श्रेणीका सबै पदमा सरूवा गर्ने गरेको छ । विशिष्ट श्रेणीको कर्मचारीलाई सरूवा तथा पदस्थापना गर्नको लागि नेपाल सरकार मन्त्रिपरिषद्समक्ष सिफारिश गर्ने अधिकार पाएको निजामती सेवा ऐन, २०४९ को दफा १८(२) बमोजिमको सिफारिश समितिले नै विशिष्ट श्रेणीको कर्मचारीको सरूवा तथा पदस्थापनाको सन्दर्भमा नेपाल सरकारको आवश्यकता, नीतिगत तहमा काम गर्ने कर्मचारीको कार्यकुशलता र क्षमतालाई विचार गरी नेपाल सरकारको नीतिगत तहको कामकारवाहीमा सहजता आउने गरी नेपाल सरकारलाई सिफारिश गर्दछ । त्यस्तो सिफारिश नेपाल सरकार मन्त्रिपरिषद्को लागि बाध्यकारी भएकोले समितिले सिफारिश गरिसकेको व्यक्तिको हकमा नेपाल सरकारले सरूवापत्रमा नै सरूवाको कारण खोलिरहनु पर्ने औचित्य र आवश्यकता रहँदैन । निवेदिकालाई यसअघि पनि सोही समितिको सिफारिशका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा सरूवा गरेको त्यसपछि मिति २०६७।०१।१० मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट राष्ट्रिय सूचना आयोगमा, मिति २०६७।१०।०३ मा राष्ट्रिय सूचना आयोगबाट राष्ट्रिय योजना आयोगको सचिवालयमा, मिति २०६८।०१।३० मा राष्ट्रिय योजना आयोगको सचिवालयबाट नेपाल ट्रष्टको कार्यालय र मिति २०६८।०४।१७ मा नेपाल ट्रष्टको कार्यालयबाट सिंचाई मन्त्रालयमा सरूवा गरेको र यसरी भएको सबै सरूवामा अवधि तथा कारण नै उल्लेख गरिएको थिएन । ती सरूवामा निवेदिकाले कुनै प्रश्न उठाएकोसमेत देखिँदैन । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।०५।०१ को निर्णयानुसार गरिएको सरूवा तथा काजमा

खटाउने निर्णय कार्यान्वयन रोक्नुपर्ने कुनै पनि कानूनी आधार छैन । सम्मानित अदालतबाट मिति २०६९।०५।०७ मा जारी भएको अन्तरिम आदेश रद्द गरिपाऊँ भनी मिति २०६९।०५।१३ मा नेपाल सरकारको तर्फबाट निवेदन पेश भएको र सो निवेदन विचाराधीन अवस्थामा नै रहेको छ । सम्मानित अदालतबाट मिति २०६९।०५।०७ मा जारी भएको अन्तरिम आदेश रद्द गरिपाऊँ भनी नेपाल सरकारको तर्फबाट पेश भएको निवेदनमाथि सुनुवाई भई न्याय निरोपण हुने अवस्था छ । अन्तरिम आदेश रद्द गरिपाऊँ भनी पेश भएको निवेदनको सुनुवाई भई त्यसउपर हुने आदेशको प्रतिक्षामा रहेकै अवस्थामा अदालतको अपहेलना गरेको भन्ने निवेदिकाको आरोप तथ्यहीन छ । सम्मानीत अदालतबाट भएको आदेशलाई पालना गर्न म हरदम तत्पर छु । मसमेतले सम्मानित अदालतको आदेशको पालना नगरी अपहेलना गरेको भनी निवेदिकाले लगाएको आरोप बिल्कुलै निराधार, कपोलकल्पित र झूट्टा हुँदा निवेदन खारेज गरी झूट्टा आरोपबाट फुर्सद पाऊँ भन्नेसमेतको तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखितजवाफ ।

यसमा निवेदकले आफैं अदालतसमक्ष उपस्थित भै लिखितजवाफ प्रस्तुत गरी सकेको र निज नेपाल सरकारको जिम्मेवार मन्त्री पदमा रही आफ्नो जिम्मेवारीसमेत निर्वाह गर्न व्यस्त रहनु पर्ने अवस्थासमेत दर्शाई वारेस राख्ने अनुमती पाउँ भनी निवेदन पेश गरेको देखिँदा निजलाई कानूनबमोजिम वारेस राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्न दिन मुनासिब नै हुने हुनाले कानूनबमोजिम वारेस राखी मुद्दाको पुर्पक्ष गर्न अनुमती प्रदान गरी दिएको छ। नियमानुसार गर्नु भन्ने यस अदालतको संयुक्त इजलासबाट भएको आदेश ।

नेपाल सरकार, मन्त्रिपरिषद्ले मिति २०६९।०५।०१ को निर्णयले विपक्षी निवेदकको तथा निजका स्थानमा आउनु भएका सचिव प्रतापकुमार पाठकको विधि र पद्धतिबमोजिम नै सरूवा भएको हो । सरूवा भई आउनु भएका नयाँ सचिव रमाना लिई मिति २०६९।०५।०६ मा यस मन्त्रालयको जिम्मेवारी सम्हाल्न आउनु भएको हो । यसरी जिम्मेवारी सम्हाल्ने गरी नयाँ सचिव आउनु भएपछि स्वाभाविकरूपमा विभागीय मन्त्रीलाई भेट्न मेरो कार्यकक्षमा आउनु भएपश्चात् मैले मन्त्रालयको काम कारवाहीको बारेमा बिफ्रिङ गरी सोही दिन निजलाई अधिकार प्रत्यायोजन गरेको हुँ । सो कार्य प्रचलित कानूनले मलाई प्रदान गरेको अधिकार र जिम्मेवारीअनुसारनै मबाट कार्यसम्पादन भएको हुँदा यो कार्य विधिसम्मत् छ र यसबाट विपक्षीले उल्लेख गर्नु भए जस्तै कुनै बद्नियत नराखी कानूनसम्मतरूपमा कार्य भए गरेको हो ।

विपक्षी निवेदक स्वयंले सो सरूवा बदर गरी पाउन सम्मानीत अदालतसमक्ष दायर गरेको रिट निवेदनमा उल्लिखित विषयका सम्बन्धमा संचार माध्यमबाट प्रशारण भएको र सो कुरा मैलेसमेत थाहा पाउनु पर्ने जिकीर लिनु भएको छ। सरूवा जस्तो नियमित प्रक्रियाभित्र पर्ने काम कारवाहीका विरूद्ध कुन व्यक्ति रिट निवेदन लिएर अदालतसमक्ष जान्छ वा त्यसरी दायर भएको रिट निवेदनको सम्बन्धमा रिट निवेदककै पक्षमा आदेश आउँछ भनी अनुमान गरी सरकारी कामकाज रोक्न मिल्ने देखिँदैन । सम्मानीत अदालतबाट मिति २०६९।०५।०७ मा भएको आदेश मन्त्रालयमा विधिवत्रूपमा प्राप्त हुनासाथ सम्मान हुने गरी विपक्षी सचिव श्री विन्द्रा हाडालाई मन्त्रालयको कामकाज गर्न कुनै पनि किसिमको रोकटोक वा प्रतिबन्ध लगाउने कार्य नगरिएको व्यहोरा सम्मानीत अदालतसमक्ष जानकारी गराउँछु । विपक्षीले

सचिवको हैसियतले मसमक्ष निर्णयार्थ टिप्पणी प्रस्तुत गर्नु भएको र सोही आधारमा मैले निर्णय गरेको प्रमाणको रूपमा यसै लिखित जवाफकासाथ निर्णय टिप्पणीको छायाँप्रति संलग्न गरेको छु । मैले सम्मानीत अदालतको अपहेलना गर्ने कार्य गरेको छैन । विपक्षी सचिव श्री विन्द्रा हाडाले उहाँलाई नेपाल सरकारको मिति २०६९।०५।०१ को निर्णयले महालेखा नियन्त्रक पदमा पदाधिकार रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा कामकाज गर्ने गरी काजमा राखिएको भन्ने पत्र प्राप्त भएता पनि सिंचाई मन्त्रालयले हालसम्म उहाँलाई रमाना पत्र नदिएको र उहाँले पनि रमाना नलिई सचिवको हैसियतमा हाजिर गरिरहनु भएको, मन्त्रालयको सचिवका हैसियतमा सचिवको कार्यकक्ष प्रयोग गरिरहनु भएको, मन्त्रालयको सचिवकै हैसियतमा मन्त्रालयको सचिवले प्रयोग गर्ने सवारी साधन, सोका लागि इन्धन, भैपरी खर्चलगायतका सुविधा उपभोग गरिरहनु भएको, मन्त्रालयको सचिवको कार्यकक्षमा मन्त्रालय र मातहतका कर्मचारीलाई आदेश निर्देश गरिरहनु भएको, मन्त्रालयमा आएका पत्रमा कार्यालयमा हाजिर हुन जान रमाना पत्र नबुझेसम्म उहाँ हालकै पदमा कायम रहिरहनु भएको ठान्नु पर्ने हुन्छ । सम्मानीत सर्वोच्च अदालतबाट भएको अन्तरिम आदेशप्रतिको उच्च सम्मानभावसहित यस कार्यमा उहाँलाई मन्त्रालयका कसैबाट पनि बाधा अवरोध भएको छैन । सम्मानित अदालतप्रति मेरो सदैव उच्च सम्मानभाव रहेको र मन, वचन र कर्मलेसमेत सम्मानीत अदालतको अपहेलना हुने कामको म कल्पनासम्म गर्न सक्दिन । मैले सम्मानीत अदालतको अपहेलना गर्ने कुनै पनि काम कारवाही गरेको छैन । विपक्षीले लगाउनु भएको झूठ्ठा आरोपबाट फुर्सद दिलाई पाऊँ भन्नेसमेतको विपक्षी तत्कालीन सिंचाई मन्त्री महेन्द्रप्रसाद यादवका तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

निवेदक आफैँ अदालतसमक्ष उपस्थित भै लिखितजवाफ प्रस्तुत गरी सकेको र निजले उक्त निवेदनमा अदालतले आवश्यक ठानेमा पुन: आफैँ उपस्थित हुने भनी स्पष्ट उल्लेख गर्नु भएको एवं निजले नेपाल सरकारको जिम्मेवार पदमा रही आफ्नो जिम्मेवारीसमेत निर्वाह गर्न व्यस्त रहनु पर्ने अवस्थासमेत हुँदा निजलाई कानूनबमोजिम वारेस राखी प्रस्तुत मुद्दाको पुर्पक्ष गर्न दिन मुनासिब नै हुने हुनाले कानूनबमोजिम वारेस राखी मुद्दाको पुर्पक्ष गर्न अनुमति प्रदान गरी दिएको छ नियमानुसार गर्नु भन्नेसमेतको यस अदालतको संयुक्त इजलासबाट भएको आदेश ।

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती, अधिवक्ता शेरबहादुर के.सी. ले सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी हुनासाथ ती आदेशहरूलाई तत्परतापूर्वक पालना गरी प्रधानमन्त्रीले मन्त्रिपरिषद्को बैठक बसाएर प्रतापकुमार पाठकलाई निजको साविक दरबन्दीमा फिर्ता गरी निवेदिकालाई मात्र बहाल राख्नु पर्ने कर्तव्य भएकोमा सो कर्तव्य पूरा गर्न इन्कार गरेका छन् । त्यस्तै कर्तव्य सिंचाई मन्त्री र मुख्य सचिवको भएकोमा निजले पनि सो दायित्त्व पूरा नगरेको अवस्था छ । सिंचाई मन्त्री र सिंचाई मन्त्रालयमा सचिवकै हैसियतमा वहाल रहनुभएका प्रतापकुमार पाठकले झन् निवेदिकालाई साविकबमोजिम काम गर्न नदिई आफूमात्र कार्यरत् रहन अनेकन कार्यहरू गर्नुभएबाट विपक्षीहरू सबैजना सजायको भागी भएको प्रष्ट छ । जति ठूलो ओहोदामा रहेका पदाधिकारीबाट अदालतको अपहेलना हुन्छ त्यति नै त्यो गम्भीर अपराध हो ।

अदालतको आदेश पालना गराउने दायित्त्व भएका पदाधिकारीबाटै अपहेलनायुक्त काम हुनु भनेको न्यायपालिकाप्रतिको उपेक्षित भावमात्र नभएर न्यायिक स्वतन्त्रतालाई आफ्नो पञ्जामा राख्ने उद्देश्य प्रकट भएको देखिएको छ। निवेदिका हाल सेवाबाट निवृत्त भएको कारणले विपक्षीहरूलाई सजाय गर्न नमिल्ने, नपर्ने कुनै कारण नै छैन । निवेदिका सेवा निवृत्त हुनु र विपक्षीहरूलाई अपहेलना गरेतर्फ सजाय गर्नु दुई बेग्लाबेग्लै विषय हुन् । निवेदिका सेवा निवृत्त भएको कारणले विपक्षीहरूलाई सजाय नगर्ने हो भने निवेदिका जस्ता धेरै अन्यायमा परेका व्यक्तिहरूले झनै थप अन्यायको शिकार बन्नु पर्ने अवस्था सिर्जना हुने हुँदा सम्मानीत अदालतको आदेशलाई अपहेलना गर्ने विपक्षीहरूलाई हदैसम्मको कारवाही हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित सहन्यायाधिवक्ताद्वय श्री महेश शर्मा पौडेल र श्री धर्मराज पौडेलले प्रस्तुत अपहेलनाको मुद्दा मिति २०६९।०५।१४ मा दायर भएको देखिन्छ भने यी निवेदिका विन्द्रा हाडाले २०६९।०५।१२ मा स्टाफ कलेजको मनोनयनमा तोक आदेश गरेको देखिन्छ। त्यस्तै २०६९।०५।११ मा नै विन्द्रा हाडाबाट टिप्पणी सदर भएको अवस्था छ। कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कनको पुनरावलोकन समितिको सदस्यको हैसियतले मूल्याङ्कन गरेको अवस्थासमेत विद्यमान छ । सिंचाई सचिवको हैसियतले काम गर्न पाइरहेको अवस्थामा निवेदिकाले उल्लेख गरेजस्तो सम्मानीत अदालतको अपहेलना भएको अवस्था छैन । दुईवटा सचिव कार्यरत् रहेको अवस्था विद्यमान भएको र सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी भएपश्चात् पनि रमाना नदिई यथावत् काम गर्न दिइएको छ । मानहानि गर्ने नियत देखिँदैन । सम्मानीत अदालतबाट अन्तरिम आदेश जारी हुनुपूर्व नै प्रतापकुमार पाठक हाजीर भै सकेको अवस्था हुँदा मागबमोजिम अदालतको अपहेलनामा सजाय हुन सक्ने होइन निवेदन खारेज गरिपाऊँ भनी बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी प्रधानमन्त्री बाबुराम भट्टराईसमेतका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री रामनारायण विंडारी, अधिवक्ता द्वय श्री रमणकुमार श्रेष्ठ, विश्वप्रकाश सिग्देलले बहस प्रस्तुत गर्दै लिखितजवाफको प्रकरण दुईको पाँचौ लाइनमा सम्मानीत सर्वोच्च अदालतको आदेश सिरोपर गरी कार्यान्वयन गर्न निर्देशन दिइरहेको अवस्था छ । पूर्व रिटमा बाबुराम भट्टराईलाई विपक्षी नै नबनाइएको र अन्तरिम आदेश जारी भएको अवस्था उहाँलाई जानकारी छैन । अपहेलनाको म्याद प्राप्त भएपछि बाबुराम भट्टराईबाट मानहानिजन्य कार्य भएको देखिँदैन । अदालतको अपहेलनामा सजाय पाउनको लागि कसूर गर्ने नियत र कार्य स्पष्टरूपमा हुन सक्नुपर्छ । प्रधानमन्त्री बाबुराम भट्टराईको हकमा निजको के कस्तो कार्यबाट अदालतको अपहेलना भएको हो भन्ने कुरा निवेदनमा देखाउन सक्नुभएको छैन । आदेश कार्यान्वयन गर्न अस्वीकार गरेकै भए पनि क-कसले सम्मानीत अदालतबाट भएको आदेशको अवज्ञा गरे भन्ने स्पष्ट दावी लिनुपर्नेमा निवेदनमा सो दावी लिन सकेको देखिँदैन । २०६९।०५।०६ मा सिंचाई मन्त्रीले अधिकार प्रत्यायोजन गरेको बाहेक अन्य कुरामा कसरी मानहानी भयो ? सो कुरा स्पष्ट नभएको अवस्था हुँदा मागबमोजिमको आदेश जारी भई हाम्रो पक्षलाई अदालतको अपहेलनामा सजाय हुन सक्ने होइन तसर्थ निवेदन खारेज हुनुपर्दछ भन्नेसमेतको बहस प्रस्तुत गर्नुभयो ।

पक्ष विपक्षीका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू तथा नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताहरूले

प्रस्तुत गर्नुभएको उल्लिखित बहस जिकीरसमेतलाई मनन् गर्दै इजलासबाट प्रदान गरिएको समयभित्र इच्छुक पक्षका तर्फबाट पेश भएको लिखित बहस नोटसमेतको अध्ययन गरी आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निवेदिकाले जिकीर लिए झैं अदालतबाट मिति २०६९।०५।०७ मा जारी भएको अन्तरिम आदेशको कार्यान्वयन नगरेर विपक्षीहरूबाट अदालतको अपहेलना गरिएकोले अदालतको अपहेलनामा सजाय गरिपाऊँ भनी निवेदिकाले लिएको मागबमोजिम विपक्षीहरूलाई अदालतको अपहेलनामा सजाय गर्नुपर्ने हो, होइन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ बिचार गर्दा निवेदिकाले मूलतः आफ्नो निवेदन दावीमा मिति २०६९।०६।२४ मा अनिवार्य अवकाश हुनै लाग्दा सम्मानपूर्वक अवकाश हुन पाउने आफ्नो अधिकारमासमेत असर पुग्ने गरी आफूलाई बद्नियतपूर्वक निजामती सेवा ऐन, नियमविपरीत स्वेच्छाचारीपूर्ण तरिकाले विपक्षी नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०६९।०५।०१ मा सरूवा गरिएकोले सो सरूवा उत्प्रेषणको आदेशले बदर गरी पूर्ववत्रूपमै सिंचाई मन्त्रालयको सचिव पदमा कामकाज गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत माग गरी निवेदिकाले मिति २०६९।०५।०५ मा ०६९-WO-०१५८ को उत्प्रेषण विषयको रिट निवेदन दायर गरेकोमा यस अदालतबाट उक्त मुद्दामा अन्तरिम आदेश जारी भएको र उक्त उत्प्रेषण मुद्दामा मिति २०६९।०५।०७ मा जारी भएको अन्तरिम आदेशको कार्यान्वयन नगरी विपक्षीहरूले अदालतको अपहेलना गरेकोले विपक्षीहरूलाई सजाय गरिपाऊँ भन्नेसमेतको मुख्य दावी लिई प्रस्तुत मुद्दा दायर भएको देखियो ।

३. यस अदालतबाट मिति २०६९।०५।०७ मा विपक्षीको सरूवा निर्णय र पत्र कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु तथा निवेदिकालाई हाल कार्यरत् रहेको सिंचाई मन्त्रालयको सचिव पदमा नै यथावत्रूपमा कामकाज गर्न दिनु भन्नेसमेत व्यहोराको अन्तरिम आदेश जारी भएको जानकारी विपक्षीहरूलाई मिति २०६९।०५।०८ मै भई सकेको भन्ने कुरा मिसिल संलग्न विपक्षीहरूले उक्त आदेश बुझी गरिदिएको भरपाईबाट देखिन्छ। आदेश जारी भएको भोलिपल्टै आदेश तामेल भईसक्नुका साथै निवेदिका स्वयम्ले लिखितरूपमा आदेश कार्यान्वयनको लागि लिखित निवेदन दिएको अवस्थासमेत देखिन्छ । यस्तो अवस्थामा आदेशको कार्यान्वयन नगरी यो वा त्यो बहाना बनाई आदेशबमोजिमको कार्य गर्नपट्टी विपक्षीमध्येका कुनै पनि निकायहरूले तदारूकता प्रदर्शन गर्न सकेको अवस्था मिसिलबाट देखिँदैन । अनिवार्य अवकाश हुनै लागेकी निवेदिकालाई ससम्मान अवकाश हुनसमेत नदिई बद्नियतपूर्वक विपक्षीहरूले कारण र आधारसमेत नदिई सरूवा गर्ने निर्णय गरेको र सो सरूवा निर्णयलाई चुनौती दिई रिट क्षेत्रमा आएको भोलिपल्टै राष्ट्रियस्तरका पत्रपत्रिकाहरूमा समाचार प्रकाशित भएको अवस्थाले विपक्षीहरूले उक्त सरूवाउपर अदालतमा मुद्दा दायर भएको सम्बन्धमा जानकारी नै थिएन भनी अनुमान गर्नसमेत मिल्दैन । मिसिल संलग्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं २६१ मिति २०६९।५।१ को पत्रबाट यी निवेदिकालाई सिंचाई मन्त्रालयको सचिव पदबाट महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालयमा पदाधिकार राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा काज राखिएको भनी मुख्य सचिव लिलामणि पौडेलबाट हस्ताक्षरित सरूवा गरिएको व्यहोरासहित निवेदिकालाई दिइएको देखिन्छ। आफूहरूले गरेको सरूवा निर्णयलाई चुनौती दिई परेको रिट निवेदनमा हुने प्रारम्भिक सुनुवाईसमेतको प्रतिक्षा नगरी रिट

परेको भोलिपल्टै निवेदिकाको स्थानमा सरूवा भई आउने विपक्षीमध्येका सचिव प्रतापकुमार पाठकलाई पद बहाली गराउनु र विपक्षीमध्येको सिंचाई मन्त्रिबाट शीघ्रातिशीघ्ररूपमा निजलाई कामकाज गर्न अधिकार प्रत्यायोजन गरिनुले विपक्षीहरू अदालतबाट हुने आदेशको सम्बन्धमा पहिलादेखि नै सतर्क र सम्वेदनशील बन्न सकेको भन्ने देखिदैन । विपक्षीहरूको यस किसिमको कार्यले विवादित सरूवा प्रकरणमा पूर्वाग्रहीभाव रहेको देखिन्छ ।

४. प्रस्तुत मुद्दामा यस अदालत एक न्यायाधीशको इजलासबाट मिति २०६९।०५।१८ मा आदेश हुँदासमेत "निवेदिका विन्द्रा हाडा भट्टराईलाई यस अदालतको मिति २०६९।०५।०७ को आदेशअनुसार सिंचाई मन्त्रालयको सचिव पदमा यथावत्‌रूपमा कामकाज गर्न दिई सोको लिखित जानकारी यथाशीघ्र यस अदालतलाई दिनु भनी सबै विपक्षीहरूलाई लेखी पठाउनू" भनिएकोमा सोबमोजिमको कार्य सम्पन्न गरिएको भनी अदालतलाई विपक्षीहरूबाट कुनै जानकारी गराइएको अवस्था पनि मिसिलबाट देखिँदैन । एउटै मन्त्रालयमा दुईवटा सचिवको पद नराख्ने नीति अख्तियार गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्‌बाट निर्णयसमेत भएको सन्दर्भमा विपक्षीहरूको उल्लिखित किसिमको कार्यलाई विधि र नीतिसम्मत रहेको भन्न सकिँदैन ।

५. सरूवा निर्णय स्वेच्छाचारी र बद्‌नियतपूर्ण रहेको भनी सो निर्णय बदर गरिपाउँन परेको रिट निवेदनमा जारी भएको अन्तरिम आदेशबमोजिम निवेदिकालाई साविक मन्त्रालयकै सचिव पदमा काम काज गराउनु पहिलो जिम्मेवारी विपक्षी मन्त्रालय तथा सम्बन्धित मन्त्रीकै हुने देखिन्छ । रिट निवेदन मिति २०६९।०५।०५ मा दायर भएको र रिट निवेदिकाको स्थानमा सरूवा भई आएका सचिव प्रतापकुमार पाठकलाई सिंचाई मन्त्रीबाट मिति २०६९।०५।०६ मा मन्त्रालयको सचिवको हैसियतले काम काज गर्न आफ्ना काममध्येका केही काम अधिकार प्रत्यायोजन गरिएको अवस्था मिसिलको व्यहोराबाट देखिन्छ । सो कुरालाई समर्थन गर्दै विपक्षी सिंचाई मन्त्रीसमेतबाट आफ्नो लिखित जवाफमासमेत उल्लेख गरेको देखियो । यस्तो अवस्थामा यी निवेदिका साविक मन्त्रालयको सचिवको हैसियतमै रहिरहेको भनी कानूनतः सम्झन मिल्दैन । अदालतबाट मिति २०६९।०५।०७ मा जारी भएको अन्तरिम आदेशको जानकारी विपक्षी मन्त्रीसमेतले मिति २०६९।०५।०८ मै पाई सकेपश्चात् आफूले विपक्षी सचिव प्रतापकुमार पाठकलाई गरिएको अधिकार प्रत्यायोजनलाई कुनै हेरफेर नगरी अदालतको आदेशको भावनालाईसमेत ख्यालै नराखी आफ्नो पूर्ववत् निर्णय कायमै राखी राखेको देखिँदा सो कार्यलाई यस अदालतको आदेशको कार्यान्वयनको रूपमा लिन मिल्दैन । सरूवा पत्र प्राप्त गरेपछि पनि रिट निवेदिकाले साविक मन्त्रालयकै कार्यकक्ष प्रयोग गरी हाजिर गरिरहनु भएको, सचिवको सुविधा भोग गरिरहनु भएको र निजलाई काम काज गर्न कसैबाट बाधा बिरोध नगरिएको भन्ने व्यहोरासाथ लिखित जवाफ उल्लेख गरेका विपक्षी मन्त्रीबाट निजलाई नियमितरूपमा काम काज गर्न दिई अदालतको आदेशको कार्यान्वयन गरेको भन्न सकिने अवस्था देखिँदैन । रिट निवेदिकाले सरूवालाई चुनौती दिएर अदालतको शरणमा आएको अवस्थामा सरूवा भएको निकायमा हाजीर हुन तत्काल रमाना नलिएको कारणले साविक निकायमै हाजीर गरिरहेको अवस्थालाई अदालतको आदेशपश्चात् विपक्षीबाट सरूवालाई यथास्थितिमा राखी सचिवको हैसियतले काम काज गराइएको भन्ने अर्थमा लिन मिल्ने भएन । अदालतको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित विभागीय

मन्त्रीको हैसियतले कुनै निर्देशन दिएको जिम्मेवारी वा अख्तियारी पूर्ववत् सुम्पेको भन्ने जिकीर नै छैन । न त सचिवका रूपमा कुनै विषयमा काम गर्नलाई आफूले सदर बदर गरेको पनि देखिन्न । त्यस्तो जिकीर कुनै कार्य थालनी गरेको अवस्था मिसिल संलग्न कुनै कागजात एवं लिखित जवाफबाटसमेत देखिएको छैन ।

६. न्याय सम्पादनको कार्यमा सर्वोच्च अदालत र अन्य अदालतहरूलाई सहयोग गर्नु नेपाल सरकार र मातहतका सबै कार्यालय वा पदाधिकारीहरूको हुने र मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश र निर्णयको सबैले पालन गर्नु पर्ने दायित्व नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११५ तथा ११६ ले तोकेको छ । सो संविधानले तोकेको प्रावधानप्रतिकूलको आचरण नेपाल सरकारका उच्च पदस्त पदाधिकारीबाट प्रदर्शन हुनुलाई संविधान अनुकूलको व्यवहारको रूपमा लिन कदापि मिल्दैन । मुलुकको सार्वजनिक प्रशासनकै उच्च पदमा कार्यरत् व्यक्तिले उल्लिखित संवैधानिक दायित्व निर्बहन गरी अदालतका आदेश तथा फैसलाको पूर्ण कार्यान्वयन गरी जनतामा अदालतप्रतिको आस्था अभिवृद्धि गराउनसमेत लागीपर्नु पर्नेमा सो नगरी आफूबाट भएका काम कानूनअनुरूप छ भन्ने जिकीर लिनु आफैँमा शोभनीय देखिएन ।

७. प्रस्तुत मुद्दामा मिति २०६९।०५।१८ मा विपक्षीहरूको नाममा जारी भएको आदेशमा "निवेदिका विन्द्रा हाडा भट्टराईलाई यस अदालतको मिति २०६९।०५।०७ को आदेशअनुसार सिंचाई मन्त्रालयको सचिव पदमा यथावत्रूपमा कामकाज गर्न दिई सोको लिखित जानकारी यथाशीघ्र यस अदालतलाई दिनु भन्नेसमेत सबै विपक्षीहरूलाई लेखी पठाउनु" भनी उल्लेख भएको उक्त आदेशलाई विपक्षीहरूले बुझी सकेपश्चात् पनि आदेशबमोजिमको कार्य सम्पन्न गरी सोको लिखित जानकारी विपक्षीहरूले यस अदालतलाई गराउन सकेकोसमेत देखिँदैन । यस कार्यले विपक्षीहरूबाट यस अदालतको आदेशलाई सम्मान प्रकट नभएको अवस्था सहजै अनुमान लगाउन सकिन्छ । आदेश कार्यान्वयनमा उदासीन रहने अनि अदालतको आदेश प्रति उच्च सम्मानभाव रहेको भनी लिखित जवाफमा जिकीर लिदैमा विपक्षीहरूको अपहेलनाजन्य आचरण रहेको तथ्यलाई खण्डन गरेको मान्न मिल्दैन । अदालतको अपहेलनाको सम्बन्धमा अपहेलनाकर्ताको मनसाय तत्त्वको भन्दा अपहेलनाकर्ताको आचरणलाई नै प्रमुखरूपमा हेरिने गरिन्छ । प्रस्तुत मुद्दामा विपक्षीहरूको आचरणलाई हेर्दा अदालतको आदेशलाई कार्यान्वयन गरी सम्मान गरेको भन्ने देख्न सकिँदैन ।

८. मुद्दा मामिलाको रोहमा अदालतले आदेश वा निर्णय गर्दै जाने र आदेश वा निर्णय उल्लङ्घन पनि हुँदै जाने हो भने मुलुकमा अदालत स्वतन्त्र रहनुको कुनै अर्थबोध हुन सक्तैन । यस्तो अवस्थाबाट नागरिक अधिकारको संरक्षणमा समेत बाधा उत्पन्न भईरहने हुन्छ । विपक्षीहरूबाट यस अदालतबाट जारी भएको आदेशको कार्यान्वयन नहुनु र सो हुन नसक्नाको उचित र चित्तबुझ्दो लिखित जवाफसमेत विपक्षीहरूबाट प्रस्तुत हुन नसक्नुलाई विडम्बना नै मान्नुपर्छ । मुलुकको कार्यकारी निकायको रूपमा रहेको मन्त्री, सचिवसमेतबाटै यस किसिमको व्यवहार प्रदर्शन हुनुलाई अदालतबाट सम्पादन हुने काम कारवाहीलाई बिश्वसनीय, प्रभावकारी, निष्पक्ष र स्वतन्त्र तुल्याउने दिशामा अवरोध पुग्न गएको मान्न सकिन्छ । यस्तो अवस्थामा अदालतप्रतिको जनआस्थालाई जोगाई राख्नको लागि अदालतबाट भएका आदेश वा निर्णय नमान्ने व्यक्ति वा निकायलाई अदालतको अपहेलनामा कारवाही गर्ने कठोर कदमलाई बाध्यतावश अदालतले उठाउनु पर्नेहुन जान्छ ।

९. अदालतको अपहेलनामा कारवाही गर्नपर्नाको कारण न्यायाधीशको गरिमा, व्यक्तिगत ईज्जत र प्रतिष्ठालाई बचाउनको लागि नभएर समग्र न्यायपालिकाकै गरिमा र न्याय सम्पादनको कार्यलाई प्रभावकारी बनाउने उद्देश्य प्राप्तिको लागि हो। यस्तो कारवाही गर्नु अदालतको रहरको विषय नभई अदालतको ईज्जत, मर्यादा र आस्थामा आँच आई न्यायिक प्रक्रियाप्रति हुन जाने खराबीबाट जनविश्वास वा जनआस्थामा प्रतिकूल प्रभाव पर्न दिनबाट जोगाउनको लागि हो भनेर सबैले बुझ्न जरूरी छ। विपक्षीहरूको आचरणलाई हेर्दा यस अदालतबाट जारी भएको अन्तरिम आदेशको कार्यान्वयनमा उदासीन रही जानाजानीरूपमा नै आदेशको अवज्ञा गरेको स्थिति देखिन आएको छ। जुन कुरालाई यो इजलासले गम्भीररूपमा लिएको छ। राज्यको उच्च निकायका सार्वजनिक ओहोदामा पदासीन यी विपक्षीहरूबाट भएको यस किसिमको कार्यलाई हलुका सम्झनसमेत मिल्दैन। प्रस्तुत भएको लिखित जवाफको व्यहोरासमेतबाट विपक्षीहरूको कार्य क्षमायोग्य रहेको भन्न सकिने अवस्थाको देखिन आएन।

१०. एउटै पदमा दुईजना व्यक्तिलाई काममा खटाउने गरी गरिएको व्यवस्था आफैँमा प्रशासनिक पद र प्रतिष्ठासँग मेल नखाने व्यवहार हो। यी निवेदिका महिला कर्मचारी भई देशको प्रशासनिक संयन्त्रभित्र उच्च पदमा प्रशासनिक जिम्मेवारी बहन गर्न सक्षम रहेको र निजको सो सक्षमताका सम्बन्धमा विपक्षी निकायहरूबाट अन्यथा भएकोसमेत देखिँदैन। निवेदिकालाई सचिव पदमा पूर्ववत् काम लगाउन परेको कारणले नै निजलाई जिम्मेवारीबाट मुक्त गर्ने वा कामबाट पन्छाउने उद्देश्यले मात्रै अन्य व्यक्तिलाई ल्याई सचिवको काम लगाउनलाई अदालतको आदेश पालना गर्नबाट छल्ने प्रयासको रूपमा लिन पर्ने हुन्छ। निवेदिकालाई पूर्ववत् अख्तियारी नसुम्पेबाट निजलाई अदालतको आदेशको भावनाबमोजिम काम नपाएको भन्ने देखिन्छ। निकायमा एउटै पदका दुई उच्च पदस्थ जनशक्तिको खटनपटन गर्दा त्यस्तो विषयमा औचित्यसमेत विद्यमान हुन पर्ने हुन्छ। रिट निवेदिकालाई आफ्नो तोकिएको जिम्मेवारीबाट विमुख नगराइएको, निज महालेखा नियन्त्रक पदमा पदाधिकार रही प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा काम काज गर्ने गरी काजमा राखिएको भन्ने पत्र प्राप्त भए पनि सिंचाई मन्त्रालयले निजलाई रमानापत्र नदिएको र निजले रमाना नलिई सचिवको हैसियतमा हाजिर गरी रहनुभएको भन्ने आधार लिई निजलाई निजले सम्पादन गरी रहेको काम काजबाट विमुख नगराएको भन्ने आसयको लिखित जवाफ विपक्षीहरूबाट दिइए पनि त्यस्तो जवाफ तर्कसङ्गत हुन सक्तैन।

११. प्रसङ्गवश माथि नै उल्लेख भए झैं निवेदिकालाई उपरोक्तबमोजिम रमाना नदिए पनि वा निजले कानूनबमोजिम तलव भत्ता सुविधा प्राप्त गरेको वा कार्यकक्षमा प्रवेश गर्न दिइए पनि निवेदकले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न अख्तियारी नदिने गरेको वा निजमार्फत मन्त्रालयको प्रशासनिक कार्य गराइएको देखिँदैन भने त्यतिमात्रले आदेशको सम्मान गरेको भन्न मिल्दैन। स्वभाविकरूपमा सचिवले गर्नुपर्ने वा पाउने काम गर्न नदिएपछि त्यसको क्षतिपूर्ति अन्य तरिकाले गर्न सकिन्छ भन्न मिल्दैन। नेपाल सरकारको विशिष्ट जिम्मेवारी बहन गर्ने क्षमता रहेका तथा आफ्नो योग्यता र क्षमताको आधारमा अमुक जिम्मेवारी बहन गरेका त्यस्ता जनशक्तिलाई निजको पदीय दायित्व निर्बहन गर्न उपयुक्त हुने जिम्मेवारीसमेत स्पष्टरूपमा तोकिनु वाञ्छनीय हुन्छ। रिट निवेदिकाले दिएको आफ्नो सरूवाको निर्णयउपर दायर भएको रिट निवेदन र सो रिट निवेदनको कारवाहीको कममा भएको

आदेशसमेतलाई उपेक्षा गर्ने गरी निवेदिका भन्दा कनिष्ट सचिवलाई तत्काल हाजिर भएकै दिन आफ्नो अधिकार प्रत्यायोजन गर्नु वस्तुसङ्गत देखिन आउँदैन । यसले अदालतबाट भएको आदेशको उपेक्षा मात्र होइन राज्यका संवेदनशील निकायहरूले अदालतबाट हुने आदेश वा फैसलालाई अनदेखा गरी आफ्ना काम कारवाहीहरूलाई अगाडि बढाउँदै जाने प्रवृत्ति क्रमशः बढ्दै जाने र कानूनी शासनको उपहाससमेत हुने हुन्छ। निवेदिकाले उठाएको सरूवाको वैद्यतामाथि यस अदालतमा मुद्दा परी यस अदालतबाट जारी भएको अन्तरिम आदेशसमेत अन्यथा हुने गरी विपक्षीहरूबाट भएका काम कारवाहीलाई यस अदालतले सहज ठानी विपक्षीहरूलाई त्यस्तो छुट दिँदै जाने हो भने न्यायको मर्म नै परास्त हुन जान्छ र न्यायको अनुभूति सर्वसाधारणमा पुग्न सक्ने हुँदैन । कानूनी शासनमा यस्तो अवस्था परिकल्पना पनि गर्न सकिँदैन ।

१२. उपरोक्त पृष्ठभूमिमा निवेदिकाको मागबमोजिम क-कसले यस अदालतबाट जारी भएको अन्तरिम आदेशको अपहेलना गरेको हो वा होइन भन्ने सम्बन्धमा निर्णयतर्फ विचार गर्दा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईले प्रधानमन्त्रीको हैसियतमा समग्र प्रशासनको जिम्मेवारी लिनुपर्ने भए पनि विभागीय विषयमा सम्बन्धित विभागीय मन्त्रीले नै अन्तिम जिम्मेवारी लिनुपर्ने देखिन्छ। प्रस्तुत मुद्दामा विपक्षी तत्कालीन प्रधानमन्त्री भई मूल उत्प्रेषण मुद्दामा विपक्षीसम्म पनि बनाएको नदेखिएको निजले कुनै हस्तक्षेपकारी भूमिका निर्वाह गरेको भन्ने पनि नदेखिएकोले मन्त्रालयमा भए गरेको कुराको लागि नैतिक जिम्मेवारीको अपेक्षा गर्नेबाहेक कानूनको गम्भीर उल्लङ्घन गरेको भन्न मिल्ने देखिएन ।

१३. त्यस्तै विपक्षी मुख्य सचिवले पनि सिंचाई मन्त्रालयको आन्तरिक प्रशासनको स्तरमा भए गरेको कुराको लागि समन्वयात्मक भूमिकाको अपेक्षा गर्न सकिने भए पनि कानूनबमोजिम हस्तक्षेपकारी भूमिका खेल्न सक्ने देखिएन । निवेदिकालाई अदालतको आदेशबमोजिम सचिवको जिम्मेवारी नसुम्पन र निजबाट सो पदको काम काज गराउनमा प्रत्यक्ष वा परोक्ष अमुक कुनै कार्य गरेको देखिएन। तसर्थ निजको हकमा पनि मुख्य सचिवको नैतिक जिम्मेवारीको अपेक्षा गर्नेबाहेक आदेश र कानूनको उल्लङ्घन गरेको कुनै दोष लगाउन मिल्ने देखिएन ।

१४. यस अदालतबाट मिति २०६९।५।७ मा जारी भएको अन्तरिम आदेश सिंचाई मन्त्रालयको नाममा मिति २०६९।५।८ मा तामेल भै सकेको अवस्थामा मन्त्रालयको विभागीय मन्त्रीको हैसियतले आदेशको शब्द र भावना अनि कानूनी राज्यको मूल्य एवं मान्यताको आधारमा सोको पालना गर्नु गराउनु निजको नै मुख्य कर्तव्य हुनेमा सोबमोजिम गर्नुको अपेक्षा मिति २०६९।५।१८समेतको आदेशले यथावत् अवस्थामा निवेदिकालाई काममा लगाउनु भन्दाभन्दै आदेशलाई छल्ने र पन्छाउने हिसाबले निवेदिकालाई पूर्ववत् अख्तियारी प्रदान नगरी काममा नलगाई निजले पूर्ववत् गरी रहेको काम वैकल्पिकरूपमा अर्को सचिवलाई राखी काम गराएको देखिएकोले र यसबाट निवेदिकाको हक हितमा भन्दा पनि देशमा कानून र अदालती आदेश निर्णयको परिपालना हुने कुरामा नै अवरोध खडा गरेको देखिन आएको छ। अदालती आदेशको वास्तविक मर्म र भावनाविपरीत स्वेच्छाचारी हिसाबले काम गरेकोलाई सहज मान्न नसकिने हुँदा उपरोक्त आदेशको अपहेलना गर्ने कार्यमा विपक्षी सिंचाई मन्त्रीको मुख्य भूमिका देखिन आउँछ ।

१५. अर्का विपक्षी प्रतापकुमार पाठकले अन्तरिम आदेशको सूचना बुझ्नुका साथै स्वयं निवेदिकाले आदेश कार्यान्वयन सम्बन्धमा लिखित

अनुरोध गरेकोमासमेत निजबाट आफ्नो तर्फबाट हुनसक्ने प्रयत्नसम्म नगरी आदेश कार्यान्वयनतर्फ कुनै प्रक्रिया शुरू हुन नसकेको बरू अदालतको आदेशपश्चात् पनि निवेदिकालाई जिम्मेवारी हस्तान्तरण नगरी आफूले नै सचिवको रूपमा काम गरी रहेको र निवेदिकालाई काम गर्न नरोकेको भन्ने जिकीरसम्म लिएको पाइयो । सम्बन्धित सचिव आदेशबमोजिम फर्की आएपछि आफूले त्यसमा सघाउनु पर्नेमा जो चाहिने प्रबन्ध गरी गराई त्यहाँबाट प्रस्थान गर्नुपर्नेमा बहालवाला सचिवलाई काम गर्न नदिने र निजले गरी आएको काम आफूले गर्ने गरेकोबाट आदेशको कार्यान्वयनमा निजबाट अवरोध भएको नै भन्नुपर्ने देखियो । आदेशको कार्यान्वयनको जानकारी दिनुपर्नेमा सोसमेत नदिई बसेबाट निजको उदासीनताबाट यस अदालतबाट जारी भएको अन्तरिम आदेशको अपहेलना भएको नै मान्नुपर्ने हुन आउँछ ।

१६. अतः माथि विवेचित आधार, कारण तथा अवस्थाबाट समेत विपक्षीमध्येका तत्कालीन सिंचाई मन्त्री महेन्द्रप्रसाद यादव र सिंचाई मन्त्रालयको सचिवकोसमेत गरी दोहोरो जिम्मेवारी लिई बसेका सचिव प्रतापकुमार पाठकले यस अदालतबाट भएको मिति २०६९।५।७ को अन्तरिम आदेशको कार्यान्वयनमा अवरोध गरी पूर्ण कार्यान्वयन हुन नदिएको देखिएकोले सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(१) बमोजिम विपक्षी महेन्द्रप्रसाद यादवलाई रू.६,०००।- र विपक्षी प्रतापकुमार पाठकलाई रू. ५,०००।- जरीवाना हुने ठहर्छ । अरूमा तपसील बमोजिम गर्नू ।

तपसील

१. माथि इन्साफ खण्डमा लेखिएबमोजिम विपक्षी महेन्द्रप्रसाद यादव र प्रतापकुमार पाठकले यस अदालतबाट जारी भएको मिति २०६९।५।७ को अन्तरिम आदेशको कार्यान्वयनमा अवरोध गरी अदालतको अपहेलना गरेवापत निजहरूलाई क्रमशः रू. ६,०००।- तथा रू. ५,०००।- जरीवाना हुने ठहरी फैसला भएकोले जरीवानाको लगत कायम गर्नू ।
२. आफ्नो कार्यको प्रायश्चित् गरी विपक्षी महेन्द्रप्रसाद यादव र प्रतापकुमार पाठकले यसै इजलासलाई सन्तोष हुने गरी निःशर्त क्षमायाचना गरी यो आदेश भएको मितिले एक महिनाभित्र निवेदन दिन आएमा इजलाससमक्ष उक्त निवेदन पेश गरी ठहरेबमोजिम हुने गरी सर्वोच्च अदालत ऐन, २०४८ को दफा ७(२) बमोजिम उक्त अवधिसम्म यो सजाय कार्यान्वयन मुलतवीमा राखी दिएको छ । सो अवधि नाघेपछि यस इजलासबाट अर्को आदेश भएमा बाहेक कानूनबमोजिम सजायको कार्यान्वयन गरी असूल उपर गर्नू ।
३. फैसलाको विवरण जानकारीको लागि मन्त्रिपरिषद्को कार्यालय एवं निर्वाचन आयोगमासमेत अभिलेखमाजनाउन लेखी पठाई दिनू ।
४. फैसलाको जानकारी विपक्षीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.वैद्यनाथ उपाध्याय

इति संवत् २०७० साल मंसिर १७ गते रोज २ शुभम्
इजलास अधिकृत :- विष्णुप्रसाद गौतम

## निर्णय नं. ९०४४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
आदेश मिति : २०७०।८।१७।२
०६९-WO-०१५८
विषयः उत्प्रेषण ।

निवेदक : का.जि.का.म.न.पा.वडा नं.१४ वाफल घर भई हाल सिंचाई मन्त्रालयको सचिव पदमा कार्यरत विन्द्रा हाडा भट्टराई

विरूद्ध

विपक्षी : मन्त्रिपरिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरवार, काठमाडौंसमेत

- **निजामती प्रशासनलाई परिणाममुखी, सार्थक र सेवाप्रति प्रतिबद्ध हुनसमेत प्रशासनमा नेतृत्वदायी भूमिका निर्वहन गर्नसक्ने खास श्रेणीका कर्मचारीहरूको पदस्थापन, जिम्मेवारी, कानूनको रीत पुऱ्याई सरूवा तथा काजमा राख्नुपर्ने औचित्यतासमेतका आधारहरू वस्तुनिष्ठरूपमा लागू गरिएको हुनुपर्ने हुन्छ । अन्यथा त्यस्तो नेतृत्वमा रहने जनशक्तिका हकमा औचित्यबिना गरिने सरूवा वा काजले समग्र प्रशासनयन्त्रलाई असर पर्नसक्ने ।**

(प्रकरण नं.५)

- **कानून र विवेकसम्मत कुरालाई अनावश्यकरूपमा इन्कार गर्ने र कानूनप्रतिकूलको कुरालाई पनि इन्कार गर्न नसक्ने दुबै प्रवृत्ति सुशासन र कानूनी शासनको लागि आपत्तिजनक कुराहरू हुन् । सेवा शर्तसम्बन्धी कानून र खास गरी सरूवा र विभागीय कारवाही जस्तो कुरामा निश्चित् मापदण्ड र प्रक्रिया निर्धारण गरिनुपर्ने ।**

(प्रकरण नं.७)

निवेदकतर्फबाट : विद्वान वरिष्ठ अधिवक्ताहरू हरिप्रसाद उप्रेती र बालकृष्ण नेउपाने तथा विद्वान अधिवक्ताहरू कृष्ण सापकोटा र मीरा ढुंगाना

विपक्षीतर्फबाट : विद्वान सहन्यायाधिवक्ताद्वय धर्मराज पौडेल र महेश शर्मा पौडेल

अवलम्बित नजीर :

सम्बद्ध कानून : निजामती सेवा ऐन, २०४९ को दफा १८(२), निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५)

आदेश

**न्या.कल्याण श्रेष्ठ :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छ :-

म निवेदिका मिति २०४८।१०।१२ मा नेपाल ईन्जिनियरिङ सेवा केमिष्ट्री समूहको केमिष्ट (रा.प.तृतीय श्रेणी प्रा.) पदमा सेवा प्रवेश गरी मिति २०५९।६।३ मा खुल्ला प्रतियोगिताबाट रा.प.प्रथम श्रेणीमा बढुवा नियुक्ति भएकी हुँ । मिति २०६४।६।२४ मा विशिष्ट श्रेणीको पदमा बढुवा भई हाल सिंचाई मन्त्रालयमा कार्यरत् रहँदै आएकी छु र मिति २०६९।६।२४ देखि निजामती सेवा ऐन, २०४९ को दफा १७ र दफा ३३ बमोजिम मैले अनिवार्य अवकाश पाउने अवस्था रहेको छ । निजामती सेवा नियमावली, २०५०

को नियम ३६ (१२) मा यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालय वा विभाग वा केन्द्रीय निकाय वा क्षेत्रीय कार्यालय वा जिल्लास्तरीय कार्यालयको प्रमुख भई सकेको निजामती कर्मचारीलाई निजले स्वेच्छाले माग गरेकोमा बाहेक समान श्रेणीको पदमा सो भन्दा तल्लो निकाय वा कार्यालयमा सरूवा गरिने छैन भन्ने व्यवस्था रहेको छ। म निवेदिका बहालवाला सचिवहरूमध्येमा वरिष्ठतम् सचिव भएकोमा म भन्दा कनिष्ठ रहेका अर्थ मन्त्रालयको सचिवको मातहतमा रहेको महालेखा नियन्त्रक रा.प.विशिष्ट श्रेणीको पदमा सरूवा गरी मन्त्रिपरिषद्को कार्यालयमा काजमा खटाईएको भन्नेबारेको सिंचाई मन्त्रालयको नामको मिति २०६९।५।१ को पत्रबाट जानकारी हुन आयो । मेरो सरूवामा कुनै कारण नै नखोलिएको हुँदा उक्त सरूवा ऐ. नियमावलीको नियम ३८(२)(क), निजामती सेवा ऐन, २०४९को दफा १८(२) र दफा १८क(२ख) मा रहेको कानूनी व्यवस्थासमेतको विपरीत हुँदा स्वतः गैरकानूनी छ । सरूवासम्बन्धी मापदण्ड नै नबनाई सरूवा गरिएको अवस्था हुँदा विपक्षीको उक्त सरूवाको निर्णय ऐ.नियमावलीको नियम ३६(१५) को कानूनी व्यवस्थाको विपरीत छ। ईमान्दारीपूर्वक काम गर्दै आई करीब डेढ महिनापछि स्वतः अनिवार्य अवकाश हुने मलाई सरूवा गर्नुपर्ने कुनै कारण नै नहुँदा सम्मानपूर्वक सेवा निवृत्त हुनबाटसमेत असर पुग्न गएको छ । मेरो सरूवा निर्णय सुशासन (व्यवस्थापन तथा संचालन), २०६४ को दफा ६ (ख) र ७(ङ) बमोजिम समन्याय र समावेशीकरणको आधारसमेतको विपरीत हुनाको साथै सरूवामा कुनै कारण र आधार नखुलाएकोले ऐ.ऐनको दफा १७ समेतको विपरीत छ।

मुख्य सचिवको नियुक्तिमा मैले प्रतिस्पर्धा गरेको कारणले मेरो विरूद्ध विपक्षी नेपाल सरकारबाट भएको निर्णय महिला विरूद्ध हुने सम्पूर्ण भेदभाव उन्मूलन गर्नेसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, १९७९ मा भएका व्यवस्था र मर्मको विपरीत हुनाको साथै संयुक्त राष्ट्र संघीय महासभाको प्रस्ताव नं. १३२५ एवं नेपाल सन्धी ऐन, २०४७ को दफा ९ समेतको विपरीत रहेको छ। त्यसै कारणले विपक्षीहरूको उक्त कामकारवाही र निर्णयबाट मलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१)(२) र १९(१) द्वारा प्रदत्त मौलिक हक एवं उल्लिखित निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० तथा अन्य कानूनद्वारा प्रदत्त कानूनी हकहरूको समेत हनन् हुन गएको र ती हकहरू प्रचलन गराउने अन्य कुनै वैकल्पिक एवं प्रभावकारी उपचारको बाटोसमेत नभएको हुनाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानीत अदालतसमक्ष उपस्थित भएकी छु । सम्मानीत अदालतबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम विपक्षी मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।५।१ को निर्णय तथा सो निर्णयबमोजिमको सोही मितिको पत्र तथा म निवेदिकालाई प्रतिकूल असर पर्ने गरी सोको अघिपछि विपक्षीहरूबाट भए गरेका सम्पूर्ण काम कारवाही एवम् निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी निवेदिकालाई यथावत्‌रूपमा सिंचाई मन्त्रालयको सचिव पदमा काम काज गर्न दिनु दिलाउनु भन्ने परमादेश लगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पूर्ण न्याय पाऊँ ।

साथै, सरकार फेरबदलहुँदा दलीय राजनीति र राजनीतिक नेतृत्वको निजी स्वार्थको आधारमा राज्यको नीति निर्माणमा संलग्न रहने रा.प.प्रथम र विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई स्वेच्छाचारीपूर्वक सरूवा गर्ने तथा काज खटाउने गरिएकोमा त्यस्तो काम कारवाहीलाई अन्त्य गर्न निजामती सेवा नियमावली, २०५० को नियम

३६(१५) समेतका आधारमा त्यस्ता पदाधिकारीहरूलाई सरूवा पदस्थापन र काजमा खटाउँदा निश्चित् मापदण्ड बनाई सो मापदण्डका आधारमा मात्र सरूवा पदस्थापना तथा काज खटाउने व्यवस्था लागू गर्नु गराउनु भनी नेपाल सरकारका नाममा परमादेशलगायत अन्य जो चाहिने उपयुक्त आदेश जारी गरी पाऊँ । विपक्षीहरूको उक्त मिति २०६९।०५।०१ को सरूवा निर्णय र सो मितिको पत्र कार्यान्वयन भएमा मलाई अपूरणीय क्षति पुग्न गई रिट निवेदनकै औचित्य समाप्त हुने भएकोले उक्त मितिको निर्णय सोबमोजिम लेखिएको पत्र कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु र निवेदकलाई सरूवा भएको सिंचाई मन्त्रालयको सचिव पदमा नै यथावत्रूपमा कामकाज गर्न दिनु दिलाउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको रिट निवेदन दावी ।

यसमा निवेदन मागबमोजिमको आदेश जारी हुन नपर्ने आधार कारण भए लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरूलाई म्याद सूचना पठाई नियमानुसार पेश गर्नु । साथै निवेदिका मिति २०६४।६।२४ देखि निजामती सेवाको विशिष्ट श्रेणीमा बढुवा भई हाल सिंचाई मन्त्रालयमा सचिव पदमा कार्यरत् रहँदै आएको र निज मिति २०६९।६।२४ देखि निजामती सेवा ऐन, २०४९ को दफा १७ र दफा ३३ बमोजिम अनिवार्य अवकाश पाउने स्थितिमा रहेकोमा निजलाई निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) को विपरीत निवेदिका सिंचाई मन्त्रालयको सचिव तथा बहालवाला सचिवहरूमध्ये वरिष्ठतम् सचिव भएकोमा निजभन्दा कनिष्ठ रहेको अर्थ मन्त्रालयको सचिव मातहतको महालेखा नियन्त्रक रा.प.विशिष्ट श्रेणी पदमा निजले माग नगरेको अवस्थामा सरूवा गरी मन्त्रिपरिषद्को कार्यालयमा काजमा खटाइएको भन्नेबारेको निजामती सेवा नियमावलीको नियम ३८(२)(क) को विपरीत सरूवा गर्नुपर्ने कारणसमेत नखोली प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०६९।५।१ को पत्रबाट निजलाई जानकारी गराएको देखिन्छ । उक्त मिति २०६९।५।१ को पत्रमा उल्लिखित मन्त्रिपरिषद्को निर्णयमा निजामती सेवा ऐन, २०४९ को दफा १८(२) मा उल्लेखित सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहेको समितिको सिफारिशमा मात्र सरूवा गर्नुपर्नेमा सो गरिएको नदेखिएको अवस्था छ ।

अतः सुविधा सन्तुलनको दृष्टिकोणले समेत यो रिट निवेदनको अन्तिम किनारा नलागेसम्म विपक्षीको उक्त मिति २०६९।०५।०१ को निर्णय र पत्र कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु तथा निवेदिकालाई हाल कार्यरत् भएको सिचाई मन्त्रालयको सचिव पदमा नै यथावतरूपमा कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाउँमा यो अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको मिति २०६९।०५।०७ मा यस अदालत एक न्यायाधीशको इजलासबाट जारी भएको आदेश ।

निवेदिकालाई मन्त्रिपरिषद्बाट मिति २०६९।५।१ को सरूवा तथा काज तोक्ने निर्णय निजामती सेवा ऐन, २०४९ को दफा १८(२) बमोजिम सामान्य प्रशासन मन्त्रीको अध्यक्षतामा नेपाल सरकारको मुख्य सचिव र सामान्य प्रशासन मन्त्रालयका सचिव सदस्य रहेको समितिको मिति २०६९।४।३२ मा बसेको बैठकको सिफारिश बमोजिम भएको हो । निजामती सेवा नियमावली, २०५० को नियम ३६ (१२) अनुसार कुनै निकायको

कार्यालय प्रमुख भई कामकाज गरिरहेको कुनै निजामती कर्मचारीलाई सो काम काज गरिरहेको निकाय भन्दा तल्लो निकाय वा कार्यालयमा समान श्रेणीको पदमा सरूवा गर्न रोक लगाएको हो। तर रिट निवेदिकालाई सरूवा गरी काज राखिएको निकाय तल्लो निकाय नभई नेपाल सरकारको केन्द्रीयस्तरको निकाय भएकोले निजको हकमा उक्त व्यवस्था आकर्षित नहुँदा प्रस्तुत रिट निवेदनमा यो व्यवस्था सान्दर्भिक देखिँदैन। निजामती सेवा ऐन, २०४९ को दफा १८(३) बमोजिम विशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई नेपाल सरकारले जहिले सुकै पनि सरूवा गर्न सक्ने देखिन्छ। त्यस्तो कर्मचारीलाई सरूवा गर्दा सरूवापत्रमा अवधि तोकी सरूवा गर्नु पर्ने कानूनी व्यवस्था देखिँदैन।

निजामती सेवा ऐन, २०४९ को दफा १८(४) को व्यवस्था विशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीको हकमा आकर्षित हुँदैन। महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकार सिंचाई मन्त्रालय मातहतको वा सो भन्दा तल्लो निकाय नभएको र निवेदिका उमेर हदको कारणले नभई विशिष्ट श्रेणीमा सेवा गरेको सेवा अवधिको कारणले अवकाश हुन लागेको कारणसमेतले मन्त्रिपरिषद्‌को सरूवा निर्णय निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) विपरीत छैन। नीतिगत तहको विशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई सरूवा तथा काज गर्ने छुट्टै प्रकृतिको व्यवस्था हुँदा नेपाल सरकारले सिफारिश समितिले आवश्यक विवेक प्रयोग गरी गरेको सिफारिशमा मन्त्रिपरिषद् बाध्यकारी हुने भई जहिलेसुकै पनि सरूवा गर्न सक्ने, सरूवामा अवधि खोल्न पर्ने कानूनी अनिवार्यता नहुने र अवधि नपुग्दै पनि सरूवा गर्न सक्ने देखिँदा उक्त सरूवामा निजामती सेवा ऐन, २०४९ को दफा १८(२), १८(३) र दफा १८(४) को व्यवस्था आकर्षित हुँदैन। रिट निवेदिका अनिवार्य अवकाश पाउन लागेको अवस्था निजामती सेवा नियमावली, २०५० को नियम ३६(६) बमोजिम उमेरको कारणले नभई निजामती सेवा ऐन, २०४९ को दफा १७ बमोजिम ५ वर्षको सेवा अवधि पूरा गरेको कारणले हुँदा सरूवा तथा काजसम्बन्धी नेपाल सरकारको निर्णयमा त्रुटी नभई कानूनसम्मत नै रहेबाट रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको नेपाल सरकार मन्त्रिपरिषद् र आफ्नो हकमासमेत नेपाल सरकारका मुख्य सचिवबाट यस अदालतसमक्ष पेश हुन आएको लिखित जवाफ।

विपक्षी रिट निवेदकले यस मन्त्रालयलाई विपक्षीको महलमा समावेश गर्ने बाहेक यस मन्त्रालय र आफ्ना के कस्ता कार्यले निजका कानूनी एवं मौलिक हक अधिकार हनन् हुन पुगे भन्ने सम्बन्धमा रिट निवेदनमा कतै खुलाउन सक्नु भएको छैन। विशिष्ट श्रेणीका कर्मचारीहरूको सरूवासम्बन्धी प्रचलित कानूनको अवलम्बन गरी नेपाल सरकार (मन्त्रिपरिषद्) ले गरेको निर्णयलाई अन्यथा भयो भन्न मिल्दैन प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको सिंचाई मन्त्रालयको तर्फबाट नि.सचिव रविन्द्रनाथ कर्माचार्यले यस अदालतसमक्ष पेश गरेको लिखित जवाफ।

निजामती सेवा ऐन, २०४९ को दफा १८(२) को कानूनी व्यवस्थाअनुसार सिफारिश समितिको सिफारिश बमोजिम नै रिट निवेदिकालाई सरूवा गरिएको हो। महालेखा नियन्त्रकको कार्यालय नेपाल सरकार सिंचाई मन्त्रालय मातहतको वा सो भन्दा तल्लो निकाय नभएको र निवेदिका उमेरहदको कारणले नभई विशिष्ट श्रेणीमा सेवा गरेको सेवा अवधिको कारणले अवकाश हुन लागेको कारणसमेतले मन्त्रिपरिषद्‌को सरूवा निर्णय निजामती सेवा नियमावली, २०५०

को नियम ३६(१२) विपरीत छैन । विशिष्ट श्रेणी तथा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारीलाई सरूवा तथा काज गर्ने छुट्टै प्रकृतिको व्यवस्था हुँदा नेपाल सरकारले सिफारिश समितिले आवश्यक विवेक प्रयोग गरी गरेको सिफारिशमा मन्त्रिपरिषद् बाध्यकारी हुने भई जहिलेसुकै पनि सरूवा गर्न सक्ने, सरूवामा अवधि खोल्न पर्ने कानूनी अनिवार्यता नहुने र अवधि नपुग्दै पनि सरूवा गर्न सक्ने देखिँदा उक्त सरूवामा निजामती सेवा ऐन, २०४९ को दफा १८(२), १८(३) र दफा १८(४) को व्यवस्था आकर्षित हुने नभएबाट रिट निवेदनको औचित्य नै देखिँदैन । रिट निवेदिका अनिवार्य अवकाश पाउन लागेको अवस्था निजामती सेवा नियमावली, २०५० को नियम ३६(६) को नभई निजामती सेवा ऐन, २०४९ को दफा १७ बमोजिमको हुँदा सरूवा तथा काजसम्बन्धी नेपाल सरकारको निर्णय कानूनसम्मत् नै रहेबाट रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको सामान्य प्रशासन मन्त्रालय एवं राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई सरूवा वा पदस्थापना सिफारिश समितिको तर्फबाट यस अदालतसमक्ष पेश भएको लिखित जवाफ ।

नियमबमोजिम मुद्दा पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता क्रमश : श्री कृष्ण सापकोटा, श्री हरिप्रसाद उप्रेती, बालकृष्ण नेउपाने, मीरा ढुंगानाले रिट निवेदिका बहालवाला सचिवहरूमध्येमा वरिष्ठ रहेकी र निजले अनिवार्य अवकाश पाउने अवधिसमेत करीब डेढ महिना (मिति २०६९।०६।२४ मा) मात्रै बाँकी रहेको अवस्थामा निजभन्दा कनिष्ठ सचिव रहेको मन्त्रालय मातहतको निकायमा मन्त्रिपरिषद्बाट मिति २०६९।५।१ मा सरूवा गर्ने निर्णय भएबाट सो निर्णय प्रचलित निजामती सेवा ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरूको विपरीत छ साथै सो निर्णय आधार र कारणबिहिनसमेत भई स्वेच्छाचारी र बद्नियतपूर्ण छ । पूर्वाग्रहीरूपबाट भएको विपक्षी मन्त्रिपरिषद्को उक्त निर्णय कायम रहिरहन सक्ने प्रकृतिको नहुँदा सो निर्णयका साथै सो निर्णयबमोजिम लेखिएको सोही मितिको पत्र तथा निवेदिकालाई प्रतिकूल असर पर्ने गरी सोको अघिपछि विपक्षीहरूबाट भए गरेका सम्पूर्ण काम कारवाहीसमेतलाई उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्छ। सरकारमा फेरबदल हुनासाथ राजनीतिक स्वार्थको आधारमा राज्यको नीति निर्माणको तहमा संलग्न रहने रा.प.प्रथम र विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई पूर्वाग्रहीरूपमा स्वेच्छाचारीपूर्वक सरूवा गर्ने तथा काज खटाउने गरिने गरेको प्रचलनलाई नियन्त्रण गर्न निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५) समेतका आधारमा त्यस्ता पदाधिकारीहरूलाई सरूवा गर्दा तथा काजमा खटाउँदा निश्चित् मापदण्ड बनाएर मात्र गर्ने व्यवस्था लागू गर्नु गराउनु भनी नेपाल सरकारका नाममा परमादेशको आदेशसमेत जारी हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नु भयो ।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सह न्यायाधिवक्ताद्वय श्री धर्मराज पौडेल र महेश शर्मा पौडेलले विपक्षी निवेदिकालाई निजामती सेवा ऐन नियमविपरीत सरूवा गरिएको अवस्था छैन । रिट निवेदनमा दावी लिएअनुसार सरूवा भएको निकाय निज साविकमा कार्यरत् निकायभन्दा तल्लो निकायसमेत होइन। उमेरहदको कारणले नभई सेवाहदको कारणले अवकाश हुन लागेको हुँदा निजको हकमा निजामती सेवा नियमावली, २०५० को नियम ३६(१२) को व्यवस्था आकर्षित नै हुँदैन। विशिष्ट श्रेणीको कर्मचारीलाई आवश्यकताअनुसार नेपाल सरकारले जहिलेसुकै पनि सरूवा गर्न सक्छ । त्यस्तो सरूवा पत्रमा अवधि र कारण खोल्नैपर्ने बाध्यता नहुँदा मन्त्रिपरिषद्को उक्त सरूवा निर्णय कानूनसम्मत्

नै भएकाले औचित्यबिहीन रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नु भयो ।

पक्ष विपक्षी दुबैतर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरू तथा सहन्यायाधिवक्ताहरूले प्रस्तुत गर्नुभएको उल्लिखित बहस जिकिरसमेतलाई मनन् गर्दै आज निर्णय सुनाउन तारेख तोकिएको प्रस्तुत रिट निवेदनमा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निवेदिकाले माग गरेबमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

निवेदिकाले आफ्नो निवेदनमा मूलतः मिति २०६९।०६।२४ देखि नै मैले अनिवार्य अवकाश पाउँदैछु । सम्मानपूर्वक अवकाश हुन पाउँने सुविधामा नै आँच पुऱ्याउने गरी विपक्षी मन्त्रिपरिषद्ले उचित आधार र कारण नै उल्लेख नगरी पूर्वाग्रही भएर बद्नियतपूर्वक र स्वेच्छाचारीपूर्ण तरिकाले हाल बहालवाला सचिवहरूमा वरिष्ठ रहेकी मलाई कार्यरत् निकायभन्दा तल्लो निकायमा सरूवा गर्ने गरी विपक्षी मन्त्रिपरिषद्को कार्यालयले मिति २०६९।५।१ मा निर्णय गरेको छ । सो निर्णय निजामती सेवा ऐन नियममा भएका व्यवस्थाहरूसमेतको उल्लङ्घन हुने गरी भएको हुँदा उक्त मिति २०६९।५।१ को निर्णय र सो निर्णयका आधारमा भएका पत्राचारसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ र अब आयन्दा विशिष्ट श्रेणीमा सरूवा तथा काज गर्दा निश्चित् मापदण्ड बनाएर मात्र गर्ने व्यवस्था लागू गर्नु गराउनु भनी विपक्षी नेपाल सरकारको नाममा परमादेशको आदेशसमेत जारी गरिपाऊँ भन्ने मुख्य निवेदन माग दावी रहेको देखिन्छ । विपक्षीहरूबाट प्रस्तुत लिखित जवाफ व्यहोरा हेर्दा निज रिट निवेदक उमेरहदका कारणले अवकाश हुन लागेको नभै सेवा अवधि पूरा हुन लागेको कारणले भएकाले रिट निवेदनमा जिकीर लिए झैं निजको सरूवा निजामती सेवा ऐन नियमसम्मत नै छ । विशिष्ट श्रेणीको कर्मचारीलाई सरूवा गर्दा सरूवा पत्रमा कुनै अवधि र कारण खोलिरहन पर्ने ऐन नियमको बाध्यात्मकतासमेत नरहेको परिप्रेक्ष्यमा भएको सरूवा बदर हुनु पर्ने होईन भन्नेसमेतको जिकीर लिँदै रिट निवेदनमा उठाइएका जिकीरहरूको खण्डन गरिएको देखिन्छ ।

२. निर्णयतर्फ विचार गर्दा सचिव पदमै बहाल रहेको अवस्थामा प्रस्तुत रिट निवेदन दायर गर्न ल्याएको भए पनि निवेदन जिकीरबमोजिम नै मिति २०६९।०६।२४ देखि रिट निवेदिका अनिवार्य अवकाशबाट सेवा निवृत भई सकेको अवस्था देखिन्छ । विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्बाट रिट निवेदिकालाई सरूवा गर्ने गरी भएको मिति २०६९।०५।०१ को निर्णय र सोबमोजिम लेखिएको पत्र प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु यथास्थितिमा राख्नु तथा निवेदिकालाई हाल कार्यरत् भएको सिंचाई मन्त्रालयको सचिव पदमा नै यथावतरूपमा कामकाज गर्न दिनु भनी जारी भएको अन्तरिम आदेशलाई अपहेलना गरेर आफूलाई सरूवा भएको कार्यालयमा जान बाध्य तुल्याएको भनी यी रिट निवेदिकाले मिति २०६९।०५।१५ मा विपक्षी नेपाल सरकारका प्रधानमन्त्रीसमेतका उपरमा छुट्टै अदालतको अपहेलना मुद्दासमेत दिएको देखिन्छ । उक्त अपहेलना मुद्दासमेत निर्णयार्थ यसै मुद्दाको लगाउमा प्रस्तुत भएको अवस्था छ । हाल रिट निवेदिकाले अनिवार्य अवकाश पाई सकेको अवस्थासमेत देखिन्छ । रिट निवेदिकाले अनिवार्य अवकाश नै पाइसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरी उल्लिखित मितिको सरूवा निर्णय गैरकानूनी रहे नरहेको तर्फ निवेदनमागका सम्बन्धमा बिचार गर्नलाई अनिवार्य अवकाश पाई हाल सेवामै नरहेकी निवेदिकाको हकमा समय

सान्दर्भिकताको दृष्टिकोणबाट औचित्यपूर्ण देखिन आएन । अतः रिट निवेदिका हाल अनिवार्य अवकाशबाट सेवा निवृत भई सकेको समय सन्दर्भको कारणबाट निवेदन मागका सम्बन्धमा थप विचार गरिरहन पर्ने अवस्थाको विद्यमानता रहेको देखिन आएन । सोही आधारबाट प्रस्तुत रिट निवेदन खारेज हुन्छ ।

३. यी रिट निवेदिकाले रिट निवेदनमा सरकारमा हुने फेरबदलका आधारमा दलीय राजनीति र राजनीतिक नेतृत्वको निजी स्वार्थको आधारमा राज्यको नीति निर्माणमा संलग्न रहने रा.प.प्रथम र विशिष्ट श्रेणीका पदाधिकारीहरूलाई स्वेच्छाचारीपूर्वक सरूवा गर्ने तथा काज खटाउने गरिएकोमा त्यस्तो काम कारवाहीलाई अन्त्य गर्न निजामती सेवा नियमावली, २०५० को नियम ३६ (१५) समेतका आधारमा त्यस्ता पदाधिकारीहरूलाई सरूवा, पदस्थापना र काजमा खटाउँदा निश्चित् मापदण्ड बनाई सो मापदण्डका आधारमा मात्र सरूवा पदस्थापना तथा काज खटाउने व्यवस्था लागू गर्नु गराउनु भनी नेपाल सरकारका नाममा परमादेशलगायतका आदेश जारी गर्न मागसमेत गरेको देखिन्छ ।

४. विपक्षीमध्येका नेपाल सरकारका मुख्य सचिवको लिखितजवाफ व्यहोरा हेर्दा नीतिगत तहको उपल्लो श्रेणीमा रहने विशिष्ट श्रेणीका निजामती कर्मचारीको सरूवा तथा पदस्थापना सम्बन्धमा निजामती सेवा ऐन, २०४९ ले छुट्टै प्रकृतिको व्यवस्था गरेको, नेपाल सरकारले सो समितिको सिफारिशमा मात्र सरूवा गर्न सक्ने देखिएको हुँदा विशिष्ट श्रेणीको कर्मचारीलाई सरूवा तथा काज तोक्दा सरूवापत्रमा नै कारण खोल्नुपर्ने व्यवस्था नरहेको, विशिष्ट श्रेणीको कर्मचारीलाई सरूवा तथा पदस्थापना गर्नको लागि नेपाल सरकार मन्त्रिपरिषद्लाई सिफारिश गर्ने अधिकार निजामती सेवा ऐन, २०४९ को दफा १८(२) बमोजिमको सिफारिश समितिले नै विशिष्ट श्रेणीको कर्मचारीको सरूवा तथा पदस्थापनाको सन्दर्भमा आवश्यक विवेक प्रयोग गरी नेपाल सरकारलाई सिफारिश गर्ने र त्यस्तो सिफारिश नेपाल सरकार मन्त्रिपरिषद्को लागि बाध्यकारी भएकोले समितिले सिफारिश गरी सकेको व्यक्तिको हकमा नेपाल सरकारले सरूवा पत्रमा नै सरूवाको कारण खोलिरहनुपर्ने औचित्य र आवश्यकता नरहने भन्ने जिकीर लिएको देखियो ।

५. निवेदिकाले निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५) बमोजिमका आधारमा रा.प.प्रथम र विशिष्ट श्रेणीका कर्मचारीका हकमा सरूवा तथा काजका हकमा निश्चित् मापदण्ड बनाई सोअनुसार निर्णय गर्नुपर्ने भन्नेसमेतको माग गरेको देखियो । लिखितजवाफ व्यहोराबाट उक्त मागका सम्बन्धमा स्पष्ट जवाफ उल्लेख गर्न सकेको देखिन्न । मुलुकको निजामती प्रशासनलाई परिणाममुखी, सार्थक र सेवाप्रति प्रतिबद्ध हुनसमेत त्यस्तो प्रशासनमा नेतृत्वदायी भूमिका निर्बहन गर्न सक्ने खास श्रेणीका कर्मचारीहरूको पदस्थापन, जिम्मेवारी, कानूनको रीत पुर्‍याई सरूवा तथा काजमा राख्नुपर्ने औचित्यतासमेतका आधारहरू वस्तुनिष्ठरूपमा लागू गरिएको हुनुपर्ने हुन्छ । अन्यथा त्यस्तो नेतृत्वमा रहने जनशक्तिका हकमा औचित्यबिना गरिने सरूवा वा काजले समग्र प्रशासनयन्त्रलाई असर पर्न सक्ने हुन्छ ।

६. निजामती सेवा नियमावली, २०५० को नियम ३६ ले सरूवाको समयतालिका र सरूवाको आधारहरूका सम्बन्धमा स्पष्ट व्यवस्था गरेको देखिन्छ भने ऐ. को उपनियम १५ को व्यवस्था हेर्दा यस नियमबमोजिम निजामती कर्मचारीको सरूवा गर्ने वा सोको सहमती दिने निकायले सोको मापदण्ड बनाई सोअनुसार निर्णय गर्नु पर्ने छ भन्ने स्पष्ट व्यवस्थासमेत गरेको देखिन्छ । यी निवेदिकाले कानूनले प्रदान गरेको यही स्पष्ट व्यवस्थालाई

कार्यान्वयन गर्नका लागि विपक्षीहरूका नाउँमा उपयुक्त आदेश जारी गर्नसमेत माग गरेको र निजले आफ्नो सरूवाको विषयलाई लिएर भएको निर्णयको बदर मागसहित नियमावलीको प्रस्तुत प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी प्रशासनयन्त्रमा हुने सरूवा, काज तथा अन्य आवश्यक प्रबन्धलाई थप प्रभावकारी बनाउन तथा बेलाबेलामा हुने सरकार परिवर्तनका कारण त्यसले समग्र प्रशासनयन्त्रमा पर्न सक्ने प्रभावसमेतलाई विचार गरी विपक्षी निकायहरूका हकमा नियमावलीमा भएको प्रस्तुत व्यवस्थालाई कार्यान्वयन गर्न स्पष्ट मापदण्डसमेत बनाई लागू गर्न माग गरिएको विषय आफैँमा महत्वपूर्ण देखिन आयो। कानूनले स्पष्टरूपमा व्यवस्था गरेको प्रावधानलाई विपक्षी निकायहरूले अक्षरश: पालन गरी कानूनी शासनको प्रत्याभूति दिनु तत्तत् निकायहरूको संवैधानिक तथा कानूनी दायित्त्वसमेत हुन आउँछ । निवेदिकाले उठाएको यस्तो अहम् प्रश्नमा यस अदालतले आफूसमक्ष परेको निवेदन व्यहोराबाट माग गरिएको विषयमा अनदेखा गरी त्यस्तो विषयका सम्बन्धमा मौन बस्न मिल्ने हुँदैन। कानून कार्यान्वयनको विषयलाई लिएर परेको निवेदनका हकमा यस अदालतले निवेदिकाले उठाएको मागका सम्बन्धमा अध्ययन गरी आवश्यकता र औचित्यताका आधारमा आफूसमक्ष परेको विषयमा सरकार वा सरकारका कुनै निकायले कानूनले स्पष्टरूपमा व्यवस्था गरेको प्रावधानलाई कार्यान्वयन नगरी उदासीन भै बसेमा त्यस्तो विषयमा अदालतले आफ्नो स्पष्ट दृष्टिकोणमार्फत राज्यका निकायहरूलाई आवश्यक निर्देशन दिनु वाञ्छनीय हुन आउँछ ।

७. मन्त्रालय विभागमा पदस्थापन गरिएको उच्चस्तरका निजामती सेवाको अधिकृतहरूको जिम्मामा राज्यले महत्वपूर्ण कार्यभार सुम्पेको हुन्छ । त्यस्तो पदमा कार्यरत् रहनेहरूले देशको कानूनबमोजिम प्रशासकीय औचित्य र बुद्धिमतापूर्वक आफ्नो कार्यभार सम्पन्न गर्नुपर्ने हुन्छ। त्यसका लागि कानूनको अधीनमा रही वाञ्छित स्वायत्तताको साथै कानून उल्लङ्घन भएको अवस्थामा जवाफदेहिता बहन गर्नुपर्ने कुरा सुनिश्चित् गर्नुपर्ने हुन्छ। आफूभन्दा माथिका तहको अनियन्त्रित, स्वेच्छाचारिता र कानूनप्रतिकूलको काम कारवाहीलाई पनि नतमस्तक भएर सहन गरी समर्पण गर्नुपर्ने परिस्थिति रहन दिने हो भने सुशासनको आधारभूत मान्यता नै भत्किन जाने अवस्था आउँछ। कानून र विवेकसम्मत् कुरालाई अनावश्यकरूपमा इन्कार गर्ने र कानूनप्रतिकूलको कुरालाई पनि इन्कार गर्न नसक्ने दुबै प्रवृत्ति सुशासन र कानूनी शासनको लागि आपत्तिजनक कुराहरू हुन् । त्यस्तो नहोस भन्नका लागि सेवा शर्तसम्बन्धी कानून र खास गरी सरूवा र विभागीय कारवाही जस्तो कुरामा निश्चित् मापदण्ड र प्रक्रिया निर्धारण गरिनु पर्दछ र मर्का परेको पक्षले गर्ने गुनासोको सुनुवाई हुने भरपर्दो उजूरी सुनुवाई संयन्त्रको पनि सरकारको संगठनभित्रै राख्न जरूरी देखिन्छ । हालसम्म कानूनबमोजिम व्यवस्था गरिएको मापदण्डकै पनि प्रारूप व्यवस्थित नभएकोबाट यस प्रश्नमा सरकारी संयन्त्र संवेदनशील नभएको भन्नु पर्ने हुन्छ। तसर्थ, उपरोक्त उल्लेख भएबमोजिम निजामती सेवा नियमावली, २०५० को नियम ३६(१५) ले व्यवस्था गरेबमोजिमको मापदण्ड बनाउने र सोमा कर्मचारीउपर वा निजका आफ्नो गुनासा व्यवस्थापनसम्बन्धी कुराको समेत सम्बोधन गर्नु मुनासिब देखिन आएको हुँदा सोबमोजिम नियमावलीमा भएको व्यवस्थाअनुरूप स्पष्ट मापदण्ड बनाई सोअनुसार निर्णय गर्नु र सोको अभिलेख छुट्टै राख्ने व्यवस्था अनिवार्यरूपमा गर्नु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सामान्य प्रशासन मन्त्रालयलगायतका सम्बद्ध निकायहरूका नाउँमा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी

महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिनू । प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या.वैद्यनाथ उपाध्याय

इति संवत् २०७० साल मंसिर १७ गते रोज २ शुभम्
इजलास अधिकृत: विष्णुप्रसाद गौतम

## निर्णय नं. ९०४५

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
फैसला मिति : २०७०।७।४।२
सम्वत् २०६६-CR-०१८८
मुद्दा : कर्तव्य ज्यान ।

पुनरावेदक/वादी : स्याने थापाको जाहेरीले नेपाल सरकार

विरूद्ध

विपक्षी/प्रतिवादी : तनहुँ जिल्ला, व्यास न.पा. वडा नं ११ वस्ने सुकराम श्रेष्ठसमेत

- **उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुँदा लामो समयसम्म रहँदैन । रिस उठने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई यसले समेट्दैन । एकै क्षणमा एक वा बढी मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठन सक्छ वा सक्दैन भन्ने कुरा आवेश उत्पन्न गर्ने कारणमा निर्भर गर्ने गर्दछ । कुनै व्यक्ति विशेषलाई उसको आत्मसम्मानमा चोट पुग्ने वा गम्भीर सम्वेदनशील विषय लिई बेइज्जत गर्ने कार्य गरेमा त्यही व्यक्ति विशेषलाई क्षणिक आवेश वा तत्काल थाम्न नसक्ने रिस उठन सक्छ र अरू छेउछाउमा रहने सुन्नेलाई रिस उठे पनि थाम्न नसक्ने रिस भने उठेको नै हुन्छ भन्न नसकिने ।**

(प्रकरण नं.४)

पुनरावेदक/वादीका तर्फबाट : विद्वान सहन्यायाधिवक्ता गोपालप्रसाद रिजाल

विपक्षी/प्रतिवादीका तर्फबाट :

अवलम्बित नजीर :

सम्बद्ध कानून : मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १४ नं.

शुरूतहमा फैसला गर्ने:-
माननीय न्यायाधीश श्री ईश्वरराज आचार्य

पुनरावेदनतहमा फैसला गर्ने:-
माननीय न्यायाधीश श्री ओमप्रसाद सुवेदी
माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा

फैसला

**न्या.वैद्यनाथ उपाध्याय :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

मिति २०६४।२।६ गतेका दिन तनहुँ जिल्ला, व्यास न.पा. वडा नं.११ बस्ने शुकबहादुर थापालाई सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठ जना २

दाजुभाइले हात मुक्का दाउराले हानी घाइते बनाएको भन्ने घटनास्थल मुचुल्का विवरण ।

मिति २०६४।२।६ गतेका दिन मेरो दाजु शुकबहादुर थापालाई सोमलाल श्रेष्ठ र सुगम श्रेष्ठको मुक्का बक्सिङ र चिरपट दाउराले हानी घाइते भएको र उपचारको क्रममा निज दाजुको मिति २०६४।२।७ गतेका बिहान मणिपाल शिक्षण अस्पताल, पोखरामा मृत्यु भएको हुँदा सोमलाल श्रेष्ठ र सुगम श्रेष्ठलाई पक्राउ गरी कारवाही गरी पाऊँ भन्ने स्याने थापाको जाहेरी ।

शुकबहादुर थापाको टाउकोमा गम्भीर चोट लागी चर्किएको कारणबाट मृत्यु भएको भन्नेसमेत व्यहोराको लास जाँच प्रतिवेदन ।

मिति २०६४।२।६गतेका दिन म र दाजु सुकराम श्रेष्ठ तनहुँ, व्यास नगरपालिका वडा नं १० स्थित मेनका चलचित्र हलतर्फ आईरहेका थियौ । सोही स्थानको सार्वजनिक बाटोमा आई पुग्दा शुकबहादुर थापाले रक्सी खाई बसेको रहेछ । मेरो दाजु सुकराम श्रेष्ठले ल्याएको छातामाथि निज बसेका र दाजुले किन बसेको हो भनी भन्दा तैँले चश्मा लगाएर हिरो बनी हिडेको छस् भनी विभिन्न प्रकारका गाली गलौज र अपशब्दसमेत प्रयोग गरेको, दुबैजनाबीच १ घण्टा जति वादविवाद परेको र मलाई पनि शुकबहादुर थापाले अपशब्द प्रयोग गरेको थियो। दाजु सुकराम श्रेष्ठले निजलाई एक थप्पड हाने पनि दुबैजनाको हात हालाहाल भएको हो र मलाई पनि रिस उठी नजिकै सुकाएको चिरपट दाउराले निजको टाउकोमा दुई पटकसम्म हानेको हुँ र निजको उपचारको क्रममा सोही चोट पीडाबाट मिति २०६४।२।७ गते मृत्यु भएको हो भन्नेसमेत व्यहोराको सोमलाल श्रेष्ठको अनुसन्धानको क्रममा भएको बयान कागज ।

मिति २०६४।२।६ गतेका दिन म र भाइ सोमलाल श्रेष्ठ खाना खाई मेनका चलचित्र हलतर्फ आईरहेका थियौं सोही स्थानको सार्वजनिक बाटोमा आईपुग्दा शुकबहादुर थापा रक्सी खाई बसेको रहेछ । मैले ल्याएको छातामाथि निज बसेको र मैले किन बसेको हो भनी भन्दा मलाई कालो चश्मा लाएर हिरो बनी हिडेको छस् भनी विभिन्न प्रकारको गाली अपशब्द प्रयोग गरेकोले मैले निजलाई एक थप्पड हानेको हुँ त्यसपछि निजले पनि मलाई हातपात गरेकोले दुबैजनाबीच हात हालाहाल भएको हो। मैले मुक्का बक्सिङले निजको मुख छाती पेटसमेतमा हानेको हुँ । निज भूईंमा बसेपछि भाइ सोमलाल श्रेष्ठले चिरपट दाउराले २ पटकसम्म निजको टाउकोमा हानेको हो र निज लडेपछि हामी दुईजना बजारतर्फ हिडेका हौं । पछि निजको उपचारको क्रममा सोही चोट पीडाबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको सुकराम श्रेष्ठको अनुसन्धानको क्रममा भएको बयान ।

मिति २०६४।२।६ गतेका दिनको ११ वजेको समयमा शुकबहादुर थापालाई सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठले मुक्का बक्सिङ र दाउराले हानी सोही चोट पीडाबाट शुकबहादुर थापा राती १० बजे वेहोस भएका र निजको उपचारको क्रममा मिति २०६४।२।७ गते मणिपाल शिक्षण अस्पताल, पोखरामा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको रिमान सिंह परियारसमेतको कागज ।

मिति २०६४।२।६ गते शुकबहादुर थापालाई सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठले मुक्का र चिरपट दाउराले टाउकोसमेतमा हानेका हुन् र निजको उपचारको क्रममा मिति २०६४।२।७ गते मणिपाल शिक्षण अस्पतालमा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रेमबहादुर परियारको कागज ।

२०६४।२।६ गतेका दिन मेरो श्रीमान् शुकबहादुर थापालाई सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठले हात मुक्का र चिरपट दाउराले टाउकोसमेतमा हानी सोही चोट पीडाको कारणबाट

बेहोस भई निज श्रीमान्‌को मणिपाल शिक्षण अस्पताल, पोखरामा उपचारको क्रममा २०६४।२।७ गते मृत्यु भएको हुँदा सोमलाल श्रेष्ठलाई कानूनबमोजिम होस भन्नेसमेत व्यहोराको विष्णुमाया थापाको कागज ।

प्रतिवादीहरूले हात मुक्का चिरपट दाउराले शुकबहादुर थापालाई टाउकोसमेतको भागमा प्रहार गरेका घटनास्थलमा फेला परेको चिरपट दाउरासमेत सनाखत गर्दै आफूहरूले प्रहार गरेको चोट पीडाबाट नै उपचारको क्रममा शुकबहादुर थापाको मृत्यु भएको सावित भै बयान गरेका, लासजाँच मुचुल्काबाट मृतकको बायाँ टाउकोको भागमा छाला खुईलिएको र सुनिएको घाउ देखिएको भन्ने उल्लेख भएको र पोष्टमार्टम रिपोर्टबाट पनि टाउकोको कडा चोटसमेतका कारण शुकबहादुर थापाको मृत्यु भएको भन्ने देखिएका समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट प्रतिवादीहरूले ज्यान मार्ने मनसाय स्वरूपले शुकबहादुर थापालाई छाती, पेट, टाउको जस्तो संवेदनशिल अङ्गहरूमा हात मुक्का चिरपट दाउराले जथाभावी प्रहार गरी सोही प्रहारको चोट पीडाबाट शुकबहादुर थापाको उपचारका क्रममा मृत्यु भएको तथ्य सप्रमाण पुष्टि हुन आएकोले प्रतिवादी सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं विपरीत कसूर अपराधमा सोही महलको १३(३) नं बमोजिम सजाय हुन माग दावी लिइएको छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको अभियोग माग दावी रहेछ ।

मिति २०६४ साल जेष्ठ ६ गते म र दाजु सुकराम जेष्ठ दुईजना घरबाट खाना खाएर तल पुरानो मेनका चलचित्र फिल्मको बाटो हुँदै रोडतिर रिक्साहरू चलेका छन् छैनन् भनी हेर्न जाँदा फिल्महल चोकअगाडि मृतक शुकबहादुर रक्सीले मातेर हल्ला गरिराखेका रहेछन् एक्कासी दाजुलाई कालो चश्मा किन लगाएको भने, त्यसपछि मृतकले अश्लील अपशब्द प्रयोग गऱ्यो दाजुले आँखा दुखेर चश्मा लगाएको हो भन्नु भयो । त्यसपछि हामीबीच भनाभन भयो । निज मृतक र हामी दाजुभाइ हात हालाहाल भयो । निज मृतकले पनि हाम्रो गालामा हान्यो हामीले पनि हानेम् । रिसको आवेशमा आई मैले पनि मृतकको गालामा एकचोटी हिर्काएको हो । रक्सी खाएर मातेको मृतकलाई सानो लठ्ठीले डर देखाउनको लागि हिर्काएको हो र सोही रातको ९।१० बजेतिर उसलाई खाना खान उठाउँदा पनि नउठेको कारण रक्सीले मातेर हो की भनेर मलाई खबर गरे । त्यसपछि मृतकलाई उपचार गर्न हस्पिटल लग्यौं । मणिपाल शिक्षण अस्पतालमा उपचारको क्रममा निज शुकबहादुर थापाको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी सोमलाल श्रेष्ठले अदालतमा गरेको बयान ।

मिति २०६४।२।६ गते बिहान अ. १०,११ बजेको समयमा म र मेरा भाइ सोमलाल श्रेष्ठ २ जना भै घरबाट बजार जान भनी मेनका चलचित्रको बाटो हुदै जाँदा मृतक शुकबहादुर थापा मेनका चलचित्र मन्दिर अगाडि बाटोमा रक्सी खाई फिट अवस्थामा थियो । त्यहाँ मलाई आमा चकारी लगाई रण्डी राँडीको पोइ भन्ने जस्ता शब्द प्रयोग गरेकाले मैले उक्त कुरा सहेर बसेको थिएँ । मेरो आँखा पाकेकोले कालो चश्मा लगाएको थिएँ । निज मृतक शुकबहादुर थापाले चश्मा लगाएर हिड्ने राडीको, रण्डिको छोरा हिरो भएर हिड्ने भनी आमा चकारीसमेतका शव्द प्रयोग गरेकाले म रिसको आवेशमा आई मैले निजलाई १ थप्पड हातले निजको देब्रे गालामा हिर्काएँ । त्यसपछि मृतक र भाइ सोमलालबीच हात हालाहाल धकेलाधकेल भयो । मैले छुट्याउने प्रयास गरेँ तर दुबैले हानाहान गरे भाइले शुकबहादुरलाई गालामा हातले हिर्काए र त्यहीं भएको एउटा सानो लठ्ठीले टाउकोमा बिस्तारै

हिर्काए त्यसपछि निजले हामी दाजुभाइलाई गाली गर्दै आफ्नो बाटो हिँडे । रातको १० बजेतिर टोलको छिमेकीले शुकबहादुरलाई हातपात गरेछौ तिमीहरूले हातपात गरेको मानिस ऐलेसम्म पनि उठेको छैन भनी भनेपछि सोही रातको १०.३० बजेको समयमा उपचार गराउन मणिपाल शिक्षण अस्पताल, पोखरामा लगियो र उपचार हुँदाहुँदै मिति २०६४।२।७ गते बिहान ५ बजेको समयमा मृत्यु भएको हो । कानूनले जो ठहर्छ भन्नेसमेत व्यहोराको सुकराम श्रेष्ठले अदालतमा गरेको बयान ।

आदेशानुसार जाहेरवाला स्याने थापा अनुसन्धानका क्रममा कागज गर्ने विष्णुमाया थापा तथा चिजकुमारी श्रेष्ठ र प्रतिवादीहरूका साक्षी कल्पना श्रेष्ठ, रामकुमार प्रधान, राजेन्द्र शाही, अशोककुमार मास्के, नरेशकुमार श्रेष्ठ र सन्तराम प्रधानको बकपत्र भै मिसिल सामेल रहेछ ।

ज्यानसम्बन्धी महलको १४ नं को कानूनी व्यवस्था हेर्दा ज्यान मार्नको मनसाय रहेनछ ज्यान लिनु पर्नेसम्मको इवी पनि रहेनछ लुकी चोरीकन पनि हानेको रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादिले हान्दा सोही चोट पीडाले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्षकैद हुने भन्ने देखिँदा प्रतिवादीले प्रस्तुत मुद्दामा उक्त कानूनी व्यवस्थाबमोजिम तत्काल उठेको रिसको आवेशमा मुक्का, लट्ठी र चिरपट दाउराले हानेको कारण शुकबहादुर थापाको मृत्यु भएको तथ्य स्थापित भएको र प्रतिवादीमध्ये सुकराम श्रेष्ठले मुख, छाती, पेटसमेतमा हानेको र सोमलालले दाउराले टाउकोमा हानेको भन्ने देखिँदा प्रतिवादीहरूले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं बमोजिमको कसूर गरेको ठहर्छ सो ठहर्नाले जनही कैद वर्ष १०(दश) हुन्छ भन्नेसमेत व्यहोराको शुरू तनहुँ जिल्ला अदालतको मिति २०६५।३।१५ को फैसला ।

यसमा शुरू तनहुँ जिल्ला अदालतले गरेको फैसलामा चित्त बुझ्दैन । प्रस्तुत वारदातमा कुनै पूर्व रिसइबी छैन, कुनै योजना छैन । घटनाको प्रकृति हेर्दा सामान्य विवादमा कुटपीट भएको र अत्यधिक रक्सी सेवन गर्ने आदत भएका शुकबहादुर थापालाई अस्पताल लानु पर्ने देखिएपछि हामी प्रतिवादीहरूले मर्ने शुकबहादुर थापालाई उपचारको लागि तनहुँ अस्पतालमा लगेका थियौं । तनहुँ अस्पतालले रेफर गरेअनुसार पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा र त्यहाँबाट मणिपाल शिक्षण अस्पतालमा लगेका थियौं । उपचारको सिलसिलामा रगत किन्दा र निधनपश्चात् लास तनहुँसम्म ल्याउँदा रू २५,०००।- जति खर्चसमेत गरेका थियौं । जाहेरवालासमेतले दिएको जाहेरी गडाउ नगरी बकेको बकपत्रसमेतको उचित मूल्याङ्कन भएको छैन । कुटपीटबाट भवितव्य भएको कुरालाई स्वीकार गरिएको हुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं को वारदात भएकोमा सोही महलको १४ नं बमोजिम जनही १०वर्ष कैद सजाय गर्ने गरी भएको शुरू फैसला त्रुटीपूर्ण हुँदा बदर गरी न्याय पाऊँ भन्नेसमेत व्यहोराको प्रतिवादी सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठको पुनरावेदन अदालत, पोखरामा परेको संयुक्त पुनरावेदन पत्र ।

मृतकले प्रतिवादीहरूलाई नसाको सुरमा गाली गलौज गरेको विषयलाई लिएर प्रतिवादीहरूले मृतकलाई निर्ममरूपमा कुटपीट गरी ढलाएका र त्यसपछि पनि जोखिमी चिरपट दाउराले टाउको जस्तो संवेदनशिल ठाउँमा पटकपटक प्रहार गरेको कारणबाट मृतक शुकबहादुर थापाको मृत्यु भएको तथ्य पुष्टि भै रहेको र सो कुरालाई निज प्रतिवादीहरूका साक्षीहरूको बकपत्रबाटसमेत समर्थित भएको तथ्यलाई उचित मूल्याङ्कन नगरी

वारदातलाई हलुकारूपमा आँकलन गरी प्रतिवादीहरूको ज्यान मार्ने कार्यमा योजना मनसाय नभई जोखिमी हतियारले प्रहारसमेत नभएको भन्नेसमेत आधारमा प्रतिवादीहरूलाई कम सजाय गरिएको उक्त फैसलामा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं को व्याख्यात्मक त्रुटी विद्यमान हुँदा सो शुरू फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरी पाऊँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र ।

प्रतिवादीहरूले सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठले अनुसन्धान अधिकारी तथा अदालतमा समेत बयान गर्दा कुटपीट गरेको कुरामा सावित भै बयान गरेको देखिन्छ । त्यस्तै बुझिएका मानिसको कागज एवं जाहेरवाला तथा निज प्रतिवादीकै साक्षीको बकपत्रबाट पनि प्रतिवादीहरूले मृतकलाई कुटपीट गरेका होइनन् र निजहरूको पिटाईको कारणबाट मृतक शुकबहादुरको मृत्यु भएको होइन भन्ने कुरा कतै मिसिल संलग्न कागजबाट नदेखिएको हुँदा प्रतिवादीहरूको कुटाईका कारणले मृतक शुकबहादुर थापाको मृत्यु भएको देखिन्छ । तर मृतकलाई मार्नको लागि यी प्रतिवादीहरूसँग मार्नु पर्नेसम्मको पूर्व मनसाय, योजना तथा रिसइबीसमेत रहे भएको कुरा मिसिल संलग्न कागजातबाट भने देखिँदैन । तत्काल उठेको रिसको आवेगमा यी प्रतिवादी सुकराम श्रेष्ठले मुक्काले मुख, छाती, पेटसमेतमा हानेको र अर्का प्रतिवादी सोमलाल श्रेष्ठले दाउराले टाउकोमा हानेको कारणबाट मृतक शुकबहादुर थापाको मृत्यु भएको देखिँदा यी प्रतिवादीहरू सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं बमोजिमको कसूर अपराध गरेको ठहऱ्याई जनही कैद वर्ष १० हुन्छ । ज्यानसम्बन्धी महलको १३(३) नं बमोजिम सजाय गरी पाऊँ भन्ने अभियोग माग दावी पुग्न सक्दैन भनी शुरू तनहुँ जिल्लाअदालतले गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकार तथा पुनरावेदक प्रतिवादी सुकराम श्रेष्ठसमेतको पुनरावेदन जिकीर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, पोखराको फैसला ।

प्रतिवादीहरूको मृतकसँग भनाभन भै झगडा भएपश्चात् भएको कुटपीटको वारदातको परिणाम नै मृतकको मृत्यु भएको, प्रतिवादीमध्येका सुकराम श्रेष्ठले मुक्काले छाती र पेटमा तथा अर्का प्रतिवादी सोमलाल श्रेष्ठले दाउराले टाउको जस्तो संवेदनशिल ठाउँमा प्रहार गर्दा मृतकको मृत्यु भएको, २/२ जना प्रतिवादीहरू मिली एकजना मृतकलाई प्रहार गरी मारेको अवस्थालाई तत्काल उठेको रिसइबीको कारण प्रहार गरिएको भनी मान्न सकिने अवस्था नभएकोलाई ज्यानसम्बन्धी महलको १४ नं अन्तरगत पर्ने भनी प्रतिवादीहरूलाई अभियोग दावी भन्दा कम सजाय हुने गरी गरिएको पुनरावेदन अदालत, पोखराको फैसला बदर गरी प्रतिवादीहरूलाई शुरू अभियोग दावीबमोजिम सजाय गरी पाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकीर ।

नियमबमोजिम दैनिक पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री गोपाल प्रसाद रिजालले प्रतिवादीमध्येको सुकराम श्रेष्ठले मुक्काले छाती र पेटमा तथा अर्का प्रतिवादी सोमलाल श्रेष्ठले दाउराले टाउको जस्तो संवेदनशिल ठाउँमा प्रहार गर्दा मृतकको मृत्यु भएको अवस्था र प्रतिवादीहरूको मृतकसँग भनाभन भएपछि २/२ जना प्रतिवादीहरू मिली ज्यान मार्ने मनसायले संवेदनशिल अङ्गहरूमा प्रहार गरेको कारण मृत्यु भएकोले अभियोग दावी पुष्टि भएकोमा सो भन्दा कम सजाय प्रतिवादीहरूलाई गर्ने गरी

ज्यानसम्बन्धी महलको १४ नं बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, पोखराको फैसला त्रुटीपूर्ण भएकोले उल्टी गरी अभियोग दावीबमोजिम सजाय गरी पाऊँ भनी गर्नु भएको बहस सुनियो ।

प्रतिवादीहरूले ज्यान मार्ने मनसायले मृतक शुकबहादुर थापालाई छाती, पेट, टाउको जस्तो संवेदनशिल अङ्गहरूमा हात, मुक्का, चिर्पट दाउराले जथाभावी प्रहार गरी सोही चोट पीडाबाट शुकबहादुर थापाको उपचारको क्रममा मृत्यु भएकोले प्रतिवादीहरू सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठलाई मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(३) नं विपरीत कसूर अपराधमा सोही महलको १३(३) नं बमोजिम सजाय हुन अभियोग दावी लिएको प्रस्तुत मुद्दामा शुरू तथा पुनरावेदन अदालतबाट प्रतिवादीहरूले गरेको कसूर ज्यान सम्बन्धी महलको १४ नं बमोजिमको आवेश प्रेरित हत्या ठहराई सोहीबमोजिम सजाय गरेउपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेको देखिनाले अब शुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट भएको फैसला मिलेको छ छैन तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीरबमोजिम शुरू तथा पुनरावेदन अदालतको फैसला उल्टी हुने हो, होइन भनी निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा मिति २०६४।२।६ गते ११ बजेको समयमा पुरानो फिल्महल रोड भन्ने स्थानमा मेरो दाइ शुकबहादुर थापासँग प्रतिवादीहरू सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठसँग भेट भै भेट हुनासाथ दाइ शुकबहादुर थापाले सुकराम श्रेष्ठलाई चश्मा लगाएर हिरो भएको भनेपछि सोही विषयलाई लिएर वाद विवाद भै रिसको आवेशमा रहेका प्रतिवादीहरू दुबैजनाले मुक्का तथा चिरपट दाउराले हानी सोही चोट पीडाबाट शुकबहादुरको मृत्यु भएको भन्ने स्याने थापाको जाहेरी व्यहोरा देखिन्छ भने सोही व्यहोरालाई थप पुष्टि गर्दै निजले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरू र मृतक दाइ शुकबहादुरबीच चश्माको विषयमा सामान्य झगडा भएको भन्ने कुरा त्यहाँका स्थानीय मानिसले भनी थाहा पाएको र प्रतिवादीहरूले मृतकलाई चिरपट दाउराले हानेको देख्ने मानिस प्रेम परियारले मलाई भनेकाले जाहेरीमा उल्लेख गरेको भन्ने देखिन्छ । घटनास्थलमा सुकराम श्रेष्ठ र सोमलाल श्रेष्ठले हानी मृतकलाई घाइते बनाएको चिरूवा दाउरा प्रहरीले फेला पारी बरामद गरेको भन्ने घटनास्थल मुचुल्का देखिन्छ। बायाँ कानमाथि टुप्पी नजिकको टाउकाको भागमा आधा इन्च गोलाईको छाला खुइलिइएको र सुनिएको ठाउँ देखिएको भन्ने घटनास्थल तथा लास प्रकृति विवरण देखिन्छ । Cause of death intra cranial hemorrage leading severe head injury भन्ने शव परीक्षण प्रतिवेदन (Autospy Report) देखिन्छ । दाजु सुकराम श्रेष्ठलाई मृतकले चश्मा लगाई हिरो भएको छस् भनेको दाजुले ल्याएको छातामाथि नबस् भन्दा अपशब्द बोलेको हुँदा सुकराम श्रेष्ठले गालामा थप्पड हानेका र मृतक शुकबहादुरले पनि धकेलेकाले दाजु सुकरामले बक्सिङले, मुक्काले मुख, छाती पेटसमेतमा ७/८ पटक हानेका र मलाई पनि रिस उठी चिर्पट दाउराले टाउकोको दाहिनेतर्फ जोडसँग दुईपटक हानेको भनी प्रतिवादी सोमलाल श्रेष्ठले आफूले मृतकलाई चिरपटले कुटपीट गरेको व्यहोरा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष स्वीकार गरी बयान गरेको र प्रतिवादी सुकराम श्रेष्ठले पनि मृतकले अपशब्द बोली थप्पड हानेकोमा निजले मलाई धकेलेकोमा रिस उठी मुक्का बक्सिङले मुख छाती पेटसमेतमा हानेको र भाइले नजिकैको चिर्पट दाउराले २ पटकसम्म जोडले हानेको भन्ने घटना व्यहोरा खुलाई मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष कुटपीट गरेको तथ्यमा सावित नै

रहेको पाइयो । Fracture over the RT. temporo – perital region size about 15 cm भनी शव परीक्षण प्रतिवेदन रहेको पाईन्छ। सो प्रतिवेदनबाट एकचोट बाहेक अरू कुनै चोट देखिँदैन । लास जाँच मुचुल्कामा पनि बाँया कानमाथि टुप्पी नजिकको टाउकाको भागमा आधा इन्च गोलाईको छाला खुइलिएको भन्ने देखिएको र अन्य निलडामसमेत नदेखिएको अवस्थामा सोही चोट नै मृतकको मृत्यु हुनुको मुख्य कारक तत्त्व मान्नु पर्ने देखिन आयो । प्रतिवादीहरूलाई आमाचकारी अपशब्द गाली प्रयोग मृतकले गरेको कारण प्रतिवादी आफूहरू आवेशमा आएको भन्दै निज दुबै प्रतिवादीहरूले अदालतमा बयान गर्दा मृतकलाई सुकरामले एक थप्पड र सोमलालले सानो लाठीले एक पटक हानेको भनी कुटपीट गरेको तथ्यमा अदालतमा समेत साविती नै रहेको देखिएको र प्रतिवादीहरूको पिटाईको कारणले मृतकको मृत्यु भएको होइन भन्ने प्रतिवादीहरूको जिकीर पनि नभएको र मिसिलबाट पनि नदेखिएकोले यी प्रतिवादीहरूको दुई दाजु भाइमध्ये दाजु सुकरामले मुक्काले एक थप्पड र भाइ सोमलालले दाउराले एक पटक कुटपीट गरेको कारणबाट मृतकको मृत्यु भएको देखिन आयो । उपरोक्त मिसिल संलग्न तथ्यबाट प्रतिवादीहरूले एक एक पटक मृतकउपर हात हालेको देखिन आए पनि पटकपटक चोट छाडेको भन्ने अभियोग दावी पुष्टि हुन आएन ।

३. जाहेरवालाको जाहेरी व्यहोरा एवं निजको अदालतसमक्षको बकपत्र, मृतकको श्रीमती विष्णुमाया थापाले अदालतमा बकपत्र गर्दा स.ज. ७ मा मेरो पतिलाई यी प्रतिवादीहरूले मार्नु पर्ने पूर्व रिसइबी केही थिएन भनी उल्लेख गरेको व्यहोरासमेतका मिसिल प्रमाणबाट यी प्रतिवादीहरूले मृतक शुकबहादुरलाई मार्नु पर्नेसम्मको पूर्व रिसइबी एवं मार्नु पर्नेसम्मको पूर्व मनसाय योजना केही देखिँदैन । मृतक शुकबहादुरको मृत्यु प्रतिवादीहरूले चिर्पट दाउरासमेतले हानी मृत्यु भएको तथ्य स्थापित भएको र मृतक र प्रतिवादीहरूबीच मार्नु पर्नेसम्मको पूर्व रिसइबि नदेखिएको एवं प्रतिवादी सुकरामले चश्मा लगाएकोमा आजकल जो कोही पनि चश्मा लगाई हिरो हुनुपर्ने भनी मृतकले नै गिज्याएको र प्रतिवादी सुकरामको छातामा मृतक शुकबहादुर थापा बसिदिएको कारणले मृतक र प्रतिवादी पक्षबीच वादविवाद भएको तथा सोही वादविवादको क्रममा मृतकले आमा चकारीसमेतका अपशब्द बोली मृतकको व्यवहारबाट नै प्रतिवादी उत्तेजित भएको देखिन आउँछ । त्यस्तै सोही विवाद हुँदाकै अवस्थामा मृतक र प्रतिवादी सुकरामबीच धकेलाधकेल हुँदै प्रतिवादी सुकरामले मृतकलाई मुक्काले मुख छाती पेटमा ७/८ पटक हानेको र घटनास्थलमै भएका प्रतिवादी सोमलाल श्रेष्ठले शुकबहादुरलाई नजिकै रहेको चिर्पट दाउराले टाउकोमा २ पटक हानेको भन्नेसम्मको मौकाको बयान देखिए तापनि प्रतिवादीहरूको अदालतको बयानमा मृतकलाई सुकरामले एक थप्पड र सोमलालले लठ्ठीले एक पटक हानेको भन्ने बयानलाई शव परीक्षण प्रतिवेदन (Autopsy Report) र लास जाँच मुचुल्काले समर्थित गरेको देखिन आएकोले प्रतिवादीहरूले पटकपटक हानेको भन्ने नदेखिएको एवं यी प्रतिवादी सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठ दुई दाजुभाइ देखिन आएको र मृतकले आमा चकारी दाजुलाई अपशब्द प्रयोग गरी दाजुसँग धकेलाधकेल गरेको अवस्थामा अर्को भाइ पनि रिसको आवेशमा आउनु स्वभाविक नै देखिन आउँछ ।

४. ज्यानसम्बन्धीको १४ नं मा ज्यान मार्नको मनसाय रहेनछ, ज्यान लिनु पर्नेसम्मको इबि पनि रहेनछ, लुकी चोरिकन हानेको पनि

रहनेछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी साधारण लाठा ढुङ्गा, लात, मुक्का इत्यादीले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त १४ नं को प्रयोग हुन उसै मौकामा उठेको रिस थाम्न नसकी हत्या भएको हुनु पर्ने, मार्ने मनसाय वा ज्यान लिनु पर्नेसम्मको इबि हुन नहुने र जोखिमी हतियारको प्रयोग नभई साधारण लाठा, ढुङ्गा, लात इत्यादिसम्मको प्रयोग हुनु पर्ने गरी यी तीन तत्त्वको विद्यमानता रहनु पर्ने हुन्छ। प्रस्तुत मुद्दाको रोहमा मृतकलाई मार्ने मनसाय वा ज्यान लिनै पर्नेसम्मको इबि प्रतिवादीको नरहेको र प्रहार पनि दाउरा र थप्पडसम्मबाट भएको हुँदा यहाँ केबल उसै मौकामा उठेको रिस थाम्न नसकी प्रहार भएको हो होइन भन्नेसम्मको विचार गर्नु पर्ने देखिन आयो । उसै मौकामा उठेको रिस थाम्न नसक्ने अवस्थाको समय क्षणिक हुन्छ। यो लामो समयसम्म रहदैन । तसर्थ रिस उठने घटना वारदात भएपछि लामो अन्तरालपछि भएको अवस्थालाई यसले समेट्दैन । प्रस्तुत मुद्दामा दुईजनालाई एकै पटक क्षणिक आवेश आउन सक्छ भन्ने विषय गाँसिएको देखिन्छ। एकै क्षणमा एक वा बढी मानिसलाई आवेश वा थाम्न नसक्ने रिस उठन सक्छ वा सक्दैन भन्ने कुरा आबेश उत्पन्न गर्ने कारणमा निर्भर गर्दछ। साधारणतया कुनै व्यक्ति विशेषलाई उसको आत्मसम्मानमा चोट पुग्ने वा गम्भीर संवेदनशिल विषय लिई बेइज्जत गर्ने कार्य गरेमा त्यही व्यक्ति विशेषलाई क्षणिक आबेश वा तत्काल थाम्न नसक्ने रिस उठन सक्छ र अरू छेउछाउमा रहने सुन्नेलाई रिस उठे पनि थाम्न नसक्ने रिस भने उठेको नै हुन्छ भन्न सकिन्न । तर कुनै व्यक्तिलाई त्यस्तो अपमानजनक व्यवहार गर्दा अबस्थाअनुसार अरू पनि अपमानित हुन सक्छ र त्यसै अवस्थामा एकै पटक अरूलाई पनि थाम्न नसक्ने रिस उठनु स्वाभाविक हुन जान्छ । यस मुद्दाको रोहमा दुबै प्रतिवादीका आमा नाम लिई गाली गलौज गरेकोमा दुबै प्रतिवादीलाई तत्काल थाम्न नसक्ने रिस उठनु स्वाभाविकै देखिन आयो । मार्नु पर्नेसम्मको पूर्व रिसइबि मनसाय नदेखिएको आमाचकारी अपशब्द प्रयोग गरी मृतकको कारणबाट प्रतिवादी दुई दाजुभाइ आवेशमा आएको देखिएको अर्थात् तत्काल उठेको रिसको आवेश थाम्न नसकी प्रतिवादी सुकराम श्रेष्ठले एक मुक्का र सोमलाल श्रेष्ठले लठ्ठी वा चिर्पट दाउराले मृतक शुकबहादुर थापालाई एक पटक कुटपीट गरेको कारण मृत्यु भएको शव परीक्षण प्रतिवेदनसमेतका मिसिल प्रमाणबाट देखिन आएको अवस्थामा एकजना भन्दा बढी प्रतिवादीले चोट छोडेको भन्ने कारणले मात्रै आवेश प्रेरित हत्या नहुने भन्न मिल्ने देखिएन । साथै ज्यानसम्बन्धीको १४ नं को कानूनी व्यवस्था तथा समग्र घटनाक्रमबाट आवेशप्रेरित हत्या देखिन आएकाले प्रतिवादीहरू सोमलाल श्रेष्ठ र सुकराम श्रेष्ठलाई ज्यानसम्बन्धी महलको १४ नं वमोजिमको कसूर अपराध गरेको ठहऱ्याई जनही १० वर्ष कैद हुने गरी गरेको शुरू तनहुँ जिल्ला अदालतको मिति २०६५।३।१५ र पुनरावेदन अदालत, पोखराको मिति २०६६।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन । यो मिसिलको दायरी लगत कट्टा गरी नियमानुसार बुझाई दिनु ।

उक्त रायमा सहमत छु ।
न्या. गिरीश चन्द्र लाल

इति सम्वत् २०७० साल कात्तिक ४ गते रोज २ शुभम्
इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

## निर्णय नं. ९०४६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
फैसला मिति : २०७०।१।२२।१
०६५-CR-०७१२
मुद्दा : वैदेशिक रोजगार ।

पुनरावेदक/प्रतिवादी : झापा जिल्ला, दमक नगरपालिका वडा नं.११ बस्ने सतीस साह

विरूद्ध

विपक्षी/वादी : प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार

- **वैदेशिक रोजगार ठगी कसूर हुनको लागि विदेश पठाई रोजगारमा लगाई दिन्छु भनी इजाजत लिएका कम्पनी सञ्चालक हुन वा अन्य जो कोही व्यक्तिले अर्को व्यक्तिलाई झुक्यानमा पारी कुनै सम्पत्ति लिई विदेश नपठाएको र रकम पनि फिर्ता नगरेको अवस्था हुनुपर्ने ।**
- **ठगी गर्ने मनसाय पनि नभएको, ठगी गर्ने भनिएका मुख्य व्यक्तिसँग ठगी गर्ने कार्यमा मिलेको नदेखिएको र ठगी गर्दछ भन्ने थाहा जानकारी पनि नभएको अवस्थामा अर्को व्यक्तिलाई आफूसँग कुनै काम गर्न सल्लाहमात्र दिएको आधारमा ठगी गरेको हो भन्न नमिल्ने ।**

(प्रकरण नं.६)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता हरिहर दाहाल

विपक्षी/वादीका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता भरतलाल शर्मा

अवलम्बित नजीर :

सम्बद्ध कानून : वैदेशिक रोजगार ऐन, २०४२

फैसला

**न्या.ज्ञानेन्द्रबहादुर कार्की :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत, इलामको मिति २०६५।८।११ को फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

प्रतिवादी सतीस साहले मलाई वैदेशिक रोजगारका लागि अमेरिका पठाई दिन्छु भनी रू. ८,००,०००।- (आठ लाख) लिई वैदेशिक रोजगारमा नपठाई भारतको दिल्ली हुँदै बम्बईसम्म मात्र पुऱ्याई अलपत्र पारी आफू बेपत्ता भई मेरो रकम फिर्ता नगरी ठगी गरी वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम अपराध गरेको हुँदा निजलाई पक्राउ गरी सोही ऐन बमोजिम कारवाही गरी मबाट लिएको रकम र क्षतिपूर्तिसमेत दिलाई भराई पाऊँ भन्ने व्यहोराको जाहेरवाला मानकुमार श्रेष्ठले श्रम तथा रोजगार प्रबर्द्धन विभागसमक्ष दिएको जाहेरी दर्खास्त ।

जाहेरवाला र मससमेतका व्यक्तिहरूले अमेरिका जान भनी भारतीय नागरिक विजेन्द्र शर्मालाई हामी सबैले रू.१५,२५,०००।- (पन्ध्र लाख पच्चीस हजारमात्र) भारतीय रूपैया बुझाएका हौं । निज विजेन्द्र शर्मासँग ममार्फत जाहेरवालाको सम्पर्क भएको र जाहेरवालाले नै रकम दिएका हुन् । मैले जाहेरवालाबाट रकम लिई वैदेशिक रोजगारमा पठाउने गरेको होइन भन्ने व्यहोराको प्रतिवादी सतीस साहले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान ।

प्रतिवादी सतीस साहसँग रू ७५,०००।- नगद धरौट माग गर्ने गरी अनुसन्धान अधिकृतबाट खडा गरेको निर्णय पर्चा र प्रतिवादीले धरौट राख्न नसक्ने भनी गरी दिएको कागज ।

जाहेरवालालाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी जाहेरवालाबाट रू. ८,००,०००।- (आठ लाख) लिएको भन्ने कुरा प्रतिवादीबाटै सुनी थाहा पाएको हुँ भन्ने व्यहोराको भीम पौडेल समेतका मानिसहरूले लेखाई दिएको वस्तुस्थिति मुचुल्का ।

जाहेरवालालाई वैदेशिक रोजगारको लागि अमेरिका पठाउन भनी प्रतिवादीले साथमा लिई गएको देखेको हो । धेरै समयपछि जाहेरवालालाई दमकमा नै भेट्दा विदेश नपठाई प्रतिवादीले ठगी गरेको भन्ने थाहा भयो । त्यसपछि समाजका मानिसहरू बसेर छलफल गर्दा जाहेरवालाको रकम मैले भारतीय नागरिक विजेन्द्र शर्मालाई बुझाउन लिएको हो । उक्त रकमको दायित्व मैले लिनुपर्छ भनी लिखत कागज गरी दिएका हुन् भन्ने व्यहोराको राजकुमार थापाले गरी दिएको कागज ।

जाहेरवाला मानकुमार श्रेष्ठले मसँग वैदेशिक रोजगारमा जान रकम सापटी मागेको र मैले निजलाई दुईलाख सापटी दिई जम्मा रू.८,००,०००।- (आठ लाख) मैरै अगाडि गनेर सतीस साहलाई बुझाउन गएका हुन् । जाहेरवाला मानकुमार श्रेष्ठ अमेरिका जान भनी हिंडेका थिए । एक महिनापछि निजलाई मैले दमकमा नै देखेर अमेरिका जाने विषयमा सोध्दा प्रतिवादी सतीस साहले अमेरिका लैजाने भनी बम्बै पुऱ्याई अलपत्र पारेको भन्ने थाहा पाएको हुँ । प्रतिवादी सतीस साहलाई समाजका मानिसहरू बसी छलफल गरी ठगी गरेको रकमको बारेमा सोधनी गरेकोमा प्रतिवादीले आठ लाख लिएको हुँ सोमध्ये लागेको खर्च कट्टा गरी पाँच लाख फिर्ता दिने भनेकोले सोही सहमति भई समाजकै रोहवरमा लिखत गरी दिएका हुन् भन्ने व्यहोराको गणेशकुमार श्रेष्ठले गरेको कागज ।

मिति २०६१।१०।२ गते समाजका मानिसले बोलाएकाले जाँदा सतीस साहले मानकुमार श्रेष्ठलाई वैदेशिक रोजगारमा अमेरिका पठाई दिन्छु भनी भनेको कुरा समाजबाट नै थाहा भयो । सतीस साहले तीन महिनाको समय लिई पाँच लाख बुझाउने कागज राजीखुसीले नै गरेकाले मसमेत साक्षी बसी लिखत कागज भएको हो भन्ने व्यहोराको नारायण गौतमले गरी दिएको कागज ।

मानकुमार श्रेष्ठलाई सतीस साहले वैदेशिक रोजगारमा अमेरिका लैजान भनी दिल्ली हुदै बम्बइ गएर भारती चलचित्र कल्चरमा प्रोग्रामको लागि भनेर गएको सुनेको थिएँ । मानबहादुर श्रेष्ठ मेरो घरमा आएकाले सोद्धा सतीस साहले ठगी गरेको कुरा समाजबाट सुने, समाजमा छलफल गरी खर्च कटाई ५ लाख तिर्छु भनी तीन महिनाको समय माग गरेकोले समाज कै रोहवरमा सतीस साहले कागज गरी दिएका हुन् भन्ने व्यहोराको नारायणबहादुर श्रेष्ठले गरेको कागज ।

भारत निवासी विजेन्द्रकुमार शर्मालाई ३ महिनाभित्र दाखिला गर्ने र दाखिला गर्न नसके प्रतिवादी सतीस साहले जाहेरवालालाई खर्च कटाएर रू.५,००,०००।- (पाँचलाख) फिर्ता बुझाउने शर्त गरी मिति २०६०।११।२ गते प्रतिवादी सतीस साहले गरी दिएको सक्कल लिखत जाहेरवाला मानकुमार श्रेष्ठले मिति २०६२।६।१४ को निवेदन साथ संलग्न राखी पेश गरेको हुँदा मिसिल संलग्न रहेको देखिएको ।

अनुसन्धानको क्रममा सङ्कलन भएका मिसिल संलग्न जाहेरी दरखास्त, प्रतिवादी सतीस साहको बयान, मौकामा बुझिएका मानिसहरूले गरी दिएको कागज तथा वस्तुस्थिति मुचुल्का समेतका प्रमाण कागजातहरूबाट प्रतिवादी सतीस

साहले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) बमोजिम कसूर अपराध गरेकोले निजलाई ऐ ऐनको दफा २४(२) बमोजिम सजाय हुन र प्रतिवादीले लिएको रकम रू ८,००,०००।- (आठ लाख) र सो को ५० प्रतिशतले हुने हर्जाना बापतको रू ४,००,०००।- (चार लाख) गरी जम्मा रू, १२,००,०००।- (बाह्र लाख) प्रतिवादीबाट जाहेरवालालाई दिलाई भराई पाऊँ भन्ने व्यहोराको माग दावी लिई पेश भएको अभियोग पत्र ।

म दमकमा मेसिनरी पसल गरी बसेको व्यक्ति हुँ । विजेन्द्रकुमार शर्मा केरियरको काम गरी सामान ल्याउने काम गर्दथे। विजेन्द्रकुमारसँग मानकुमार श्रेष्ठको चिनजान मैले गराएको हो । म, विकास वस्नेत, सोमनाथ रिजाल र मानकुमार श्रेष्ठसमेत विजेन्द्रकुमार शर्मामार्फत अमेरिका जाने भनी हामीहरू निजको घर भारत गाजियावाद गई मान कुमार श्रेष्ठले उक्त रूपैया दिएका हुन् । निजले सो रकम मलाई दिएका होइनन् । विजेन्द्रकुमार शर्मालाई मैले अमेरिका जानको लागि भनी रू ३,३७,०००।- (तीन लाख सैंतीस हजार) भारतीय रूपैया दिएकोमा मलाईसमेत विचल्ली पारेकाले मैले गाजियावाद (उत्तर प्रदेश) मा विजेन्द्रकुमारलाई मुद्दा हालेको छु । मैले मानकुमार श्रेष्ठलाई वैदेशिक रोजगारमा पठाई दिन्छु भनी रू. ८,००,०००।- (आठ लाख) रूपैया लिएको होइन । मानकुमार श्रेष्ठले विजेन्द्रकुमार शर्मालाई आफैले रूपैया दिएका हुन्। मैले निजलाई अमेरिका पठाइदिन्छु भनी कुनै रकम नलिएको हुँदा म निर्दोष छु। अभियोग दावीबाट सफाइपाऊँ भन्ने व्यहोराको प्रतिवादी सतीस साहको बयान।

यी प्रतिवादीसहित विदेश जान भनी बम्वई पुगी फर्की आएको र विजेन्द्र शर्मा भन्ने भारतीय व्यक्तिले झुक्याई भागेको कुरा दुवै पक्षले स्वीकार गरेको, भारतीय व्यक्तिले विदेश पठाउने भनी रकम लिएको देखिएको र पीडित मानकुमार श्रेष्ठकै बकपत्रले सकारेको, दिल्ली स्थित राजदूतावासको पत्रसमेतले प्रतिवादीको दोष नदेखिई प्रतिवादीसमेत मर्कामा परेको भन्ने कुरा स्थापित गरेको देखिंदा अभियोग दावी प्रमाणित भएको मान्न मिलेन । प्रतिवादी सतीस साहले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ भन्ने झापा जिल्ला अदालतबाट मिति २०६४।२।२२ मा भएको फैसला ।

रकमको कारोवार दिल्ली स्थित घनश्याम होटलमा हुनुले जाहेरवालालाई प्रतिवादीले झुक्यानमा पारी भारतमा पुऱ्याई विदेश नलगी अलपत्र पारेको र विजेन्द्र शर्मा र सतीस साहको मिलेमतोमा मानकुमार श्रेष्ठलाई ठगी गरेका हुँदा सतीस साह पनि ठगिएको भन्ने शुरू फैसलाको आधार त्रुटिपूर्ण छ । वैदेशिक रोजगारमा पठाउने कुनै इजाजत प्रतिवादीसँग नभएको र त्यस्ता ठगी गर्ने गिरोहकै सदस्य निज प्रतिवादी सतीस साह पनि हुन् भन्ने स्पष्ट भएको अवस्थामा विजेन्द्रले दुवैलाई ठगी गरेको भन्ने आधारमा प्रतिवादीलाई सफाइ दिने गरी भएको शुरूको फैसला गम्भीर त्रुटिपूर्ण हुँदा बदर गरी शुरू अभियोगपत्र माग दावीअनुसार गरी पाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत इलाममा परेको पुनरावेदन पत्र ।

जाहेरवालाले जाहेरीमा एकमुष्ट आठ लाख दिएको भनेकोमा अदालतमा बकपत्र गर्दा एडभान्स स्वरूप शुरूमा एक लाख र त्यसपछि पटकपटक गरी ७ लाखमध्ये केही रकम प्रतिवादी सतीस साहलाई र केही निजको आदेशमा विजेन्द्रलाई दिएको भनी लेखाइदिएको देखिन्छ । तापनि जाहेरीमा उल्लिखित व्यहोरा र धेरै समयको अन्तरालपछि जाहेरवालाले अदालतमा गरेको बकपत्रमा सामान्य व्यहोरा फरक पर्दैमा प्रतिवादीमार्फत जाहेरवालाको रकम गएकै रहेनछ भन्न मिलेन। यसरी प्रतिवादीले आफ्नो जमानतमा

जाहेरवालाबाट प्रतिवादी विजेन्द्र शर्मालाई रकम दिलाई दिएको र सोको दायित्व प्रतिवादी सतीस साहले सकारी रू. ५,००,०००।- (पाँच लाख) जाहेरवालालाई तिर्न बुझाउन मन्जुरसमेत भई कागज गरी दिएको देखिएपछि निजले जाहेरवालालाई सो रकमको दायित्व र वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिम सो रकमको ५० प्रतिशत हर्जानासम्म बेहोर्न पर्ने नै देखिन आयो । प्रत्यर्थी प्रतिवादीले गरी दिएको कागजबाट भन्दा बढी रू. ५,००,०००।- भन्दा बढीको दायित्व निजले स्वीकार गरेको नदेखिएको र जाहेरवालाले प्रतिवादीलाई वा निजमार्फत रू.८०००००।- नै दिएको हो भन्ने कुराको अन्य कुनै तथ्ययुक्त प्रमाण नहुँदा अभियोग दावीबमोजिम रू.८,००,०००।- नै र सोको कानूनबमोजिम हुने क्षतिपूर्ति भराई दिनुपर्ने भन्ने दावीसँग सहमत हुन सकिएन । तसर्थ प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ मा उल्लिखित कसूर गरेकै देखिँदा दावी नपुग्ने ठहराई भएको शुरू झापा जिल्ला अदालतको मिति २०६४।२।२२ को फैसला नमिलेको हुँदा उक्त फैसला उल्टी भै प्रत्यर्थी प्रतिवादीबाट जाहेरवालाले वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(४) मा उल्लेख भएबमोजिम मिति २०६१।११।२ मा प्रतिवादीले दायित्त्व बेहोर्न मञ्जूरी जनाई गरिदिएको लिखतबाट देखिएको रू.५,००,०००।- र सो को ५० प्रतिशत ले हुने हर्जाना रकमसमेत गरी जम्मा रू.७,५०,०००।- (सात लाख पचास हजारमात्र) भरी पाउने र प्रत्यर्थी प्रतिवादीलाई उक्त दफाबमोजिम विदेश पठाइसकेको अवस्था भए तजबीजी रू.५०,०००।- (पचास हजार) जरीवाना हुनेमा त्यसरी पठाई नसकेको अवस्था नदेखिंदा सोको आधा रकम रू.२५,०००।- (पच्चीस हजार) जरीवानासमेत हुने ठहर्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, इलामको फैसला ।

वैदेशिक रोजगार ऐन, २०४२ ले ऐन लागू हुने समयमा सरकारले मुद्दा हेर्ने अधिकारी तोकेको थिएन । सरकार वादी हुने फौजदारी मुद्दाहरूको अनुसन्धान र तहकीकात गर्ने निकाय एउटा र अभियोग पत्र पेश गर्नेसमेत अभियोजन गर्ने निकाय अलगअलग गरेको छ। तसर्थ प्रस्तुत मुद्दाको अभियोजन गर्ने अधिकार सरकारी वकीललाइ छ । मलाई श्रम कार्यालय, झापाले अनुसन्धान गरी अभियोग पत्र दायर गरेको छ । सो कार्यालयलाई मुद्दा चलाउने तथा अभियोजन गर्ने अधिकार छैन । अधिकारबिहीन निकायले दायर गरेको प्रस्तुत अभियोग पत्र खारेजभागी छ। त्यस्तै मैले समाजको अगाडि जाहेरवालालाई गरी दिएको कागजमा विजेन्द्र शर्मालाई भेटाउन सकिन भने आठ लाखमध्ये पाँच लाख रकम मेरो चल अचल सम्पत्तिबाट लिन बुझाउन मञ्जूर छ भनी कागज गरेको हो । त्यसरी गरेको कागजले मलाई फौजदारी दायित्त्व सिर्जना हुने होइन । अतः पुनरावेदन अदालतबाट भएको फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने व्यहोराको प्रतिवादी सतीस साहको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा मिति २०६१।११।२ को विवादित लिखतको व्यहोरा अध्ययन गर्दा जाहेरवाला मानकुमार श्रेष्ठबाट यी पुनरावेदक प्रतिवादी सतीस साहले रू. ५,००,०००।- (पाँच लाख) लिएको भन्ने व्यहोरा उल्लेख नभई भारतीय नागरिक विजेन्द्र शर्मालाई अमेरिका लैजाने शर्तमा यी जाहेरवालाले रकम दिएको भन्ने देखिएकोमा सो रकम ठगी गर्ने भारतीय नागरिक निज विजेन्द्र शर्मालाई उपस्थित गराउन नसकेमा सोरकम ब्यहोर्ने जिम्मेवारीसम्म लिएका यी पुनरावेदकबाट वैदेशिक रोजगार ऐन, २०४२ को दफा १० को कसूरमा ऐ.को दफा ४३ बमोजिम लिखत बमोजिमको रकम निज जाहेरवाला मानकुमार

श्रेष्ठलाई भराई हर्जाना दिलाई दिने र जरिवानासमेत गर्ने गरेको पुनरावेदन अदालत, इलामको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं.२०२ नं.को प्रयोजनार्थ महान्यायाधिवक्ताको कार्यालयलाई सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने व्यहोराको यस अदालतको मिति २०६९।०६।१४ को आदेश ।

नियमबमोजिम दैनिक पेशीसूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादी सतीस साहका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री हरिहर दाहालले प्रतिवादीले वैदेशिक रोजगारको लागि अमेरिका पठाईदिन्छु भन्ने व्यहोरा जनाई गरेको भनिएको कागजमा जाहेरवालालाई प्रतिवादी आफैंले अमेरिका पठाईदिने शर्तमा रकम बुझी भरपाई गरी दिएको देखिएको छैन। आफूसमेत विदेश जान भनी विजेन्द्र शर्मालाई रकम दिएको भनी प्रतिवादीले बयान गरेको र सो कुरालाई वादी पक्षबाट अन्यथा भन्न सकेको देखिँदैन । आफ्नो समेत रकम लिएका मानिस विजेन्द्र शर्मालाई खोजतलास गरेर फेला पारी दिने र फेला पार्न नसकेमा जाहेरवालालाई आफैंले रकम दिने भन्ने शर्तनामासम्म गरेको देखिन्छ । पुनरावेदकले आफैले विदेश पठाउने भनी पैसा लिएको भन्ने कुरा उक्त लिखतबाट पुष्टि हुन सक्दैन । प्रतिवादीको अनुसन्धानका क्रममा र अदालतमा भएको बयानबाट प्रतिवादीले ठगी गरेको हो भन्ने नखुलेको एवं वादीले पेश गरेका कुनै प्रमाणबाट प्रतिवादी आफै वैदेशिक रोजगारमा पठाई दिने भनी रकम लिने कार्यमा संलग्न रहेको भन्ने कुनै प्रमाण पेश गर्न सकेको देखिँदैन । यस्तो शर्तनामा जस्तो कागजबाट ठगीको वारदात स्थापित हुन नसक्ने हुँदा प्रतिवादी/पुनरावेदक सतीस साहलाई अभियोग दावीबाट सफाइ हुनुपर्छ भनी बहस गर्नु भयो। त्यस्तै वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री भरतलाल शर्माले जाहेरवाला मानकुमार श्रेष्ठलाई अमेरिका जानको लागि भनी यिनै प्रतिवादी सतीस साहले प्रस्ताव राखेका र यिनैको सल्लाहअनुसार रकम लेनदेनसम्म भएको छ । प्रतिवादीले अर्को व्यक्ति विजेन्द्र शर्मा भन्ने मानिसलाई रकम दिएको हो भनी बयान गर्नुले मात्र अपराधबाट छुट्कारा पाउने आधार बन्न सक्ने होइन। वैदेशिक रोजगार ठगी जस्तो संगठित र गम्भीर अपराधमा प्रतिवादी सतीस साहको प्रत्यक्ष संलग्नता देखिन्छ । यस ठगी कार्यमा यी प्रतिवादीले रकम विजेन्द्र शर्मासम्म पुऱ्याई रकम लिए दिएकोसमेत देखिन्छ । प्रतिवादीले विदेश पठाउने भन्ने मानिसलाई उपस्थित गराउन नसकेमा रकम उपलब्ध गराउने भनी गरेको कागजले सो रकम विजेन्द्र शर्मा र यी प्रतिवादीले संयुक्तरूपमा लिएको भन्ने देखिन्छ । विजेन्द्र शर्मालाई उपस्थित गराउने र निजलाई उपस्थित गराउन नसकेको खण्डमा आफैंले रकम फिर्ता दिने भनी गरेको कागज मिसिल संलग्न रहेको छ । यी प्रतिवादीको ठगी कार्यमा संलग्नता रहेको देखिएकोले पुनरावेदन अदालत, इलामबाट यी प्रतिवादीलाई कसूरदार ठहर गरी भएको फैसला मिलेकै हुँदा सो फैसला सदर हुनुपर्छ भनी बहस गर्नु भयो ।

उपर्युक्त विद्वान वरिष्ठ अधिवक्ता तथा उपन्यायाधिवक्ताको बहस जिकीर, प्रतिवादीको पुनरावेदन जिकीर तथा मिसिल संलग्न कागज प्रमाणहरू समेतको अध्ययनबाट पुनरावेदन अदालत, इलामबाट भएको फैसला मिलेको छ छैन सोही विषयमा निर्णय दिनुपर्ने देखियो ।

२. यसमा प्रतिवादी सतीसकुमार साहले मलाई वैदेशिक रोजगारीको लागि अमेरिका पठाई दिन्छु भनी रू.८,००,०००।- (आठ लाख) लिई वैदेशिक रोजगारमा नपठाई भारतको दिल्ली हुँदै बम्बईसम्म पुऱ्याई अलपत्र पारी हिडेको र रकमसमेत फिर्ता नगरेको हुँदा निज प्रतिवादी सतीस साहलाई वैदेशिक रोजगार ऐन, २०४२

को दफा २४(२) बमोजिम सजाय गरी मबाट लिएको रकम, क्षतिपूर्ति र हर्जानासमेत दिलाई भराई पाऊँ भन्ने जाहेरी परी सोही आधारमा अनुसन्धान शुरू भई अनुसन्धानका क्रममा सङ्कलित जाहेरी दरखास्त, प्रतिवादीको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूले गरेको कागज, प्रतिवादीले रकम दिन कबुल गरेको कागज समेतका आधारहरूवाट प्रतिवादी सतीस कुमार साहले वैदेशिक रोजगार ऐन, २०४१ को दफा ३ र २४ (२) बमोजिम कसूर अपराध गरेकोले निजलाई ऐ.ऐनको दफा २४(२) बमोजिम सजाय र प्रतिवादीले लिएको रू.८,००,०००। (अक्षेरेपी आठ लाख) र सोको ५० प्रतिशतले हुने हर्जाना रू.४,००,०००।- (चार लाख) गरी जम्मा रू. १२,००,०००।- (बाह्र लाख) समेत भराई पाउने मागदावी भएकोमा म र जाहेरवालासमेत विजेन्द्र शर्मामार्फत अमेरिका जान भनी विजेन्द्र शर्माको घर भारतको गाजियावाद गई उक्त रकम मानकुमार श्रेष्ठले निजलाई दिएका हुन् । मलाई रकम दिएका होइनन् । मलाई विजेन्द्रले अमेरिका पठाईदिन्छु भनेकोले मैले विजेन्द्रलाई रू.३,३७,०००।- (तीन लाख सैतीस हजार) भारतीय रूपैया दिएकोमा मलाईसमेत विदेश नपठाएको र रकमसमेत फिर्ता नगरेकोले मैले भारतको गाजियावादमा विजेन्द्र शर्मालाई मुद्दा हालेको छु। जाहेरवालावाट मैले कुनै रकम लिएको छैन । अभियोग दावीबाट सफाइ पाऊँ भनी गरेको प्रतिवादीको बयानसमेतको आधारबाट प्रतिवादीसमेत विदेश अमेरिका जान नपाई बम्बईबाट फर्की आएको, पीडित मानकुमार श्रेष्ठको बकपत्रबाट यी प्रतिवादीको रकम हिनामिना भएको देखिएको तथा दिल्ली स्थित नेपाली दूतावासको पत्रसमेतले प्रतिवादी दोषी नदेखिई मर्कामा परेको देखिंदा अभियोग दावी ठहर नहुने गरी झापा जिल्ला अदालतबाट भएको फैसलाउपर वादी नेपाल सरकारको चित्त नबुझी पुनरावेदन अदालत, इलाममा पुनरावेदन परी जाहेरीमा भएको व्यहोरा र लामो अन्तरालमा जाहेरवालाको अदालतमा भएको बकपत्रको सामान्य व्यहोरा फरक पर्दैमा प्रतिवादीमार्फत जाहेरवालाको रकम गएको नै रहेनछ भन्न नमिलेको समेतका आधारबाट झापा जिल्ला अदालतको फैसला उल्टी गरी अभियोगदावी बमोजिम प्रतिवादीलाई सजाय हुने र जाहेरवालालाई क्षतिपूर्तिसमेत भराई पाउने ठहर गरी पुनरावेदन अदालत, इलामवाट फैसला भएको देखिन्छ ।

३. अभियोग दावीमा उल्लेख गरिएको वैदेशिक रोजगारमा पठाई दिने भनी झुक्यानमा पारी गरेको कार्यलाई निरूत्साहन गर्नको लागि बनाइएको तत्कालीन वैदेशिक रोजगार ऐन, २०४२ को दफा ३ र २४(२) को कानूनी व्यवस्थालाई हेर्दा दफा ३ ले सो ऐनको व्यवस्थाबमोजिम इजाजतपत्र नलिई कसैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न नपाउने र दफा २४(२) मा कसैले यो ऐनबमोजिम इजाजतपत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेमा वा कसैलाई झूटो आश्वासन दिई वा प्रलोभन देखाई वैदेशिक रोजगारको लागि पठाउने भनी विदेश पठाएमा वा त्यस्तो बहानाले कुनै रकम लिएमा त्यसरी लिएको रकम र सोको पचास प्रतिशतले हुने रकम हर्जानाबापत असूल गरी त्यस्तो व्यक्तिलाई विदेश जान र आउन लागेको खर्चसमेत निजबाट भराई दिई निजलाई पचास हजार रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना वा तीन वर्षदेखि सात वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने कानूनी व्यवस्था देखिन्छ ।

४. प्रतिवादी सतीस साहले जाहेरवालालाई गरी दिएको कागजको व्यहोरा हेर्दा अमेरिका लैजाने प्रयोजनका लागि जाहेरवालाले विजेन्द्र शर्मालाई रकम दिएको र विजेन्द्र शर्माले विदेश नपठाई भागेपछि जाहेरवालाको ठगी गर्ने विजेन्द्रकुमार

शर्मालाई उपस्थित गराउनु पर्ने र सो गराउन नसकेमा ठगी भएको सो रकम प्रतिवादी सतीस साहले जाहेरवालालाई तिर्नु बुझाउनु पर्ने शर्त राखिएको भन्ने देखिन्छ । त्यस्तै विजेन्द्र शर्मालाई दिएको सो रकमबापत आफूलाई विदेश पनि नपठाएको र अमेरिका पठाउने भनी नक्कली कागजात पेश गरी ठगी गरेको, ठगी गर्ने विजेन्द्र शर्मालाई प्रतिवादीले कागज गरेको मिति २०६१।११।२ गतेबाट ३ महिनाभित्र दाखिला गराउने र दाखिला गराउन नसकेको खण्डमा रू.५,००,०००।- (पाँच लाख) बुझाउनु पर्ने छ भन्ने उल्लेख गरेको पाइन्छ । प्रतिवादी सतीस साहले अदालतमा बयान गर्दा आफूले लिएको केही रकम विजेन्द्र शर्मालाई दिएको र केही रकम जाहेरवाला आफैंले विजेन्द्र शर्मालाई दिएको हो, मलाईसमेत अमेरिका पठाउने भनेकोले निजलाई मैले दिएको रकम फिर्ता पाएको छैन । निजबाट आफूसमेत ठगीमा परेको भनी उल्लेख गरेको र जाहेरवालाले अदालतमा गरेको बकपत्रमा समेत विजेन्द्र शर्मालाई रकम दिएको स्वीकार गरेको देखिन्छ ।

५. प्रतिवादीले जाहेरवालालाई मिति २०६१।११।२ मा गरी दिएको कागजको सार व्यहोरालाई हेर्दा निजको दायित्त्व भनेको विजेन्द्र शर्मालाई ३ महिनाभित्र उपस्थित गराउनु पर्ने, सो समयभित्र उपस्थित गराउन नसके रू.५,००,०००।- (पाँच लाख) बुझाउनु पर्ने भन्ने देखिन्छ । यसअनुसार विजेन्द्र शर्मालाई उपस्थित गराउँदा कुनै कसूर अपराध नहुने तर उपस्थित गराउन नसके कसूर अपराध हुने स्थिति र अवस्था आउँदा विरोधाभास रहेको देखिन आउँछ । उक्त मिति २०६१।११।२ को कागजको व्यहोराअनुसार पुनरावेदक प्रतिवादीले रकम लिए खाएको भन्ने देखिंदैन । प्रतिवादी आफैंले रकम लिए खाएको भए तेस्रो व्यक्ति विजेन्द्र शर्मालाई उपस्थित गराउनु पर्ने शर्त बन्देज राख्नु पर्ने आवश्यकता नै रहने देखिँदैन । शर्त कबोल गरिएअनुसार मानिसलाई उपस्थित गराउन नसकिएको स्थितिमा देवानी दायित्त्वसम्म आकर्षित हुन सक्ने देखिन्छ । देवानी दायित्त्व आकर्षित हुनेसम्मको स्थितिमा कानूनबमोजिम सोतर्फ कारवाहीको माग गर्न सकिने नै हुन्छ ।

६. वैदेशिक रोजगार ठगी कसूर हुनको लागि विदेश पठाई रोजगारमा लगाई दिन्छु भनी इजाजत लिएका कम्पनी सञ्चालक हुन वा अन्य जो कोही व्यक्तिले अर्को व्यक्तिलाई झुक्यानमा पारी कुनै सम्पत्ति लिई विदेश नपठाएको र रकम पनि फिर्ता नगरेको अवस्था हुनु पर्ने हुन्छ । आफूसँगै विदेश जाने भनी सल्लाह गरी अर्को साथीसँगै रही प्रतिवादीले समेत रकम दिई प्रतिवादीसमेत ठगीमा परेकोमा आफूले चिनाएको व्यक्तिले ठगी गरेमा चिनाउने व्यक्तिले ठगी गरेको भन्ने अवस्था रहँदैन । ठगी गर्ने मनसाय पनि नभएको, ठगी गर्ने भनिएका मुख्य व्यक्तिसँग ठगी गर्ने कार्यमा मिलेको नदेखिएको र ठगी गर्दछ भन्ने थाहा जानकारी पनि नभएको अवस्थामा अर्को व्यक्तिलाई आफूसँग कुनै काम गर्न सल्लाहमात्र दिएको आधारमा ठगी गरेको हो भन्न मिल्दैन ।

७. अतः प्रतिवादी सतीस साहले गरेको कागजमा मानिस उपस्थित गराउने भन्ने मुख्य आशय रहेको, मानिस उपस्थित गराउने कुराले वैदेशिक रोजगार ऐनअन्तर्गतको अपराध गरेको भन्ने देखिन आएन । प्रतिवादीले जाहेरवालालाई रकम तिर्नु बुझाउनु पर्ने दायित्त्व भएमा कानूनमा व्यवस्था भएबमोजिम जाहेरवालाले दिलाई भराई पाउने नै देखिनाले प्रतिवादी सतीस साहलाई अभियोगदावीबमोजिम कसूर ठहर हुने गरी भएको

पुनरावेदन अदालत, इलामको फैसला मिलेको नदेखिंदा उल्टी भई प्रतिवादीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ । अरूमा तपसीलबमोजिम गर्नू ।

तपसील

माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन अदालत, इलामको फैसला उल्टी भई प्रतिवादीले अभियोगदावीबाट सफाइ पाउने ठहरी फैसला भएकोले झापा जिल्ला अदालतबाट माग भएको धरौटीबापत प्रतिवादीले राखेको जेथा जागोदेवी हलुवाईको नाउँको सिराहा जिल्ला, गौताडी गा.वि.स. वडा नं ६ को कि.नं २८२ को जग्गा फुकुवा गरी दिनु भनी झापा जिल्ला अदालतमा लेखी पठाई दिनू...................................१

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू..................२

उक्त रायमा सहमत छु ।
न्या.गिरीश चन्द्र लाल

इति सम्वत २०७० साल वैशाख २२ गते रोज १ शुभम्
इजलास अधिकृत : अम्बिकाप्रसाद निरौला

## निर्णय नं. १०४७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की
आदेश मिति : २०७०।१।२४।३
०६६-CR-०८८७

मुद्दा : सरकारी छाप दस्तखत कीर्ते ।

पुनरावेदक/प्रतिवादी : काभ्रेपलान्चोक जिल्ला, नासिका गा.वि.स. वडा नं ५ बस्ने मनिष श्रेष्ठ

विरूद्ध

विपक्षी/वादी : प्रहरी प्रतिवेदन जाहेरीले नेपाल सरकार

- **सरकार वादी हुने फौजदारी कसूर प्रमाणित हुनको लागि कुनै फौजदारी कानूनको स्पष्ट उल्लङ्घन भएको हुनु जरूरी छ । फौजदारी कानूनको उल्लङ्घन गरेको भन्ने कुरा दावी लिने पक्षले सप्रमाण पुष्टि गराउन सक्नुपर्ने ।**
- **राहदानीको भित्री पाना कागजको फोटोकपीसरहको कागज बनाएको कार्यलाई अभियोग दावीबमोजिम कीर्ते कागजको १, ९ र १२ नं. अनुसार सरकारी छाप दस्तखत कीर्ते भन्न सक्ने अवस्था नहुँदा प्रतिवादीले राहदानीको भित्री पानालाई स्क्यान गरी सो कागजातहरू अप्रयुक्त अवस्थामा बरामद भएको घटनालाई सरकारी सक्कल कागज कीर्ते गरेको हो भन्न सकिने अवस्था नरहने ।**

(प्रकरण नं.४)

पुनरावेदक/प्रतिवादीका तर्फबाट : विद्वान वरिष्ठ अधिवक्ता शंभु थापा र अधिवक्ता कृष्णप्रसाद देवकोटा

विपक्षी/वादीका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता भरतलाल शर्मा

अवलम्बित नजीर :

सम्बद्ध कानून : कीर्ते कागजको महलको १, ९ र १२ नं.

फैसला

**न्या.गिरीश चन्द्र लाल :** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत, पाटनको मिति २०६६।३।१८ को फैसलाउपर प्रतिवादीको तर्फबाट यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

मनिष श्रेष्ठको कोठाबाट कम्प्युटर सि.पि.यु. थान १, भिसासम्बन्धी, राहदानीसम्बन्धी स्किन गरी राखेको २, लेखेको सि.डी. थान १, अन्य सि.डि. थान ७, पल्पि ११, राहदानी प्रिन्ट थान १ र जीवन प्रधान नामका सर्टिफिकेटसमेत फेला परेको भन्ने व्यहोराको मिति २०६१।११।११ को बरामदी मुचुल्का ।

बरामद भएका राहदानी प्रिन्ट जीवन प्रधानको नामको सर्टिफिकेटलगायतका कीर्ते कागजात तथा पक्राउमा परेका मनिष श्रेष्ठलाई प्रतिवेदन साथ दाखिला गरेका छौं। कानूनबमोजिम कारवाही गरी पाऊँ भन्ने व्यहोराको मिति २०६१।११।११ को प्रहरी प्रतिवेदन ।

सरकारी छाप दस्तखत कीर्ते गरी कागजातहरू तयार गर्दा आर्थिक फाइदा धेरै, सजाय कम हुने भएकोले प्रेमकुमार चौलागाई, कृष्णबहादुर जिम्बा, सूर्यबहादुर बस्नेत, मनिष श्रेष्ठसमेतको मिलोमतोबाट प्रेमकुमार चौलागाईले सरकारी विभिन्न छापहरू मैले कम्प्युटर राखी राहदानीको नक्कली प्रिन्ट जीवन प्रधानका सर्टिफिकेट लगायतका कागजात तयार गरेकोमा प्रहरीले सुराक थाहा पाई पक्राउ गरेको हो भन्ने व्यहोराको मनिष श्रेष्ठको अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

सरकारी छाप दस्तखत जतिसुकै कीर्ते गरेपनि सजाय कम हुने भएकोले मेरोसमेत मिलोमतोमा जीवन प्रधान, देवेन्द्र पाण्डे, भिमप्रसाद पाण्डे, केदार पाण्डे, मुकेस मदिसेसमेतको मिलोमतोबाट रू.५००।- देखि रू.७,०००।- सम्म प्रतिवादीसँग लिई सरकारी सर्टिफिकेटहरू मसमेतको मिलोमतोमा मनिष श्रेष्ठले तयार गरेका हुन् भनी कृष्णबहादुर जिम्बा, सूर्यबहादुर बस्नेत, सोनाम वाङचुक भन्ने दिपक तामाङ र प्रेमकुमार चौलागाईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको छुट्टाछुट्टै बयान ।

पक्राउमा परेका मनिष श्रेष्ठ, कृष्णबहादुर जिम्बा, प्रेमकुमार चौलागाई, सोनाम वाङचुक भन्ने दिपक तामाङ, सूर्यबहादुर बस्नेत, पक्राउ नपरेका प्रतिवादी मुकेश मदिसे, केदार पाण्डे, भिमप्रसाद पाण्डे, जीवन प्रधान, देवेन्द्र पाण्डे र ज्ञानु के.सी.समेत मिली नेपाली राहदानी सर्टिफिकेटलगायतका सरकारी कागजात कीर्ते गर्ने गरेको मनिष श्रेष्ठसमेतलाई प्रहरीले पक्राउ गरेको हो निजहरूले कीर्ते कागजात तयार गरी प्रति व्यक्तिको रू.५००।- देखि रू.७,०००।-सम्म लिने गरेका छन् भनी बुझिएको सुमन तामाङ, केशव खत्रीले मिति २०६१।११।२७ मा गरेको कागज ।

प्रहरी प्रतिवेदन एवं बरामदी मुचुल्का, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान एवं बुझिएका मानिसहरूको कागजसमेतबाट प्रतिवादीहरूले एक आपसमा मिलोमतो गरी कम्प्युटरको प्रयोग गरी राहदानीको

प्रिन्ट सर्टिफिकेटलगायतको सरकारी कागजातहरू कीर्ते गरी बनाएको देखिन आएकोले प्रतिवादीहरू मनिष श्रेष्ठ, सोनाम वाङचुक भन्ने दिपक तामाङ, प्रेमकुमार चौलागाई, कृष्णबहादुर जिम्बा, सूर्यबहादुर बस्नेत र जीवन प्रधानको उक्त कार्य मुलुकी ऐन, कीर्ते कागजको महलको १, ९ र १२ नं को कसूर अपराधमा ऐ. ९ नं. बमोजिम सजाय गरी ऐ. १२ नं.बमोजिम थप सजाय हुनेसमेतको माग दावी लिइएको छ । फरार प्रतिवादी जीवन प्रधानको हकमा कानूनबमोजिम म्याद जारी हुनु र स्पष्ट नाम थर वतन खुल्न नआएका मुकेश मदिसे, देवेन्द्र पौडेल, भिमप्रसाद पौडेल, केदार पौडेल/पाण्डे, ज्ञानु के.सी. र प्रेमबहादुर गुरूङको हकमा स्पष्ट नाम र वतन खुल्न आएका बखत वा पक्राउ परी आएका बखत कानूनबमोजिम हुने भन्नेसमेत व्यहोराको अभियोग पत्र ।

प्रहरीले तयार गरेको बरामदी मुचुल्कामा उल्लेख भएको तथा बरामद भएको सामानबारे मलाई केही थाहा छैन । मैले यस मुद्दाका अन्य प्रतिवादीहरू कसैलाई पनि चिन्दिन । मबाट सरकारी छाप दस्तखत कीर्ते गर्ने कार्य भएको छैन भन्ने व्यहोराको प्रतिवादी कृष्णबहादुर जिम्बाले गरेको बयान ।

अनुसन्धानका सिलसिलामा बरामद भएका सामान तथा सि.डी.हरू मेरो होइन । ग्राहकले छोडेर गएको हुन सक्छ । जीवन भन्ने मेरो साथीले सर्टिफिकेट १/२ दिनमा लिन आउँछु भनी छाडी गएको थियो म पसलबाट २/४ घण्टाको लागि बाहिर गएको बेलामा कसले ल्याई सामान छाडेको थियो मलाई थाहा छैन । मिति २०६१।११।११ मा प्रहरीले मेरो स्किन आर्टबाट फेला पारेको हो भन्ने व्यहोराको मनिष श्रेष्ठले गरेको बयान ।

मैले प्रतिवादीहरूलाई चिनेको छैन । प्रहरीले आफैले लेखेको बयानमा मलाई सही छाप गराएको हो । मैले अभियोगमा उल्लेख गरेको कसूर र सजायको माग दावीअनुसारको कार्य गरेको छैन । सरकारी छाप दस्तखत कीर्ते गर्ने कार्य नगरेको हुँदा सजाय पाउनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी सूर्यबहादुर बस्नेतले गरेको बयान ।

म खेतीपाती गर्ने मानिस हुँ । मेरो आम्दानीको स्रोत खेतीबाहेक अर्को छैन । मेरो खेतीपातीबाट हुने वार्षिक आम्दानीले वर्षभरी खान लाउन पुग्छ । अन्य प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयानगर्दा मेरो संलग्नता छ भनी किन लेखाई दिए मलाई थाहा भएन । प्रहरीले मेरो बयान लिने क्रममा आफूखुसी लेखी ल्याएको कागजमा जबर्जस्ती सही गराएको हो । मैले अभियोग पत्रमा माग दावी गरेबमोजिमको कीर्ते कार्य नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी प्रेम कुमार चौलागाईले गरेको बयान ।

मैले प्रतिवादीहरू कसैलाई पनि चिनेको छैन । मबाट प्रहरीले मेरो नागरिकता, पासपोर्ट (Entry Card) को ३ थान कागज बरामद गरेको हो । मैले अधिकारप्राप्त अधिकारीसमक्ष कीर्ते कागजात तयार गर्छु भनेको छैन । सहीछाप भने मेरै हो भन्ने व्यहोराको प्रतिवादी सोनाम भन्ने दिपक तामाङले गरेको बयान ।

प्रतिवादी मनिष श्रेष्ठले मुलुकी ऐन, कीर्ते कागजको १ र ९ नं. को कसूर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ९ र १२ नं.बमोजिम रू.५०।- जरिवाना र १ वर्ष कैद हुने ठहर्छ भन्ने व्यहोराको शुरू काठमाण्डौ जिल्ला अदालतको मिति २०६२।११।१५ को फैसला ।

शुरू काठमाण्डौ जिल्ला अदालतले गरेको फैसला त्रुटीपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने व्यहोराको प्रतिवादी मनिष श्रेष्ठको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र ।

प्रतिवादीको अफिसबाट नेपाल सरकारबाट मात्र तयार भई जारी हुने सरकारी कागजसरह मान्यता पाउने राहदानीको प्रिन्ट पानाहरू बरामद भएको र सो प्रिन्ट कम्प्युटरबाट आर्थिक फाइदा लिन तयार पारेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष पुनरावेदक प्रतिवादीले गरेको बयान कागजबाट पुष्टि हुन आएकोले प्रतिवादीले आरोपित कसूर गरेको देखिँदा पुनरावेदक प्रतिवादी मनिष श्रेष्ठलाई कीर्ते कागजको १, ९ को कसूरमा ९ र १२ नं.बमोजिम रू.५०।- जरिवाना र १ बर्ष कैद हुने भन्ने शुरू जिल्ला अदालतको फैसला सदर हुन्छ भन्ने व्यहोराको पुनरावेदन अदालत, पाटनको मिति २०६६।०३।१८ को फैसला ।

मैले कुनै सरकारी छाप दस्तखत लागेको कागजमा कीर्ते गरेको छैन । प्रस्तुत मुद्दामा यो यस्तो सरकारी छाप दस्तखत कीर्ते गरेको हो भन्ने कुनै प्रमाण रहेको छैन । मैले राहदानी प्रिन्ट गरेको भन्ने मुख्य जिकीर लिएकोमा सो राहदानी मैले प्रिन्ट गरेको नभई मेरो साथी तथा ग्राहक जीवनले गरेको हो। मैले कुनै सरकारी कागजातमा सरकारी दस्तखत कीर्ते नगरेको, सो गरेको प्रमाण वादी पक्षले पेश गर्न नसकेको तथा मुलुकी ऐन, कीर्ते कागजको महलमा उल्लेख गरेको कुनै कसूर नगरेको हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला बदर गरी अभियोग दावीबाट छुट्कारा पाँऊ भन्ने व्यहोराको प्रतिवादी मनिष श्रेष्ठको यस अदालतमा परेको पुनरावेदन पत्र ।

यसमा प्रतिवादीले राहदानीको प्रिन्ट कम्प्युटरबाट निकालेको भन्ने मुख्य आरोप देखिन्छ। प्रिन्ट गरेको भनेको राहदानीको विवरण खाली रही सोमा कुनै सरकारी कर्मचारीको दस्तखत र छाप लागेको नदेखिएको अवस्थामा कीर्ते कागजको १ र १२ नं.बमोजिम प्रतिवादीलाई सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलामा मुलुकी ऐन, अ.बं. १८४ क नं., प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ समेतको व्याख्यात्मक त्रुटि विद्यमान देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ (१)(क) बमोजिम प्रस्तुत मुद्दा दोहोराई हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०६७।३।१८ मा भएको आदेश ।

नियमबमोजिम साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक/प्रतिवादीका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शंभु थापा र अधिवक्ता श्री कृष्णप्रसाद देवकोटाले सरकारी दस्तखत छाप कीर्ते भन्ने कुराले कुनै सरकारी अड्डाको छाप लागेको र सो अड्डाको कर्मचारीको दस्तखत भएको कागजलाई कीर्ते गरेको हुनुपर्छ। मुलुकी ऐन, कीर्तेको महलको आसयसमेत कुनै सरकारी कागजात वा सरकारी छाप दस्तखतलाई कुनै तरहले कीर्ते गर्ने भन्ने हो । प्रस्तुत मुद्दाको तथ्यले सो कुरा देखाउँदैन। मनिष श्रेष्ठले के कुन सरकारी कागजलाई कीर्ते गरेको हो भन्ने प्रष्ट छैन । के कुन शब्द सच्याएको वा पूरा कागज तयार गरेको हो वा कुन सरकारी कागजलाई कीर्ते गरेको हो भन्ने कुरा अभियोजन पक्षले खुलाउन सकेको छैन। राहदानीको पानालाई कम्प्युटरबाट स्क्यान गरेको कार्य कीर्ते कागजको महलले अपराध घोषणा गरेको र सो अनुसार सजाय हुने कार्य होइन। कुनै सरकारी कागजात फोटोकपी गर्नु वा स्क्यान गर्नुलाई सरकारी छाप दस्तखत कीर्ते गरेको भन्न मिल्दैन । स्क्यान गरेको कागजमा कुनै किसिमको लोगो निसाना वा पानी छापसमेत देखिँदैन । कुनै प्रमाण नै फेला नपरेका वा कीर्ते गरेको कुनै दशी वरामद नभएका प्रतिवादीलाई कीर्ते जस्तो गम्भीर अपराधमा कसूरदार ठहराउन मिल्दैन । त्यसैले प्रतिवादी मनिष श्रेष्ठलाई कीर्ते गरेको भनी कसूरदार ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छैन भनी गर्नु

भएको बहस र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री भरतलाल शर्माले प्रतिवादीको कम्प्युटरबाट बरामद भएको कागज नेपाल सरकार परराष्ट्र मन्त्रालयबाट जारी हुने सरकारी छाप लागेको कागजको हुबहु रूप हो । प्रतिवादीले सो कागजलाई स्क्यान गरी सो कागजमा अन्य व्यहोरा उल्लेख गरी सरकारी कागज कीर्ते गरेको देखिन्छ । प्रतिवादी आफैले अधिकारप्राप्त अधिकारीसमक्षको वयानमा सो कागज आफैसँग वरामद भएको भनी स्वीकार गरेको देखिन्छ । निजले सो पानाहरू के कुन कानूनले दिएको अधिकार प्रयोग गरी प्रिन्ट गरेको भन्ने देखिँदैन । हेर्दा राहदानीको पाना जस्तै देखिने कागजमा रङ्गीन किसिमको स्क्यान गर्नु र त्यस्ता कागजातहरू रकम लिएर अरूको लागि नै तयार गरिदिने हो भनी गरेको बयानबाट निज प्रतिवादीले सरकारी दस्तखत छाप भएको कागज हुवहु बनाई कीर्ते गरेको देखिन्छ। राहदानीमा नेपाल सरकारको लोगोसमेत छापिएको हुन्छ । त्यसैले पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नै हुँदा सदर गरी पाँऊ भनी गर्नु भएको बहस सुनियो ।

२. प्रतिवादी तथा वादीतर्फका विद्वान अधिवक्ता र उपन्यायाधिवक्ताको तर्कपूर्ण बहस, प्रतिवादीको पुनरावेदन पत्र एवं मिसिल संलग्न कागजातहरूको अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रतिवादी मनिष श्रेष्ठले राहदानीलगायतका कागजातहरू तयार गरी बिक्री गर्ने गरेको भन्ने बरामदी मुचुल्का, प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान तथा मौकामा बुझिएका व्यक्तिहरूको कागजहरूसमेतका आधारहरूबाट प्रतिवादी मनिष श्रेष्ठसमेतले सरकारी छाप दस्तखत भएका कागजातहरू कीर्ते गरेको देखिएकोले निजसमेतउपर मुलुकी ऐन, कीर्ते कागजको महलको १, ९ र १२ नं.को कसूरमा ऐ. ९ र १२ नं.बमोजिम सजायको माग दावी लिई अभियोग पत्र दायर भएकोमा प्रतिवादीहरूले अदालतमा बयान गर्दा कसूरमा इन्कार भएको, प्रतिवादी मनिष श्रेष्ठ कसूरमा इन्कार भई बयान गरेतापनि निजले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान र बरामद भएको राहदानीको प्रिन्ट निजको साथबाट बरामद भएको भन्ने कुरामा विवाद नदेखिएकोले निज प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय हुने गरी भएको काठमाण्डौ जिल्ला अदालतको फैसलाउपर प्रतिवादी मनिष श्रेष्ठको पुनरावेदन परी पुनरावेदन अदालत, पाटनबाट समेत शुरू फैसलालाई नै सदर हुने गरी फैसला भएकोमा सो फैसलाउपर प्रतिवादीले यस अदालतमा मुद्दा दोहोराई हेर्ने निवेदन दिई सो निवेदनमा निस्सा पाएर पेश भएको प्रस्तुत मुद्दामा प्रतिवादीलाई सरकारी छाप दस्तखत कीर्ते गरेको ठहर गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको छ छैन ? सोही बिषयमा निर्णय दिनु पर्ने देखियो ।

३. अभियोगपत्र साथ पेश भएको तथा प्रतिवादीका साथबाट बरामद भएको भनिएको कागज राहदानीको प्रतिलिपि हेर्दा राहदानीको सक्कलबाट मेसिनको माध्यमबाट स्क्यान गरेर निकालेको देखिन्छ। अभियोगपत्रमा सो कागजमा सरकारको पानी छाप र लोगो लागेको हुनाले जस्ताकोतस्तै स्क्यान गर्दा सो राहदानीको पानी छाप र लोगोसमेत कीर्ते गरेको भन्ने दावी देखिन्छ। प्रतिवादीलाई अभियोग लगाउँदा मुलुकी ऐन, कीर्ते कागजको महलको १ र ९ को कसूरमा ऐ. ९ र १२ नं.को सजायको माग दावी गरिएको देखिन्छ । सो कानूनी व्यवस्थामा सरकारी छाप दस्तखत कीर्ते हुनको लागि ऐ.महलको १२ नं. अनुसार सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत वा सो छाप दस्तखत भएको सरकारी कागज कीर्ते गरेको हुनुपर्ने देखिन्छ । प्रस्तुत मुद्दामा कीर्ते गरिएको

भनिएको कागज राहदानीको भित्री पाना कम्प्युटरबाट स्क्यानसम्म गरेको र राहदानीको सो स्क्यान गरेको पानामा सरकारी छाप र कुनै सरकारी कर्मचारीको सही वा छाप परेको देखिएको छैन । उक्त कागज के कुन प्रयोजनको लागि बनाइएको हो वा कुन प्रयोजनको लागि प्रयोगमा आउँछ भनी वादीले उल्लेख गर्न सकेको देखिंदैन ।

४. सरकार वादी हुने फौजदारी कसूर प्रमाणित हुनको लागि कुनै फौजदारी कानूनको स्पष्ट उल्लङ्घन भएको हुनु जरूरी छ। फौजदारी कानूनको उल्लङ्घन गरेको भन्ने कुरा दावी लिने पक्षले सप्रमाण पुष्टि गराउन सक्नुपर्ने हुन्छ । पुनरावेदक प्रतिवादीले स्क्यान गरेको राहदानीको पाना प्रतिवादीले के कुन प्रयोजनको लागि उपयोग गर्न लागेको भन्ने कुरा वादी नेपाल सरकारबाट अभियोग पत्र र अन्य प्रमाण कागजहरूबाट खुलाउन सकेको देखिंदैन। यस कारण राहदानीको भित्री पाना कागजको फोटोकपीसरहको कागज बनाएको कार्यलाई अभियोग दावीबमोजिम कीर्ते कागजको १, ९ र १२ नं. अनुसार सरकारी छाप दस्तखत कीर्ते भन्न सक्ने अवस्था नहुँदा प्रतिवादीले राहदानीको भित्री पानालाई स्क्यान गरी सो कागजातहरू अप्रयुक्त अवस्थामा बरामद भएको घटनालाई सरकारी सक्कल कागज कीर्ते गरेको हो भन्न सकिने अवस्था रहेन ।

५. अतः पुनरावेदक प्रतिवादी मनिष श्रेष्ठबाट बरामद भएको राहदानीको भित्री पाना स्क्यान गरेको फोटोकपीसरहको कागजलाई सरकारी छाप दस्तखत कीर्ते गरेको भन्ने वादी नेपाल सरकारबाट प्रस्तुत भएको अभियोग पत्रसँग सहमत भई वादी दावी पुग्ने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको नदेखिंदा उल्टी हुने ठहर्छ। प्रतिवादी मनिष श्रेष्ठले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसीलबमोजिम गर्नू ।

तपसील

प्रतिवादीलाई अभियोग दावीबाट सफाइ हुने गरी फैसला भएकोले शुरू जिल्ला अदालतबाट थुनछेक आदेश गर्दा अदालतले मागेको धरौटी राखी प्रतिवादी तारेखमा बसी मुद्दाको पुर्पक्ष गरेको देखिंदा प्रतिवादीले धरौटी फिर्ता पाऊँ भनी निवेदन दिएमा निजले राखेको धरौटी रकम फिर्ता दिन भनी काठमाण्डौ जिल्ला अदालतमा लेखी पठाई दिनू................................................१

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू...............................................२

उक्त रायमा सहमत छु ।

न्या.ज्ञानेन्द्रबहादुर कार्की

इति सम्वत् २०७० साल वैशाख २४ गते रोज ३ शुभम्

इजलास अधिकृत : अम्बिकाप्रसाद निरौला

## निर्णय नं. ९०४८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्याय
आदेश मिति : २०७०।२।२७।२
०६८-WO-००२७
विषयः- परमादेश

निवेदक : जिल्ला म्याग्दी, नारच्याङ्ग गा.वि.स. वडा नं. ६ बस्ने डिलु बुदुजा

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत

- **भेदभावरहित प्रयास गर्दै आम नागरिकसरह पहिचान दिने प्रयास भएको अवस्थामा निवेदकको मागअनुसार राहदानीमा तेस्रोलिङ्गीको पहिचान दिन नसक्ने भन्ने सवाल नै नउठ्ने ।**

(प्रकरण नं.६)

- **मेसिन रिडेवल राहदानी (MRP) कुनै एउटा देशसँग मात्र सरोकार रहने प्रकृतिको लिखत नभै अन्तर्राष्ट्रियस्तरको लिखत हो । यस्तो प्रकृतिको लिखतमा परिवर्तन गर्दा सो सम्बन्धमा अन्य स्थानमा पर्ने असरसमेतलाई दृष्टिगत गरी परिवर्तन गर्नुपर्ने ।**

(प्रकरण नं.८)

निवेदकको तर्फबाट : विद्वान अधिवक्ताद्वय मिलन राई र केदारप्रसाद दाहाल

विपक्षीका तर्फबाट : विद्वान सहन्यायाधिवक्ता धर्मराज पौडेल

अवलम्बित नजीर : *नेकाप* २०६५ अङ्क ४, नि.नं.७९५८

सम्बद्ध कानून : नेपालको अन्तरिम संविधान, २०६३, राहदानी नियमावली, २०६७

आदेश

**न्या.सुशीला कार्की :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२)बमोजिम यस अदालतसमक्ष परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

म निवेदक अल्पसंख्यक वर्गमा पर्ने तेस्रोलिङ्गी समूहको नेपाली नागरिक हुँ । मेरो पहिचान खुलाई जिल्ला प्रशासन कार्यालय, म्याग्दीले तेस्रोलिङ्गी भनी नागरिकता जारी गरेको छ । मैले आफ्नो नागरिकता प्राप्त गरेपछि सोबमोजिमको राहदानी आवश्यक परेकाले मैले प्रत्यर्थीसमक्ष मिति २०६८।३।७ मा नेपाली राहदानी लिनको लागि दरखास्त र सोबापत लाग्ने रकम बुझाएको थिएँ। प्रत्यर्थी परराष्ट्र मन्त्रालयले मबाट उक्त पासपोर्ट फाराम बुझीलिई सोबमोजिम लाग्ने दस्तुर रू.५,०००।- ग्लोबल बैंक लि. को भौचर नं. A000000001/14 बाट बुझी उक्त पासपोर्ट लिनको लागि प्रत्यर्थीले मिति २०६८।४।८ मा सम्पर्क राख्न भनेबमोजिम प्रतीक्षा गरिरहेको थिएँ। विपक्षीले तोकेबमोजिमको मिति र समयमा पासपोर्ट लिन जाँदा तपाईं तेस्रोलिङ्गी भएकोले पासपोर्ट जारी गर्न मिलेन भन्ने जानकारी गराई तपाईले बुझाएको पासपोर्ट दस्तुर फिर्ता लिनुहोस् भनी जानकारी गराइयो । नागरिकताबमोजिम राहादानी जारी गर्ने निकायले किन मेरो पहिचान खुलाई राहादानी जारी गर्न मिलेन भनी थप व्यहोरा माग गर्दा अहिलेसम्म तेस्रोलिङ्गीलाई राहदानी दिइएको छैन। त्यसैले तपाईंलाई पनि दिन मिलेन

भन्ने कुरा जानकारी गराइयो । उक्त कुराबारे ती अधिकारीदेखि माथि जाहेर गर्दा विपक्षी परराष्ट्र मन्त्रालयअन्तर्गत केन्द्रीय राहदानी कार्यालयका निमित्त प्रमुखले जवाफ दिन इन्कार गर्नुभयो । सोबारेमा लिखित जानकारी दिनुहोस् भन्दा जानकारी नदिई उल्टै महिला वा पुरूष जनाई राहदानी लिन सक्नुहुन्छ भनी गैरजिम्मेवारीपूर्ण जवाफ दिइयो । यसरी मलाई मेरो पहिचान खुलाई विपक्षीले राहादानी दिन इन्कार गरेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) र १३ बमोजिम उक्त राहदानी पाउने हक उल्लङ्घन भएकोले यो निवेदन गर्न आएको छु ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रत्याभूत गरेको छ भने ऐ. धारा १३(१) ले सबै नागरिक कानूनको अगाडि समान हुने र कानूनको प्रयोगमा कसैलाई पनि भेदभाव नगरिने कुरा उल्लेख छ । ऐ. उपधारा २ ले कानूनको प्रयोगमा नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगरिने व्यवस्था गरेको पाइन्छ । त्यस्तै, धारा ३५ को राज्यका नीतिअन्तर्गत उपधारा १४ मा अल्पसंख्यक समूहलाई सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरेको पाइन्छ । यी संवैधानिक प्रत्याभूतिबमोजिम म अल्पसंख्यक वर्गको तेस्रोलिङ्गी नागरिकलाई विशेष संरक्षित कोटामा राखेको अवस्थामा मेरो पहिचान खुलाई राहदानी दिन विपक्षीले इन्कार गर्न मिल्ने होइन । प्रत्यर्थीमध्येको परराष्ट्र मन्त्रालयले नेपाली नागरिकलाई विदेश यात्राको लागि नेपालमा राहदानी जारी गर्ने अधिकार दिएको पाइन्छ । राहदानी ऐन, २०२४ को दफा ३ ले नेपाली नागरिकलाई विदेश यात्रामा जाँदा आफ्नो नाममा जारी भै बहाल रहेको राहदानी लिएरमात्र जान सक्दछ भन्ने व्यवस्था गरेको पाइन्छ । यसरी आफ्नो नाममा जारी भएको राहदानी लिएर मात्र विदेश जाने व्यवस्थाबाट ऐनले मेरो पहिचानसहितको नामलाई इङ्गीत गरेको कुरा स्पष्ट छ । त्यसैगरी ऐनको दफा ५ ले कसैले झूट्टा विवरण पेश गरी राहदानी लिएमा दण्ड सजायको व्यवस्था गरेको पाइन्छ । यी व्यवस्थाबाट मैले विदेश यात्रामा जाँदा मेरो पहिचानसहितको राहदानी पाउने अधिकारलाई रोकतोक नगरेको स्पष्ट छ । संविधानले विशेष संरक्षित वर्गको कोटीमा निवेदक जस्ता व्यक्तिलाई राखेको र ऐनले समेत आफ्नो नाम अर्थात् पहिचानसहितको राहदानी पाउने कुराको प्रत्याभूति गरेकोमा विपक्षीले राहदानी दिन इन्कार गर्नु संविधान तथा कानूनविपरीत छ । सम्मानीत सर्वोच्च अदालतले सुनिलबाबु पन्तसमेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (*नेकाप* २०६५ निर्णय नं. ७९५८) को मुद्दामा कुनै पनि व्यक्तिको लैङ्गिक पहिचान उसको जैविक लिङ्गका आधारमा मात्र नभई उसको स्वभाव, चरित्र र अवधारणाले समेत निर्धारण गर्ने गर्दछ भनी नजीर कायम गरिसकेको छ । विभिन्न देशहरूले फरक लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई उनीहरूको पहिचान खुल्ने, राष्ट्रियता झल्काउने पहिचानपत्र तथा विदेश यात्रामा सहजता सिर्जना गर्न राहदानी दिने गरेको पाइन्छ । कतिपय देशहरूले तेस्रोलिङ्गी, Unis वा Others भनी पहिचान खुलाई राहदानी दिने गर्दछन् । तर विपक्षीहरूले त्यस्तो कुनै व्यवस्था नगरी संविधानप्रदत्त समानताको हक, अविभेदको हक तथा स्वतन्त्रपूर्वक घुमफिर गर्न पाउने हक र सम्मानपूर्वक बाँच्न पाउने हकलाई कुण्ठित पार्ने गरी हकको हनन् गरेका छन् । यस्ता कार्यबाट म जस्ता तेस्रोलिङ्गी व्यक्तिका सम्बन्धमा विकास भएका र भैरहेको अन्तर्राष्ट्रिय कानून र प्रचलनहरूको समेत उल्लङ्घन भएको हुँदा मलाई

पहिचानसहित (तेस्रोलिङ्गी) को राहदानी दिनु भनी विपक्षीहरूका नाममा परमादेशलगायत जो चाहिने आज्ञा आदेश वा पूर्जी जारी गरी हक प्रचलन गराई पाऊँ। उक्तबमोजिमको आदेश पाउन न्याय निरूपणको क्रममा समय लाग्न सक्ने तर म तत्काल विदेश जानुपर्ने अवस्था आई राहदानीको प्रक्रिया पूरा गरी सकेको हुनाले निवेदकलाई पहिचान खुलाई तत्काल राहदानी जारी गर्नु भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको निवेदन पत्र ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखितजवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूको नाममा सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनु । लिखितजवाफ परेपछि वा सो पर्ने अवधि नाघेपछि नियमबमोजिम पेश गर्नु । साथै विषयको संवेदनशिलतालाई विचार गर्दा यसमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६३ (३) (ञ) अनुसार पेशीमा अग्राधिकार प्रदान गरिएको छ, कानूनबमोजिम गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६८।४।१२ को आदेश ।

विपक्षी रिट निवेदकले आफ्नो निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको के कस्तो काम, कारवाही वा निर्णयबाट निजको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न नसक्नुका अतिरिक्त प्रचलित नेपाल कानूनबमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकाय एवं पदाधिकारीबाट भए गरेका काम कारवाही उपरसमेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्न मिल्ने होइन । जहाँसम्म तेस्रोलिङ्गीका आधारमा नेपाली राहदानी पाउनु पर्ने निवेदन दावी छ, तत्सम्बन्धमा नेपाल सरकार तेस्रोलिङ्गी नागरिकका हकमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेशको पालना गर्ने गराउने कुरामा प्रतिबद्ध रहेको छ । सो कुरालाई आफ्नो नागरिकताको प्रमाणपत्रमा तेस्रोलिङ्गी उल्लेख भएको भन्ने विपक्षी निवेदकको भनाईसमेतले पुष्टि गरेको छ। विपक्षी निवेदकलाई तेस्रोलिङ्गी उल्लेख गरी राहदानी प्रदान गर्ने विषय नेपाल सरकार, परराष्ट्र मन्त्रालयसँग सम्बन्धित विषय भएको र सो मन्त्रालयलाई समेत विपक्षी बनाइएको हुँदा उक्त मन्त्रालयबाट लिखित जवाफ पेश हुँदा उल्लेख हुने नै हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट प्रस्तुत भएको लिखित जवाफ ।

राहदानी नियमावली, २०६७ को नियम ७ मा राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको सक्कल र त्यसको प्रतिलिपिसहित अनुसूची १ बमोजिमको कार्यालयसमक्ष अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । प्रचलित कानूनबमोजिम बनेको उक्त नियमावलीको अनुसूची २ मा रहेको फारामको बूँदा ६ मा पुरूषका लागि अङ्ग्रेजीमा M र महिलाको लागि अङ्ग्रेजीमा F लेख्ने व्यवस्था भएको र त्यहीअनुरूप राहदानी छपाइ गर्ने मेसिनको Software मा कार्यक्रम सुनिश्चित् गरिएको छ। राहदानी आवेदक डिलु बुदुजाले २०६८ साल आषाढ ७ गते भरेको राहदानी आवेदन फारामको बूँदा ६ मा M वा F को सट्टा T अक्षर भरी प्रचलित नियमविपरित फाराम भरेको पाइएको र सो अक्षर राहदानी फारामअनुकूल नभएको हुनाले निवेदक डिलु

बुदुजालाई निजको मागअनुसारको राहदानी जारी गर्न प्रचलित कानून र नियमको अभावमा नसकिएको हो । तेस्रोलिङ्गीलाई पहिचानसहित राहदानी दिने सम्बन्धमा यस मन्त्रालयले अन्य मुलुकहरूको राहदानी व्यवस्था अध्ययन गर्दा भारत र बङ्गलादेशमा राहदानीमा M र F का अतिरिक्त O (others) को व्यवस्था गरिएको भएतापनि स्वीट्जरल्याण्ड, इटाली, रसिया, संयुक्त अरब इमिरेट्स, अस्ट्रेलिया, कुवेत, इजरायल, ब्राजिल, दक्षिण कोरिया, चीन, दक्षिण अफ्रिका, पाकिस्तान, इजिप्ट, फ्रान्स, हङ्कङ, श्रीलङ्का, क्यानाडा, मलेसिया, थाइल्याण्ड आदिका राहदानीमा M र F मात्र उल्लेख गर्ने गरेको पाईएको छ। राहदानी नियमावली, २०६७ को अनुसूची २ मा व्यवस्था गरिएको राहदानी आवेदन फाराममा आवेदकको लैङ्गिक पहिचान महिला वा पुरूषमात्र उल्लेख भएको सन्दर्भमा निवेदकले उल्लेख गरेबमोजिम सोबाहेक अन्य कुनै लैङ्गिक पहिचान उल्लेख गरी राहदानी आवेदन गर्ने र जारी गर्ने कानूनी व्यवस्थाको अभावमा निवेदकको मागबमोजिम लैङ्गिक पहिचान उल्लेख गरी राहदानी जारी गर्न नमिलेकोले निजको मागबमोजिमको व्यहोरा उल्लेख गरी राहदानी जारी नगरिएको हो। राहदानी आवेदन फाराम नियमविपरीत भरिएकोले निवेदकको मागबमोजिम राहदानी जारी गर्न नसकिएको हो । प्रचलित ऐन, नियमअनुरूप राहदानी आवेदन गरेको खण्डमा निवेदकलाई राहदानी जारी गरिने हुँदा रिट निवेदकले प्रचलित ऐन, नियमअनुरूप राहदानी फाराम नभरी राहदानी माग गर्नुको सान्दर्भिकता नदेखिएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको परराष्ट्र मन्त्रालयका तर्फबाट प्रस्तुत भएको लिखित जवाफ ।

नियमबमोजिम निर्णय सुनाउनको लागि पेश भएको प्रस्तुत मुद्दामा निवेदकतर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री मिलन राई र श्री केदारप्रसाद दाहालले निवेदकले स्पष्टरूपमा लैङ्गिक पहिचान हुने गरी तेश्रोलिङ्गी उल्लेख गरी नागरिकता प्राप्त गरेको अवस्था छ। निवेदकको लैङ्गिक पहिचान स्पष्ट भएको हुँदा पहिचानका आधारमा राहदानीबाट बञ्चित गर्न मिल्दैन । लैङ्गिक पहिचान र यौन अभिमुखीकरणका आधारमा भेदभाव नगरी समान व्यवहार गर्नुपर्ने सम्बन्धमा निवेदक सुनिलबाबु पन्तसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिटमा सर्वोच्च अदालतबाट मिति २०६४।९।६ मा आदेश जारी भै न्यायिक सिद्धान्त प्रतिपादन भएको छ। सर्वोच्च अदालतले तेस्रोलिङ्गीका हकमा आदेश जारी गरेपछि नेपाल सरकारले जारी गरेको राहदानी नियमावली, २०६७ मा Machine Readable Passport जारी गर्ने सम्बन्धमा गरेको कानूनी व्यवस्थाबाट तेस्रोलिङ्गी नागरिकका हकमा विभेद भएको अवस्था हुँदा निवेदन मागबमोजिम परमादेश जारी हुनुपर्दछ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीतर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान सहन्यायाधिवक्ता श्री धर्मराज पौडेलले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको लिखत, ९३०३ ले तोकेको मापदण्डबमोजिम Machine Readable Passport जारी गर्ने कार्य केन्द्रीय राहदानी कार्यालयले गर्ने व्यवस्था छ। सो राहदानी पाऊँ भनी आवेदन गर्ने व्यक्तिले राहदानी नियमावली, २०६७ को नियम ७ को उपनियम (१) बमोजिमको अनुसूची २ अनुसारको निवेदनको प्रकरण ६ अनुसार महिला/पुरूष जनाई आवेदन गर्नुपर्ने र सोही लैङ्गिक पहिचानका आधारमा राहदानी जारी गर्न Computer Software निर्माण गरी राहदानी जारी गर्ने व्यवस्था गरिएको छ । निवेदक डिलु बुदुजाले भरेको राहदानी आवेदन फाराममा आफ्नो

लैङ्गिक पहिचान तेस्रोलिङ्गी (T) उल्लेख गरी प्रचलित कानूनले निर्धारण गरेको भन्दा फरक विवरण भरेको र उक्त विवरण कानूनद्वारा निर्धारण विवरण भन्दा फरक भएको हुँदा कानूनमा परिवर्तन नगरी र परिवर्तित कानूनले निर्दिष्ट गरेअनुसार मेशिन रिडेवल राहदानी जारी गर्न Computer Software को थप व्यवस्था नगरी निवेदकको मागबमोजिम राहदानी जारी गर्न सकिने अवस्था नहुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत प्रस्तुत गर्नु भएको बहस सुनियो ।

प्रस्तुत भएको उपरोक्तानुसारको बहस जिकीरसमेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नु पर्ने हो होइन भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा म निवेदक तेस्रोलिङ्गी समूहको नेपाली नागरिक भएको र जिल्ला प्रशासन कार्यालय, म्याग्दीलेसमेत तेस्रोलिङ्गी भनी नागरिकता जारी गरेको छ । मैले नेपाली राहदानी लिनको लागि प्रत्यर्थी परराष्ट्र मन्त्रालयमा दरखास्त पेश गरेको थिएँ । उक्त मन्त्रालयले तोकेको मितिमा राहदानी लिन जाँदा तेस्रोलिङ्गी भएकोले राहदानी जारी गर्न मिलेन भन्ने जानकारी गराइयो । मलाई मेरो नागरिकताबमोजिम पहिचानसहितको राहदानी दिन नमिल्ने हो भने मलाई सो सम्बन्धमा लिखित जानकारी दिनुहोस् भन्दा विपक्षी परराष्ट्र मन्त्रालयअन्तर्गत केन्द्रीय राहदानी कार्यालयका कर्मचारीबाट सो सम्बन्धमा लिखित जानकारी दिन इन्कार गरीयो । उक्त कार्यालयका कर्मचारीहरूद्वारा महिला वा पुरूष जनाई राहदानी लिन सक्नुहुन्छ भनी गैर जिम्मेवारीपूर्ण जवाफ दिइयो । विपक्षीले मलाई पहिचानसहितको राहदानी दिन इन्कार गर्न मिल्दैन । मजस्ता व्यक्तिलाई संविधानले विशेष संरक्षित वर्गको कोटीमा राखेको र ऐनलेसमेत पहिचानसहितको राहदानी पाउने कुराको प्रत्याभूति गरेकोमा विपक्षीले राहदानी दिन इन्कार गर्नु संविधान तथा कानूनविपरीत छ । तेस्रोलिङ्गीलाई कतिपय देशहरूले तेस्रोलिङ्गी, Unis वा Others भनी राहदानी प्रदान गर्ने गरेको छन् । तर विपक्षीले त्यस्तो कुनै व्यवस्था नगरी मजस्ता तेस्रोलिङ्गी व्यक्तिहरूको संविधानप्रदत्त हक तथा तेस्रोलिङ्गी व्यक्तिका सम्बन्धमा विकास भएका अन्तर्राष्ट्रिय कानून र प्रचलनहरूको समेत उल्लङ्घन भएको हुँदा मलाई पहिचानसहित तेस्रोलिङ्गीको राहदानी दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने मुख्य निवेदन दावी भएकोमा राहदानी नियमावली, २०६७ को अनुसूची २ मा रहेको फारामको बूँदा ६ मा पुरूषका लागि अङ्ग्रेजीमा M र महिलाको लागि अङ्ग्रेजीमा F लेख्ने व्यवस्था भएको र त्यहीअनुरूप राहदानी छपाइ गर्ने मेसिनको Software मा कार्यक्रम सुनिश्चित् गरिएकोमा डिलु बुदुजाले भरेको राहदानी आवेदन फाराममा M वा F को सट्टा T अक्षर भरी प्रचलित नियमविपरीत फाराम भरेको हुँदा मागअनुसारको राहदानी जारी गर्न नसकिएको हो । प्रचलित ऐन नियमअनुरूप राहदानी आवेदन गरेको खण्डमा निवेदकलाई राहदानी जारी गरिने हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्नेसमेत लिखित जवाफ रहेको पाइन्छ ।

३. निवेदक डिलु बुदुजाको जिल्ला प्रशासन कार्यालय, म्याग्दीबाट जारी भएको ना.प्र.प.नं. ६७१ को नागरिकताको प्रमाणपत्रको मिसिल संलग्न प्रतिलिपि हेर्दा लिङ्गसम्बन्धी महलमा महिला वा पुरूष भन्ने उल्लेख नभै "लिङ्ग" तेस्रो भन्ने उल्लेख गरेको पाइन्छ । उपरोक्त तथ्यबाट रिट निवेदक 'तेस्रोलिङ्गी' भएको भन्नेमा कुनै विवाद देखिएन । अब, अन्तरिम संविधान २०६३ को धारा १२(१) द्वारा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १३ (१) र १३(२) द्वारा प्रदत्त समानताको

हकसमेतको हनन् भएको भन्ने निवेदन दावी सम्बन्धमा विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ र मृत्यु दण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन" भन्ने संवैधानिक व्यवस्था रहेको पाईन्छ। त्यस्तै, अन्तरिम संविधानको धारा १३ को उपधारा (१) मा "सबै नागरिक कानूनको दृष्टीमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित गरिने छैन" भन्ने व्यवस्था रहेको पाइन्छ भने सोही धाराको उपधारा (२) मा "सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग, जात, जाती, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन" भन्ने संवैधानिक व्यवस्था रहेको पाईन्छ।

४. तेस्रोलिङ्गी पनि मानव नै हुन्। उनीहरूलाई पनि नेपालको अन्तरिम संविधान र अन्तर्राष्ट्रिय कानूनले समानताको हक प्रत्याभूत गरेको छ। तेस्रोलिङ्गीमा विभिन्न वर्गहरू पाइन्छ। An Introductory History, New York, MC Graw Hill मा परिभाषा गरेअनुसार The terms third gender and third sex describe individuals who are categorized as neither man nor woman, as well as the social category present in those societies who recognize three or more genders. The term "third" is usually understood to mean "Other".

५. The case of the 'Third Gender' in India Contributions to Indian Sociology, (Agrawal A, 1997) मा उल्लेख गरेअनुसार बङ्गलादेश, पाकिस्तान, भारतमा हिजडा र थाईल्याण्डमा कथोइज (Kathoeys) लाई साँस्कृतिक र परम्पराको दृष्टकोणबाट महत्त्व दिँदै हेरे पनि यीनको स्वतन्त्रता तथा समानताको अधिकार स्थापित गर्नेबारेमा पहिले त्यस्तो कदम चालिएको थिएन। तेस्रोलिङ्गीको बारेमा भन्ने हो भने नत पुरूष नत महिला भन्ने परम्परागत दृष्टिकोण रहेकोमा अहिले तेस्रोलिङ्गीमा पनि विभिन्न प्रकार रहेको देखिन्छ, जसलाई भारत, बङ्गलादेश र पाकिस्तानमा कानूनसम्मत् मान्यता दिएको देखिन्छ। तेस्रोलिङ्गीमा विभिन्न प्रकार हुन्छन् जसमध्येमा समलिङ्गी (Gay) पनि एक हो। नेपालमा तेस्रोलिङ्गीहरूको अधिकार र तिनको पहिचानलाई मान्यता दिएको छ। सुनिलबाबु पन्त विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको मुद्दा (*नेकाप* २०६५, अंङ्क ४, निर्णय नं. ७९५८) मा तेस्रोलिङ्गीहरूको अधिकारको सुनिश्चितता र सामाजिक भेदभाव अन्त्य गरी दिएको छ। नेपालमा तेस्रोलिङ्गीहरूको समलिङ्गी विवाहको बारेमा अध्ययन गर्न एउटा समिति गठन गरीदिनुको अतिरिक्त अदालतद्वारा तेस्रोलिङ्गीहरूको विभिन्न वर्ग विशेषको बारेमा पहिचान गर्ने तथा अन्य नागरिकसरह नागरिकता प्रदान गर्नेसम्मका आदेशहरू भएको पाइन्छ।

६. नेपालमा तेस्रोलिङ्गीले नागरिकतामा पहिचान पाई तेस्रोलिङ्गीको नामाकरण गरी नागरिकता पाउने व्यवस्था भएको छ। २०६८ सालको जनगणनामा तिनको संख्याको पहिचान गरिसकेको छ। यस्ता भेदभावरहित प्रयास गर्दै आम नागरिकसरह पहिचान दिने सम्बन्धमा यति प्रयास भएको अवस्थामा निवेदकको मागअनुसार राहदानीमा तेस्रोलिङ्गीको पहिचान दिन नसक्ने भन्ने सवाल नै उठ्दैन। जस्तो कि भारत र बङ्गलादेशमा "Others" भनी Passport मा उल्लेख गरिएको पाइन्छ। भारतले सन् २००५ देखि नागरिकता र राहदानीमा "O" जनाएको छ भने अस्ट्रेलिया र न्युजिल्याण्डले "X" को चिन्ह राखी राहदानी प्रदान गर्ने गरेको पाइन्छ। पाकिस्तानको सर्वोच्च अदालतबाट सन् २००९ मा हिजडा

समुदायलाई नागरिकता प्रदान गर्ने आदेश जारी भएको अवस्था छ। नेपालमा पनि विदेश यात्रामा जाने नेपाली नागरिकलाई जारी गरिने राहदानीको सम्बन्धमा व्यवस्था गर्न बनेको राहदानी ऐन, २०२४ तथा सोही ऐनको दफा ७ अन्तर्गत बनेको राहदानी नियमावली, २०६७ मा भएको कानूनी प्रावधानले तेस्रोलिङ्गीलाई राहदानी प्रदान गर्ने सम्बन्धमा कुनै विभेद गरेको अवस्था नदेखिँदा निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) तथा धारा १३(१) र १३(२) द्वारा प्रदत्त हकमा आघात परेको भन्न मिल्ने देखिएन। तथापि विपक्षीहरूको लिखित जवाफमा निवेदकलाई निजको पहिचान हुने गरी राहदानी दिनलाई इन्कार गरेको पनि देखिँदैन। राहदानी नियमावली, २०६७ को नियम ७ मा राहदानी लिन चाहने नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र त्यसको प्रतिलिपिसहित अनुसूची १ बमोजिमको कार्यालयसमक्ष अनुसूची २ बमोजिमको ढाँचामा दुईप्रति निवेदन दिनुपर्ने भन्ने प्रावधान रहेको छ। उक्त नियमावलीको अनुसूची २ मा रहेको Passport Application Form को लिङ्गसँग सम्बन्धित बूँदा ६ मा M for Male र F for Female लेख्ने व्यवस्था भएकोले निवेदकले माग गरेको पहिचानसहितको राहदानी तत्काल दिन नमिल्ने भनी जवाफ दिएकोसम्म पाइन्छ।

७. राहदानी नियमावली, २०६७ को अनुसूची २ मा रहेको फारामको बूँदा ६ मा भएको व्यवस्था अनुरूप राहदानी छपाइ गर्ने मेसिनको Software मा कार्यक्रम सुनिश्चित् गरिएको र रिट निवेदकले भरेको राहदानी आवेदन फारामको बूँदा ६ मा M वा F को सट्टा T अक्षर भरी फाराम भरेको हुँदा निवेदकको मागबमोजिम राहदानी प्रदान नगरिएको हो भनी प्रत्यर्थी परराष्ट्र मन्त्रालयले लिखित जवाफ प्रस्तुत गरेको देखिन्छ भने यी रिट निवेदक डिलु बुदुजाले राहदानी नियमावली, २०६७ को अनुसूची २ को बुँदा ६ मा रहेको पुरूषको लागि M र महिलाको लागि F लेख्नु पर्ने भन्ने उक्त प्रावधानलाई चुनौती दिई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम निवेदन गर्न सकेको अवस्था पनि देखिँदैन। राहदानी नियमावली, २०६७ को अनुसूची २ को बुँदा ६ मा उल्लेख भएबमोजिम M वा F भन्ने अक्षर राखी Passport Application Form भरेमा निवेदकलाई राहदानी प्रदान गरिने भन्ने व्यहोरा प्रत्यर्थी परराष्ट्र मन्त्रालयको लिखित जवाफबाट देखिएको र उक्त अनुसूची २ को बुँदा ६ मा रहेको प्रावधानलाई संशोधन नगरी तत्काल नै मागबमोजिम तेस्रोलिङ्गीको पहिचानसहितको राहदानी प्रदान गर्न मिल्ने अवस्था नदेखिंदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन, प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

८. मेसिन रिडेबल राहदानी (MRP) कुनै एउटा देशसँग मात्र सरोकार रहने प्रकृतिको लिखत नभै अन्तर्राष्ट्रियस्तरको लिखत हो। यस्तो प्रकृतिको लिखतमा परिवर्तन गर्दा सो सम्बन्धमा अन्य स्थानमा पर्ने असरसमेतलाई दृष्टिगत गरी परिवर्तत गर्नु पर्ने हुन्छ। रिट निवेदक डिलु बुदुजा तेस्रोलिङ्गी भएको र निजले तेस्रोलिङ्गी पहिचानको नागरिकता प्राप्त गरी सकेको भन्ने कुरामा दुई मत छैन। निजले तेस्रोलिङ्गी पहिचानको नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरी सकेको अवस्था हुँदा र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) र १३(१), तथा ऐ. को उपधारा २ अनुसार सबैलाई समानताको हक प्रत्याभूत गरी जाती, लिङ्ग र वर्गको आधारमा विभेद नगर्ने भन्ने संविधानमा उल्लेख भएको आधारमा निजलाई तेस्रोलिङ्गीको पहिचानसहितको राहदानी प्रदान गर्ने कर्तव्यसमेत प्रत्यर्थीहरूले पूरा गर्नैपर्ने हुन्छ। तथापि राहदानीसम्बन्धी विषय अन्तर्राष्ट्रिय प्रकृतिको हुँदा

यस सम्बन्धमा परिवर्तन वा हेरफेर गर्दा अन्तर्राष्ट्रिय संरचना बिग्रन नदिनेतर्फ सचेत रहनु पर्ने हुँदा अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको लिखत, ९३०३ ले तोकेको मापदण्डबमोजिमको मेसिन रिडेवल राहदानी जारी गर्नु अनिवार्य भएकोले यसको Software हाल बनिसकेको भएतापनि निवेदकको लैङ्गिक पहिचान र संवैधानिक हकको बहालीका निम्ति Software मा थपथाप वा परिवर्तन वा जे जस्तो उपायहरू अपनाउनु पर्ने हो सोसमेत अपनाई तेस्रोलिङ्गीलाई समेत पहिचानसहितको राहदानी दिलाउन राहदानी नियमावली, २०६७ को नियम ७ को उपनियम १ सँग सम्बन्धित अनुसूची २ मा संशोधन गरी यथाशीघ्र तेश्रोलिङ्गीय पहिचान हुने गरी राहदानी दिने व्यवस्था गर्दैजानु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरिदिएको छ । यो आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।

न्या.वैद्यनाथ उपाध्याय

इति सम्वत् २०७० साल जेठ २७ गते रोज २ शुभम्
इजलास अधिकृतः- कृष्णप्रसाद पौडेल

## निर्णय नं. ९०४९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाश वस्ती
माननीय न्यायाधीश श्री तर्कराज भट्ट
फैसला मिति : २०७०।५।१६।१
०६८-WO-०७१७
मुद्दा : उत्प्रेषणयुक्त परमादेश ।

निवेदक : बाग्लुङ जिल्ला, नरेठाटी गा.वि.स. वडा नं.२ घर भई हाल काठमाडौं महानगरपालिका वडा नं.२९ बस्ने गुमानसिँह कार्की

विरूद्ध

विपक्षी : पुनरावेदन अदालत, पाटनसमेत

- **दुई वा बढी अदालतमा परेका मुद्दाहरूमा कुन मुद्दाको कारवाही तथा निर्णय पहिले हुनुपर्ने हो र सो मुद्दाको निर्णय नहुँदासम्म कुन मुद्दाको कारवाही तत्कालका लागि यथास्थितिमा राखिनु पर्ने हो भन्ने कुराको निर्क्यौल अ.बं. १२ नं. को परिप्रेक्ष्यमा हुनुपर्ने हुन्छ । यस कानूनको अध्ययन गर्दा दुई वा बढी मुद्दाहरूका विषयले एकअर्कालाई प्रत्यक्ष प्रभाव पार्ने अवस्थामा मात्र मुलतवीको प्रक्रिया आरम्भ हुन्छ । ती मुद्दामा अन्तर्निहीत विषयवस्तुले नै कुन मुद्दाको निर्णय पहिले हुनुपर्ने हो भन्ने कुराको निर्धारण गर्ने ।**
- **एउटा मुद्दाको निर्णय नभई अर्को मुद्दाको निर्णय हुनै नसक्ने अवस्था भने टड्कारो देखिनु पर्दछ । मुलतवी राख्ने कुरालाई विधिकर्ताले विशुद्ध न्यायिक तजवीजमा छाडेको छैन । पहिले कुन मुद्दाको निर्णय**

**हुन किन आवश्यक छ भन्ने कुरा मुलतवी आदेशमा खुलाइएको हुनुपर्दछ र त्यो कानूनसङ्गत पनि हुनैपर्दछ। यस सन्दर्भमा मातहत अदालतको आदेश माथिल्लो अदालतले अ.बं. १७ नं. समेतका माध्यमले परीक्षण गर्नसक्ने ।**

(प्रकरण नं.७)

- **मुलतवीआदेश गर्नुपूर्व कतै कुनै पक्षको मुद्दा ढिलाई गर्ने अभिप्रायले अर्को मुद्दा दायर गरेको त होइन भन्नेतर्फ पनि अदालतले चनाखो हुनुपर्दछ । अ.बं. १२ नं. मा विधिकर्ताले निर्णय हुन नसक्ने अवस्थामा मात्र मुलतवी राख्न निर्देशन गरेको कारण यही हो । मुद्दामा निर्णयको ढिलाईले कुनै पक्ष लाभान्वित हुने र अर्को पक्ष प्रताडित हुन सक्ने पक्ष पनि त्यत्तिकै विचारणीय छ ।**
- **झूट्ठा विवरण दिई नागरिकताको प्रमाण पत्र लिएको हो होइन भन्ने मूल प्रश्न हो । मूल प्रश्नमा अन्तिम निर्णय भएपछि गौण प्रश्नले आफ्नो बाटो लिन्छ । तसर्थ विवादको मूल प्रश्नसँग सम्बन्धित मुद्दाको कारवाही अगाडि बढाउन गौण प्रश्नसँग सम्बन्धित मुद्दा मुलतवी रहनु अ.बं. १२ नं. को प्रतिकूल नहुने ।**

(प्रकरण नं.९)

निवेदकका तर्फबाट : विद्वान अधिवक्ता बासुदेव सिग्देल
विपक्षीका तर्फबाट : विद्वान अधिवक्ता देवेन्द्र थापा
अवलम्बित नजीर :
सम्बद्ध कानून: अ.वं.१२ नं. र १७ नं.

फैसला

**न्या.प्रकाश वस्ती :** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम यस अदालतसमक्ष परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :-

म निवेदकको जन्म पिता नन्दबहादुर कार्की र आमा जुठीकुमारी कार्कीबाट मिति २०३२।४।१२ गते बाग्लुङ जिल्ला, नरेठाँटीमा भएको हो । म महेन्द्र सेकेण्डरी स्कूलमा २०३७ देखि २०४७ सालसम्म तथा चौराहा सेकेण्डरी स्कूलमा २०४९ देखि २०५० सालसम्म अध्ययन गरी २०५०।८।८ मा ना.प्र.नं. २२२५/६५२ को नागरिकता प्रमाणपत्र प्राप्त गरी सोको आधारमा राहदानी प्राप्त गरी २०५२ सालदेखि २०६२ सम्म जापान बसेको थिएँ । जापानबाट नेपाल आई विवाह गरी काठमाडौंमा होटल चलाई बसी आएकोमा विपक्षी दाजुले मिति २०६७।१२।१४ गतेका दिन होटल घर छाडी दिनु भनेकोले काठमाडौं जिल्ला अदालतमा मिति २०६७।१२।१७ गते दु.दे.नं. ०५११९ को अंश चलन मुद्दा दायर गरी प्रत्यर्थी काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश वैद्यनाथ गुप्ताबाट मिति २०६७।१२।२३ र मिति २०६८।१।५ विपक्षीहरूको नाममा दर्ता भएको घर जग्गाको चार भागको एक भाग कुनै पनि व्यहोराको कोही कसैलाई हक हस्तान्तरण गर्न नपाउने गरी अ.बं. १७१ नं. बमोजिम रोक्का राख्न सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउने भन्ने आदेश भएको थियो ।

काठमाडौं जिल्ला अदालतमा परेको मेरो अंशचलनतर्फको मुद्दामा मलाई मिति २०६८।२।२३ मा साधारण तारेख तोकी पाएको र म तारेखपूर्व अर्थात् मिति २०६८।२।१९ गतेका दिन विपक्षीहरूको जाहेरीको आधारमा बाग्लुङबाट पक्राउ परी नागरिकता कीर्तेतर्फ बाग्लुङ जिल्ला अदालतबाट मिति २०६८ साल असार १५ गते रोज ४ मा थुनछेकतर्फ आदेश हुँदा ने.रू. ३०,०००।- (तीस हजार) नगद वा जेथा धरौट माग्ने आदेश भएकोमा सो धरौट राख्न नसकेकोले

थुनामा बसेको हुँदा मु.ऐन, अ.बं. ५४ नं. बमोजिम गरी पाउन आफू थुनामा परेको अड्डामार्फत मिति २०६८।३।१९ गतेका दिन निवेदन दिएको अवस्थामा सोतर्फ कुनै व्याख्या नगरी काठमाडौं जिल्ला अदालतले मिति २०६८।३।२६ मा, "जग्गा फुकुवा गरी दिन सम्बन्धित मालपोत कार्यालयमा लेखिपठाई दिनू" तथा "वादी गुमानसिँह कार्की विरूद्ध डिलबहादुर कार्कीको जाहेरीले वादी नेपाल सरकार भै झूट्ठा विवरण पेश गरी नेपाली नागरिकता लिएको मुद्दा बाग्लुङ जिल्ला अदालतमा दायर भैरहेको तथ्य सो अदालतको च.नं. १४२८ मिति २०६७।१०।१५ को थुनुवा पूर्जीबाट देखियो । सो मुद्दाको फैसलापछि नाताको प्रश्न निरूपणमा वादीले प्रतिवादीसँग अंश पाउने नपाउने विषय टुङ्गो लाग्ने देखिँदा बाग्लुङ जिल्ला अदालतमा चलेको उक्त मुद्दाको टुङ्गो नलागेसम्म प्रस्तुत मुद्दा फैसला गर्न मिल्ने नदेखिएकोले अ.बं. १२ नं. बमोजिम मुलतवी राखिदिएको छ" भनी आदेश भयो ।

सो आदेश बेरीतपूर्ण भएकोले बदर गरी पाउन पुनरावेदन अदालत, पाटनमा मु.ऐन अ.बं. १७ नं. को आधारमा निवेदन दिएकोमा मिति २०६८।१०।६।६ मा सो आदेशलाई नै सदर गर्ने गरी भएको आदेशले मलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले प्रत्याभूत गरेको समानताको हक तथा धारा १९ ले प्रदान गरेको सम्पत्तिसम्बन्धी हकमा प्रत्यक्षरूपमा आघात पुऱ्याउने कार्य गरेकोले काठमाडौं जिल्ला अदालतको मिति २०६८।३।२६ को अ.बं. १२ नं. बमोजिम मुलतवी राख्ने र रोक्का फुकुवा गर्ने आदेश तथा सोलाई समर्थन गर्ने पुनरावेदन अदालत, पाटनको आदेशसमेत उत्प्रेषणको आदेशबाट बदर गरी अन्य उपयुक्त आज्ञा आदेश समेत जारी गरी हकको प्रचलन गरी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथै राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. १ र २ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाई दिनू । निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षी नं. ३, ४ र ५ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई दिनू । लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम गरी पेश गर्नू । साथै निवेदकलाई तत्कालै अपूरणीयक्षति हुने अवस्था नदेखिएकोले अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने यस अदालतको मिति २०६८।११।१।२ को आदेश ।

गुमानसिँह कार्की विरूद्ध डिलबहादुर कार्कीको जाहेरीले वादी नेपाल सरकार भै झूट्ठा विवरण पेश गरी नेपाली नागरिकता लिएको मुद्दा बाग्लुङ जिल्ला अदालतमा दायर भैरहेको तथ्य सो अदालतको च.नं. १४२८ मिति २०६७।१०।१५ को थुनुवा पूर्जीबाट देखिएको र सो मुद्दाको फैसलापछि नाताको प्रश्न निरूपणमा वादीले प्रतिवादीसँग अंश पाउने नपाउने विषय टुङ्गो लाग्ने देखिँदा बाग्लुङ जिल्ला अदालतमा चलेको उक्त मुद्दाको टुङ्गो नलागेसम्म यस काठमाडौं जिल्ला अदालतमा चलेको अंश मुद्दाको फैसला गर्न मिल्ने नदेखिएकोले अ.बं. १२ नं. बमोजिम मुलतवी राख्ने र जग्गा रोक्का फुकुवा गर्ने भनी मिति २०६८।३।२६ मा आदेश भएको अवस्था

हो । यसरी अंश मुद्दाको प्रतिउत्तरमा प्रतिवादीहरूले नातामा नै विवाद उठाएको र बाग्लुङ जिल्ला अदालतमा यी वादीउपर कीर्ते नागरिकताको मुद्दा चली विचाराधीन अवस्थामा रहेकोले यस अदालतले गरेको रोक्का फुकुवा र मुलतवी आदेशलाई मिलेकै देखिँदा परिवर्तन गरी रहनु परेन भनी मिति २०६८।३।२६ मा भएको आदेशलाई पुनरावेदन अदालत, पाटनले मिति २०६८।५।१५ मा सदर गर्ने गरी आदेश भएको । वादी पक्षबाट नै मिति २०६८।३।२६ को काठमाडौँ जिल्ला अदालतको आदेश बदर गरी पाऊँ भनी पुनः दोस्रो पटक मिति २०६८।०९।०६ गते पुनरावेदन अदालत, पाटनमा निवेदन गरेकोमा सो विषयमा मिति २०६८।५।१५ मा आदेश भैसकेको हुँदा पुनः सोही विषयमा अर्को आदेश गरिरहनु परेन मिति २०६८।५।१५ को आदेशबमोजिम नै गर्नु भनी मिति २०६८।१०।६ मा पुनः पुनरावेदन अदालतबाट आदेश भएको र यस काठमाडौँ जिल्ला अदालतबाट भएको आदेशउपर पुनरावेदन अदालत पाटनबाट कानूनअनुरूप सुनुवाई भएको भनी आदेश भैसकेको अवस्था हुँदा निवेदन मागबमोजिम आदेश जारी हुनुपर्ने अवस्था छैन । रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको काठमाडौँ जिल्ला अदालतको लिखित जवाफ ।

म डिलबहादुर कार्की समेतले यी रिट निवेदक छोरा तथा भाइ होइनन् भनी विपक्षीले उल्लेख गरेका मूल अंश मुद्दालगायतका उजूरी निवेदनका सम्बन्धमा प्रतिउत्तर पत्र तथा लिखित जवाफ फिराएका हुँदा तत् मुद्दाका मिसिलबाट वास्तविक कुरा अवगत हुने नै छ । यी रिट निवेदक गुमानसिँह कार्की भनिएका सुजन थापा मेरो बुबा नन्दप्रसाद कार्की तथा आमा जुठीकुमारी कार्कीबाट जन्मेका छोरा नभएकोले निज मेरो भाइ नाताको मानिस होइनन् । निज मेरो सानीआमाको छोरा हुन् निजको बाबु बलबहादुर थापा भएकाले निजलाई बाबु देखाई कपिलवस्तुबाट सुजन थापाको नामबाट नागरिकता लिएका र बाग्लुङबाट गुमानसिँह कार्कीको नामबाट नागरिकता लिएबाट झूट्ठा विवरण देखाई नागरिकता लिएतर्फ उजूरी परी सो विषयमा बाग्लुङ जिल्ला अदालतमा मुद्दा चलेको कारणबाट निवेदनमा उल्लेख अंश मुद्दामा नागरिकतासम्बन्धी मुद्दाको टुङ्गो लागेपछि कारवाही गर्ने गरी अंश मुद्दा मुलतवी राखिएको हो । सोबारेमा मेरो कुनै माग दावी थिएन । जहाँसम्म घर जग्गा फुकुवाको प्रश्न छ, मैले विपक्षी मेरो नाताको मानिस होइनन् भन्ने यथेष्ट प्रमाण पेश गरेको र नागरिकतासम्बन्धी मुद्दा निर्णय हुन समय लाग्ने भई कालान्तरसम्म घर जग्गा रोक्का राख्न उपयुक्त नहुने भई अदालतबाट फुकुवा गरिएको आदेश कानूनसम्मत् नै छ । जहाँसम्म घर जग्गा बिक्री वितरण गर्ने आशङ्का विपक्षीले देखाएका छन् सोतर्फ घर जग्गा बिक्री वितरण गर्ने मसमेतको कुनै मनसाय नभएको र बिक्री वितरणसमेत नगर्ने भएकाले त्यसतर्फको विपक्षीको दावी निरर्थक छ, यदि बिक्री भए पनि अंश मुद्दाको रोहबाट विपक्षीको दावी ठहरे जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(ख) बमोजिम हुन सक्ने नै भएकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको विपक्षी डिलबहादुर कार्कीको लिखित जवाफ ।

निवेदनसँग सम्बन्धित सक्कल मिसिल काठमाडौँ जिल्ला अदालतमा गई सकेकोले उक्त अदालतबाट पेश हुने लिखित जवाफबाटै मिसिलसम्बन्धित तथ्यहरू अवगत हुने नै हुँदा उल्लेख गरिएको छैन । रिट निवेदक वादीले प्रतिवादीहरूसँग अंश पाउने नपाउने विषयमा बाग्लुङ जिल्ला अदालतमा यी निवेदक वादीउपर चलेको कीर्ते नागरिकता मुद्दाको टुङ्गो नलागेसम्म यस काठमाडौँ जिल्ला अदालतमा चलेको अंश

मुद्दाको फैसला गर्न मिल्ने नदेखिएकोले अ.बं. १२ नं. बमोजिम मुलतवी राख्ने र जग्गा रोक्का फुकुवा गर्ने भनी काठमाडौं जिल्ला अदालतबाट आदेश भएको अवस्था हो । अंश मुद्दाको प्रतिउत्तरमा प्रतिवादीहरूले नातामा नै विवाद उठाएको र बाग्लुङ् जिल्ला अदालतमा यी वादीउपर कीर्ते नागरिकताको मुद्दा चली विचाराधीन अवस्थामा रहेकोले उक्त कीर्ते नागरिकता मुद्दाको फैसला भएपश्चात् नाताको विवादको सम्बन्धमा टुङ्गो लाग्ने हुँदा काठमाडौं जिल्ला अदालतले त्यहाँ विचाराधीन अंश मुद्दालाई मुलतवी राख्ने र जग्गा रोक्का फुकुवा गर्ने भनी मिति २०६८।३।२६ मा गरेको आदेश कानूनसम्मत् नै रहेको हुँदा बदर गर्नुपर्ने आवश्यकता नदेखिँदा रिट निवेदकको निवेदन मागबमोजिम रिट जारी हुनुपर्ने होइन, खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको लिखित जवाफ ।

नियमबमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकतर्फबाट विद्वान अधिवक्ता श्री बासुदेव सिग्देलले विपक्षी काठमाडौं जिल्ला अदालतले आफूसमक्ष विचाराधीन अंश मुद्दामा प्रतिउत्तरसमेत परिसकेको अवस्थामा वादी प्रतिवादीहरूबीच मुख नमिलेका कुरामा आवश्यक प्रमाण बुझी किनारा गर्नुपर्नेमा सो नगरी जग्गा रोक्का फुकुवा गर्ने र अंश मुद्दालाई मुलतवीमा राख्ने भनी गरेको आदेश बेरीतको रहेको अवस्थामा सो आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट समेत आदेश भएको हुँदा उक्त पुनरावेदन अदालत पाटनको आदेशलाई उत्प्रेषणको आदेशले बदर गरी मुलतवीबाट जगाई पाऊँ भनी प्रस्तुत गर्नुभएको बहस र विपक्षी डिलबहादुर कार्कीको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री देवेन्द्र थापाले यी रिट निवेदक वादी र प्रतिवादीहरूबीचमा नातामा नै विवाद रहिआएको र यी वादीउपर कीर्ते नागरिकता मुद्दा बाग्लुङ जिल्ला अदालतमा चलेको र उक्त मुद्दामा हुने फैसलाले काठमाडौं जिल्ला अदालतमा चलेको अंश मुद्दामा समेत प्रमाण लाग्ने हुँदा काठमाडौं जिल्ला अदालतबाट उक्त कीर्ते नागरिकता मुद्दा फैसला नभएसम्म अंश मुद्दा मुलतवीमा राख्ने समेतको आदेश कानूनअनुरूप नै रहेको र सो आदेशलाई पुनरावेदन अदालत, पाटनले समेत कानूनसम्मत् नै रहेको भनी आदेश गरेको अवस्थामा निवेदकको मागबमोजिमको आदेश गर्नु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाऊँ भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदकको माग दावीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था समेत छ, छैन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा म निवेदकले २०५०।८।८ मा ना.प्र.नं. २२२५/६५२ को नागरिकता प्रमाणपत्र लिई सोको आधारमा राहदानी बनाई २०५२ सालदेखि २०६२ सम्म जापानमा बसी त्यहाँबाट नेपाल आई विवाह गरी काठमाडौंमा होटल चलाई आएकोमा विपक्षी दाजुले मिति २०६७।१२।१४ का दिन होटल घर छाडी दिनु भनेकोले काठमाडौं जिल्ला अदालतमा मिति २०६७।१२।१७ गते द.दे.नं. ०५११९ को अंश चलन मुद्दा दायर गरेकोमा दाजुले झूट्टा विवरण दिई नागरिकता लिएको भनी जाहेरी दिएबाट बाग्लुङमा मेरा विरूद्ध नागरिकता कीर्तेतर्फ मुद्दा चलेको छ । काठमाडौं जिल्ला अदालतले आफूसमक्षको अंश मुद्दा मुलतवी राखी पहिले गरिएको चार भागको एक भाग रोक्का फुकुवा गर्ने आदेशलाई पुनरावेदन अदालत, पाटनसमेतले वेरीतको नमानेबाट उक्त आदेशहरू उत्प्रेषणको आदेशबाट बदर गरी अन्य उपयुक्त आज्ञा आदेशसमेत जारी गरी पाऊँ भन्ने निवेदन दावी रहेको देखिन्छ । दीलबहादुर कार्कीको लिखित जवाफको अध्ययन गर्दा सारमा यी निवेदक वास्तवमा सुजन थापा

हुन्, निजको बाबुको नाम बलबहादुर थापा हो निज आफ्नो सानीआमाका छोरा हुन् र निजले बलबहादुर थापालाई बाबु देखाई कपिलवस्तुबाट नागरिकता लिएका छन्। तसर्थ अंश मुद्दा मुलतवी राखिनु कानूनसङ्गत छ भन्ने प्रतिवाद कथन रहेको पाइन्छ।

३. विद्वान कानून व्यवसायीहरूको बहस सुनी निर्णयतर्फ विचार गर्दा यी रिट निवेदकले मिति २०६७।१२।१७ मा काठमाडौँ जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको देखिन आयो। अंश मुद्दाको प्रतिउत्तरपत्रमा प्रतिवादीहरूले यी रिट निवेदक वादीसँग नाता नै अस्वीकार गरी प्रतिउत्तर दिएको पाइयो। यी निवेदक वादीउपर झूट्टा विवरण पेश गरी नागरिकता लिएको भनी जाहेरी परी बाग्लुङ जिल्ला अदालतमा चलेको कीर्ते नागरिकता मुद्दामा यी निवेदकसँग धरौट मागी हाल विचाराधीन अवस्थामा नै रहेको देखिन्छ। यसरी निवेदक वादी प्रतिवादीहरूबीच नातामा नै विवाद उठेको भई एकै व्यक्तिले गुमानसिँह कार्कीको नामबाट एउटा, सुजन थापाको नामबाट अर्को नागरिकताको प्रमाणपत्र लिए नलिएको र नन्दप्रसाद कार्की वा बलबहादुर थापामध्ये कसलाई बाबुदेखाई लिएको नागरिकताको प्रमाण पत्र सद्दे हो भन्ने प्रश्न बाग्लुङ जिल्ला अदालतमा विचाराधीन रहेको पाइन्छ।

४. काठमाडौँ जिल्ला अदालतमा अंश र बाग्लुङ जिल्ला अदालतमा झूट्टा विवरण पेश गरी नेपाली नागरिकता लिएको विषयमा मुद्दा चलिरहेको अवस्थामा दुईमध्ये एक मुद्दा मुलतवी राख्नु पर्ने हो होइन र एउटा मुद्दा मुलतवी राख्नु पर्ने अवस्थामा कुन मुद्दा मुलतवी राखिनु पर्ने हो भन्ने विषय नै प्रस्तुत मुद्दाको निर्णायक प्रश्न बनेको छ।

५. नागरिकता कीर्ते मुद्दाको फैसलापछि नाताको प्रश्न निरूपण भई वादीले प्रतिवादीसँग अंश पाउने वा नपाउने विषय टुङ्गो लाग्ने देखिँदा बाग्लुङ जिल्ला अदालतमा चलेको मुद्दाको टुङ्गो नलागेसम्म अंश मुद्दा फैसला गर्न मिल्ने नदेखिएकोले अ.बं. १२ नं. बमोजिम मुलतवी राख्ने र रोक्का गरिएको घरजग्गा समेत फुकुवा गर्ने गरी काठमाडौं जिल्ला अदालतको मिति २०६८।०३।२६ मा आदेश र सो वेरीतको नरहेको भनी पुनरावेदन अदालत, पाटनको पहिलो निवेदनका आधारमा मिति २०६८।०५।१६ र दोस्रो निवेदनका आधारमा मिति २०६८।१०।६ मा भएका आदेश नै यस मुद्दामा न्यायिक परीक्षणका विषय हुन्।

६. सर्वप्रथम मुलतवीसम्बन्धी कानूनी व्यवस्था अध्ययन गर्दा मुलुकी ऐन, अ.बं. १२ नं. मा "यसै महलको ६५ नं. को दफा १ वा २ बमोजिम वारेस राख्न नपाउने अवस्थाका झगडियाको कुनै अर्को अड्डामा पनि मुद्दा परेको रहेछ भने वा कुनै एका अड्डामा परिरहेको मुद्दाको निर्णय भै नसकी अर्को अड्डामा परेको मुद्दाको निर्णय हुन नसक्ने रहेछ भने मेरा यस मितिमा यस्तो मुद्दा फलाना अड्डामा परेको छ कानूनबमोजिम मुलतवी राखी पाऊँ भनी दरखास्त लेखी मुद्दा परेका अड्डामा दिएमा सो अड्डाबाट पनि सो दरखास्त बुझी झगडियालाई त्यसको निस्सा दिई देहायमा लेखिएबमोजिम गर्नुपर्छ" भन्ने व्यवस्था छ। सो मूल व्यवस्थापछि कार्यविधिगत विभिन्न पाँच व्यवस्था छन्।

७. दुई वा बढी अदालतमा परेका मुद्दाहरूमा कुन मुद्दाको कारवाही तथा निर्णय पहिले हुनुपर्ने हो र सो मुद्दाको निर्णय नहुँदासम्म कुन मुद्दाको कारवाही तत्कालका लागि यथास्थितिमा राखिनु पर्ने हो भन्ने कुराको निर्क्योल यही अ.बं. १२ नं. को परिप्रेक्ष्यमा हुनुपर्ने हुन्छ। यस कानूनको अध्ययन गर्दा दुई वा बढी मुद्दाहरूका विषयले एकअर्कालाई प्रत्यक्ष प्रभाव पार्ने अवस्थामा मात्र मुलतवीको प्रक्रिया आरम्भ हुन्छ। ती मुद्दामा

अन्तर्निहीत विषयवस्तुले नै कुन मुद्दाको निर्णय पहिले हुनुपर्ने हो भन्ने कुराको निर्धारण गर्दछ । अ.बं. १२ को, "... कुनै एक अड्डामा परिरहेको मुद्दाको निर्णय भै नसकी अर्को अड्डामा परेको मुद्दाको निर्णय हुन नसक्ने रहेछ भने ...." वाक्यले त्यस्तो निर्णय हुन नसक्ने मुद्दा मुलतवी राख्ने कानूनीप्रबन्ध यसले गरेको मान्नुपर्ने हुन्छ। एउटा मुद्दाको निर्णय नभई अर्को मुद्दाको निर्णय हुनै नसक्ने अवस्था भने टड्कारो देखिनु भने पर्दछ। मुलतवी राख्ने कुरालाई विधिकर्ताले विशुद्ध न्यायिक तजवीजमा छाडेको छैन । पहिले कुन मुद्दाको निर्णय हुन किन आवश्यक छ भन्ने कुरा मुलतवी आदेशमा खुलाइएको हुनुपर्दछ र त्यो कानूनसङ्गत पनि हुनैपर्दछ। यस सन्दर्भमा मातहत अदालतको आदेश माथिल्लो अदालतले अ.बं. १७ समेतका माध्यमले परीक्षण गर्नसक्ने नै हुन्छ ।

८. प्रस्तुत मुद्दाको विषयवस्तु र मुलतवी आदेशसमेत कानूनसङ्गत छ वा छैन भन्ने कुरा अ.बं. १२ को परिप्रेक्ष्यमा परीक्षण गर्दा बाग्लुङ जिल्ला अदालतमा चलिरहेको नागरिकता कीर्ते मुद्दामा यी निवेदकको बाबु नन्दप्रसाद कार्की ठहर्नु वा नठहर्नु अर्थात् कीर्ते ठहर्नु वा नठहर्नुसँग काठमाडौं जिल्ला अदालतमा चलिरहेको अंश मुद्दा पूर्णरूपमा आश्रित रहेको छ। दुई मुद्दामध्ये कुन मुद्दा मुलतवी राख्ने भन्ने प्रश्नमा पहिले निर्णय हुनुपर्ने मुद्दा नागरिकतासम्बन्धी हो। कारण, त्यसमा एकै व्यक्तिले दुई नागरिकता लिएको हो होइन र हो भने कुन सद्दे हो र कुन कीर्ते हो ठहर हुनुपर्ने अवस्था छ । परिणामतः विपक्षीको बाबु को हो भन्ने कुरा न्यायिक परीक्षण हुन पुगी यसैबाट विपक्षीले निवेदकबाट अंश पाउनु पर्ने हो वा होइन भन्ने कुरा यकीन हुन सक्दछ ।

९. मुलतवीआदेश गर्नुपूर्व कतै कुनै पक्षको मुद्दा ढिलाई गर्ने अभिप्रायले अर्को मुद्दा दायर गरेको त होइन भन्नेतर्फ पनि अदालतले चनाखो हुनुपर्दछ । अ.बं. १२ नं. मा विधिकर्ताले निर्णय हुन नसक्ने अवस्थामा मात्र मुलतवी राख्न निर्देशन गरेको कारण यही हो। मुद्दामा निर्णयको ढिलाईले कुनै पक्ष लाभान्वित हुने र अर्को पक्ष प्रताडित हुन सक्ने पक्ष पनि त्यत्तिकै विचारणीय छ । यस कसीमा प्रस्तुत आदेशसँग सम्बन्धित मुद्दाहरूको अध्ययन गर्दा नागरिकता कीर्ते मुद्दा सरकार वादी हुने भई अनुसन्धानबाट देखिएका निष्कर्षलाई अँगाली सो मुद्दा दायर भई अगाडि बढेबाट सबूद प्रमाणको रोहबाट पछि ठहर्ने नठहर्ने कुरा बेग्लै भए तापनि तत्कालका लागि अंश मुद्दा लम्ब्याउने प्रयोजनका लागि सो नागरिकता कीर्तेसम्बन्धी मुद्दा दायर भएको भनिहाल्न मिल्ने स्थिति छैन । उक्त मुद्दामा प्रतिवादीको बाबु को हो भन्ने प्रश्न निर्क्यौल गर्नुपर्ने अवस्था नपरेमा वा नबोलिएमा अंश मुद्दाबाट सोको निरोपण गर्नुपर्ने वा नपर्ने वा गर्नु परेमा के कसरी गर्ने भन्ने गौण प्रश्न हो । झूट्ठा विवरण दिई नागरिकताको प्रमाण पत्र लिएको हो होइन भन्ने मूल प्रश्न हो । मूल प्रश्नमा अन्तिम निर्णय भएपछि गौण प्रश्नले आफ्नो बाटो लिन्छ। तसर्थ विवादको मूल प्रश्नसँग सम्बन्धित मुद्दाको कारवाही अगाडि बढाउन गौण प्रश्नसँग सम्बन्धित मुद्दा मुलतवी रहनु अ.बं. १२ नं. को प्रतिकूल हुँदैन ।

१०. काठमाडौं जिल्ला अदालतले मिति २०६८।३।२६ मा बाग्लुङ जिल्ला अदालतमा चलेको नागरिकता कीर्ते मुद्दाको फैसलापछि नाताको प्रश्न निरूपण भई वादीले प्रतिवादीसँग अंश पाउने नपाउने विषय टुङ्गो लाग्ने देखिँदा मुद्दाको टुङ्गो नलागेसम्म अंश मुद्दा फैसला गर्न नमिल्ने कारण जनाई यो मुद्दा मुलतवी रहने भएबाट सम्पत्ति रोक्कासमेत फुकुवा गर्ने आदेश दिएको र सो आदेशउपर यी निवेदककी एकाघरकी श्रीमती मीना सापकोटा कार्कीले मिति २०६८।३।२९ मा १७ नं. अर्न्तगत पुनरावेदन अदालत, पाटनमा

गएकोमा पुनरावेदन अदालत, पाटनले मिति २०६८।५।१६ मा काठमाडौं जिल्ला अदालतबाट भएको आदेशलाई सदर गर्ने गरी आदेश गरेको, तर पुनः यी निवेदक गुमानसिँह कार्की मिति २०६८।९।६ मा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा भएको आदेशलाई बदर गराउनका लागि १७ नं. अन्तर्गत पुनरावेदन अदालत, पाटन गएकोमा पुनरावेदन अदालत, पाटनले काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा भएको आदेशलाई कानूनअनुरूप नै भएको निष्कर्षका साथ मिति २०६८।५।१६ मा आदेश भइसकेकोले पूर्व आदेशलाई नै कायम गर्ने गरी मिति २०६८।१०।०६ गते कानूनसम्मत् आदेश गरेको देखिन्छ ।

११. अंश मुद्दामा सबूद प्रमाणको रोहबाट निवेदकले अंश पाउने ठहरेमा रोक्का फुकुवा भएको सम्पत्तिबाट पनि आफ्नो हक हिस्सा पाउन सक्ने नै स्थितिमा निवेदकको साम्पत्तिक हकमा आघात परिनै सकेको मान्न मिलेन ।

१२. यसरी क्षेत्राधिकार प्राप्त अदालतले असाधारण अधिकार क्षेत्रबाट प्रमाण बुझ्ने तथा मुद्दालाई तार्किक निष्कर्षमा पुऱ्याउने उद्देश्यले गरेको आदेशमा हस्तक्षेप गर्न नमिल्नेसमेत हुँदा शुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।२६ मा भएको आदेशलाई कानूनअनुरूप नै भएको भनी सो आदेशलाई नै सदर गर्ने पुनरावेदन अदालत, पाटनको आदेश बदर गरी पाऊँ भन्ने निवेदन मागदावी औचित्यहीन देखिएबाट निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु ।
न्या.तर्कराज भट्ट

इति संवत् २०७० साल भदौ १६ गते रोज १ शुभम्
इजलास अधिकृतः यज्ञप्रसाद आचार्य